लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

मानानीय मन्त्रिज्यूबाट मिति २०८३
भाद्र ३१ गते स्वीकृत

# वार्षिक स्वीकृत कार्यक्रम सञ्चालन मार्गदर्शन
# आ.व. २०८३ /०८४

## लुम्बिनी प्रदेश सरकार
## स्वास्थ्य मन्त्रालय
## २०८३

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

स्वास्थ्य मन्त्रालय र अन्तर्गतका स्वास्थ्य निकायबाट आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन हुने एकिकृत स्वास्थ्य तथा सरसफाई र प्रादेशिक अस्पताल सुदृढिकरण कार्यक्रमसँग सम्बन्धित कार्यक्रमहरुको पारदर्शी, मितव्ययी, प्रभावकारी र व्यवस्थित सञ्चालनको  सहजीकरणका लागि यो कार्यक्रम सञ्चालन मार्गदर्शन तयार गरीएको छ।

**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
राप्ती उपत्यका देउखुरी नेपाल
फोनः ०८२-५४०२१३१
Email: mohp.lumbini@gmail.com
Website: https://mohp.lumbini.gov.np

# कार्यक्रम सञ्चालनका आधारभूत मार्गदर्शन

वार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्दा संस्था प्रमुख, लेखा प्रमुख, कार्यक्रम संयोजक लगायत कार्यक्रममा संलग्न कर्मचारी तथा निकायहरुले ध्यान दिनुपर्ने महत्वपूर्ण विषयहरु देहाय बमोजिम रहेका छन्-

१ यो आधारभूत मार्गदर्शन स्वास्थ्य मन्त्रालय र मातहतका निकायवाट आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन गर्ने कार्यक्रमको कार्यान्वयन सहजीकरणका निमित्त तयार गरीएको छ ।

२ यो मार्गदर्शन आ. ब. २०८३/८४ को बजेट तथा कार्यक्रम कार्यान्वयन श्रावण १ गतेदेखि नै लागु हुनेछ ।

३ यो आधारभूत मार्गदर्शन र कार्यक्रम सञ्चालनसँग सम्बन्धी प्रचलित कानून वाझिएमा प्रचलित कानून अनुसार नै कार्यसम्पादन गर्नुपर्नेछ ।

४ हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यस मार्गदर्शनलाई राम्ररी अध्ययन गर्नुपर्नेछ ।

५ यस मार्गदर्शनमा उल्लेखित विषयहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रम संयोजकको हुनेछ । कार्यालय प्रमुखले प्रचलित कानूनको परिधिभित्र रही आफूलाई प्राप्त अधिकारहरु मातहतका निकाय तथा 'कर्मचारीहरुबाट गराउन सक्नेछ ।

६ कार्यक्रम सञ्चालन गर्नु पूर्व प्रचलित कानूनको प्रावधान अनुकुल हुने गरी कार्यक्रमको उद्देश्य, कार्यक्रम सञ्चालन प्रकृया कार्यक्रममा लाग्ने अनुमानित खर्च बाँडफाँड, कार्यक्रमका सहभागी संख्या तथा स्रोत व्यक्ति, सहजकर्ता विवरण कार्यक्रम सञ्चालन हुने स्थान र मिति आदी उल्लेख गरीएको कार्यक्रमको रुपरेखा तथा अवधारणा (Detail Program Framework and Concept) संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट टिप्पणी आदेशबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गराउनु पर्नेछ ।

७ कार्यक्रमहरू सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही लुम्बिनी प्रदेश विनियोजन ऐन, २०८३, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी आ. ब. २०८३।८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१, सार्वजनिक खरिद ऐन २०६३ (संशोधन समेत), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) (, लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यबस्थापन निर्देशिका २०७९ (संशोधन २०८१ समेत), प्रदेश सार्वजनिक खरिद सम्बन्धी खरिद नियमावली २०७६, अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५, प्रचलित भ्रमण खर्च नियमावली २०६४ र नेपाल सरकार तथा प्रदेश सरकारवाट स्वीकृत मापदण्डको आधारमा बजेट बाँडफाँड गरी स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

८ कार्यक्रम सञ्चालनको अवधिमा कार्यक्रम सञ्चालनसँग सम्बन्धित कुनै ऐन, नियमावली, कार्यविधि, निर्देशिका संशोधन भएमा संशोधन भएको प्रावधान अनुसार गर्नुपर्नेछ ।

९  यस मार्गदर्शनमा उल्लेख भएका वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा विभिन्न निर्देशिका वा कार्यविधि अनुसार कार्यक्रम संचालन गर्नु पर्ने लेखिएकोमा त्यस्ता निर्देशिका वा कार्यविधि स्वीकृत भएपश्चात सोहि वमोजिम खर्च वाँडफाँड गरी कार्य सञ्चालन गर्नुपर्नेछ ।

१० कार्यक्रमको भौतिक तथा वित्तिय प्रगति त्रैमासिक र वार्षिक रुपमा आफ्नो तालुक निकाय र स्वास्थ्य मन्त्रालयलाई त्रैमासिक वार्षिक अवधि भुक्तान भएको महिनाको ५ गते भित्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

११ कार्यक्रमहरु सञ्चालन गर्दा नतिजामूलक अवधारणा (Result Framework) स्वीकृत कार्ययोजना. समयसारिणी र स्वीकृत खरिद योजना अनुसार गर्नुपर्नेछ । कुनै संघ संस्थाबाट कार्यक्रम सञ्चालन गर्दा सो कार्यक्रमको गुणस्तर कायम गर्ने कार्यक्रमको विधि र प्रक्रिया पूरा गर्ने र सार्वजनिक गर्ने जिम्मेवारी सम्बन्धित संघ संस्थाको हुनेछ ।

१२ भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम सन्चलान गर्दा राष्ट्रिय भवन संहिता २०६०, नेपाल स्वास्थ्य पूर्वाधार विकास मापदण्ड २०७४ (संशोधन समेत), नेपाल सरकारबाट स्वीकृत शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ पालना गर्नु पर्नेछ ।

१३ भौतिक संरचना निर्माण गर्दा भवन ऐन, २०५५ ले निर्धारण गरेको योग्यता पुगेको प्राविधिकबाट लागत अनुमान, डिजाईन, स्पेसिफिकेशन तयार गर्नु पर्नेछ ।

१४ स्वास्थ्य सामाग्री, औजार उपकरण खरिद गर्दा प्रचलित कानून बमोजिम योग्यता पुगेको दक्ष प्राविधिकबाट यसको स्पेसिफकेशन तयार गर्नु पर्नेछ ।

१५  परामर्शदाताबाट भएको अध्ययन अनुसन्धान सम्बन्धी कार्यको परामर्शदातालाई अध्ययन अनुसन्धान प्रतिवेदन प्रस्तुत गर्न लगाई तोकिएको कार्यशर्त अनुसार कार्य भए नभएको सुनिश्चत गर्नु पर्नेछ ।

१६  सार्वजनिक खर्चलाई मितव्ययी गर्न तालिम, गोष्ठी, समीक्षा जस्ता कार्यक्रमहरु सकेसम्म सरकारी तालिम हलहरुमा संचालन गर्ने, प्रदेश भित्रकै तालिम साईटहरुको विस्तार तथा संचालन गरी प्रयोग गर्ने । तालिम सामाग्रीहरुमा अत्यावस्यक सामाग्रीहरु बाहेक झोला, पेनड्राइभ जस्ता सामाग्रीहरु वितरण नगर्ने । तालिम तथा गोष्ठीहरु संचालन गर्दा उद्घाटन तथा समापनमा अतिरिक्त खाजा तथा खानाहरुमा हुने खर्चलाई न्यूनिकरण गर्नु पर्नेछ ।

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय राप्ती उपत्यका(देउखुरी) नेपाल

# विषय सूची


**कार्यक्रम सञ्चालनका आधारभूत मार्गदर्शन...................................................................................... ii**

**स्वास्थ्य मन्त्रालय ...................................................................................................................१**

१. हब एण्ड सेटलाईट नेटवर्क विस्तार वैठक, कृतिम अभ्यास (Simulation — TTX and Mock Drill).................. १

२. स्वास्थ्य सम्बन्धी विभिन्न नीति, ऐन, नियमावली, रणनीति, निर्देशिका, मापदण्ड, कार्यविधी तथा उपचार प्रोटोकल निर्माण २

३. लुम्बिनी प्रदेश मानसिक तथा मनोसामाजिक रणनीतिक कार्ययोजना २०८१-८६ कार्यान्वयनका लागि आवश्यक क्रियाकलापहरु संचालन.................................................................................................. ४

४. लुम्विनी प्रदेश स्तरिय सरुवारोग अस्पताल शिवराज कपिलवस्तुको जग्गा प्रासी सोधभर्ना रकम (वन रोयल्टी )...... ६

५. स्वास्थ्य सेवा सुदृढिकरण कार्यक्रम ................................................................................ ७

६. दुर्गम जिल्लामा चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई प्रोत्सहान कार्यक्रम .................................................. ८

७. निजी तथा सामुदायिक अस्पतालहरुको सञ्चालन अनुमति, नविकरण, अनुगमन आदि कार्य............................... ९

८. टेलिमेडिसिन सेवा संचालन तथा व्यवस्थापन ...........................................................................१०

९. मन्त्रालय र मातहतका कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण..................................................११

१०. "सुरक्षित मातृत्व अभियान" मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम..................................................१२

११. मन्त्रालय र मातहतका कार्यालयहरुको व्यवस्थापकिय क्षमता अभिवृद्धिका लागि अभिमुखीकरण व्यवस्थापन परीक्षण १३

**स्वास्थ्य निर्देशनालय ..............................................................................................................१५**

१. निःशुल्क रक्त संचार सेवा.............................................................................................१५

२. प्रदेश विपन्न नागरिक स्वास्थ्य उपचार आर्थिक सहुलियत कार्यक्रम (मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोग) १६

३. प्रदेशका अस्पताल तथा आयुर्वेद चिकित्सालय तथा आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम निरन्तरता कार्यक्रम....................................................................................................१७

४. निजी अस्पतालहरुको संचालन अनुमतिको लागि प्राविधिक अनुगमन समिति परिचालन तथा कार्यक्रम व्यबस्थापन .१८

५. अपाङ्गता भएका बालबालिकाहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न HRDC संग सहकार्य .......................................१९

६. दुर्गम तथा अपायक क्षेत्रका गर्भवती महिलाहरुलाई निःशुल्क हवाई उद्दार................................................२०

७. दुर्गम स्थानमा विशेषज्ञ स्वास्थ्य शिविर...........................................................................२१

८. क्षयरोग स्क्रिनीङ्ग (ACF Camp) को लागि फाल्कन ट्युब खरिद .........................................................२२

९. एकिकृत सुपरिवेक्षण तथा अनुगमन तथा अनसाइट कोचिङ्ग ........ २३

१०. प्रादेशिक प्रेषण केन्द्र संचालन तथा व्यवस्थापन ........ २५

११. आत्महत्या रोकथाम नागरिक सचेतना तथा जिम्मेवार समाचार सम्प्रेशण सम्बन्धी संचारकर्मीहरुसँग अन्तरक्रिया कार्यक्रम ........ २६

१२. एकिकृत स्वास्थ्य सूचना प्रणाली स्थापना, सञ्चालन तथा व्यवस्थापन ........ २८

**प्रदेश स्वास्थ्य आपूर्ति व्यबस्थापन केन्द्रबाट संचालित कार्यक्रमहरु ........ ३०**

१. औषधी, भ्याक्सिन तथा भ्याक्सिनजन्य सामग्री, साधन रिप्यार्किङ्ग तथा ढुवानी ........ ३०

२. बायोमेडिकल वर्कशप संचालनका लागि बायोमेडिकल इन्जिनीयर लगायतका कर्मचारी करार ........ ३१

३. औषधी भण्डारण तथा कोल्डचेन व्यवस्थापन सम्बन्धी सुपरिबेक्षण तथा स्थलगत अनुशिक्षण ........ ३२

४. जिपलक ब्याग तथा फोमप्याड खरिद ........ ३३

५. औषधिहरुको परिमाण निर्धारण गोष्ठी ........ ३४

६. ARV तथा ASV खरिद ........ ३४

७. हेमोफिलियाको लागि Anti-Haemophilic factor खरिद ........ ३५

८. अत्यावश्यक निशुल्क वितरणका लागि आयुर्वेद औषधि खरिद ........ ३६

९. आकस्मिक तथा महामारी नियन्त्रणका लागि औषधी खरिद ........ ३७

१०. आधारभूत स्वास्थ्य सेवा अन्तर्गत निशुल्क वितरणको लागि औषधी खरिद ........ ३८

११. STI & OI का लागि औषधी खरिद ........ ३९

१२. प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रको कम्पाउण्ड वाल निर्माण ........ ४०

१३. बायोमेडिकल वर्कशपका लागि प्रिफाब टहरा भवन निर्माण ........ ४०

१४. राप्ती प्रादेशिक अस्पतालको लागि C-Arm मेसिन खरिद ........ ४१

१५. भालुबांङ्ग र अर्घाखाँची अस्पतालको लागि ५०० MA को DR X-Ray मेसिन खरिद ........ ४२

१६. बर्दिया अस्पतालको लागि ल्याप्रोस्कोपी मेसिन खरिद ........ ४२

१७. स्नेहन तथा स्वेदन सामग्री खरिद ........ ४३

१८. प्रयोगशाला Analyzer लगायतका औजार उपकरण खरिद ........ ४४

१९. स्वास्थ्य कार्यालयमा रहेको कोल्डचेन उपकरणहरु मर्मतका लागि कोल्डचेन टुलकिट खरिद तथा वितरण ........ ४५

२०. आपूर्ति केन्द्रको भवन जीर्णोद्धार ........ ४६

२१. कोल्डचेन तथा बायोमेडिकल औजार उपकरणहरुको मर्मत तथा व्यवस्थापन ........ ४६

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

२२. Walking Cooler मा काम गर्दा प्रयोग हुने PPE खरिद ....... ४७

**प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट सञ्चालन हुने कार्यक्रमहरु ....... ४८**

१. प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाका प्रयोगशाला सामाग्रीहरुको नियमित मर्मत सम्भार ....... ४८

२. नियमित प्रयोगशाला सेवा संचालनको लागि प्रयोगशालाको सफ्टवेयर नविकरण ....... ४९

३. प्रदेश जनस्वास्थ्य प्रयोगशालाको लागि प्रयोगशालाकर्मी करार ....... ५०

४. सुरक्षा गार्ड करार ....... ५१

५. माइक्रोबायोलोजी तथा AMR सम्बन्धि ६ दिने तालिम ....... ५२

६. सिकलसेल सम्बन्धि प्रयोगशालाकर्मिहरुको २ दिने अभिमुखीकारण कार्यक्रम ....... ५३

७. प्रयोगशाला गुणस्तर नियन्त्रण सम्बन्धि ३ दिने अभिमुखिकारण तालिम ....... ५५

८. प्रदेश भित्र संचालन हुने निजि तथा सरकारी (अस्पताल/एकल) प्रयोगशालाहरुको दर्ता नविकरण तथा अनुगमन ... ५७

९. External Quality Assessment Program ....... ५८

१०. खोपबाट बच्न सकिने रोगहरु तथा अन्य महामारीको नमुना संकलन, ढुवानी तथा परीक्षण ....... ५९

११. प्रदेशमा रहेका प्रयोगशालाहरुको वार्षिक समीक्षा ....... ६०

१२. प्रदेश भित्र रहेका प्रयोगशालाहरुमा अनसाईट कोचिङ ....... ६१

१३. सिकलसेल र थालासेमियाको परीक्षण कार्यक्रम ....... ६२

१४. टि वि कञ्जुमेवल्स तथा रियजेण्ट किट (मलेरिया डेंगु कालाजार आदी) खरिद तथा ढुवानी ....... ६३

१५. CLIA/Autoimmunity, Immunohistochemistry, Histopathology/Cytology and Haematology Lab को लागि रिएजेंट्स र कन्जुमेबल्स खरिद ....... ६४

१६. आकस्मिक अवस्थाको लागि Reagents तथा Consumables खरिद ....... ६५

१७. ल्याब डायग्नोस्टिक, औजार उपकरण, किट लगायत अन्य सामाग्रीहरु खरिद ....... ६६

१८. Gel Documentation Unit खरिद ....... ६७

**स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरु ....... ६८**

१. सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बन्धी तालिम ....... ६८

*१.१ ASRH तालिम (Adolescent Sexual and Reproductive Health) ....... ६८*

*१.२ दक्ष प्रसुति सेवा तालिम /SBA Module/SHP ....... ६९*

*१.३ ग्रामीण अल्ट्रासाउन्ड (RoUSG) तालिम ....... ७१*

*१.४ पाठेघरको मुखको क्यान्सरको स्क्रीनिङ तथा व्यवस्थापन CCSP (२nd Tier) सम्बन्धी तालिम ....... ७४*

*१.५ प्रजनन् रुग्णताको एकीकृत स्क्रिनिङ र व्यवस्थापन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम (TOT) ....... ७६*

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल
१.६ अपरेशन थियटरमा कार्यरत नर्सिङ्ग कर्मचारीहरुका लागि अपरेशन थियटर व्यवस्थापन सम्बन्धी ४२ दिने तालिम . ७८
१.७ MNH Mentor Development Training ............ ८०
१.८ औषधिद्वारा गरिने गर्भपतन सम्बन्धी तालिम ............ ८२
१.९ चिकित्सकहरूको लागि सुरक्षित गर्भपतन सम्बन्धी तालिम (SAS for Doctors) ............ ८४
१.१० नर्सिङ्ग कर्मचारीहरूको लागि सुरक्षित गर्भपतन सम्बन्धी तालिम (SAS for Nurses) ............ ८६
१.११ Health Response to GBV (Blended) ............ ८८
२. परिवार योजना सम्बन्धी तालिम ............ ८९
२.१ ईम्प्लान्ट तालिम ............ ८९
२.२ आई. यू. सि. डि. तालिम ............ ९१
२.३ चिकित्सकहरुको लागि मिनिल्याप तालिम ............ ९३
२.४ चिकित्सकहरूको लागि Non-scalpel vasectomy तालिम ............ ९५
३. नवजात शिशु तथा बालरोग व्यवस्थापन सम्बन्धी तालिम ............ ९७
३.१ CB-IMNCI ToT ............ ९७
४. संक्रमण, महामारी रोग तथा व्यवस्थापन सम्बन्धी तालिम ............ ९९
४.१ सर्पदंश ब्यबस्थापन तालिम ............ ९९
४.२ Comprehensive Leprosy Training (CLT) ............ १०१
४.३ Neglected Tropical Disease Training ............ १०२
४.४ क्षयरोग सम्बन्धी मोडुलर तालिम ............ १०४
४.५ Syndromic case management of STI तालिम ............ १०५
५. मानसिक स्वास्थ्य तथा नसर्ने रोग सम्बन्धी तालिम ............ १०७
५.१ मानसिक स्वास्थ्य सम्बन्धी मोड्युल २A तालिम ............ १०७
५.३ जनस्वास्थ्य कार्यक्रम व्यवस्थापकहरूको लागि मानसिक स्वास्थ्य सम्बन्धि तालिम (Mental Health Training for Public Health Managers) ............ १०९
६. उपचारात्मक सेवा सम्बन्धी तालिम ............ ११०
६.१ Primary Trauma Care (PTC) तालिम ............ ११०
६.२ एम्बुलेन्स ड्राइभर तालिम ............ ११२
६.३ Basic Physiotherapy Training ............ ११३
६.४ नर्सिङ कर्मचारीहरुका लागि हेमोडाइलाइसिस तालिम ............ ११५
६.५ मेडिकल अधिकृतहरूको लागि अपाङ्गता व्यवस्थापन तथा पुनर्स्थापान सम्बन्धी तालिम ............ ११७
६.६ Burn Care Management Training ............ ११९
७. नेतृत्व तथा क्षमता विकास सम्बन्धी तालिम ............ १२०
७.१ Training on General Training Skil (GTS) तालिम ............ १२०

*७.२ स्थानीय स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्यमींहरुलाई योजना तथा व्यवस्थापन सम्बन्धि तालिम ....................१२२*
*७.३ Minimum Service Standard को प्रशिक्षक प्रशिक्षण तालिम.........................................................१२५*
*७.४ कर्मचारीहरूको नेतृत्व तथा व्यवस्थापकिय क्षमता अभिवृद्धि तालिम.......................................................१२७*
८. तालिम व्यवस्थापन कार्यक्रम.......................................................................................................१२८
*८.१ Performance Need Assessment (PNA) तथा छपाई ..........................................................................१२८*
*८.२ Post Training Follow up Program ..............................................................................................१३०*
९. आयुर्वेद तथा स्वास्थ्य प्रवर्द्धन सम्बन्धी तालिम............................................................................१३१
*९.१ पञ्चकर्म तालिम............................................................................................................................१३१*
*९.२ आयुर्वेद स्वास्थ्यकर्मीहरूको लागि लागि बाल रोग व्यवस्थापन तथा क्षमता सम्बन्धी तालिम......................१३३*
*९.३ योग प्रशिक्षक प्रशिक्षण तालिम (७ दिने)........................................................................................१३५*
*९.४ आयुर्वेद स्वास्थ्यकर्मीहरूको लागि IPC सम्बन्धी तालिम ..................................................................१३७*
**अस्पतालबाट संचालन हुने कार्यक्रमहरु...................................................................................................१३९**
१. Dedicated Birthing Unit संचालन...............................................................................................१३९
२. Echocardiogram र OPG मेशिन खरिद ...........................................................................................१४१
३. Phacoemulsification and USG Machine खरिद...............................................................................१४३
४. Water Purifier खरिद ..................................................................................................................१४५
५. अक्सिजन प्लान्ट सेन्ट्रल पाईपलाइन जडान ....................................................................................१४६
६. अक्सिजन प्लान्टको बुस्टर खरिद..................................................................................................१४७
७.अस्पताल सेवा सुदृढीकरण कार्यक्रम (इमर्जेन्सी, प्रयोगशाला, रेडियो इमेजीङ्ग तथा एम.सी.एच. सेवा).....................१४८
८. अस्पतालको कर्मचारी आवास निर्माण/तला थप ...............................................................................१५०
९.अस्पतालको नियमित रिपोर्टिङ सुदृढीकरण तथा विस्तार र वार्षिक प्रगती पुस्तिका छपाई र समिक्षा (छपाई खर्च)......१५१
१०.अस्पतालमा EMR संचालन गर्न सूचना प्रविधि अधिकृत करार ........................................................१५२
११. अस्पतालमा SNCU सुधार कार्यक्रम................................................................................................१५३
१२.अस्पतालमा सेवा विस्तारको लागि औजार उपकरण ..........................................................................१५५
१३.अस्पतालहरुको सामाजिक परीक्षण ...............................................................................................१५७
१४. अस्पतालहरुमा EMR विस्तारका लागि हार्डवेर उपकरण खरिद..........................................................१५८
१५. अस्पतालहरुमा डाईलाईसिस सेवा स्थापना तथा सेवा विस्तार ............................................................१५९
१६.कपिलवस्तु अस्पतालको सौन्दर्यीकरण ...........................................................................................१६०

१७. “ख” वर्गको एम्वुलेन्स खरिद..........१६१

१८.जलन उपचार कक्ष संचालन तथा व्यवस्थापन..........१६२

१९. नयाँ अस्पताल भवनको लागि फर्निचर तथा फिक्चर्स..........१६३

२०.पोष्टमार्टम रुम निर्माण..........१६४

२१. प्रादेशिक अस्पतालमा दोभासे..........१६५

२२.प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र सुदृढिकरण (हव एण्ड सेटलाइट नेटवर्क पूर्व तयारी समेत).....१६७

२३.बर्दिया अस्पतालको इमर्जेन्सी वार्ड निर्माण/सुदृढीकरण..........१६८

२४.भालुवाङ अस्पतालमा सामाजिक सेवा इकाई तथा एकद्वार संकट व्यबस्थापन केन्द्र संचालन तथा व्यबस्थापन........१६९

२५.मर्चरी च्याम्बर व्यवस्थापन..........१७०

२६.यू.एस.जी. मेशिन खरिद..........१७१

२७.रासी प्रादेशिक अस्पताललाई २०० शैयामा स्तरोन्नति..........१७२

२८.लुम्बिनी प्रादेशिक अस्पतालबाट प्रदान हुने जनस्वास्थ्य कार्यक्रमको सहजीकरणको लागि जनशक्ति।..........१७३

२९.संचालनमा रहेका EMR लगायतका सफ्टवेर नविकरण..........१७४

३०.सि.एम.इ निरन्तरता।..........१७५

३१.सिकेल सेल एनिमिया, थालसेमिया तथा हेमोफेलिया निदान, उपचार तथा (कर्नर संचालन समेत)।..........१७६

**स्वास्थ्य कार्यालयहरुबाट संचालन हुने कार्यक्रमहरु..........१७८**

१. ८० बर्ष पुगेका जेष्ठ नागरीकहरु तथा अतिअशक्त (क र ख) वर्गहरुलाई स्थानीय तहसंगको सहकार्यमा घरमै स्वास्थ्य सेवा कार्यक्रम..........१७८

२. जिल्ला अन्तर्गतका खानेपानीको गुणस्तर जाचँ तथा निगरानी कार्यक्रम..........१८०

३. अस्पतालमा जटिल प्रसुति सेवाको प्रेषण प्रणालीको सुदृढिकरण..........१८२

४. मुस्लिम तथा अल्पसंख्यक समुदायमा खुसहाल परिवार कार्यक्रम..........१८४

५. सिकेलसेल तथा थालसेमियाको स्क्रनिङ तथा प्रेषण र निःशुल्क विमा कार्यक्रम..........१८५

६. कुष्ठरोग निवारणका लागि छाला शिविर संचालन तथा एक्टिभ केश डिटेक्सन कार्यक्रम..........१८६

७. निजी तथा सामुदायिक अस्पतालहरुको सञ्चालन अनुमति, नविकरण, अनुगमन आदि कार्य..........१८७

८. सेवा ग्राहीको उच्च चाप भएका वर्थिङ सेन्टरलाई सहयोग कार्यक्रम..........१८८

९. "सुरक्षित मातृत्व अभियान" मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम..........१८९

१०. ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविका सम्मानजनक विदाई कार्यक्रम..........१९०

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

११. RRT परिचालन तथा महामारी नियन्त्रण ........................................................................................................१९१

१२. खोपबाट बच्न सकिने रोगहरु तथा अन्य महामारीको नमूना संकलन, ढुवानी तथा परीक्षण ..........................१९२

१३. अर्घाखाँची जिल्लामा संघ,प्रदेश वा स्थानीय तहबाट विद्यालय नर्स कार्यक्रम लागु भएका माध्यमिक विद्यालयहरुलाई उपकरण तथा औषधी व्यवस्था ........................................................................................................१९४

१४. कार्यालय प्रयोजनको मोटरसाईकल खरिद ........................................................................................................१९६

१५. तालिम हलको संरचनात्मक सुधार ........................................................................................................१९६

१६. बाँके जिल्लाका आठ वटै पालिकामा क्षयरोगी खोजी अभियान तथा शिविर कार्यक्रम ..................................१९७

१७. मधुवन नगर अस्पतालको लागि औजार उपकरण खरिद........................................................................................................१९८

१८. रक्तसन्चार केन्द्र तुलसीपुरको लागि कम्पोनेन्ट मेशिन खरिद........................................................................................................१९९

१९. संक्रामक तथा महामारीजन्य रोगको निगरानी तथा प्रतिकार्य प्रणाली विस्तार ..........................................२००

२०. विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन (दुई स्थानमा) ........................................................................................................२०१

२१. सञ्चालनमा रहेका eHMIS लगायत अन्य सफ्टवेयर नविकरण ........................................................................................................२०२

२२. सिकलसेल एनिमिया तथा थालसेमिया रोग सम्बन्धी सचेतना कार्यक्रम बर्दिया जिल्ला भरी ...........................२०३

२३. स्वास्थ्य कार्यालयको कोल्ड रुमको लागि A.C. खरिद........................................................................................................२०५

२४. स्वस्थ्यकर्मीहरुलाई अपाङ्गतामैत्री स्वास्थ्य सेवा सम्बन्धि एक दिने तालिम ..............................................२०६

**आयुर्वेद स्वास्थ्य संस्थाबाट सञ्चालन हुने कार्यक्रमहरु ........................................................................................................२०७**

१. आयुर्वेद चिकित्सालय /स्वास्थ्य केन्द्रको सेवा सुदृढीकरण तथा स्तरोन्नती (अन्तरंग तथा वहिरंग सेवा संचालनका लागि) २०७

२. मानसिक स्वास्थ्य सेवा प्रवर्द्धनका लागि योग ध्यान कार्यक्रम ........................................................................................................२०८

३. "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" समुदाय स्तरमा स्वस्थ जीवन शैली प्रबर्धन कार्यक्रम ...............................२०९

४. संचालनमा रहेका eHMIS लगायत अन्य सफ्टवेयर नविकरण ........................................................................................................२११

५. सुलभ आयुर्वेद फार्मेसी स्थापना तथा सचालनका लागि बिउ पुजी........................................................................................................२१२

६. प्रा आ चि बिजौरीमा शल्य चिकित्सा र पञ्चकर्म सेवा विस्तार निरन्तरता ........................................................................................................२१३

७. आयुर्वेद चिकित्सालय/स्वास्थ्य केन्द्रमा पञ्चकर्म सेवा विस्तार तथा निरन्तरता........................................................................................................२१४

८. गुल्मी र प्युठानमा विस्तारित आयुर्वेद सेवा कार्यक्रम निरन्तरता........................................................................................................२१५

९. प्रयोगशाला कन्ज्युमेवल सामाग्री सहयोग........................................................................................................२१६

१०. स्वर्णप्रासन कार्यक्रम........................................................................................................२१७

११. जिल्ला स्तरिय वार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठि........२१९

१२. मातृशिशु स्वास्थ्य एवं ज्येष्ठनागरिक कार्यक्रम........२२१

१३. प्रादेशिक आयुर्वेद चिकित्सालयमा अकुपञ्चर तथा होमियोप्याथी सेवा बिस्तार........२२३

१४. निशुल्क विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन........२२४

१५. आयुर्वेद चुर्ण औषधी निर्माण........२२५

१६. फिजयोथेरापी तथा पुनर्स्थापना सेवा विस्तार तथा निरन्तरता........२२६

१७. मोटोपना रोकथाम र नियन्त्रणका लागि स्क्रिनिङ्ग र जिवनशैली परिबर्तन कार्यक्रम........२२७

१८. प्राकृतीक चिकित्सालय सुदृढीकरण........२२९

१९. शल्य चिकित्सा क्षारसुत्र बिस्तार........२३०

२०. फिजियोथेरापी हल मर्मत संभार, रंगरोगन........२३१

२१. तुल्सीपुर कारागारका कैदी बन्दिहरुलाई मनोसाजिक सेवा तथा परामर्श कार्यक्रम........२३२

२२. कारागार कार्यालय तुल्सीपुरमा प्रयोगशाला व्यवस्थापन निरन्तरता........२३४

२३. Semi-automated Biochemistry Analyzer खरिद........२३५

२४. आयुर्वेद चिकित्सालय/स्वास्थ्य केन्द्रको सेवा सुदृढीकरणका लागि आवश्यक औजार उपकरण खरिद........२३६

२५. कार्यालय प्रयोजनको मोटरसाईकल खरिद........२३७

२६. वैकल्पिक उर्जाका लागि सोलार वा इन्भर्टर खरिद........२३८

# स्वास्थ्य मन्त्रालय

## १. हब एण्ड सेटलाईट नेटवर्क विस्तार वैठक, कृतिम अभ्यास (Simulation – TTX and Mock Drill)

| खर्च शीर्षक नं. | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | चौथो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचय | विपद् व्यवस्थापन तथा प्रतिकार्यमा सँलग्न हुनुपर्ने सबै सरोकारवाला निकायहरुलाई एक ठाँउमा ल्याउने, विपद् प्रतिकार्य योजनाबारे जानकारी गराउने र तत् तत् निकाय तथा व्यक्तिहरुलाई कामको बाँडफाँडका लागि विस्तार बैठक, टेबलमै बसेर कुनै घटना कल्पना गरी सोको प्रतिकार्यका लागि छलफल गराउने, उक्त काल्पनिक घटनाकाको बेला यथाशिघ्र उपयुक्त निर्णय गर्ने क्षमता जाँच गर्ने, कमीकमजोरीहरु पत्ता लगाउने कार्यका लागि तयारी गरि विपद् व्यवस्थापनमा संलग्न हुनुपर्ने कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको मनोबल र सिकाई बढाउनका लागि वास्तविकरुपमै घटना घटेको जस्तै गरी अस्पतालको क्षमता भन्दा बढी विरामीहरुलाई अस्पतालमा लैजाने (वास्तविक नमूना अभ्यास (मक ड्रिल)) र त्यस अस्पतालमा भएको **अस्पताल विपद पूर्वतयारी तथा प्रतिकार्य योजना** (HDPRP) को आधारमा कार्य गर्न सकिने/नसकिने मुल्यांकन गराई विपद् प्रतिकार्यको लागि पूर्णरुपमा तयारी अवस्थामा रहने उद्देश्यले यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | विपद् प्रतिकार्य तथा व्यवस्थापनको लागि सम्बन्धित निकाय मुख्यतया अस्पतालहरु तथा व्यक्तिहरुलाई पूर्णरुपमा तयारी अवस्थामा रहने अवस्था सिर्जना गर्ने |
| लाभान्वित जनसङ्ख्या/समुह | प्रदेशवासी नागरिकहरु |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| कार्यक्रमका खर्च क्षेत्रहरु | दै.भ्र.भ., यातायात खर्च, विज्ञको भत्ता, मक ड्रिल तथा सिमुलेसनमा प्रयोग हुने सामग्री, सहकार्य तथा सहयोगी व्यक्तिहरु तथा उपकरणहरुको व्यवस्थापन, खाजा खाना र अन्य व्यवस्थापकीय खर्च |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन विधि | • विपद् व्यवस्थापन तथा प्रतिकार्यमा सँलग्न हुनुपर्ने सबै सरोकारवाला निकायहरुलाई एक ठाँउमा ल्याउने, विपद् प्रतिकार्य योजनाबारे जानकारी गराउने र तत् तत् निकाय तथा व्यक्तिहरुलाई कामको बाँडफाँडका लागि विस्तार बैठक आयोजना गर्ने।<br>• प्रदेशभित्रका ३ वटा हव अस्पतालहरुमध्येबाट १ वटा अस्पताललाई कृत्रिम अभ्यासको लागि छनौट गर्ने।<br>• टेबलमै बसेर कुनै घटना कल्पना गरी सोको प्रतिकार्यका लागि छलफल गराउने, निर्णय गर्ने क्षमता जाँच गर्ने, कमीकमजोरीहरु पत्ता लगाउने।<br>• अस्पताल प्रमुख, ईमरजेन्सी विभाग प्रमुखलाई बाहेक अन्यलाई सिमुलेसनको बारेमा जानकारी नदिई कुनै काल्पनिक घटना घटेको र हाताहाती भएको अवस्था सिर्जना गर्ने र विपद् प्रतिकार्यको लागि पूर्णरुपमा तयारी अवस्थामा रहने अवस्था सिर्जना गर्ने । |
| अपेक्षित उपलब्धी | विपद् प्रतिकार्य तथा व्यवस्थापनको लागि सम्बन्धित निकाय मुख्यतया अस्पतालहरु तथा व्यक्तिहरुलाई पूर्णरुपमा तयारी अवस्थामा रहन सहयोग गर्नेछ । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि बमोजिम बजेट बाँडफाँड र खर्च हुने गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अनुगमन मुल्याङ्कनका सुचकहरु | बैठक, टेबलटप अभ्यास र मक ड्रिल सम्पन्न गरेको कुरा पुष्टि गर्ने कागजातहरु |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## २. स्वास्थ्य सम्बन्धी विभिन्न नीति, ऐन, नियमावली, रणनीति, निर्देशिका, मापदण्ड, कार्यविधी तथा उपचार प्रोटोकल निर्माण

| खर्च शीर्षक नं. | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | वटा | आवश्यकता अनुसार | दोस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन, नियमावली, नीति, रणनैतिक योजना, मापदण्ड, कार्यविधि, तालिम सन्दर्भ सामाग्री र म्यानुअल तथा निर्देशिकाको मस्यौदा निर्माण गरी स्वास्थ्य सेवाको प्रभावकारीता र गुणस्तर अभिवृद्धिका लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन, नियमावली, नीति, रणनैतिक योजना, मापदण्ड, कार्यविधि तालिम सन्दर्भ सामाग्री र म्यानुअल तथा निर्देशिकाको मस्यौदा तयार गरी प्रदेशमा स्वास्थ्य सेवा व्यवस्थापनको कानूनी तथा नीतिगत आधार तयार गर्ने। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| लाभान्वित जनसङ्ख्या/ समुह | स्वास्थ्य सेवा प्रदायक, प्रदेशमा बसोबास गर्ने नागरिकहरु |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| खर्च क्षेत्रहरु | बैठक, कार्यशाला गोष्ठी, स्थलगत भ्रमण, विज्ञ परामर्श सेवा खरिद, छपाई लगायत अन्य व्यवस्थापकीय खर्च। |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेशमा स्वास्थ्य सेवा व्यवस्थापनको कानूनी तथा नीतिगत आधार तयार गर्न आवश्यक दस्तावेजको पहिचान गरी सूची तयार गर्ने।<br>• दस्तावेज तर्जुमा गर्न आवश्यक पर्ने निर्देशक समिति तथा प्राविधिक कार्यसमूह गठन गरी कार्यविवरण स्वीकृत गर्ने ।<br>• सूचना तथा तथ्य संकलन गर्न स्थलगत भ्रमण तथा सम्बन्धित सरोकारवालाहरुसँग बैठक, अन्तरक्रिया, कार्यशाला गोष्ठी गरी मस्यौदा तयार गर्ने ।<br>• आवश्यकता अनुसार प्रचलित कानुन बमोजिम विज्ञहरुको परामर्शसेवा मार्फत मस्यौदा तयार गर्ने।<br>• प्राविधिक समितिले मस्यौदा तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने।<br>• तयार पारिएको मस्यौदा प्रचलित ऐन, नियम, नीति तथा रणनीतिसँग मेल खाएको र प्राविधिक तवरले समेत ठिक भएको सुनिश्चित गरी निर्देशक समिति मार्फत अन्तिम मस्यौदा स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने। |
| सहकार्य, साझेदारी तथा समन्वय | आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रमा कार्यरत विकास साझेदारहरुसँग समन्वय एवं सहकार्य गर्न सकिने छ। |
| अपेक्षित उपलब्धी | कानूनी तथा नीतिगत स्पष्टताका माध्यमबाट स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारिता आउने। |
| अनुगमनका सुचकहरु | • दस्तावेजहरुको सूची<br>• मस्यौदा तयारी भएको संख्या<br>• अन्तिम रुप तयार भएको दस्तावेजको संख्या |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि बमोजिम बजेट बाँडफाँड र खर्च हुने गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| सन्दर्भ सामाग्रीहरु | विषयसँग सम्बन्धित अन्तर्राष्ट्रिय, संघ र प्रदेश सरकारबाट जारी गरिएका ऐन, नियम, नीति तथा कार्यविधि निर्देशिका आदी। |

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय राप्ती उपत्यका(देउखुरी) नेपाल

## ३. लुम्बिनी प्रदेश मानसिक तथा मनोसामाजिक रणनीतिक कार्ययोजना २०८१-८६ कार्यान्वयनका लागि आवश्यक क्रियाकलापहरु संचालन

| खर्चशीर्षक नं. | बजेट | एकाई | लक्ष्य | सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | विभिन्न | दोश्रो |

| उप शिर्षक | विवरण |
|---|---|
| परिचय | लुम्विनी प्रदेश मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना, २०८१-२०८६ कार्यान्वयनको लागि यो कार्यक्रमको व्यबस्था गरिएको छ । |
| उद्देश्य | • मानसिक स्वास्थ्यमा देखिएका समस्याहरू समाधानको लागि आत्महत्या तथा स्वयं-हानि दर्ता प्रणाली' (Suicide and Self-Harm Registry) कार्यक्रम संचालन गर्ने<br>• प्रदेशमा मानसिक स्वास्थ्य तथा आत्महत्याका घटनाको सम्बन्धित सरोकारवाला निकायको सहभागितामा प्रदेश स्तरीय तथ्यांक विश्लेषण र समिक्षा गर्ने<br>• प्रदेशमा मानसिक स्वास्थ्य तथा आत्महत्याका घटनाको सम्बन्धित सरोकारवाला निकायको सहभागितामा प्रदेश स्तरीय तथ्यांक विश्लेषण र समिक्षा गर्ने क्रियाकलापहरू गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय र मातहतका अस्पतालहरु। |
| खर्च क्षेत्र | व्यबस्थापकीय खर्च, दैनिक भ्रमण भत्ता, सुचना सञ्चार प्रसारण, प्रकाशन |
| कार्यक्रम सञ्चालन विधि | **.'आत्महत्या तथा स्वयं-हानि दर्ता प्रणाली'** (Suicide and Self-Harm Registry) **कार्यक्रम संचालन गर्ने**<br>लुम्बिनी प्रदेशका निम्न ४ वटा प्रादेशिक अस्पतालहरूमा 'आत्महत्या तथा स्वयं-हानि दर्ता प्रणाली' (Suicide and Self-Harm Registry) व्यवस्थित रूपमा १ दिने कार्यशाला सञ्चालन गर्ने<br>• लुम्बिनी प्रादेशिक अस्पताल (बुटवल, रुपन्देही)<br>• भीम अस्पताल (भैरहवा, रुपन्देही)<br>• कपिलबस्तु अस्पताल (कपिलवस्तु)<br>• बर्दिया अस्पताल (गुलरिया, बर्दिया)<br>उक्त कार्यशालामा प्रस्तुतीकरण र समूहगत छलफल गर्ने र संचालनको कार्ययोजना बनाउने<br>**मानसिक स्वास्थ्य तथा नसर्ने रोगको प्रदेश स्तरीय समीक्षा कार्यक्रम संचालन गर्ने** |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| | **कार्यक्रम सञ्चालन विधि**<br>प्रदेश भित्रका स्वास्थ्य कार्यलय, अस्पताल, आयुर्वेद अस्पतताल तथा कार्यलय र केही स्थानीय तहको तहको सहभागितामा प्रदेश स्तरीय मानसिक स्वास्थ्य तथा नसर्ने रोगकोको तथ्तांकको प्रस्तुतीकरण, विष्लेशण र कार्ययोजना तयार गर्ने<br>**प्रदेशमा मानसिक स्वास्थ्य तथा आत्महत्याका घटनाको सम्बन्धित सरोकारवाला निकायको सहभागितामा प्रदेश स्तरीय तथ्यांक विश्लेषण र समिक्षा गर्ने**<br>उद्देश्य :<br>• स्वास्थ्य क्षेत्र , नेपाल प्रहरी, र सामाजिक क्षेत्रबाट प्राप्त तथ्यांकलाई एकीकृत गरी विस्तृत विश्लेषण गर्ने।<br>• आत्महत्या र मानसिक समस्याका मुख्य कारक तत्त्व तथा उच्च जोखिममा रहेका उमेर समूह वा भौगोलिक क्षेत्रको पहिचान गर्ने।<br>• बहु-क्षेत्रीय (Multi-sectoral) समन्वयमार्फत रोकथामका लागि प्रादेशिक रणनीति र वार्षिक कार्ययोजना तर्जुमा गर्ने ।<br>**कार्यक्रम सञ्चालन विधि**<br>• प्रहरी, अस्पताल र स्थानीय तहबाट मानसिक स्वास्थ्य तथा आत्महत्याका घटनाको तथ्यांक संकलन र तथ्यांक एकीकृत गर्ने<br>• संकलित तथ्यांकलाई उमेर, लिङ्ग, भौगोलिकता, तरिका र सम्भावित कारणका आधारमा प्राविधिक विश्लेषण गर्ने<br>• प्रदेश स्तरीय समीक्षा कार्यशाला सञ्चालन गर्ने , उक्त कार्यशालामा प्रस्तुतीकरण, र समूहगत छलफल गर्ने र टिपोट गर्ने।<br>माथिका क्रियाकलाप संचालन गर्नेका लागि स्वास्थ्य विकास साझेदार संस्थाबाट सहयोग लिन सकिने छ । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्विकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्नेछ। |
| **अपेक्षित उपलब्धी** | • आत्महत्या रोकथामका लागि बहु-क्षेत्रीय उत्तरदायित्व र हेल्पलाइन तथा मनोसामाजिक परामर्श सेवा सुदृढ हुने।<br>• मानसिक स्वास्थ्यको तथ्यांकको गुणस्तर बढ्ने |
| **अनुगमन तथा मूल्याङ्कनका सुचक** | • Suicide and Self Harm Registry सुरुवात भएका अस्पतालको संख्या<br>• समिक्षा कार्यक्रममा सहभागीको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

४. लुम्बिनी प्रदेश स्तरिय सरुवारोग अस्पताल शिवराज कपिलवस्तुको जग्गा प्राप्ती सोधभर्ना रकम (वन रोयल्टी )

| खर्चशीर्षक नं. | बजेट | एकाई | लक्ष्य | सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३१४११ | विनियोजित बजेट | पटक | १ | पहिलो |

| उप शिर्षक | विवरण |
|---|---|
| परिचय | प्रदेश सरकार स्वास्थ्य मन्त्रालय मातहत शिवराज न पा ५ कपिलवस्तुमा निर्माणाधिन सुविधा सम्पन्न प्रदेश सरुवारोग अस्पताल निर्माण स्थलको वन क्षेत्रको जग्गा प्रयोग गरे वापत वन तथा भू संरक्षण विभाग सँग भएको सम्झौता बमोजिम दिइनु पर्ने तेस्रो किस्ता वापतको रु ५० लाख रकम वन विकास कोषमा निकासा दिनको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | सुविधा सम्पन्न प्रदेश सरुवा रोग अस्पतालको निर्माण हुने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय। |
| खर्च क्षेत्र | वन रोयल्टी रकम । |
| कार्यक्रम सञ्चालन विधि | • स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेश र वन तथा भू संरक्षण विभाग ववरमहल काठमाण्डौ विचको सम्झौता बमोजिमको तेस्रो किस्ता रकम निकासा गर्ने ।<br>• सुविधा सम्पन्न प्रदेश सरुवारोग अस्पताल निर्माण स्थल उपलब्ध हुने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्नेछ। |
| अपेक्षित उपलब्धी | सुविधा सम्पन्न प्रदेश सरुवा रोग अस्पताल निर्माण हुने । |
| अनुगमन तथा मूल्याङ्कनका सुचक | बजेट भुक्तानी |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## ५. स्वास्थ्य सेवा सुदृढिकरण कार्यक्रम

| खर्चशीर्षक नं. | बजेट | एकाई | लक्ष्य | सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | बार्षिक विनियोजित बजेट | पटक | विभिन्न | प्रथम, दोश्रो र चौथो |

| उप शिर्षक | विवरण |
|---|---|
| परिचय | प्रदेश सरकार स्वास्थ्य मन्त्रालय मातहत रहेको कार्यालय तथा कार्यक्रमहरुको सुदृढिकरण गरी प्रदेश वासीले पाउने स्वास्थ्य सुविधाको पहुँच र गुणस्तर अभिवृद्धि गर्नको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | प्रदेशका नागरिकले पाउने सेवा सुविधामा वृद्धि हुने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय तथा मातहतका निकायहरु। |
| खर्च क्षेत्र | स्वास्थ्य संस्थाहरुको व्यवस्थापकीय खर्च, खरिद तथा निर्माण। |
| कार्यक्रम सञ्चालन विधि | • मातहतका निकायहरुको माग, आवश्यकता र औचित्यका आधारमा मन्त्रालयले विनियोजन गर्ने ।<br>• विनियोजित कार्यक्रम प्रचलित नियमानुसार सञ्चालन गर्ने ।<br>• माग र औचित्यका आधारमा स्थानीय तहमा आवश्यक पर्ने उपकरण उपलब्ध गराउन सकिनेछ । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि बमोजिम बजेट बाँडफाँड र खर्च हुने गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | प्रदेशमा संचालित स्वास्थ्य कार्यक्रमहरु सुदृढिकरण हुने । |
| अनुगमन तथा मूल्याङ्कनका सुचक | संचालित कार्यक्रमको प्रभावकारीता । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

## ६. दुर्गम जिल्लामा चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई प्रोत्सहान कार्यक्रम

| खर्चशीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २११३५ | विनियोजित बजेट | अस्पताल | ७ | चौथो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | प्रदेश भित्रका हिमाली तथा पहुँच नपुगेका अस्पतालहरुमा स्वास्थ्यकर्मीहरु न्यून संख्यामा भएकोले प्रादेशिक अस्पतालमा रहेका स्वास्थ्यकर्मीहरुलाई निश्चित प्रोत्साहन भत्ता लगाएतको सुविधा प्रदान गरी हिमाली तथा दुर्गम पहाडी जिल्लामा स्वास्थ्यकर्मीहरुलाई टिकाई राखी सेवा प्रवाहलाई प्रभावकारी वनाउने उद्देश्यले यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्य | प्रदेश भित्रका हिमाली तथा पहुँच नपुगेका अस्पतालहरुमा (रुकुम पूर्व अस्पताल, रोल्पा अस्पताल, प्यूठान अस्पताल, अर्घाखाची अस्पताल, गुल्मी अस्पताल, रामपुर अस्पताल र वर्दिया अस्पताल) मा स्वास्थ्यकर्मीहरु टिकाई राखी सेवा निरन्तर प्रवाह हुने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | सम्वन्धित अस्पतालहरु |
| खर्च क्षेत्र | प्रदेशबाट स्वीकृत विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि २०८१ (संशोधन समेत) ले तोकेको खर्च क्षेत्र |
| लक्षित समुह | दुर्गम तथा पहुँच नपुगेका अस्पतालहरुमा कार्यरत स्वास्थ्यकर्मीहरु |
| कार्यक्रम सञ्चालन विधि | प्रदेशबाट स्वीकृत प्रचलित निर्देशिका अनुसार कार्यक्रम सञ्चालन गरिनेछ। |
| बजेट बाँडफाड | प्रचलित निर्देशिका अनुसार प्रोत्साहन रकम वितरण गरिनेछ । |
| अपेक्षित उपलब्धी | प्रदेश भित्रका हिमाली तथा पहुँच नपुगेका अस्पतालहरुमा स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृदि हुनेछ। |
| अनुगमन तथा मुल्याङ्कनका सुचकहरु | यस सुविधा बमोजिम खटिएका स्वास्थ्यकर्मीहरुको संख्या तथा सेवा अवधि |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

७. निजी तथा सामुदायिक अस्पतालहरुको सञ्चालन अनुमति, नविकरण, अनुगमन आदि कार्य

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | जिल्ला | १२ | सवै त्रैमासिक |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचय | यस प्रदेश भित्र रहेका निजी, गैह्रसरकारी, सहकारी तथा सामुदायिक स्वास्थ्य संस्था/अस्पतालहरुको नियमन गरी गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु प्रदेश सरकारको कार्यक्षेत्र रहेको छ। यस प्रदेश भित्र सञ्चालित अस्पतालहरुको स्थापना, सञ्चालन अनुमति, नवीकरण तथा स्तरोन्नतिको अनुगमन तथा स्थलगत निरीक्षण कार्यलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | यस प्रदेश भित्रका निजी, गैह्रसरकारी, सहकारी तथा सामुदायिक स्वास्थ्य संस्था/अस्पतालहरुको नियमन गर्नु गराउनु। |
| लाभान्वित जनसङ्ख्या/समुह | प्रदेश भित्रका निजी, गैह्रसरकारी, सहकारी तथा सामुदायिक स्वास्थ्य संस्था/अस्पतालहरु |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| खर्चक्षेत्रहरु | दैनिक भ्रमण भत्ता तथा यातायात खर्च, इन्धन खर्च, बैठक, गोष्ठी तथा परामर्श खर्च, छपाई, प्रतिवेदन लगायत अन्य व्यवस्थापकीय खर्च। |
| कार्यक्रम सञ्चालन विधि | • सञ्चालन स्वीकृति वा नविकरणका निम्ति निवेदन पेश गरेका स्वास्थ्य संस्थाहरुको सूची तयार गरी अनुगमन गर्ने योजना तयार गर्ने ।<br>• चेकलिष्ट प्रयोग गरी प्रचलित कानून बमोजिम स्थलगत निरीक्षण तथा अनुगमन गर्ने ।<br>• अनुगमनका आधारमा प्रतिवेदन तयार गरी पेश गर्ने ।<br>• तोकिएको मापदण्ड पुरा गरेकाहरुलाई नियमानुसार सञ्चालन स्वीकृति प्रदान गर्ने/नविकरण गर्ने/स्तरोन्नति गर्ने ।<br>• मापदण्ड पुरा नभएका स्वास्थ्य संस्थाहरुलाई मापदण्ड पुरा गर्न आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।<br>• दर्ता नवीकरण तथा स्तरोन्नति भएका स्वास्थ्य संस्था/अस्पतालहरुको सूची सहित बार्षिक प्रतिवेदन तयार गर्ने ।<br>• आवश्यकता अनुसार सञ्चालनमा रहेका निजि, सामुदायिक तथा अन्य गैरसरकारी अस्पतालहरुको अनुगमन योजना स्वीकृत गरी नियमित तथा आवधिक अनुगमन गर्ने । |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| अपेक्षित उपलब्धी | प्रदेश अन्तर्गत  रहेका निजी, गैह्रसरकारी, सहकारी तथा सामुदायिक स्वास्थ्य संस्था/ अस्पतालहरुको नियमन भई नागरिकहरुले  गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने छन् । |
| अनुगमनका सुचकहरु | अनुगमन प्रतिवेदन |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |

## ८. टेलिमेडिसिन सेवा संचालन तथा व्यवस्थापन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | अस्पताल | ४ | प्रथम |

| उपशीर्षक: | विवरण |
|---|---|
| परिचय | विशेषज्ञ स्वास्थ्य सेवा तथा परामर्शमा सहज पहुँच नभएका दुर्गम, ग्रामीण तथा सेवाको पहुँच कम भएका क्षेत्रका नागरिकलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत विशेषज्ञ चिकित्सकीय परामर्श, निदान तथा उपचारसम्बन्धी सेवा उपलब्ध गराउने उद्देश्यले टेलिमेडिसिन सेवा सञ्चालन गरिनेछ। यसबाट स्वास्थ्य संस्था बीच समन्वय तथा रिफरल प्रणाली सुदृढ भई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार हुनेछ । |
| उद्देश्य | विशेषज्ञ स्वास्थ्य सेवामा नागरिकको पहुँच कम भएका क्षेत्रमा टेलिमेडिसिन मार्फत स्वास्थ्य सेवा उपलब्ध गराई स्वास्थ्य संस्थाबीच विशेषज्ञ परामर्श तथा रिफरल प्रणाली सुदृढ गर्ने। |
| लाभान्वित जनसङ्ख्या/समुह | लुम्बिनी प्रदेशका दुर्गम तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने  नागरिक |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | लुम्विनी प्रादेशिक अस्पताल, राप्ती प्रादेशिक अस्पताल र दुर्गम जिल्लाका अस्पतालहरु (रुकुम पूर्व अस्पताल र रोल्पा अस्पताल) |
| खर्चक्षेत्रहरु | टेलिमेडिसिन उपकरण तथा ICT सामग्री व्यवस्थापन/मर्मत, इन्टरनेट तथा कनेक्टिभिटी शुल्क, सफ्टवेयर/प्राविधिक प्रणाली व्यवस्थापन, विशेषज्ञ परामर्श सेवा सञ्चालन खर्च |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश/रेफरल अस्पतालमा विशेषज्ञ सेवा केन्द्र र छनोट भएका स्वास्थ्य संस्थामा टेलिमेडिसिन सेवा केन्द्र स्थापना/सुदृढ गरिनेछ।<br>• दुर्गमको जिल्ला अस्पतालले आवश्यक बिरामीको विवरण तथा स्वास्थ्य अवस्थाका आधारमा विशेषज्ञ चिकित्सकसँग अनलाइन/भर्चुअल परामर्श गराउने व्यवस्था मिलाउने छ। आवश्यकता अनुसार भिडियो कन्सल्टेसन, रिपोर्टको डिजिटल आदान—प्रदान, विशेषज्ञ परामर्श, रिफरल तथा फलोअप सेवा सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| | • सेवा सञ्चालनका लागि आवश्यक उपकरण, इन्टरनेट, जनशक्ति र कार्यविधिको व्यवस्था गरी नियमित अनुगमन गरिनेछ। |
| अपेक्षित उपलब्धी | लक्षित स्वास्थ्य संस्थामा विशेषज्ञ स्वास्थ्य सेवा सहितको टेलिमेडिसिन सेवा सञ्चालन हुनेछ।<br>समयमै निदान, उपचार तथा रिफरलमा सुधार हुनेछ। |
| अनुगमनका सुचकहरु | टेलिमेडिसिन सेवा सञ्चालन भएका स्वास्थ्य संस्थाले सेवा प्रवाह गरेको प्रतिवेदन । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |

## ९. मन्त्रालय र मातहतका कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | प्रथम |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचय | मन्त्रालय तथा मातहतका कार्यालयहरूको कार्यक्षेत्र, जिम्मेवारी, कार्यबोझ, विद्यमान संगठन संरचना, जनशक्ति दरबन्दी तथा सेवा प्रवाहको वर्तमान अवस्थाको अध्ययन गरी संगठन संरचना तथा जनशक्ति व्यवस्थापनलाई समयानुकूल, प्रभावकारी र आवश्यकतामा आधारित बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नलाई यो कार्यक्रम तय गरिएको छ। सर्वेक्षणबाट प्राप्त तथ्य तथा विश्लेषणका आधारमा आवश्यक संगठन संरचना, दरबन्दी, पद तथा जनशक्ति व्यवस्थापन सम्बन्धी सुझाव र सुधारका उपाय पहिचान गरिने छ । |
| उद्देश्य | मन्त्रालय तथा मातहतका कार्यालयहरूको विद्यमान जनशक्ति तथा दरबन्दीको पर्याप्तता/अपर्याप्तता पहिचान गर्न संगठन संरचनाको अध्ययन गरि गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि उपयुक्त संगठनात्मक संरचना विकास गर्ने । |
| लाभान्वित जनसङ्ख्या/समुह | मन्त्रालय तथा मातहतका कार्यालयका कर्मचारीहरु |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| खर्चक्षेत्रहरु | सर्वेक्षण तथा अध्ययन, तथ्याङ्क संकलन तथा विश्लेषण, विज्ञ/परामर्श सेवा, कार्यालय भ्रमण तथा स्थलगत अनुगमन तथा अन्य आवश्यक ब्यबस्थापकीय खर्च |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन विधि | • मन्त्रालय तथा मातहतका कार्यालयहरूको विद्यमान संगठन संरचना, स्वीकृत दरबन्दी, कार्यविवरण, कार्यबोझ, सेवा प्रवाह, जनशक्ति उपलब्धता तथा भौगोलिक अवस्थाको अध्ययन गर्नको लागि समिति बनाउने ।<br>• उक्त समितिद्वारा सम्बन्धित कार्यालयबाट आवश्यक तथ्याङ्क संकलन गर्न स्थलगत अवलोकन, कर्मचारी तथा सरोकारवालासँग छलफल/अन्तरक्रिया र कार्यबोझ विश्लेषण गरिनेछ।<br>• प्राप्त तथ्यका आधारमा संगठन संरचना तथा दरबन्दीको आवश्यकता विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरिनेछ।<br>• प्रतिवेदनका सुझावका आधारमा संगठन संरचना तथा जनशक्ति व्यवस्थापन सुधारका लागि आवश्यक प्रक्रिया अघि बढाइनेछ। |
| अपेक्षित उपलब्धी | मन्त्रालय तथा मातहतका कार्यालयहरूको विद्यमान संगठन संरचनाको अवस्था स्पष्ट भई गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक संगठनात्मक संरचना निर्धारण हुनेछ\| |
| अनुगमनका सुचकहरु | संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भएको प्रतिवेदन |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |

## १०. "सुरक्षित मातृत्व अभियान" मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम

| **खर्च शीर्षक नं** | **बजेट** | **एकाई** | **लक्ष्य** | **कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि** |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित | जिल्ला | ७ | दोस्रो/तेस्रो/चौथौ त्रैमासिक |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| परिचय | विभिन्न अध्ययनहरूका अनुसार नेपालका प्रदेशहरूमध्ये लुम्बिनी प्रदेशमा मातृ मृत्युदर उच्च रहेको छ। जनस्वास्थ्य सेवा ऐन २०७५ र नियमावली २०७७ ले मातृ स्वास्थ्यलाई नागरिकको आधारभूत अधिकारका रूपमा स्थापित गरेका छन् भने सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ र नियमावली २०७७ ले प्रत्येक गर्भवती महिलाका लागि गुणस्तरीय गर्भवती, प्रसूति तथा सुत्केरी सेवा पाउने हकलाई कानुनी रूपमै सुनिश्चित गरेका छन्। |

| | |
|---|---|
| | यद्यपि, समयमै आवश्यक प्रयोगशाला (ल्याब) परीक्षण हुन नसक्दा सम्भावित जटिलताको पहिचान र व्यवस्थापनमा ढिलाइ भई आमा तथा शिशुको ज्यान जाने जोखिम कायमै छ। यसै समस्यालाई सम्बोधन गर्न र आमा तथा बाल मृत्युदरमा कमी ल्याउन उच्च जोखिममा रहेका जिल्लाका गर्भवती महिलाहरूलाई सेवा उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालनमा ल्याइएको हो। |
| उद्देश्य | आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण मार्फत निरन्तर गुणस्तरीय गर्भवती सेवा सुनिश्चित गर्ने र तोकिएको समय तालिका अनुसार गुणस्तरीय गर्भवती जाँच सेवामा पहुँच वृद्धि गरी मातृ तथा बाल मृत्युदर न्यूनीकरण गर्ने । |
| कार्यक्रम संचालन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय तथा स्वास्थ्य कार्यालय |
| खर्च क्षेत्र | सुरक्षित मातृत्व अभियान" मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम संचालन मार्गदर्शन २०८३/८४ ले तोके बमोजिम |
| लक्षित समुह | कार्यक्रम संचालन हुने स्थानीय तह |
| कार्यक्रम संचालन विधी | सुरक्षित मातृत्व अभियान" मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम संचालन मार्गदर्शन २०८३/८४ अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुको खर्च सोधभर्ना गरिनेछ । |
| बजेट बाँडफाँड | यो कार्यक्रम संचालन सुरक्षित मातृत्व अभियान" मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम संचालन मार्गदर्शन २०८३/८४ अन्तर्गत सञ्चालन भएका कार्यक्रमहरुको खर्च अपुग भई कार्यक्रम संचालन गर्ने निकाय मार्फत आएका मागहरुको आवश्यकता अनुसार बजेट बाँडफाँड हुनेछ । |
| अनुगमन तथा मुल्यांकन | कार्यक्रम संचालन गर्ने निकायहरुबाट आएका माग संख्या |
| अपेक्षित उपलब्धी | आधारभूत स्वास्थ्य सेवा सुदृढ हुने र गुणस्तरीय गर्भवती सेवा सुनिश्चित हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्ने छ। |
| सन्दर्भ सामाग्री | गर्भवती सेवा तथा सुत्केरी सेवा निरन्तरता सम्बन्धी सहजीकरण सामग्री २०७९<br>स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा अनुगमन दिग्दर्शन २०८० |

## ११. मन्त्रालय र मातहतका कार्यालयहरुको व्यवस्थापकिय क्षमता अभिवृद्धिका लागि अभिमुखीकरण व्यवस्थापन परीक्षण

| खर्च शीर्षक नं. | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | ३ | पहिलो, दोस्रो र तेस्रो |

| उप-शीर्षक | विवरण |
|---|---|
| परिचय | स्वास्थ्य मन्त्रालय र मातहतका निकायहरुमा कार्यरत कर्मचारीहरुको कार्यालय व्यवस्थापन, प्राविधिक क्षमता अभिवृद्धि, सेवा सम्बन्धी ज्ञान तथा व्यक्तिगत सीपको विकास गरी कर्मचारीहरुको कार्यसम्पादनमा प्रभावकारीता ल्याउनका लागि यो कार्यक्रम तय गरिएको छ । |
| उद्देश्य | ज्ञान तथा सीपको विकास भई कार्यालयको कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धी हुने छ \| |
| लाभान्वित जनसङ्ख्या/समुह | स्वास्थ्य मन्त्रालय तथा मातहतका निकायहरुमा कार्यरत कर्मचारीहरु |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| खर्चक्षेत्रहरु | दै.भ्र.भ. तथा यातायात खर्च, प्रशिक्षक तथा परामर्श खर्च, गोष्ठी सञ्चालन, लगायत अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन मार्गदर्शन/ विधि | • मन्त्रालय र मातहतका कार्यालयका व्यबस्थापकहरुका लागि नेतृत्व विकास तथा सुशासन सम्बन्धी तालिमहरुको आवश्यकता र प्राथमिकिकरण गर्ने<br>• तालिम सामाग्री निर्माण गरी तालिम सञ्चालन योजना तयार गर्ने<br>• सहभागीहरुको छनौट गर्ने ।<br>• तालिम सञ्चालन गर्ने ।<br>• प्रतिवेदन तयार तथा अनुगमन र मुल्याङकन गर्ने।<br>• प्रचलित कानून बमोजिम मन्त्रालय र मातहतका कार्यालयहरुको व्यवस्थापन परीक्षण गर्ने । |
| अपेक्षित उपलब्धी | • कार्यालय व्यवस्थापन तथा सेवासँग सम्बन्धी ज्ञान तथा सीपको विकास भई कार्यालयको सेवा प्रभावकारिता अभिवृद्धी हुनेछ । |
| अनुगमनका सुचकहरु | • तालिम सामाग्री तयार भएको<br>• तालिम सञ्चालन भएको पटक संख्या<br>• तालिममा सहभागीको संख्या<br>• मन्त्रालय र मातहतका कार्यालयहरुको व्यवस्थापन परीक्षण भएको संख्या |
| बजेटबाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| सन्दर्भ सामाग्रीहरु | विषयसँग सम्बन्धित संघ तथा प्रदेश सरकारबाट जारी गरिएका ऐन, नियम, नीति तथा कार्यविधि, निर्देशिका आदी। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

# स्वास्थ्य निर्देशनालय

## १. निःशुल्क रक्त संचार सेवा

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | प्रथम, दोश्रो र चौथो |

| | |
|---|---|
| परिचय | प्रदेशमा हुने शल्यक्रिया, मातृस्वास्थ्य सेवा, सडक दुर्घटना, रगत तथा रगत जन्य रोगहरु आदिको उपचार व्यवस्थापनको लागि अत्यावश्यक रगत तथा रक्त तत्वहरु सर्वसुलभ, सुरक्षित र निशुल्क रुपमा उपलब्ध गराई रगतको अभावबाट हुन सक्ने अकाल मृत्युबाट बचाउनाको लागि गराउनको लागि यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| उद्देश्य | प्रदेशमा बसोबास गर्ने सबै नागरीकलाई सर्वसुलभ तरीकाले चाहिएको समयमा आवश्यक परिमाणमा गुणस्तरीय र सुरक्षित रगत तथा रक्त तत्वहरु उपलब्ध गराउने |
| कार्यक्रम संचालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय। |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | प्रदेशमा रहेका सबै सरकारी अस्पतालहरु, प्रतिष्ठानहरु, सामुदायिक अस्पतालहरु, Dialysis center र रक्त संचार केन्द्रहरु। |
| खर्च क्षेत्रहरु | नेपाल सरकारबाट मान्यता प्राप्त रक्तसंचार सेवा प्रदायक संस्थाले तोके बमोजिमको बिल भरपाई |
| लक्षित समूह | रक्तसंचार सेवा लिने सेवाग्राहीहरु। |
| कार्यक्रम सञ्चालन विधि | • रक्त संचार सेवा प्रदान गर्ने संस्था (Bood Bank, Nepal Red Cross Society), अस्पताल तथा प्रतिष्ठानहरुको सूची तयार गर्ने ।<br>• रक्त संचार सेवा उपलब्ध गराउने संघ संस्था तथा अस्पतालहरुले निःशुल्क रक्तसंचार सेवा उपलब्ध गराउन सम्झौता गर्ने।<br>• स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशबाट स्वीकृत कार्यविधि "निशुल्क रक्त संचार निर्देशिका २०७८" (संशोधन समेत) बमोजिम कार्यक्रम संचालन गरीनेछ ।<br>• रक्तसंचार सेवा वापतको सेवाग्रहीको बिबरण अध्यावधिक गरी त्रैमासिक रुपमा निर्देशनालयबाट उपलब्ध गराईएको खाकामा स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ।<br>• रक्त संचार सेवा प्रदान गर्ने संघ संस्था तथा अस्पतालबाट प्रतिवेदन प्राप्त भएको १५ दिन भित्र स्वास्थ्य निर्देशनालयले सम्झौता अनुसारको सोध भर्ना दिनुपर्नेछ। |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धी | सबै नागरीकलाई सर्वसुलभ तरीकाले चाहिएको समयमा आवश्यक परिमाणमा गुणस्तरीय र सुरक्षित रगत तथा रक्त तत्वहरु उपलब्ध हुनेछ। |

| | |
|---|---|
| अनुगमन र मुल्याङ्कनको सूचक | निःशुल्क रगत र रक्त जन्य पदार्थ प्राप्त गर्ने बिरामीको संख्या। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन त्रैमासिक रुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## २. प्रदेश विपन्न नागरिक स्वास्थ्य उपचार आर्थिक सहुलियत कार्यक्रम (मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोग)

| खर्च शीर्षक नं | बजेट | एकाई | अनुमानित | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | जना | ५००० | प्रथम, दोश्रो र चौथो |

| | |
|---|---|
| परिचय | नेपालमा हाल नसर्ने रोगहरुका बिरामिहरु बृद्धि हुदै गएको र सो रोगको उपचारमा लाग्ने खर्च महंगो भएकोले असहाय र विपन्न नागरीकहरुले पैसाकै अभावमा उपचारबाट बन्चित हुन नपरोस भनी नेपाल सरकारले उपलब्ध गराउदै आईरहेको रकमले मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचार धान्न नसकेकोले प्रदेश सरकारबाट असहाय तथा विपन्न नागरीकहरुलाई उपचारमा थप सहुलियतका लागि यो कार्यक्रमको ब्यबस्था गरीएको छ । |
| उद्देश्य | यस प्रदेशका असहाय र विपन्न नागरीकहरुको मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचारमा आर्थिक सहुलियत प्रदान गर्न । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय। |
| खर्च क्षेत्र | औषधि उपचार खर्च सोधभर्ना तथा जनशक्ति व्यबस्थापन। |
| लक्षित समूह | • लुम्बिनी प्रदेशका मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचार गर्नुपर्ने असहाय र विपन्न नागरीक। |
| कार्यक्रम सञ्चालन विधि | स्वास्थ्य मन्त्रालय लुम्विनी प्रदेशबाट स्वीकृत कार्यविधि "प्रदेश स्वास्थ्य उपचार विशेष सुविधा निर्देशिका २०७८" अनुसार कार्यक्रम संचालन गर्नुपर्नेछ ।<br>यो कार्यक्रमको व्यवस्थापनका लागि १ जना सातौं तहको नर्सिङ अधिकृतको व्यवस्था गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धी | असहाय र विपन्न नागरीकहरुले आर्थिक अभावको कारणले क्यान्सरको उपचार, मुटुको भल्भ फेर्न र मृगौला प्रत्यारोपण गर्न बन्चित हुने छैनन्। |
| अनुगमन तथा मुल्यांकनको सूचक | मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचार बापत सहुलियत लिने बिरामीको संख्या । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## ३. प्रदेशका अस्पताल तथा आयुर्वेद चिकित्सालय तथा आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम निरन्तरता कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | प्रदेश अस्पताल / आयुर्वेद स्वास्थ्य संस्था | २७ | सवै त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तर्गतको स्वास्थ्य संस्थाहरुका चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा अन्य सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा अस्पतालहरुको अवस्थाको बारेमा स्व-मुल्यांकन, अनुगमन तथा समिक्षा गरी अस्पतालको तह अनुसारको न्युनतम सेवा मापदण्ड मुल्याङ्कन गर्ने र सुधार गर्नु पर्ने कार्ययोजना समेत तयार गरी अस्पतालहरुको सेवाको गुणस्तर वृद्धि गर्न यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| उद्देश्य | प्रादेशिक अस्पतालहरुले प्रदान गर्ने सेवाको गुणस्तरमा सुधार गर्न अप्नाउनु पर्ने न्युनतम सेवा मापदण्ड (Minimum Service Standard) सुनिश्चित गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| खर्च क्षेत्र | अस्पतालको MSS को समिक्षा,तथा फलोअप तथा बैठक व्यबस्थापन। |
| लक्षित समुह | प्रदेश अन्तर्गतका १४ वटै अस्पतालहरु र १३ वटै आयुर्वेद स्वास्थ्य संस्थाहरु । |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश तहमा स्वास्थ्य सेवाको गुणस्तरको सुनिश्चितता तथा प्रदेशको मातहतमा रहेका अस्पताल तथा आयुर्वेद स्वास्थ्य संस्थाहरुको व्यबस्थापन सुदृढिकरणका लागि प्रादेशिक समितिको वैठक संचालन गर्ने ।<br>• MSS संचालन गर्ने अस्पतालहरुको कार्यक्रम संचालन कार्ययोजना तयार गर्ने ।<br>• कार्यक्रम संचालन कार्ययोजना अनुसार MSS फलोअप गरी समीक्षा गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गरी कार्यक्रम संचालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | प्रदेश अन्तर्गतको अस्पतालहरु तथा आयुर्वेद स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड लागू भएको हुनेछ । |
| अनुगमन र मुल्याङ्कनको सूचक | MSS को स्कोर तथा कार्ययोजना। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ। |

## ४. निजी अस्पतालहरुको संचालन अनुमतिको लागि प्राविधिक अनुगमन समिति परिचालन तथा कार्यक्रम व्यबस्थापन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | जिल्ला | १२ | पहिलो,दोश्रो, तेश्रो |

| | |
|---|---|
| परिचय | हाल प्रदेशबाट नै निजी स्वास्थ्य संस्थाहरुको सञ्चालनका लागि प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नती ऐन २०७५ र प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नती नियमावली २०७७ अनुसार अनुमति र नविकरण कार्यहरु नियमित रुपमा भैरहेको छ।ऐन र नियमावलीको मापदण्ड अनुसार अनुमति र नविकरण गर्नका लागि प्राविधिक अनुगमन समिती परिचालन तथा अस्पतालहरुको अनुमति, नविकरण सम्बन्धी अभिलेख अध्यावधिक तथा व्यबस्थापन गर्न यो कार्यक्रमको ब्यबस्था गरीएको छ। |
| उद्देश्य | स्वास्थ्य संस्थाहरुको संचालन अनुमति, नविरण र स्तरोन्नतिमा सहजिकरणका लागि प्राविधिक अनुगमन समिति परिचालन तथा अस्पतालहरुको अनुमति नविकरण सम्बन्धी अभिलेख व्यबस्थापन गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय। |
| खर्च क्षेत्र | दै.भ्र.भ, यातायात तथा वैठक व्यबस्थापन खर्च । |
| लक्षित समुह | निजी तथा सामुदायिक स्वास्थ्य संस्थाहरु। |
| कार्यक्रम सञ्चालन विधि | • संचालन अनुमति, नविकरण र स्तरोन्नतीका लागि दर्ता भएका संस्थाहरुको प्राविधिक समितिले अनुगमन गर्ने।<br>• अनुगमन पश्चात अनुगमन प्रतिवेदन पेश गर्ने, पेश भएको प्रतिवेदनको आधारमा आवश्यक प्रक्रिया अगाढि बढाउने। |
| बजेट बाँडफाड | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गरी कार्यक्रम संचालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलव्धी | • स्वास्थ्य संस्थाहरुको संचालन नविकरण र स्तरोन्नतिमा सहजिकरणका लागि प्राविधिक अनुगमन समिति परिचालन भई कार्यान्वयन हुनेछ । |
| अनुगमन तथा समिक्षा | स्वास्थ्य मन्त्रालयबाट अनुगमन तथा समिक्षा हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यप्रगतीको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

५. अपाङ्गता भएका बालबालिकाहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न HRDC संग सहकार्य

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | दोस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | यस प्रदेशमा रहेका अपाङ्गता भएका वालबालिकाहरुको समयमा नै पहिचान, उपचार (जटिल प्रकृतिका शल्यक्रिया समेत) र पुनःस्थापना गरी अपाङ्गता व्यवस्थापन एवं मूलप्रवाहीकरण गर्न गराउनका लागि अपाङ्ग वाल अस्पताल तथा पुनःस्थापन केन्द्रसँग सहकार्य गर्न यो कार्यक्रमको व्यवस्था गरीएको छ। |
| उद्देश्य | अपाङ्गता भएका बालबालिकाहरुको समयमा नै पहिचान गरी उपचार र पुनःस्थापना मार्फत जीवन यापनमा सहजता प्रदान गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| खर्च क्षेत्र | स्क्रिनिंग क्याम्प, सेवा बिस्तार तथा सेवा प्रवाह र पुनःस्थापना खर्च |
| लक्षित समूह | प्रदेश भित्रका अपाङ्गता भएका वालबालिकाहरु |
| कार्यक्रम सञ्चालन विधि | ● अपाङ्ग वाल अस्पताल तथा पुनःस्थापना केन्द्र (HRDC Nepal) सँग स्क्रिनिंग क्याम्प, Reconstructive surgery, सेवा प्रवाह र पुनःस्थापना सम्बन्धी प्रस्ताव माग गर्ने।<br>● स्वीकृत प्रस्ताब अनुसार अपाङ्ग वाल अस्पताल तथा पुनःस्थापना केन्द्र (HRDC Nepal) सँग सम्झौता गरी कार्यहरु संचालन गर्न लगाउने ।<br>● कार्य योजना बमोजिमको कार्य प्रगतिको आधारमा भुक्तानी गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसारबजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धी | अपाङ्ग भएका बालबालिकाहरुको अविलम्व पहिचान भई उपचार र पुनःस्थापना सेवा प्रदान हुनेछ । |
| अनुगमन र मुल्याङ्कन सूचक | उपचारबाट लाभान्वित अपाङ्गता भएका बालबालिकाहरुको संख्या। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यप्रगतीको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ। |

## ६. दुर्गम तथा अपायक क्षेत्रका गर्भवती महिलाहरुलाई निःशुल्क हवाई उद्दार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | २ | प्रथम र दोस्रो |
| परिचय | कुनै पनि गर्भवती तथा सुत्केरी महिलाले अस्पतालसम्म पुग्न नसकी ज्यान गुमाउन नपरोस भनी उनीहरुलाई आवश्यक परेको खण्डमा तुरुन्त अस्पतालमा निःशुल्क हवाई प्रेषण गर्नका लागि यो कार्यक्रमको व्यबस्था गरीएको हो । | | | |
| उद्देश्य | दुर्गम तथा अपायक क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरुको समयमै जटिलता व्यबस्थाका लागि सुविधा सम्पन्न नजिकैको सरकारी अस्पतालमा प्रेषण गर्न । | | | |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय | | | |
| खर्च क्षेत्र | हवाई भाडा भुक्तानी खर्च | | | |
| लक्षित समूह | तोकिएका दुर्गम क्षेत्रका गर्भवति तथा सुत्केरी महिला | | | |
| कार्यक्रम सञ्चालन विधि | ● सम्बन्धित अस्पताल तथा स्वास्थ्य संस्थाले गर्भवति महिला तथा सुत्केरीको अवस्था ज्यादै नाजुक भएको, तत्कालै C/S नगरेमा जीउ ज्यान खतरामा पर्न सक्ने र उक्त संस्थामा C/S तथा अन्य सम्बन्धित जटिलताको व्यबस्थापन हुन नसक्ने भएको खण्डमा नजिकको सुविधा सम्पन्न अस्पतालमा थप उपचारका लागि तत्काल प्रेषण गर्नुपर्ने भएमा मात्र हवाई उद्दारका लागि पहल गर्नुपर्ने हुन्छ ।<br>● प्रेषणका लागि अस्पताल प्रमुख तथा स्थानीय तहको स्वास्थ्य संस्थाको हकमा स्वास्थ्य संस्था प्रमुखले वा संम्वन्धित पालिकाको स्वास्थ्य शाखा प्रमुखले गर्भवति तथा सुत्केरी महिलाको जटिलता व्यबस्थापनका लागि स्वास्थ्य निर्देशनालयलाई हवाई उद्दारको आवश्यक्ताको पूर्व जानकारी गराउने ।<br>● गर्भवति तथा सुत्केरी महिलाको उपचारमा संलग्न अस्पतालको प्रमुख वा संम्वन्धित पालिकाको स्वास्थ्य शाखा प्रमुखले हवाई सेवा संचालन गरेको संस्थासँग हवाई सेवा व्यावस्थापनको लागि सम्वन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको समन्वयमा स्वीकृत दर रेटमा सम्झौता गरी स्वास्थ्य निर्देशनालयलाई जानकारी गराई बिरामीलाई उपचारको लागि सम्वन्धित अस्पतालमा पठाई भुक्तानीका लागि स्वास्थ्य निर्देशनालयमा पठाउने ।<br>● सम्बन्धित अस्पताल प्रमुख तथा स्वास्थ्य संस्था प्रमुखले जटिलता व्यबस्थापनका लागि प्रेषण गरेको विरामी पुर्जा, हवाई सेवा संचालन गर्ने संस्थाको विल,सम्बन्धित अस्पताल/ स्वास्थ्य संस्थाको भुक्तानी सिफारिस पत्र सहित हवाई सेवा उपलव्ध गराएको १५ दिन भित्र भुक्तानीको लागि स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ।<br>● नेपाल सरकार महिला बालबालिका तथा जेष्ठ नागरीक मन्त्रालयद्वारा जारी “दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्दार सम्बन्धी | | | | |

| | |
|---|---|
| | कार्यविधि २०७७ ले तोके बमोजिम कार्यक्रम संचालन गरीनेछ र खर्चको भुक्तानी समेत दोहोरो नपर्ने गरी सेवा प्रदान गरीनेछ । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धी | दुर्गम तथा अपाएक क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरुको सहज जटिलता व्यबस्थापन भई मृत्युदरमा कमी हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन गर्ने निकायले कार्य प्रगतिका बारेमा प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## ७. दुर्गम स्थानमा विशेषज्ञ स्वास्थ्य शिविर

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | २ | दोश्रो |

| | |
|---|---|
| परिचय | धेरैजसो ग्रामीण समुदायका मानिसहरु स्वास्थ्य संस्थाहरुबाट विशेषज्ञ स्वास्थ्य सेवा लिन बञ्चित छन। त्यस्ता क्षेत्र, र समुदायमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन टड्कारो आवश्यकता रहेको हुँदा आर्थिक तथा सामाजिक रुपमा पछि परेका समुदायको बसोवास भएको स्थानहरुमा विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य सेवाको पँहुचमा वृद्धि गर्न यो कार्यक्रमको व्यबस्था गरीएको हो । |
| उद्देश्य | • दुर्गम तथा पिछडिएको क्षेत्र, स्वास्थ्य सेवाको पहुँच नपुगेका आर्थिक तथा सामाजिक रुपमा पछि परेका बर्ग तथा समुदायमा बिशेषज्ञ स्वास्थ्य सेवाको पँहुच बृद्धि गर्ने ।<br>• स्वास्थ्य सेवाको पँहुच वाहिर रहेका समुदायका नागरीकहरुको विभिन्न रोगहरुको पहिचान, निदान, उपचार तथा प्रेषण गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | • स्वास्थ्य निर्देशनालय |
| खर्च क्षेत्र | औषधि, अन्य उपचार सामाग्री खरिद, प्रचारप्रसार, ढुवानीका लागि गाडी भाडा लगाएत अन्य व्यबस्थापकीय खर्च। |
| लक्षित समुह | दुर्गम तथा पिछडिएका प्रदेशबासी |
| कार्यक्रम सञ्चालन विधि | • आवश्यकता र औचित्यका आधारमा दुर्गम तथा पिछडियको क्षेत्रमा विशेषज्ञ सहितको निःशुल्क शिविर संचालन गरीने।<br>• शिविर सञ्चालनको लागि चाहिने विशेषज्ञ चिकित्सक सहितको मानवश्रोत. चिकित्सकीय उपकरण तथा भौतिक स्रोतको व्यबस्था गर्ने । |

| | |
|---|---|
| | • स्थानीय तहहरुसँग समेत सहकार्य गरी शिविर सञ्चालन गरीने विशेषज्ञ स्वास्थ्य सेवाहरुका वारेमा जानकारी स्थानीय संचार माध्यम तथा साधन श्रोतको उपयोग गरी प्रचारप्रसार गर्ने ।<br>• विशेषज्ञ स्वास्थ्य शिविर आवश्यक्ता र औचित्यको आधारमा विभिन्न संघ संस्थाहरु, मेडिकल कलेजहरुसँग समन्वय तथा साझेदारीमा  सञ्चालन गर्न सकिनेछ । |
| बजेट बाँडफाड | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | स्वास्थ्य सेवाको पहुचँ अपुग भएका नागरीकहरुको विशेषज्ञ स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि हुनेछ । |
| अनुगमन तथा मुल्यांकनको सूचक | विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरेको संख्या।<br>विशेषज्ञ स्वास्थ्य शिविरबाट लाभाम्बितको संख्या। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ । |

## ८. क्षयरोग स्क्रिनीङ्ग (ACF Camp) को लागि फाल्कन ट्युब खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | प्रथम |

| | |
|---|---|
| परिचयः | लुम्बिनी प्रदेशमा क्षयरोग अझै पनि महत्वपूर्ण जनस्वास्थ्यको समस्याको रुपमा रहेको छ। नेपाल सरकारले सन २०३५ सम्ममा क्षयरोगको महामरी अन्त गर्ने र सन २०५० सम्म क्षयरोगको निवारण गर्ने लक्ष्य लिएको छ। यस लक्ष्यलाई हासिल गर्न, निदान नभएका (Missed) क्षयरोग विरामी पहिचान गर्नु यस कार्यक्रमको प्रमुख चुनौती रहेको छ।यसका लागि समुदाय र क्षयरोगको उच्च जोखिम रहेका समूहहरुमा सक्रिय खोजपड्ताल (Active Case Finding-ACF) कार्यक्रम सञ्चालन गरी समयमै परीक्षण र उपचारमा समाहित गर्नु पर्दछ।<br>सम्भावित क्षयरोग विरामीहरुको समुदाय स्तरबाट खकारको नमुना (Sputum Sample) संकलन गरी परीक्षणका लागि सुरक्षित र प्रभावकारी रुपमा प्रयोगशाला सम्म पठाउनका लागि Falcon Tube को अत्यन्त आवश्यक हुन्छ।त्यसै लुम्बिनी प्रदेशमा आ.व. २०८३।०८४ मा स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यलय तथा विकास साझेद्धार संस्थाको समन्वयमा सञ्चालन हुने सक्रिय खोजपड्ताल (Active Case Finding-ACF) का लागि प्रयोग हुने Falcon Tube खरिलका लागि यो बजेटको व्यवस्था गरिएको छ। |
| उद्देश्य | समुदायमा Missing TB Cases को समयमै निदान गरी उपचारको दायरामा लिई क्षयरोगको संक्रमण नियन्त्रण गर्नुका साथै क्षयरोगबाट हुने जटिल्ता र मृत्यु घटाउने यस कार्यक्रमको |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| | मुख्य लक्ष्य रहेको छ। यस कार्यक्रमको दिर्घ कालिन उद्देश्य क्षयरोगको अन्त गरी राष्ट्रिय लक्ष्य हासिल गर्ने हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्नेशनालय मार्फत स्वास्थ्य कार्यालय, समुदाय र क्षयरोगका उच्च जोखिम क्षेत्र। |
| खर्च क्षेत्र | Falcon Tube को खरिद (प्रचलित खरिद ऐन नियमवाली अनुसार) |
| लक्षित समूह | क्षयरोगीको सम्पर्कमा आएका व्यक्ति, पहिले क्षयरोग भएका व्यक्ति, क्षयरोगको उच्च जोखिम रहेका समुदाय, कारागारमा रहेका व्यक्ति, बैदेशिक रोजगारी / आन्तरिक बसाईसराईका कारण स्वास्थ्य सेवाको पहुचँ कम भएका नागरिक, कुपोषण भएका बालबालिका, HIV र दिर्घ रोग भएका व्यक्ति, र क्षयरोगको लक्षण भएका व्यक्ति |
| कार्यक्रम सञ्चालन विधि | Falcon Tube खरिद गरी शिविर मार्फत सक्रिय खोजपड्ताल (Active Case Finding-ACF) |
| बजेट बाँडफाड | बजेटको परिधिमा रहि यस आ.व. २०८३।०८४ मा लुम्बिनी सञ्चालन हुने सक्रिय खोजपड्ताल (Active Case Finding-ACF) शिविरको संख्या र Falcon Tube संख्या निर्धारण गरी प्रचलित ऐन नियम अनुसार Falcon Tube खरिद गर्ने। |
| अपेक्षित उपलब्धी | • समुदायमा Missing TB Cases को समयमै निदान गरी उपचार |
| अनुगमन मुल्यांकनको सूचक | • सञ्चालन हुने सक्रिय खोजपड्ताल (Active Case Finding-ACF) शिविरको संख्या<br>• निदान तथा उपचार भएका क्षयरोगीको संख्या |
| प्रतिवेदन | यस आर्थिक बर्षमा सञ्चालन भएका सक्रिय खोजपड्ताल (Active Case Finding-ACF) शिविर बारे स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयलाई प्रतिवेदन गर्नु पर्ने छ। |

## ९. एकिकृत सुपरिवेक्षण तथा अनुगमन तथा अनसाइट कोचिङ्ग

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | निरन्तर | प्रथम, दोश्रो, तेश्रो चौथो |

| | |
|---|---|
| **परिचयः** | एकीकृत सुपरिवेक्षण तथा अनुगमन एवं अनसाइट कोचिङ्ग कार्यक्रम स्वास्थ्य सेवा प्रवाहको गुणस्तर, प्रभावकारिता तथा निरन्तर सुधार सुनिश्चित गर्ने महत्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रममार्फत लुम्बिनी प्रदेशअन्तर्गतका स्वास्थ्य कार्यालय, अस्पताल, स्थानीय तह तथा स्वास्थ्य संस्थाहरूमा सञ्चालन भइरहेका स्वास्थ्य कार्यक्रमहरूको संयुक्त रूपमा स्थलगत अनुगमन, प्राविधिक समीक्षा, समस्या पहिचान, पृष्ठपोषण तथा आवश्यकता अनुसार अनसाइट कोचिङ्ग गरिनेछ।<br>आ.व. २०८३/०८४ मा स्वास्थ्य निर्देशनालयले विभिन्न स्वास्थ्य कार्यक्रमका सूचक, सेवा प्रवाहको अवस्था, अभिलेख तथा प्रतिवेदन, औषधि तथा सामग्रीको उपलब्धता, जनशक्तिको |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| | क्षमता, सेवा गुणस्तर र कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरूको एकीकृत रूपमा समीक्षा तथा विश्लेषण गर्नेछ। अनुगमनका क्रममा पहिचान भएका कमजोरी तथा समस्यालाई केवल औंल्याउने भन्दा पनि सम्बन्धित स्वास्थ्यकर्मी तथा संस्थालाई स्थलमै प्राविधिक सहयोग, सीप अभिवृद्धि, समस्या समाधान र सुधारात्मक कार्ययोजना निर्माणमा सहजीकरण गर्न यो कार्यक्रमको व्यवस्था गरीएको छ। |
| **उद्देश्य** | लुम्बिनी प्रदेशमा स्वास्थ्यका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, सेवा गुणस्तरमा सुधार, समस्या तथा कमी-कमजोरीको समयमै पहिचान र समाधान तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय मार्फत अस्पताल, स्वास्थ्य कार्यालय, स्थानीय तह र संघिय सरकार |
| **खर्च क्षेत्र** | दैनिक भ्रमण भत्ता र यातायात खर्च। |
| **लक्षित समूह** | • स्वास्थ्य कार्यालयहरू — जिल्ला स्तरीय स्वास्थ्य कार्यक्रम सञ्चालन तथा समन्वय गर्ने सम्बन्धित कर्मचारी।<br>• प्रदेश तथा स्थानीय तहका स्वास्थ्य संस्थाहरू — अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र।<br>• स्थानीय तहका स्वास्थ्य शाखा/महाशाखा — स्वास्थ्य कार्यक्रमको योजना, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनमा संलग्न कर्मचारी।<br>• स्वास्थ्य संस्थाका प्रमुख तथा कार्यक्रम फोकल पर्सनहरू — विभिन्न स्वास्थ्य कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापनमा जिम्मेवार स्वास्थ्यकर्मी।<br>• सेवा प्रदायक स्वास्थ्यकर्मीहरू — चिकित्सक, नर्सिङ, पारामेडिक्स, ल्याब, फार्मेसी तथा अन्य सम्बन्धित स्वास्थ्यकर्मी।<br>• कार्यक्रम व्यवस्थापन तथा अभिलेख/प्रतिवेदनमा संलग्न कर्मचारी — HMIS, PAMS V2 आदि लगायतका प्रणालीमा तथ्यांक व्यवस्थापन गर्ने कर्मचारी।<br>• सम्बन्धित स्थानीय तह तथा स्वास्थ्य संस्थाका व्यवस्थापन पक्ष — स्वास्थ्य सेवा गुणस्तर सुधार र कार्यक्रम कार्यान्वयनमा जिम्मेवार पदाधिकारी। |
| **कार्यक्रम सञ्चालन विधि** | स्थलगत अनुगमन, प्राविधिक सहयोग, समस्या पहिचान, पृष्ठपोषण तथा अनसाइट कोचिङ्ग |
| **बजेट बाँडफाड** | यस आर्थिक वर्ष २०८३।०८४ मा उपलब्ध बजेटको आधारमा आवश्यकताको आधारमा कार्यक्रम निरन्तर सञ्चालन गर्नु पर्ने छ। |
| **अपेक्षित उपलब्धी** | • अनुगमनबाट प्राप्त तथ्य तथा प्रमाणका आधारमा आगामी कार्यक्रमको योजना, स्रोत परिचालन तथा निर्णय प्रक्रियालाई थप प्रभावकारी बनाइनेछ। |
| **अनुगमन मुल्यांकनको सूचक** | • अनुगमन गरिएका स्वास्थ्य संस्था/स्थानीय तहको संख्या तथा प्रतिशत।<br>• कार्यक्रमका प्रमुख सूचकहरूको लक्ष्यअनुसार प्रगति। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| | • औषधी तथा स्वास्थ्य सामग्रीको उपलब्धता।<br>• अभिलेख तथा प्रतिवेदनको गुणस्तर।<br>• पहिचान भएका समस्या तथा Gap को संख्या।<br>• अनसाइट कोचिङ्ग प्राप्त स्वास्थ्यकर्मीको संख्या।<br>• समाधान भएका समस्याको प्रतिशत।<br>• सुधारात्मक कार्ययोजना कार्यान्वयनको प्रतिशत। |
| **प्रतिवेदन** | आर्थिक वर्ष २०८३।०८४ को अन्तमा स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयलाई प्रतिवेदन गर्नु पर्नेछ। |

## १०.प्रादेशिक प्रेषण केन्द्र संचालन तथा व्यवस्थापन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | १ | पटक | प्रथम, दोश्रो, तेश्रो चौथो |

| | |
|---|---|
| परिचयः | प्रदेश भित्र संचालनमा रहेका एम्बुलेन्सहरुको बास्तविक भौगोलिक अवस्था थाहा पाई आकस्मिक विरामीहरुले समयमै एम्बुलेन्स प्राप्त गरुन भन्ने उद्देश्यका साथ यस प्रदेशमा संचालनमा रहेको एम्बुलेन्स प्रदेश प्रेषण केन्द्र संचालनार्थ यस कार्यक्रमको व्यबस्था गरीएको छ । |
| उद्देश्य | • एम्वुलेन्स प्रदेश प्रेषण केन्द्र संचालन गरी समयमै आकस्मिक विरामीहरुले एम्वुलेन्स सेवा प्राप्त गर्न |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| खर्च क्षेत्र | एम्वुलेन्स प्रदेश प्रेषण केन्द्र संचालनार्थ आवश्यक ४ जना जनशक्ती व्यबस्थापन (स्टाफ नर्स / एच ए ) व्यबस्थापकीय खर्च, इन्टरनेट तथा संचार महशुल, GPS जडानका लागि आवश्यक सामाग्री खरिद |
| लक्षित समूह | प्रदेशमा संचालन भएका एम्वुलेन्सहरु |
| कार्यक्रम सञ्चालन विधि | • एम्वुलेन्स सेवा निर्देशिका २०८२ अनुसार विगत वर्षदेखि कार्यरत जनशक्तिको कार्यसम्पादन मूल्याङ्कन गरी सेवा निरन्तरता वा नयाँ जनशक्ती नियुक्ति गर्ने ।<br>• इन्टरनेट तथा २४ सै घण्टा १०२ नंम्वर टोल फ्री नम्वर संचालनका लागि संचार महशुल भुक्तानी गर्ने ।<br>• प्रदेश भित्रका GPS जडान भएका/नभएका एम्बुलेन्सहरुको सूची तयार गर्ने<br>• एम्वुलेन्स प्रदेश प्रेषण केन्द्रका सामाग्रीहरुको मर्मत सम्भार गर्ने । |
| बजेट बाँडफाड | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

| | |
|---|---|
| अपेक्षित उपलब्धी | • एम्वुलेन्स प्रदेश प्रेषण केन्द्र संचालन हुनेछ । |
| अनुगमन मुल्यांकनको सूचक | • GPS जडान भएका एम्वुलेन्सहरुको संख्या<br>• आकस्मिक विरामीहरुले एम्वुलेन्स सेवा माग गरेको फोन कलको विवरण |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नुपर्ने पर्नेछ । |

## ११. आत्महत्या रोकथाम नागरिक सचेतना तथा जिम्मेवार समाचार सम्प्रेशण सम्बन्धी संचारकर्मीहरुसँग अन्तरक्रिया कार्यक्रम

| **खर्च शीर्षक नं** | **बजेट** | **एकाई** | **लक्ष्य** | **कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि** |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | २ | प्रथम, दोश्रो, तेश्रो चौथो |

| | |
|---|---|
| **परिचयः** | आत्महत्या रोकथाम जनस्वास्थ्यको महत्वपूर्ण विषय भएकाले नागरिक सचेतना अभिवृद्धि, जोखिममा रहेका व्यक्तिलाई समयमै सहयोगमा जोड्ने तथा आत्महत्या सम्बन्धी समाचारको जिम्मेवार र संवेदनशील सम्प्रेषण आवश्यक छ । सञ्चार माध्यमले आत्महत्या रोकथाम सम्बन्धी सही सूचना, सहयोग प्राप्त गर्ने उपाय तथा सकारात्मक सन्देश समुदायसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका रहेको छ। त्यसैले सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धि गर्दै हानिकारक वा अनुकरणलाई प्रोत्साहन गर्न सक्ने प्रस्तुतीकरणबाट बच्ने र प्रमाणमा आधारित, संवेदनशील तथा जिम्मेवार समाचार सम्प्रेषण गर्न आवश्यक छ।त्यसैले यस आर्थिक वर्षमा आत्महत्या रोकथाम नागरिक सचेतना तथा जिम्मेवार समाचार सम्प्रेशण सम्बन्धी संचारकर्मीहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालनका लागि यो बजेटको व्यवस्था गरिएको छ। |
| **उद्देश्य** | आत्महत्या रोकथामसम्बन्धी नागरिक सचेतना अभिवृद्धि गर्दै सञ्चारमाध्यममार्फत जिम्मेवार, संवेदनशील र प्रमाणमा आधारित सूचना सम्प्रेषणलाई प्रवर्द्धन गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय मार्फत |
| **खर्च क्षेत्र** | भ्रमण भत्ता, यातायात खर्च र नियम अनुसार अन्य आवश्यक खर्च। |
| **लक्षित समूह** | अनलाइन मिडिया,प्रिन्ट, टेलिभिजन तथा रेडियोमा आवद्ध सञ्चारकर्मी तथा पत्रकारहरू. |
| **कार्यक्रम सञ्चालन विधि** | कार्यक्रम १ दिनको सञ्चालन गर्नु पर्नेछ। फरक फरक स्थानमा कम्तिमा २ पटक सञ्चालन गर्नुपर्ने छ। सहभागीहरु १ समूहमा २५-३० जना हुनु पर्ने छ। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| | **सञ्चालन विधिः**<br>· अभिमुखीकरण तथा प्रस्तुतीकरण ।<br>· समूहगत छलफल तथा अन्तरक्रिया ।<br>· प्रश्नोत्तर तथा अनुभव आदान-प्रदान ।<br>· आत्महत्या सम्बन्धी समाचार सम्प्रेषणका उदाहरण माथि छलफल ।<br>· जिम्मेवार समाचार सम्प्रेषणका लागि व्यावहारिक अभ्यास ।<br>· कार्यक्रमको अन्त्यमा प्रतिबद्धता तथा कार्ययोजना निर्माण। |
| **बजेट बाँडफाड** | यस कार्यक्रमका लागि स्वास्थ्य निर्देशनालय मार्फत सञ्चालन हुने गरी रु ५ लाख वजेटको व्यवस्था गरिएको छ। प्रचलित आर्थिक ऐन तथा नियम अनुसार वाडफाड गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने छ। |
| **अपेक्षित उपलब्धी** | • सञ्चारकर्मीहरूमा आत्महत्या रोकथाम सम्बन्धी ज्ञान तथा सचेतना अभिवृद्धि हुनेछ।<br>• आत्महत्या सम्बन्धी जिम्मेवार, संवेदनशील तथा तथ्यमा आधारित समाचार सम्प्रेषणमा सुधार हुनेछ।<br>• आत्महत्या रोकथामका लागि सकारात्मक जनचेतनामूलक सन्देश प्रवाह बढ्नेछ।<br>• जोखिममा रहेका व्यक्तिलाई समयमै स्वास्थ्य तथा सहयोग सेवामा जोड्न सञ्चारमाध्यमको भूमिका सुदृढ हुनेछ।<br>• आत्महत्या रोकथाममा स्वास्थ्य संस्था, सञ्चारमाध्यम र समुदायबीच सहकार्य बढ्नेछ। |
| **अनुगमन मुल्यांकनको सूचक** | • कार्यक्रम सम्पन्न भएको प्रतिशत ।<br>• सहभागी सञ्चारकर्मीको संख्या तथा प्रतिशत ।<br>• सहभागीको ज्ञानमा भएको सुधारको प्रतिशत ।<br>• जिम्मेवार समाचार सम्प्रेषणसम्बन्धी अभ्यासमा सुधार भएको प्रतिशत।<br>• आत्महत्या रोकथामसम्बन्धी सम्प्रेषित सचेतनामूलक सामग्रीको संख्या ।<br>• कार्यक्रमबाट प्राप्त सुझाव तथा कार्ययोजना कार्यान्वयनको अवस्था। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि सहभागी संख्या, कार्यक्रमका प्रमुख गतिविधि, छलफल तथा निष्कर्ष, प्राप्त उपलब्धि, समस्या/चुनौती, सुझाव तथा आगामी कार्ययोजना समेटी संक्षिप्त प्रतिवेदन तयार गर्नुपर्ने छ। प्रतिवेदनमा फोटो, सहभागी उपस्थिति, कार्यक्रमका सूचक तथा अनुगमन/मूल्याङ्कनको विवरण समेत समावेश गरी स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयलाई पेश गर्नु पर्ने छ। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

## १२.एकिकृत स्वास्थ्य सूचना प्रणाली स्थापना, सञ्चालन तथा व्यवस्थापन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | १ | पटक | दोश्रो, तेश्रो |

| | |
|---|---|
| **परिचयः** | स्वास्थ्य सेवा वितरण प्रणालीलाई प्रभावकारी, पारदर्शी र द्रुतगतिमा प्रवाह गर्न एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (e-HMIS, EMR), परिवार स्वास्थ्य प्रोफाईल (FHP), जेष्ठनागरीक घरदैलो कार्यक्रम, किशोरीहरुको रक्त परीक्षण कार्यक्रम, नसर्ने रोगको स्क्रिनिङ्ग (NCD screening) लगाएत प्रदेश सरकारबाट संचालन गरीएका कार्यक्रमहरुको अनुगमन प्रणाली (Monitoring System) तथा अन्य सूचना प्रणालीहरूलाई आपसी अन्तरआबद्धता (Interoperability) सहित सेवाग्राहीहरूमा आवश्यकता अनुसारका सन्देश प्रवाह गराउन, प्रदेशको एकीकृत ड्यासबोर्ड मार्फत नीति निर्माता तथा आम नागरीकहरूमा सूचना प्रसारण गर्न आवश्यक छ। यसले प्रदेश, जिल्ला तथा स्थानीय तहमा सूचना पहुँच, विश्लेषण र तदनुसार नीतिगत निर्णयलाई सहज तुल्याउने छ।सो कार्यका लागि देहाय अनुसारका क्रियाकलापहरु संचालन गरीनेछ ।<br>१. प्राविधिक जनशक्ती (IT Engineer) करार सेवामा लिने ।<br>२. लुम्विनी प्रदेशका स्वास्थ्य तथ्याङ्कमा कार्यरत जनशक्तिहरुलाई तथ्याडंक विश्लेषण सम्बन्धी तालिम संचालन गर्ने ।<br>३. प्रदेश स्वास्थ्य सेवा प्रणालीको एकिकृत पब्लिक ड्यासबोर्ड अध्यावधिक तथा प्रशारण गर्ने । |
| **उद्देश्य** | • प्रदेशका अस्पताल तथा स्थानीय स्वास्थ्य संस्थाहरुमा EMR, eHMIS लागु गर्न प्राविधिक सहजिकरणका लागि प्राविधिक जनशक्ती (IT Engineer) को व्यवस्था गर्न ।<br>• प्रदेशका स्वास्थ्य तथ्याङ्कमा कार्यरत जनशक्तीहरुलाई तथ्याङ्क विश्लेषण सम्बन्धी क्षमता अभिवृद्धि गर्ने<br>• प्रदेश स्वास्थ्य सेवा प्रणालीको Realtime supervision and monitoring का लागि एकिकृत पव्लिक ड्यासवोर्ड अध्यावधिक तथा प्रशारण गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय । |
| **खर्च क्षेत्र** | जनशक्तिको तलब तथा भत्ता, तालिम तथा अनुगमन कार्यका लागि दै भ्र भ तथा यातायात खर्च, पव्लिक ड्यासवोर्ड तयारीका लागि परामर्श सेवा खरिद, Power BI and Microsoft office ३६५ with Teams नविकरण लगाएत अन्य व्यबस्थापकीय खर्च |
| **लक्षित समूह** | मन्त्रालय तथा मातहतका सम्पूर्ण निकायहरु |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन विधि** | • माथि उल्लेखित ३ वटा कार्य संचालनका लागि लागत अनुमान तयार गरी स्वीकृत गर्ने ।<br>• आई टि इन्जिनियर करार सेवामा लिने<br>• प्रदेशका स्वास्थ्य कार्यालय, आयुर्वेद स्वास्थ्य संस्था र अस्पतालका स्वास्थ्य तथ्याङ्कमा कार्यरत जनशक्तिलाई तथ्याङ्क विश्लेषण सम्बन्धी क्षमता अभिवृद्धिका लागि ३ दिने तालिम संचालन गर्ने ।<br>• प्रदेशको एकिकृत Dashboard को अध्यावधिक तथा प्रशारणका लागि आवस्यक विज्ञ परामर्श सेवा लगाएत प्राविधिक व्यबस्थापन गर्ने ।<br>• Power BI, Office ३६५ with teams को नविकरण तथा अध्यावधिक गर्ने ।<br>• अस्पताल तथा स्थानीय स्वास्थ्य संस्थाहरुमा संचालित EMR, eHMIS संचालन तथा विस्तारका लागि अनसाईट भिजीट कार्य गर्ने ।<br>• प्रदेशबाट संचालन भएका कार्यक्रमहरुको एकिकृत विद्युतीय प्रतिबेदन प्रणाली संचालनका लागि सफ्टवेयर जडान तथा युजर म्यानुअल तथा तालिम संचालन गर्ने |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • प्रदेशबाट संचालन भएका स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन भई तथ्यपरक योजनाहरु तर्जुमा हुनेछन् । |
| **अनुगमन मुल्यांकनको सूचक** | • प्रदेश सरकारवाट संचालन भएका कार्यक्रमहरुको एकिकृत सूचना प्रणाली स्थापना भएको<br>• अस्पताल तथा स्थानीय स्वास्थ्य संस्थाहरुमा EMR तथा eHMIS संचालन भएको संख्या |
| **प्रतिवेदन** | • कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

# प्रदेश स्वास्थ्य आपूर्ति व्यबस्थापन केन्द्रबाट संचालित कार्यक्रमहरु

## १. औषधी, भ्याक्सिन तथा भ्याक्सिनजन्य सामग्री, साधन रिप्याकिंङ्ग तथा ढुवानी

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | पहिलो/दोस्रो/तेस्रो /चौथौ त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यबस्थापन केन्द्रबाट औषधि, भ्याक्सिन तथा भ्याक्सिनजन्य सामग्रीहरुको रिप्याकिङ तथा ढुवानी र पुनःवितरण गर्नका लागि यस शिर्षक अन्तर्गत बजेटको व्यवस्था गरीएको छ। |
| उद्देश्य | • स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कार्यका लागि आवश्यक निःशुल्क औषधि लगायत आत्यवश्यक औषधि तथा औषधिजन्य सामग्रीहरुको निरन्तर आपुर्ति गर्ने।<br>• स्वास्थ्य संस्थाहरुमा औषधि तथा स्वास्थ्य सामाग्रीहरुको उपलब्धता सुनिश्चित गर्न।<br>• औषधिहरुको नियमित वितरण, आकस्मिक वितरण र पुनः वितरण गर्ने व्यवस्था मिलाउन। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा नियमित औषधि तथा खोप, खोपजन्य सामाग्री नियमित रुपमा उपलब्ध हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| सञ्चालन विधि | • प्रदेशबाट स्वास्थ्य संस्थाहरुको दुरी र ढुवानीको माध्यम निश्चित गरी सामान ढुवानी गर्दा लाग्ने खर्चको अनुमानित लागतका आधारमा नियम अनुसार खरिद गर्ने।<br>• सम्बन्धित पदाधिकारीबाट ढुवानी कार्यतालिका स्वीकृत गराई ढुवानी क्रियाकलाप वर्षभरी सञ्चालन गर्नु पर्दछ।<br>• औषधि, औजार उपकरण रिप्याकिeं तथा ढुवानी कार्य एकिकृत ढुवानीको अवधारणा बमोजिम नै सम्पन्न गर्नुपर्दछ।<br>• ढुवानी कार्यको लागि आबश्यक पर्ने प्याकिङ सामाग्रीहरु जस्तैः कार्टुन, कार्टुनटेप, मार्कर तथा प्याकिङ ज्याला आदि समेत यसै कार्यक्रम अन्तर्गत आवश्यक बजेट छुट्याइ खर्च गर्न सकिनेछ।<br>• स्वास्थ्य संस्थाहरुबाट प्राप्त PAMS V२ प्रतिवेदनको आधारमा मौज्दातलाई आधार मानी नियमित आपुर्ति गर्ने व्यवस्था मिलाउनु पर्द%। |
| लक्षित समूह | लुम्बिनी प्रदेश भित्रका स्वास्थ्य कार्यालय तथा अस्पतालहरु । |

| | |
|---|---|
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## २. बायोमेडिकल वर्कशप संचालनका लागि बायोमेडिकल इन्जिनीयर लगायतका कर्मचारी करार

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | पहिलो/दोस्रो/तेस्रो /चौथौ त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तर्गतका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा भएका मेडिकल उपकरण मर्मत सम्भार सम्बन्धी कार्य गरी उपकरणहरु सञ्चालनमा प्रभावकारीता ल्याउन यस कार्यक्रमको व्यवस्था गरीएको छ। |
| उद्देश्य | प्रदेश अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा भएका मेडिकल उपकरणहरुको मर्मत सम्भार गर्ने। |
| अपेक्षित प्रतिफल | बिग्रिएका मेडिकल औजार उपकरणहरुको मर्मत सम्भार भई नियमित स्वास्थ्य सेवा प्रवाहमा सहजता आउनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल। |
| सञ्चालन विधि | • बायोमेडिकल वर्कशप अन्तर्गतका कर्मचारीहरुको तलब भत्ता उपलब्ध गराउने।<br>• प्रदेश भित्रका स्वास्थ्य संस्था अस्पतालहरुसँग समन्वय गरी/बिग्रिएका मेडिकल उपकरणको सूची तयार गरी आवश्यकता अनुसार खरिद गर्ने ।<br>• खरिद गरेका तथा प्राप्त भएका मेडिकल उपकरणको आवश्यकता अनुसार User training दिने।<br>• स्वास्थ्य संस्थाहरुमा भएका मेडिकल उपकरणहरुको मर्मत सम्भार गर्ने।<br>• आवश्यकता अनुसारको उपकरणको spare parts/consumables खरिद गरी मर्मत सम्भार गर्ने।<br>• आवश्यकता अनुसार विविध खर्च गर्न सकिने। |
| लक्षित समूह | प्रदेश अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरु |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## ३. औषधी भण्डारण तथा कोल्डचेन व्यवस्थापन सम्बन्धी सुपरिबेक्षण तथा स्थलगत अनुशिक्षण

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | पहिलो/दोस्रो/तेस्रो /चौथौ त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश भित्रका स्वास्थ्य संस्थाहरुको औषधी भण्डारण स्थल, जिल्ला भ्याक्सिन स्टोर, स्थानीय तहमा भ्याक्सिन सप्लाई सेन्टर तथा खोप सेवा उपलब्ध हुने स्थान सम्म गुणस्तरीय औषधी, भ्याक्सिन तथा डाइलुन्टलाई सुरक्षित तरिकाले व्यबस्थापन, भण्डारण तथा गुणस्तरको जाच र स्थलगत प्राबिधिक सहयोग हुने । |
| उद्देश्य | स्वास्थ्य कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा औषधी तथा खोपको भण्डारण, व्यवस्थापन तथा गुणस्तर सम्बन्धी अनुगमन, सुपरिबेक्षण तथा स्थलगत प्राबिधिक सहयोग हुने । |
| अपेक्षित प्रतिफल | औषधी, औषधीजन्य सामग्री, खोप तथा खोपजन्य सामाग्रीहरु लगायतको गुणस्तर कायम हुनेछ |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल |
| सञ्चालन विधि | • स्वास्थ्य कार्यालयहरु, प्रादेशिक तथा जिल्ला अस्पतालहरु, आयुर्वेद चिकित्शालय तथा केन्द्रहरु र स्थानीय तहहरुमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रद्वारा अनुगमन, सुपरिबेक्षण तथा स्थलगत प्राबिधिक सहयोग सम्बन्धि बार्षिक कार्ययोजना तयार गर्ने ।<br>• कार्ययोजना बमोजिम आवश्यकता अनुसार माथि उल्लेखित निकाय तथा स्वास्थ्य संस्थाहरुमा स्थलगत प्राबिधिक सहयोग, अनुगमन लगायतका कार्य गर्ने । |
| लक्षित समूह | प्रदेश अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरु |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितब्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

## ४. जिपलक ब्याग तथा फोमप्याड खरिद

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | दोस्रो त्रैमासिक |

| | |
|---|---|
| परिचय | • प्रदेशमा भ्याक्सिन स्टोर, प्रदेश अन्तरगतका जिल्ला भ्याक्सिन स्टोर, स्थानीय तहमा भ्याक्सिन सप्लाई सेन्टर तथा खोप सेवा उपलब्ध हुने स्थान सम्म गुणस्तरीय भ्याक्सिन तथा डाइलुन्टलाई सुरक्षित तरिकाले व्यबस्थापन गरी ए.इ.एफ.आइ. हुन सक्ने अवस्थालाई न्यूनीकरण गर्न यस शिर्षक अन्तर्गत बजेटको व्यवस्था गरीएको छ।<br>• यो भ्याक्सिन क्यारियरमा भ्याक्सिन लिएर खोप सेवा उपलब्ध हुने स्थानमा जाँदा भ्याक्सिनको बिर्को लगाउनु भन्दा पहिले फोम प्याड राखी भ्याक्सिन क्यारियरको उचित तापक्रम सुनिश्चित गर्न र खोप लगाउदा प्याडमा रहेको प्वालमा प्रयोग गर्न राखिएको भाइलहरु त्यही स्थानमा राखी भ्याक्सिन प्रयोग गर्नुपर्छ। |
| उद्देश्य | • नियमित साथै विशेष खोप कार्यक्रममा गुणस्तरीय भ्याक्सिन लक्षित समुहमा उपलब्ध गराउने।<br>• सम्भावित ए.इ.एफ.आइ. हुन नदिन र भ्याक्सिन तथा डाइलेन्टलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्न । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय भ्याक्सिन आपूर्ति भई ए.इ.एफ.आइ. हुनबाट बचाउने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल। |
| सञ्चालन विधि | प्राप्त भएको बजेटलाई जिपलग व्याग र फोमप्याडको खरिद संख्या निर्धारण गरी सोही अनुसार बजेट निर्धारण गरी व्यबस्थापन गर्ने । |
| लक्षित समूह | प्रदेश अन्तर्गत खोप केन्द्रहरु |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितब्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ । |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

५. औषधिहरुको परिमाण निर्धारण गोष्ठी

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | दोस्रो त्रैमासिक |

| | |
|---|---|
| परिचय | Forecasting, Quantification and Procurement सम्बन्धी क्षमता अभिबृद्दिका लागि पुनर्ताजगी तथा अभिमुखीकरण गर्न यस शिर्षक अन्तर्गत बजेटको व्यवस्था गरिएको छ। |
| उद्देश्य | प्रदेश भित्रका स्वास्थ्य संस्थाहरुका सम्बन्धित कार्यालयका Focal Person हरुलाई Forecasting, Quantification and Procurement सम्बन्धी क्षमता अभिवृद्धि हुने। |
| अपेक्षित प्रतिफल | Forecasting, Quantification and Procurement सम्बन्धी क्षमता अभिवृद्धि हुने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| सञ्चालन विधि | • प्रदेश भित्रका स्वास्थ्य संस्थाहरुका सम्बन्धित कार्यलयका Focal Person हरुलाई क्षमता अभिवृद्धि सम्बन्धी पुनर्ताजगी तथा अभिमुखीकरण गर्ने ।<br>• प्रदेशका लागि आवश्यक औषधि परिमाण तय गर्ने । |
| लक्षित समूह | प्रदेश भित्रका स्वास्थ्य संस्थाहरुका सम्बन्धित कार्यलयका Focal Person हरु । |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितब्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

६. ARV तथा ASV खरिद

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | विनियोजित बजेट | पटक | १ | पहिलो त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेशभित्र आवश्यक भएको रबिज बिरुद्दको खोप तथा सर्पको टोकाईबाट हुने मृत्युको संख्या घटाउन तथा ब्यवस्थापानका लागि खरिद गर्न यस शिर्षक अन्तर्गत बजेटको व्यवस्था गरीएको छ। |
| उद्देश्य | प्रदेश अन्तर्गतका सम्बन्धित साइटहरुमा रेबिज बिरुद्दको खोप र एन्टी भेनम प्रदान गरि सेवा उपलब्ध गराउने । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | प्रदेशमा जनावरको टोकाईबाट हुने रेबिज बिरुद्दको खोप तथा बिषालु सर्पको टोकाईबाट हुने मृत्यु दरलाई घटाउन सम्बन्धित साइटहरुमा सेवा उपलब्ध भएको हुने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल |
| सञ्चालन विधि | • ARV तथा ASV साइटहरुसंग समन्वय गरी आवश्यकता पहिचान गर्ने ।<br>• प्राबिधिक स्पेसिफिकेसन तयार गर्ने ।<br>• स्पेसिफिकेसनका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा बिभाग, व्यवस्थापन महाशाखाको Technical Specification Bank को सहायता लिन सकिने । |
| लक्षित समूह | शंकास्पद रेबिज भएको जनावरले टोकेको तथा बिषालु सर्पले टोकेका बिरामीहरु |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## ७. हेमोफिलियाको लागि Anti-Haemophilic factor खरिद

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | विनियोजित बजेट | पटक | १ | पहिलो त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश भित्रका हेमोफिलियाका बिरामीहरुका लागि आवश्यक रहेको Anti-Haemophilic factor औषधि खरिद गरी स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन यस शिर्षकमा बजेटको व्यवस्था गरीएको हो। |
| उद्देश्य | हेमोफिलियाका बिरामीहरुका लागि Anti-Haemophilic factor औषधिको उपलब्धता सुनिश्चित गर्ने। |
| अपेक्षित प्रतिफल | हेमोफिलियाका बिरामीहरुका लागि Anti-Haemophilic factor औषधिको अभाव नहुने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल |
| सञ्चालन विधि | • प्रदेश भित्र रहेका सेवा सञ्चालन हुने अस्पतालहरु तथा सम्बन्धित संस्थासँग समन्वय गरी हेमोफिलिक बिरामीहरुको तथ्यांकको आधारमा एन्टी-हेमोफिलिक फ्याक्टरको खरिद योजना बनाउने। |

| | |
|---|---|
| | • निःशुल्क स्वास्थ्य सेवाका लागि खरिद गर्ने एन्टी-हेमोफिलिक फ्याक्टरको स्पेसिफिकेसन तयार गर्ने।<br>• स्पेसिफिकेसनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाको Technical Specification Bank को सहायता लिन सकिने।<br>• स्पेसिफिकेसन बमोजिम खरिद गर्नु पर्ने एन्टी-हेमोफिलिक फ्याक्टरको लागत अनुमानका आधारमा नियम अनुसार खरिद गर्ने।<br>• खरिद प्रक्रिया सम्पन्न भए पश्चात प्राप्त मागको आधारमा सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने। |
| लक्षित समूह | अस्पतालमा उपचारको लागि आउने हेमोफिलिया रोगका बिरामीहरु। |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता निर्देशिका २०७९ बमोजिम बाडँफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## ८. अत्यावश्यक निशुल्क वितरणका लागि आयुर्वेद औषधि खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | विनियोजित बजेट | पटक | १ | पहिलो त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तर्गत रहेका चिकित्सालय, औषधालय तथा आयुर्वेद केन्द्रबाट अत्यावश्यक सेवाको लागि आवश्यक निःशुल्क आयुर्वेद औषधिहरु खरिद गरी सेवालाई अझ प्रभावकारी तथा गुणस्तरीय बनाउन यस शिर्षकमा बजेटको व्यवस्था गरीएको छ। |
| उद्देश्य | अत्यावश्यक सेवाको लागि आवश्यक निःशुल्क आयुर्वेद औषधिहरुको उपलब्धता सुनिश्चित गर्ने। |
| अपेक्षित प्रतिफल | अत्यावश्यक सेवाको लागि आवश्यक निःशुल्क आयुर्वेद औषधिहरुको समयमै आपूर्ति भई अभाव नहुने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल। |
| सञ्चालन विधि | • अत्यावश्यक सेवाको लागि आवश्यक आयुर्वेद औषधिहरु खरिद गर्न प्रदेश अन्तर्गतका चिकित्सालय, औषधालय तथा आयुर्वेद केन्द्रमा खपत भएको आयुर्वेद औषधिको परिमाण र जनसंख्यालाई आधार मानि पूर्वानुमान तयार गर्ने। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

| | |
|---|---|
| | • चिकित्सालय, औषधालय तथा आयुर्वेद केन्द्रबाट स्टक लिई सोहि बमोजिम औषधि म्याद गुज्रेको नहुने वा स्टक मौज्दात अत्यधिक नहुने गरी खरिद गर्ने। |
| लक्षित समूह | चिकित्सालय, औषधालय तथा आयुर्वेद केन्द्रमा उपचारको लागि आउने विभिन्न रोगका विरामीहरु। |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितब्ययिता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अनुगमन | • निःशुल्क औषधि, भ्याक्सीन, स्वीकृत कार्यक्रम अनुसारका सामाग्रीहरु जिन्सी किताबामा आम्दानी बाँधिए-नबाँधिएको अवस्था एकिन गर्ने।<br>• LMIS प्रतिवेदन पठाए-नपठाएको स्वास्थ्य संस्थाहरु एकिन गर्ने।<br>• आपूर्ति व्यवस्थापन कार्य तथा कार्यक्रम अनुसार अनुगमन गर्ने जस्तैः FEFO, Temperature Monitoring र म्याद गुज्रेका औषधिहरु छुट्याएर राखे गरेको छ छैन हेर्ने। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## ९. आकस्मिक तथा महामारी नियन्त्रणका लागि औषधी खरिद

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | विनियोजित बजेट | पटक | १ | पहिलो त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेशमा देखिने महामारी तथा विपदलाई समयमै व्यवस्थापनका लागि यस शिर्षकमा बजेटको व्यवस्था गरीएको छ। |
| उद्देश्य | महामारी र विपत् ब्यबस्थापनमा औषधिको उपलब्धता सुनिश्चित गर्ने। |
| अपेक्षित प्रतिफल | महामारी र विपत् ब्यबस्थापनको समयमा औषधिहरुको समयमै आपूर्ति भई अभाव नहुने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल। |
| सञ्चालन विधि | • आकस्मिक तथा महामारीका लागि औषधि खरिद गर्न प्रदेश भित्र देखा परेका महामारी तथा विपद्लाई आधार मानि औषधिको परिमाण पूर्वानुमान तयार गर्ने।<br>• स्वास्थ्य कार्यालयबाट स्टक लिई सोहि बमोजिम औषधि म्याद गुज्रेको नहुने वा स्टक मौज्दात अत्यधिक नहुने गरी खरिद गर्ने। |
| लक्षित समूह | अस्पताल तथा स्वास्थ्य संस्थामा उपचारको लागि आउने विभिन्न रोगका बिरामीहरु। |

| | |
|---|---|
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितब्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अनुगमन | • निःशुल्क औषधि, स्वीकृत कार्यक्रम अनुसारका सामाग्रीहरु जिन्सी किताबामा आम्दानी बाँधिए-नबाँधिएको अवस्था एकिन गर्ने।<br>• LMIS प्रतिवेदन पठाए-नपठाएका स्वास्थ्य संस्थाहरु एकिन गर्ने।<br>• आपूर्ति व्यवस्थापन कार्य तथा कार्यक्रम अनुसार अनुगमन गर्ने जस्तैः FEFO, Temperature Monitoring, नियमित फ्रिज सञ्चालन, भ्याक्सीन सप्लाईमा गर्नुपर्ने ICE Pack Conditioning, म्याद गुज्रेका औषधिहरु छुट्याएर राखे गरेको छ छैन हेर्ने। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## १०.आधारभूत स्वास्थ्य सेवा अन्तर्गत निशुल्क वितरणको लागि औषधी खरिद

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | विनियोजित बजेट | पटक | १ | पहिलो त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तर्गत रहेका अस्पतालहरुबाट दिइने निःशुल्क अत्यावश्यक औषधिहरु वितरण सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन औषधि खरिद गरी सर्वसुलभ तरिकाले उपभोक्तामा सेवाको प्रयोगदर बढाइ प्रदेशका अधिकाशं जनतालाई लाभान्वित गराउन बजेट विनियोजन गरीएको छ । |
| उद्देश्य | अत्यावश्यक सेवाको लागि आवश्यक निःशुल्क औषधिहरुको उपलब्धता सुनिश्चित गर्ने। |
| अपेक्षित प्रतिफल | अत्यावश्यक सेवाको लागि आवश्यक निःशुल्क औषधिहरुको समयमै आपूर्ति हुँदा अभाव नहुने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल। |
| सञ्चालन विधि | • अत्यावश्यक सेवाको निःशुल्क वितरणका लागि औषधि खरिद गर्न प्रदेश अन्तर्गतका अस्पतालहरु तथा स्थानीय तह मातहतका स्वास्थ्य संस्थाहरुमा खपत भएको औषधिको परिमाण, मौज्दात र जनसङ्ख्यालाई आधार मानि पूर्वानुमान तयार गर्ने।<br>• अस्पतालहरुबाट स्टक लिई सोही बमोजिम औषधि म्याद सकिएको नहुने वा स्टक मौज्दात अध्यावधिक नहुने गरी खरिद गर्ने।<br>• मागका आधारमा स्वास्थ्य कार्यालय मार्फत स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा निःशुल्क वितरणका लागि औषधी आपुर्ति गर्ने । |
| लक्षित समूह | अस्पताल तथा स्वास्थ्य संस्थामा उपचारको लागि आउने विभिन्न रोगका बिरामीहरु। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँड गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अनुगमन | • निःशुल्क औषधि स्वीकृत कार्यक्रम अनुसारका सामाग्रीहरु जिन्सी किताबमा आम्दानी बाँधिए-नबाँधिएको अवस्था एकिन गर्ने।<br>• LMIS प्रतिवेदन पठाए-नपठाएको स्वास्थ्य संस्थाहरुबाट एकिन गर्ने।<br>• आपूर्ति व्यवस्थापन कार्य तथा कार्यक्रम अनुसार अनुगमन गर्ने जस्तैः FEFO, Temperature Monitoring,, नियमित फ्रिज सञ्चालन, ICE Pack Conditioning र म्याद गुज्रेका औषधिहरु छुट्याएर राख्ने गरेको छ छैन हेर्ने। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## ११.STI & OI का लागि औषधी खरिद

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | विनियोजित बजेट | पटक | १ | पहिलो त्रैमासिक |

| | |
|---|---|
| परिचय | यौन रोग भएकालाई एचआइभी संक्रमण (STI) हुने सम्भावना बढी हुने र एचआइभी संक्रमितलाई हुन सक्ने अवसरवादी संक्रमणको (OI) उपचार गर्न आवश्यक भएको हुनाले उनीहरुको समयमै निःशुल्क उपचार गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | प्रदेश मातहतका एआरटी केन्द्रहरुमा यौन रोग तथा अवसरवादी संक्रमणको उपचार गर्न आउने सेवाग्राहीहरुलाई निःशुल्क औषधी प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | यौन रोग तथा अवसरवादी संक्रमणको बिरामीहरुले निः शुल्क औषधि पाउने छन् । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल |
| सञ्चालन विधि | • प्रदेश अन्तर्गतका एआरटी केन्द्रहरु संग समन्वय गरि यौन रोग तथा अवसरवादी संक्रमणको औषधिहरुको आवश्यकता पहिचान गर्ने ।<br>• औषधिको परिमाण, मौज्जाद तथा बिरामी संख्याको आधारमा खरिद प्रक्रिया अघि बढाउने ।<br>• खरिद भएका औषधी समयमै एआरटी केन्द्रहरुमा वितरण गर्ने। |
| लक्षित समूह | यौन रोग तथा अवसरवादी संक्रमणको बिरामीहरु |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## १२.प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रको कम्पाउण्ड वाल निर्माण

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३१११२ | विनियोजित बजेट | पटक | १ | पहिलो त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको कार्यालय भवन, उपकरण तथा औषधिजन्य सामग्रीहरुको सुरक्षा तथा संरक्षण गर्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | कार्यालय भवन, उपकरण तथा औषधिजन्य सामग्रीहरुको सुरक्षा तथा संरक्षण गर्ने । |
| अपेक्षित प्रतिफल | कार्यालयको भवन, उपकरण तथा औषधिजन्य सामग्रीहरु सुरक्षित तथा संरक्षण हुने । |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल |
| सञ्चालन विधि | नियमानुसार लागत अनुमान स्वीकृत गरी इ-बिडीङ्गको माध्यमबाट निर्माण गर्ने । |
| लक्षित समूह | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितब्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## १३.बायोमेडिकल वर्कशपका लागि प्रिफाब टहरा भवन निर्माण

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३१११२ | विनियोजित बजेट | पटक | १ | पहिलो त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा रहेको बायोमेडिकल उपकरणहरुको मर्मत तथा व्यवस्थापनमा सहजताका लागि यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | देवदह, खैरहनीमा रहेको वर्कशपलाई कार्यालय परिसर बुटवलमा स्थानान्तरण गरी वर्कशपको सेवाप्रवाह र कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने। |
| अपेक्षित प्रतिफल | बायोमेडिकल उपकरण तथा औजार सामग्रीहरुको सुरक्षा, संरक्षण तथा मर्मत गर्न सकिने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल |
| सञ्चालन विधि | नियमानुसार लागत अनुमान स्वीकृत गरी इ-बिडीङ्गको माध्यमबाट निर्माण गर्ने । |
| लक्षित समूह | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र |

| | |
|---|---|
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितब्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## १४.राप्ती प्रादेशिक अस्पतालको लागि C-Arm मेसिन खरिद

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३१११२ | विनियोजित बजेट | पटक | १ | दोस्रो त्रैमासिक |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सेवाको पहुँच र गुणस्तर सुधारका लागि आधुनिक प्रविधि र उपकरणहरूको प्रयोग अत्यावश्यक छ। सेवा प्रवाहमा सुधार ल्याउन तथा समयमै रोगको पहिचान र उपचार सुनिश्चित गर्न राप्ती प्रादेशिक अस्पतालको लागि C-Arm मेसिनको खरिद तथा जडान का लागि यस शिर्षकमा बजेटको व्यवस्था गरीएको छ। |
| उद्देश्य | स्वास्थ्य सेवाको पहुँच र गुणस्तर वृद्धि गर्न आधुनिक चिकित्सकीय उपकरणहरूको खरिद तथा जडान गरी सेवा प्रवाह सशक्त बनाउने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवाको पहुँच र गुणस्तर वृद्धि गरी सेवा प्रवाह सशक्त बनाउने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल। |
| सञ्चालन विधि | राप्ती प्रादेशिक अस्पतालसँग समन्वय गरी बजेटको परिधि भित्र स्पेसिफिकेसन तयार गरी सो बमोजिम लागत अनुमान तयार गर्ने। |
| लक्षित समूह | दाङ जिल्ला भित्रका तथा अन्य जिल्लाका विभिन्न रोगका बिरामीहरु। |
| बजेट बाडँफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितब्ययिता निर्देशिका २०७९ बमोजिम बाडँफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## १५.भालुबांङ्ग र अर्घाखाँची अस्पतालको लागि ५०० MA को DR X-Ray मेसिन खरिद

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३१११२ | विनियोजित बजेट | पटक | १ | पहिलो त्रैमासिक |

| | |
|---|---|
| परिचय | भालुबांङ्ग र अर्घाखाँची अस्पतालको सेवा प्रवाहलाई सुदृढीकरण गर्न तथा समयमै विभिन्न रोगहरुको निदानका लागि यस शिर्षकमा बजेटको व्यवस्था गरीएको छ। |
| उद्देश्य | स्वास्थ्य सेवा प्रवाहलाई सुदृढीकरण गर्न तथा समयमै विभिन्न रोगहरुको निदान गर्ने। |
| अपेक्षित प्रतिफल | • भालुबांङ्ग र अर्घाखाँची अस्पतालबाट स्वास्थ्य सेवा सहज रुपमा सञ्चालन हुने।<br>• विभिन्न रोगहरुको समयमै पहिचान भई उपचार तथा व्यवस्थापन गर्न सहज हुने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल |
| सञ्चालन विधि | स्वास्थ्य मन्त्रालयको समन्वयमा बजेटको परिधि भित्र रही स्पेसिफिकेसन तयार गरी सो बमोजिम लागत अनुमानका आधारमा नियम अनुसार खरिद गर्ने। |
| लक्षित समूह | सम्बन्धित रोगका बिरामीहरु । |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## १६.बर्दिया अस्पतालको लागि ल्याप्रोस्कोपी मेसिन खरिद

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३१११२ | विनियोजित बजेट | पटक | १ | पहिलो त्रैमासिक |

| | |
|---|---|
| परिचय | बर्दिया अस्पतालको सेवालाई थप सुदृढ बनाउन अस्पतालमा उपचार्थ रहेका बिरामीहरुको विभिन्न रोगको पहिचान, शल्यक्रिया तथा सम्बन्धित रोगको उपचार गर्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | समबन्धित रोगको बिरामी चेक जाच, रोगको पहिचान, शल्यक्रिया तथा उपचार गर्ने । |
| अपेक्षित प्रतिफल | बर्दिया अस्पतालमा विभिन्न रोगको पहिचान तथा शल्यक्रिया सेवा विस्तार हुने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल |
| सञ्चालन विधि | • ल्याप्रोस्कोपी मेसिन खरिद गर्न प्राबिधिक स्पेसिफिकेसन तयार गर्ने ।<br>• स्पेसिफिकेसन तयार गर्दा Technical Specification Bank को सहायता लिन सकिने । |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| | • खरिद गरिएको ल्याप्रोस्कोपी मेसिनको गुणस्तर जाच गर्ने र स्पेसिफिकेसन बमोजिम भएको पाइएमा स्वीकार गर्ने ।<br>• ल्याप्रोस्कोपी मेसिनको पूर्ण क्षमतामा संचालनमा आएको प्राबिधिकबाट यकिन गर्ने ।<br>• सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार मेसिन आपूर्तिकर्ताबाट नै गर्नका लागि सुनिश्चित गर्ने र सोको जानकारी सम्बन्धित स्वास्थ्य संस्थालाई लिखित रुपमा गराउनुपर्नेछ ।<br>• ल्याप्रोस्कोपी मेसिनको जडान कार्य सम्पन्न गरि संचालनमा आएको सुनिश्चित (Post Delivery Inspection) भएपछि मात्र भुक्तानी प्रक्रिया सम्पन्न गर्ने । |
| लक्षित समूह | सेवा आवश्यक पर्ने सम्पूर्ण बिरामीहरु |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितब्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## १७.स्नेहन तथा स्वेदन सामग्री खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११११२ | विनियोजित बजेट | पटक | १ | दोस्रो त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश मातहतका आयुर्वेद चिकित्सालय तथा औषधालय र आयुर्वेद केन्द्रको सेवा प्रवाहका लागि आवश्यक पर्ने स्नेहन तथा स्वेदन सामग्री खरिद गर्नका लागि यस शिर्षकमा बजेटको व्यवस्था गरीएको छ। |
| उद्देश्य | • प्रदेश मातहतका आयुर्वेद चिकित्सालय, औषधालय तथा आयुर्वेद केन्द्रको नियमित सेवा प्रबाह गर्ने।<br>• आयुर्वेद सेवाको गुणस्तर बढाउने। |
| अपेक्षित प्रतिफल | • सम्बन्धित आयुर्वेद चिकित्सालय तथा औषधालय र आयुर्वेद केन्द्रबाट स्वास्थ्य सेवा सहज रुपमा सञ्चालन हुने।<br>• विभिन्न रोगहरुको उपचार तथा व्यवस्थापनमा सहज हुने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल। |
| सञ्चालन विधि | • प्रदेश मातहतका आयुर्वेद चिकित्सालय, औषधालय तथा आयुर्वेद केन्द्रसँग समन्वय गरी आवश्यकताको आधारमा सुची तयार गर्ने।<br>• बजेटको परिधि भित्र रही स्पेसिफिकेसन तयार गरी सो बमोजिम लागत अनुमान तयार गर्ने। |
| लक्षित समूह | आयुर्वेद स्वास्थ्य संस्थामा उपचारका लागि आउने सम्बन्धित रोगका बिरामीहरु |

| | |
|---|---|
| बजेट बाडँफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितब्ययिता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालय पेश गर्नुपर्नेछ । |

## १८.प्रयोगशाला Analyzer लगायतका औजार उपकरण खरिद

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३१११२ | विनियोजित बजेट | पटक | १ | तेस्रो त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश भित्रका सरकारी अस्पतालहरु तथा स्वास्थ्य संस्थाहरुको माग र औचित्यका आधारमा ती संस्थाहरुको प्रयोगशाला सेटअप तथा औजार उपकरणको उपलब्ध गराई प्रयोगशाला सेवालाई थप गुणस्तरीय र बिस्वशनीय बनाउन यस शिर्षकमा बजेटको व्यवस्था गरिएको छ । |
| उद्देश्य | प्रदेश अन्तर्गतका सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा ल्याब सेवा विस्तार गर्ने तथा सेवाको गुणस्तरमा सुदृढीकरण गर्ने । |
| अपेक्षित प्रतिफल | सम्बन्धित रोग समयमै पहिचान गरी उपचार तथा व्यवस्थापन गर्न सहज हुने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल |
| सञ्चालन विधि | • प्रदेश भित्रका सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाहरुको माग र औचित्यका आधारमा स्वास्थ्य मन्त्रालयको समन्वयमा प्रयोगशालाका लागि औजार उपकरणहरुको आवश्यकता पहिचान गर्ने ।<br>• ल्याब सामाग्री तथा सम्बन्धित औजार उपकरण खरिद गर्न स्पेसिफिकेसन तयार गर्ने ।<br>• ल्याब सामाग्री तथा सम्बन्धित औजार उपकरण खरिद सम्पन्न गरी सम्बन्धित अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा औजार उपकरण जडान गरी संचालनमा आएको सुनिश्चित (Post Delivery Inspection) भएपश्च्यात मात्र भुक्तानी प्रक्रिया सम्पन्न गर्ने । |
| लक्षित समूह | सेवा लिन आउने सेवाग्राहीहरू |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितब्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## १९.स्वास्थ्य कार्यालयमा रहेको कोल्डचेन उपकरणहरु मर्मतका लागि कोल्डचेन टुलकिट खरिद तथा वितरण

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३१११२ | विनियोजित बजेट | पटक | १ | चौथौ त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, जिल्ला कोल्डचेन स्टोर तथा पालिकाहरुको कोल्डचेन स्टोरहरुमा कोल्डचेन उपकरणहरुको आकस्मिक मर्मत सम्भार गर्न आवश्यक रहेको हुदा टुलकिट खरिद गर्नका लागि यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | कोल्डचेन उपकरणहरुको आकस्मिक मर्मत, सम्भार तथा व्यवस्थापन गर्ने । |
| अपेक्षित प्रतिफल | मर्मत आवश्यक रहेको कोल्डचेन उपकरणहरु मर्मत भई आकस्मिक व्यवस्थापन गर्न सकिने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल |
| सञ्चालन विधि | • कोल्डचेन टुलकिट खरिदको लागि बजेटको परिधि भित्र रही प्राबिधिक स्पेसिफिकेसन तयार गरी सो बमोजिम लागत अनुमान तयार गर्ने।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, जिल्ला कोल्डचेन स्टोर तथा पालिकाहरुको कोल्डचेन स्टोरहरुमा टुलकिटको आवश्यकता पहिचान गर्ने ।<br>• जिल्ला कोल्डचेन स्टोर तथा पालिकाहरुमा वितरण गर्दा आवश्यकता तथा प्राथमिकताको आधारमा वितरण गर्ने ।<br>• खरिदका लागि आवश्यक टुलकिटहरुः Combination Plier, Screw Driver, Adjustable Wrench, Line Tester, Clamp Meter, Dust Cleaning Brush, Dust Blower, Tool Box, Multimeter, Insulated Gloves, Digital Temperature controller (Thermostat), Cable Shoe and tie, Insulation Tape तथा अन्य आवश्यकता अनुसार खरिद गर्ने । |
| लक्षित समूह | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र तथा कोल्डचेन साइटहरु |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितब्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## २०.आपूर्ति केन्द्रको भवन जीर्णोद्धार

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३१११२ | विनियोजित बजेट | पटक | १ | दोस्रो त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको कार्यालय भवनको संरक्षण तथा मर्मत गर्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | जिर्ण भएको कार्यालय भवनको संरक्षण तथा मर्मत । |
| अपेक्षित प्रतिफल | कार्यालय भवनको मर्मत गरि औषधी, औषधीजन्य, खोप लगायत स्टोर सुरक्षित हुने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र |
| सञ्चालन विधि | सार्बजनिक खरिद ऐन र नियमावली अनुसार कार्य गर्ने । |
| लक्षित समूह | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितब्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## २१.कोल्डचेन तथा बायोमेडिकल औजार उपकरणहरुको मर्मत तथा व्यवस्थापन

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२२२१ | विनियोजित बजेट | पटक | १ | दोस्रो/तेस्रो त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा रहेका कोल्ड चेन तथा बायोमेडिकल सम्बन्धी औजार उपकरणहरु मर्मत सम्भार र त्यस उपकरणहरुको व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि यस शिर्षक अन्तर्गत बजेटको व्यवस्था गरीएको छ। |
| उद्देश्य | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र अन्तर्गत रहेका कोल्ड चेन तथा बायोमेडिकल सम्बन्धी औजार उपकरणहरुको मर्मत सम्भार र व्यवस्थापन गर्न। |
| अपेक्षित प्रतिफल | • बिग्रिएका कोल्ड चेन सम्बन्धी उपकरणहरु जस्तो डी-फ्रिजर, आइ-ल-आर तथा वाक-इन-कुलरहरु तथा खोप ढुवानी हुने सवारी साधन मर्मत सम्भार गरी समयमा गुणस्तरीय भ्याक्सिन उपलब्ध गराउने।<br>• बायोमेडिकल औजार उपकरणहरु मर्मत सम्भार तथा उचित व्यवस्थापन भइ पुन प्रयोग गर्न सकिने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| सञ्चालन विधि | • कार्यालय भित्र बिग्रीएका उपकरणहरुको पहिचान गरी सुची तयार गर्ने।<br>• यस कार्यालय अन्तर्गत रहेका कोल्ड चेन तथा बायोमेडिकल सम्बन्धी औजार उपकरणहरु मर्मत सम्भार र व्यवस्थापन गर्ने। |
| लक्षित समूह | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## २२.Walking Cooler मा काम गर्दा प्रयोग हुने PPE खरिद

| खर्च शीर्षक नं | बजेट | इकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | पहिलो त्रैमासिक |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको स्वास्थ्यकर्मीहरुलाई चिसो बाट हुने जोखिमलाई न्यूनीकरण गर्ने तथा काम गर्ने सहज वातावरण निर्माण गर्न यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको स्वास्थ्यकर्मीहरुलाई वाक-ईन-कुलरमा काम गर्दा सुरक्षित बनाउने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीहरुलाई चिसोबाट हुने जोखिमलाई न्यूनीकरण गर्ने तथा काम गर्ने सहज वातावरण निर्माण गर्न । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल |
| सञ्चालन विधि | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई आवश्यक भएको PPE को संख्या निर्धारण गर्ने र लागत अनुमान गर्ने ।<br>• PPE को प्राबिधिक स्पेसीफिकेसन तयार गर्ने ।<br>• खरिद पश्चयात PPE को गुणस्तर स्पेसीफिकेसन अनुसार भए नभयको जाच गर्ने ।<br>• खरिद हुने PPE मा हुनुपर्ने आवश्यक सामाग्रीहरुः Boot, Gloves, Sunglasses, Windproof Jacket, Trouser तथा अन्य आवश्यकता अनुसार । |
| लक्षित समूह | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितब्ययीता निर्देशिका २०७९ बमोजिम बाँडफाँट गरी स्वीकृत गराई खर्च गर्नुपर्नेछ। |
| अभिलेख प्रतिवेदन | सञ्चालन गरीएका कार्यक्रहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

# प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट सञ्चालन हुने कार्यक्रमहरु

## १. प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाका प्रयोगशाला सामाग्रीहरुको नियमित मर्मत सम्भार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२१ | विनियोजित बजेट | निरन्तर | १ | पहिलो, दोश्रो, तेस्रो, चौथो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | २४ सै घण्टा प्रयोशाला सेवा सम्बन्धि गुणस्तरीय सेवा प्रवाह गर्न प्रदेश जनस्वास्थ्य प्रयोशालामा प्रयोगमा रहेका औजार तथा उपकरणहरुको नियमित सम्भार गर्नका लागि यो कार्यक्रमको ब्यवस्था गरिएको छ। |
| उद्देश्यः | प्रयोशाला सेवा सम्बन्धि गुणस्तरीय सेवा निरन्तर प्रवाह गर्न। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| खर्च क्षेत्र | औजार तथा उपकरणसँग सम्बन्धीत आवश्यक सामाग्री पार्टपुर्जा खरिद, मर्मत सम्भार ज्याला खर्च। |
| लक्षित समूह | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| कार्यक्रम सञ्चालन विधिः | • औजार तथा उपकरण सोही कामसँग सम्बन्धीत आवश्यक सामाग्री खरिद तथा मर्मत सम्भार गर्नुपर्ने सामाग्रीहरुको सूचि तयार गरी लागत अनुमान गर्ने ।<br>• लागत अनुमानका आधारमा सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम कार्य गर्ने। |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धी | प्रयोगशाला सेवालाई निरन्तर सञ्चालन भएको सुनिश्चित हुनेछ । |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालयबाट अनुगमन र सुपरिवेक्षण हुनेछ । |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सम्पन्न प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पठाउनु पर्नेछ । |

## २. नियमित प्रयोगशाला सेवा संचालनको लागि प्रयोगशालाको सफ्टवेयर नविकरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४१२ | विनियोजित बजेट | पटक | १ | तेस्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | नियमित परीक्षण प्रयोगशाला संचालन गर्दा आवश्यक पर्ने विलिङ्ग, वारकोड, अनलाईन रिपोर्ट, सर्भर/क्लाउड खर्च, LIS-Machine Integration, नेटवर्किङ्ग तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाका अन्य सेवाहरुलाई बिधुतिय प्रणालीद्वारा व्यवस्थित गर्नको लागि सफ्टवेयर नविकरण तथा मर्मत सम्भारका लागि यो कार्यक्रमको ब्यवस्था गरिएको छ । |
| उद्देश्यः | जनस्वास्थ्य प्रयोगशालाको सफ्टवेयर नविकरण,मर्मत सम्भार तथा क्षमता अभिवृद्धि हुने । |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| खर्च क्षेत्र | सफ्टवेयर नविकरण,मर्मत सम्भार तथा क्षमता अभिवृद्धि खर्च । |
| लक्षित समूह | सफ्टवेयर निर्माण गर्ने फर्म / कम्पनी र प्रदेश जनस्वास्थ्य प्रयोगशाला । |
| कार्यक्रम सञ्चालन विधिः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार कार्यक्रम संचालन गर्ने । |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धी | सेवाग्राहीलाई गुणस्तरीय सेवाको प्रत्याभुती हुने । |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालयबाट अनुगमन तथा सुपरिवेक्षण हुनेछ । |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सम्पन्न वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पठाउनु पर्नेछ । |

## ३. प्रदेश जनस्वास्थ्य प्रयोगशालाको लागि प्रयोगशालाकर्मी करार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४१३ | विनियोजित बजेट | जना | ६ | पहिलो, दोश्रो, तेस्रो, चौथौ |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | प्रदेश जनस्वास्थ्य प्रयोगशालामा प्रदान हुने सेवाहरु जस्तै रोग सर्भिलेन्स, NCD रोग निदान, संक्रमण रोग निदान तथा सर्भिलेन्स र गुणस्तर जाँचका लागि प्रदेश स्तरमा प्रयोगशाला सेवा सञ्चालनको लागि यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| उद्देश्यः | • प्रयोगशाला सेवालाई निरन्तर सञ्चालन गर्न। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | • प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| खर्च क्षेत्र | तलब र चाडपर्व खर्च |
| लक्षित समूह | दक्ष प्रयोगशालाकर्मीहरु |
| कार्यक्रम सञ्चालन विधिः | • ल्याव टेक्निसियन ६ जना करार भर्ना तथा निरन्तरता दिने ।<br>• कार्यरत नभएको अबस्थामा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ अनुसार र करार सेवा व्यस्थापन सम्बन्धि कार्यविधि अनुसार सेवा करारमा लिने ।<br>• करार सम्झौता भंग भई पद खाली भएमा पुनः नियुक्ति प्रक्रिया प्रचलित कानून बमोजिम गर्नु पर्ने । |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धी | प्रयोगशालाका सेवा बिस्तार तथा गुणस्तरीय सेवा सञ्चालन भएको सुनिश्चित हुनेछ । |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालयबाट अनुगमन र सुपरिवेक्षण हुनेछ । |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सम्पन्न वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पठाउनु पर्नेछ । |

## ४. सुरक्षा गार्ड करार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४१३ | विनियोजित बजेट | सँख्या | ३ | पहिलो, दोश्रो, तेस्रो, चौथौ |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | प्रदेश जनस्वास्थ्य प्रयोगशालामा रहेका भौतिक संरचना, औजार उपकरणहरु लगायत स्वास्थ्यकर्मीहरुको समेत सुरक्षाको लागि २४ सै घण्टा सुरक्षा प्रदान गर्न यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| **उद्देश्यः** | • भौतिक संरचना, औजार उपकरणहरु लगायत स्वास्थ्यकर्मीहरुको समेत सुरक्षाको लागि २४ सै घण्टा सुरक्षा प्रदान गर्न । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | • प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| **खर्च क्षेत्र** | तलब र चाडपर्व खर्च |
| **लक्षित समूह** | सुरक्षा गार्ड |
| **कार्यक्रम सञ्चालन विधिः** | • सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ वमोजमि कार्य गर्ने ।। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | प्रयोगशाला २४ सै घण्टा सुरक्षित भएको सुनिश्चित हुनेछ । |
| **अनुगमन र मूल्याङ्कन** | स्वास्थ्य मन्त्रालयबाट अनुगमन र सुपरिवेक्षण हुनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पठाउनु पर्नेछ । |

## ५. माइक्रोबायोलोजी तथा AMR सम्बन्धि ६ दिने तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५११ | बिनियोजित बजेट | पटक | १ | दोश्रो, तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | सुक्ष्मजीवहरु बलियो भई औषधिको प्रतिरोध गर्ने अवस्थालाई प्रतिजैविक प्रतिरोध (Antimicrobial Resistance; AMR) भनिन्छ । एन्टिबायोटिक औषधिको अनावश्यक वा अत्यधिक मात्रामा प्रयोग गरेमा वा एन्टिबायोटिक उचित मात्रा र अवधि सम्म प्रयोग नगरेमा प्रतिजैविक प्रतिरोध हुने सम्भावना धेरै हुन्छ । एन्टिबायोटिक को उचित प्रयोग गर्न र प्रतिजैविक प्रतिरोधको अवस्थालाई न्यूनीकरण गर्न तथा स्वास्थ्यको विविध पक्षहरूमा ध्यान केन्द्रित गर्न स्वास्थ्यकर्मीहरूका लागि अत्यन्त महत्वपूर्ण हुनाले यो तालिमको व्यवस्था गरिएको छ। |
| **उदेश्य** | प्रतिजैविक प्रतिरोधको अवस्थालाई न्यूनीकरण गर्न ब्याक्टेरियोलोजी प्रयोगशालामा विभिन्न नमुनाहरुको कल्चर सेवा विस्तार एवम गुणस्तरिय सेवा प्रदान गर्नका लागि प्रयोगशालाकर्मिहरुको ज्ञान, सिप र क्षमता अभिवृदि गर्ने। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बुटवल। |
| **लक्षित समुह** | सम्बन्धित परिषदमा दर्ता भएका प्रयोगशालाकर्मिहरु तथा स्वास्थ्यकर्मीहरु। |
| **सहभागी छनौटका आधार** | • सम्बन्धित परिषदमा दर्ता भएका प्रयोगशालाकर्मिहरु तथा स्वास्थ्यकर्मिहरु।<br>• कम्तीमा ल्याब टेक्निसियन कोर्ष उत्तीर्ण भएको।<br>• लुम्बिनी प्रदेश भित्रका सरकारी स्वास्थ्य संस्थाहरुलाइ प्राथमिकता दिनु पर्ने। |
| **प्रशिक्षक छनौटका आधार** | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भएको।<br>• कम्तिमा चिकित्शा प्रयोगशाला बिषयमा स्नातक तह उतिर्ण गरि AMR सम्बन्धि तालिम प्राप्त गरेको। |
| **कार्यक्रम सञ्चालन विधि** | • तालिम आवश्यक भएको स्वास्थ्य संस्थाहरुमा कार्यरत प्रयोगशालाकर्मिहरु /स्वास्थ्यकर्मीहरुको सुची तयार गर्ने।<br>• कार्यक्रम सञ्चालन गर्ने संस्था/ ट्रेनिङ्ग साइटसंग समन्वय गरी तालिमको मिति, प्रशिक्षकहरु, क्लिनिकल सामाग्रीहरु र अन्य तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• तालिमको लागि सहभागीहरुलाई कम्तिमा ६ दिन पहिले पत्र (ईमेल र फोन दुवै) मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• बजेटको परिधिभित्र रही तालिम सञ्चालनको लागि आवश्यक पर्ने क्लिनिकल सामाग्री र अन्य आवश्यक तालिम सामाग्री खरिद गर्ने।<br>• सहभागीले तालिम पश्चात आफु कार्यरत स्वास्थ्य संस्थामा गईसके पश्चात १ महिनाभित्र संस्थाको सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको ज्ञान र सीपको बारेमा प्रस्तुतीकरण गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • सहभागीहरुको छनौटको अन्य मापदण्डहरु प्रदेश जनस्वास्थ्य प्रयोगशाला स्वयंले निर्धारण गर्नेछ ।<br>• तालिमको अवधि ७ कार्यदिन, सहभागी संख्या १२ देखि १७ जना सम्म। |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रहि बिभिन्न खर्च शीर्षकहरुमा वजेट बाँडफाँड भए बमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्तिबाट ब्याक्टेरियोलोजी कल्चर सेवा सञ्चालन गर्न सहयोग पुग्ने र प्रतिजैविक प्रतिरोधको अवस्थालाई न्यूनीकरण गर्न टेवा पुग्ने छ। |
| **अनुगमन र मुल्याङ्कन** | • लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले तालिमको गुणस्तरको अनुगमन गर्न सक्नेछ।<br>• तालिम पश्चात तालिमको प्रभावकारिताका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालाले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मूल्याङ्कन तथा आवश्यकता अनुसार अनुगमन समेत गर्न सक्नेछ।<br>• तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) गरि तालिमको मूल्याङ्कन गर्नुपर्नेछ। |
| **प्रतिवेदन** | कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पाएको कर्मचारीले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सम्पन्न गरी प्रदेश जनस्वास्थ्य प्रयोगशाला र आवश्यकता अनुसार सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## ६. सिकलसेल सम्बन्धि प्रयोगशालाकर्मिहरुको २ दिने अभिमुखीकारण कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५११ | बिनियोजित बजेट | पटक | २ | दोश्रो, तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | सिकलसेल रोग एक प्रकारको वंशानुगत रोग हो। यो रोग आमाबुबाबाट छोराछोरीमा सर्ने गर्छ। यो रोग जिनमा हुने खराबीले गर्दा हुन्छ।सिकलसेलका बिरामीको शरीरिमा हँसिया आकारको रक्तकोष हुने भएकाले रक्त सञ्चार प्रवाहमा असर पर्छ। शरीरको विभिन्न भागहरुमा राम्रोसँग रगत प्रवाह नहुँदा शरीरको भित्री अंगमा अक्सिजनको मात्रा कम भई ती अंगहरुमा कडा खालको दुखाई हुन्छ।अहिलेसम्म देखिएकामध्ये कपिलवस्तुदेखि बर्दियासम्मका थारु समुदायका मानिसहरुमा यो रोग फैलिएको छ । परिवारमा श्रीमान र श्रीमती दुवै सिकलसेल एनिमियाबाट पिडित भएमा उनीहरुबाट जम्मने बच्चाहरुमा समेत सिकलसेल एनिमिया हुने सम्भावना धेरै हुने गर्छ । त्यसैले उनीहरुमा रोग भए, नभएको पहिचान गरेर मात्र विवाह गर्ने सल्लाह दिएको अवस्थामा नयाँ पुस्ताहरुलाई सिकलसेल एनिमिया हुनबाट जोगाउन सकिन्छ । सिकल सेल रोग प्रयोगशालामा पत्ता लगाउन र यो रोगबाट जोगिनका लागि पनि पर्याप्त जनचेतना फैलाउन तथा स्वास्थ्यको विविध पक्षहरूमा ध्यान केन्द्रित गर्न स्वास्थ्यकर्मीहरूका लागि अत्यन्त महत्वपूर्ण हुनाले यो तालिमको व्यवस्था गरिएको छ। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| उदेश्य | सिकल सेल रोगको अवस्थालाई न्यूनीकरण गर्न र यो रोग प्रयोगशालामा पत्ता लगाउने प्रविधिको विस्तार एवम गुणस्तरिय सेवा प्रदान गर्नका लागि प्रयोगशालाकर्मिहरुको ज्ञान, सिप र क्षमता अभिवृदि गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बुटवल। |
| लक्षित समुह | सम्बन्धित परिषदमा  दर्ता भएका प्रयोगशालाकर्मिहरु तथा स्वास्थ्यकर्मीहरु। |
| सहभागी छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता भएका प्रयोगशालाकर्मिहरु तथा स्वास्थ्यकर्मिहरु।<br>• कम्तीमा ल्याब असिस्टेन्ट/ल्याब टेक्निसियन कोर्ष उत्तीर्ण भएको।<br>• लुम्बिनी प्रदेश भित्रका सिकल सेल प्रभावित जिल्लाहरुका सरकारी स्वास्थ्य संस्थालाइ प्राथमिकता दिनु पर्ने। |
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भएको।<br>• कम्तिमा चिकित्शा प्रयोगशाला बिषयमा प्रमाण पत्र तह उतिर्ण गरि सिकलसेल सम्बन्धि तालिम प्राप्त गरेको। |
| कार्यक्रम सञ्चालन विधि | • तालिम आवश्यक भएको स्वास्थ्य संस्थाहरुमा कार्यरत प्रयोगशालाकर्मिहरु /स्वास्थ्यकर्मीहरुको सुची तयार गर्ने।<br>• कार्यक्रम सञ्चालन गर्ने संस्था/ ट्रेनिङ्ग साइटसंग समन्वय गरी तालिमको मिति, प्रशिक्षकहरु, क्लिनिकल सामाग्रीहरु र अन्य तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• तालिमको लागि सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र (ईमेल र फोन दुवै) मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• बजेटको परिधिभित्र रही तालिम सञ्चालनको लागि आवश्यक पर्ने क्लिनिकल सामाग्री र अन्य आवश्यक तालिम सामाग्री खरिद गर्ने।<br>• सहभागीले तालिम पश्चात आफु कार्यरत स्वास्थ्य संस्थामा गईसके पश्चात १ महिनाभित्र संस्थाको सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको ज्ञान र सीपको बारेमा प्रस्तुतीकरण गर्नुपर्नेछ।<br>• सहभागीहरुको छनौटको अन्य मापदण्डहरु प्रदेश जनस्वास्थ्य प्रयोगशाला स्वयंले निर्धारण गर्नेछ ।<br>• तालिमको अवधि २ कार्यदिन, सहभागी संख्या ३० देखि ३६ जना सम्म (दुई समुहमा बिभाजन गरि, प्रत्येक समुहमा १५ देखि १८ जना सहभागी हुने गरि तालिम संचालन गर्नु पर्ने छ)। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रहि  बिभिन्न खर्च शीर्षकहरुमा वजेट वाँडफाँड भए बमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्तिबाट सिकल सेल सम्बन्धि परीक्षण सेवा सञ्चालन गर्न सहयोग पुग्ने र सिकलसेल रोगको अवस्थालाई न्यूनीकरण गर्न टेवा पुग्ने छ। |
| अनुगमन र मुल्याङ्कन | • लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले तालिमको गुणस्तरको अनुगमन गर्न सक्नेछ। |

| | |
|---|---|
| | • तालिम पश्चात तालिमको प्रभावकारिताका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालाले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मूल्याङ्कन तथा आवश्यकता अनुसार अनुगमन समेत गर्न सक्नेछ।<br>• तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) गरि तालिमको मूल्याङ्कन गर्नुपर्नेछ। |
| प्रतिवेदन | कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पाएको कर्मचारीले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सम्पन्न गरी प्रदेश जनस्वास्थ्य प्रयोगशाला र आवश्यकता अनुसार सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## ७. प्रयोगशाला गुणस्तर नियन्त्रण सम्बन्धि ३ दिने अभिमुखिकारण तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५११ | बिनियोजित बजेट | पटक | २ | दोश्रो, तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | जनस्वास्थ्य प्रयोगशालाले नसर्ने रोग र संक्रामक रोगको जाँचको गुणस्तर नियन्त्रण तथा प्रयोगशालाको जनशक्तिलाइ तालिम प्रदान गरी प्रयोगशालाले सम्पूर्ण रुपमा निदान सेवा, रोगको सर्भेइलेन्स, अनुसन्धान लगायतका कार्यहरु गर्दछ । आम जनताको प्रयोगशाला सेवालाइ ब्यबस्थित र भरपर्दो बनाइ गुणस्तरीयताको सुनिश्चित गर्नको लागि प्रयोगशालाकर्मीहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुनाले यो तालिमको व्यवस्था गरिएको छ। |
| उदेश्य | प्रयोगशाला सेवालाइ ब्यबस्थित र भरपर्दो बनाइ गुणस्तरीयताको सुनिश्चित गर्नको लागि र परीक्षण सेवा विस्तार गर्नका लागि प्रयोगशालाकर्मिहरुको ज्ञान, सिप र क्षमता अभिवृदि गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बुटवल। |
| लक्षित समुह | सम्बन्धित परिषदमा दर्ता भएका प्रयोगशालाकर्मिहरु तथा स्वास्थ्यकर्मीहरु। |
| सहभागी छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता भएका प्रयोगशालाकर्मिहरु तथा स्वास्थ्यकर्मिहरु।<br>• कम्तीमा ल्याब असिस्टेन्ट/ल्याब टेक्निसियन कोर्ष उत्तीर्ण भएको।<br>• लुम्बिनी प्रदेश भित्रका सरकारी स्वास्थ्य संस्थाहरुलाइ प्राथमिकता दिनु पर्ने। |
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भएको।<br>• कम्तिमा चिकित्शा प्रयोगशाला बिषयमा प्रमाण पत्र तह उतिर्ण गरि सम्बन्धि बिषयमा तालिम प्राप्त गरेको। |
| कार्यक्रम सञ्चालन विधि | • तालिम आवश्यक भएको स्वास्थ्य संस्थाहरुमा कार्यरत प्रयोगशालाकर्मिहरु /स्वास्थ्यकर्मीहरुको सुची तयार गर्ने। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| | • कार्यक्रम सञ्चालन गर्ने संस्था/ ट्रेनिङ्ग साइटसंग समन्वय गरी तालिमको मिति, प्रशिक्षकहरु, क्लिनिकल सामाग्रीहरु र अन्य तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• तालिमको लागि सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र (ईमेल र फोन दुवै) मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• बजेटको परिधिभित्र रही तालिम सञ्चालनको लागि आवश्यक पर्ने क्लिनिकल सामाग्री र अन्य आवश्यक तालिम सामाग्री खरिद गर्ने।<br>• सहभागीले तालिम पश्चात आफु कार्यरत स्वास्थ्य संस्थामा गईसके पश्चात १ महिनाभित्र संस्थाको सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको ज्ञान र सीपको बारेमा प्रस्तुतीकरण गर्नुपर्नेछ।<br>• सहभागीहरुको छनौटको अन्य मापदण्डहरु प्रदेश जनस्वास्थ्य प्रयोगशाला स्वयंले निर्धारण गर्नेछ ।<br>• तालिमको अवधि ३ कार्यदिन, सहभागीको संख्या ३० देखि ३५ जना सम्म (आवस्यक्ता अनुसार २ समुहमा बिभाजन गरि तालिम संचालन गर्न सकिने छ )। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रहि बिभिन्न खर्च शीर्षकहरुमा वजेट वाँडफाँड भए बमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्तिबाट प्रयोगशाला परीक्षण सेवा सञ्चालन गर्न सहयोग पुग्ने र परीक्षण नतिजा गुणस्तरीय भइ बिरामीको रोग निदानमा टेवा पुग्ने छ। |
| अनुगमन र मुल्याङ्कन | • लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले तालिमको गुणस्तरको अनुगमन गर्न सक्नेछ।<br>• तालिम पश्चात तालिमको प्रभावकारिताका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालाले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मूल्याङ्कन तथा आवश्यकता अनुसार अनुगमन समेत गर्न सक्नेछ।<br>• तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) गरि तालिमको मूल्याङ्कन गर्नुपर्नेछ। |
| प्रतिवेदन | कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पाएको कर्मचारीले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सम्पन्न गरी प्रदेश जनस्वास्थ्य प्रयोगशाला र आवश्यकता अनुसार सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## ८. प्रदेश भित्र संचालन हुने निजि तथा सरकारी (अस्पताल/एकल) प्रयोगशालाहरुको दर्ता नविकरण तथा अनुगमन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १२ | प्रथम, दोश्रो, तेस्रो, चौथो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय द्वारा तयार स्वास्थ्य संस्थासंचालन मापदण्ड २०७७ तथा प्रदेश स्वास्थ्य संस्था स्थापना, संचालन, नबिकरण तथा स्तरोन्नति नियमावली २०७७ अनुसार (अस्पताल/एकल) प्रयोगशालाहरुबाट गुणस्तरीय सेवा प्रभाव हुने ब्यवस्था मिलाउन अत्यावश्क पूर्बाधार, जनशक्ति, औजार उपकरण, प्रदान गरिने सेवाहरु, सेवा शुल्क र तिनीहरुको न्युनतम मापदण्ड अनुसार "C" बर्गका प्रयोगशाला दर्ता, अनुमति, नबिकरण र स्तरोन्नति तथा सुचिकरणका लागि यो कार्यक्रमको ब्यवस्था गरिएको छ। |
| उद्देश्यः | प्रदेश स्तरीय निजि तथा सरकारी (अस्पताल/एकल) प्रयोगशालाहरुको मापदण्ड तथा ग्रेडिंग अनुसार "C" बर्गका प्रयोगशाला स्थापना भइ गुणस्तरीय सेवा प्रभाव हुने छ । |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| खर्च क्षेत्र | बैठक तथा छपाई खर्च, दै भ्र भ, यातायत तथा ईन्धन खर्च लगायत अन्य ब्यवस्थापकीय खर्च |
| लक्षित समूह | प्रदेश भित्र रहेका प्रयोगशालाहरु |
| कार्यक्रम सञ्चालन विधिः | • निवेदन प्राप्त प्रयोगशालाको सुचि तयार गर्ने ।<br>• प्रयोगशाला अनुगमन गरि मापदण्ड अनुसारको भए नभएको यकिन गर्ने ।<br>• अनुगमन समितिको निर्णय अनुसार आवश्यक राजश्व जम्मा गरी दर्ता / नविकरण गर्ने । |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धी | अनुमति बिना र मापदण्ड बिपरित संचालित प्रयोगशालाहरुलाइ मापदण्ड अनुरुप बर्गिकरण गरि सबै प्रयोगशालाबाट प्रदान गर्ने सेवा गुणस्तरीय हुनेछ । |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य मन्त्रालयबाट अनुगमन र सुपरिवेक्षण हुनेछ । |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पठाउनु पर्नेछ । |

## ९. External Quality Assessment Program

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | बिनियोजित बजेट | पटक | २ | पहिलो, दोश्रो, तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | बाह्य गुणस्तर मूल्याङ्कन (EQAS ) योजना ले प्रयोगशालाको विश्लेषणात्मक परीक्षणको शुद्धता जाँच्नका लागि बाह्य निकायद्वारा उपलब्ध गराइएका नमूनाहरूको प्रयोग गरी प्रयोगशालाको कार्यसम्पादनको मूल्याङ्कन गर्छ। यी कार्यक्रमहरूले प्रयोगशालाहरूलाई सुधार गर्नुपर्ने पक्षहरू पहिचान गर्न, बिरामीको परीक्षण नतिजाको विश्वसनीयता बढाउन र संस्थाप्रति जनविश्वास कायम राख्न मद्दत गर्छन्। PPHL को प्रयोगशाला प्रतिवेदनहरूको गुणस्तर सुनिश्चित गर्न तथा PPHL को लागि ISO: १५१८९:२०२२ मान्यता (accreditation) प्राप्त गर्ने उद्देश्यले यो EQAS कार्यक्रम सञ्चालनमा ल्याइएको हो। |
| उदेश्य | प्रयोगशालाको परीक्षण सेवा गुणस्तरीय सुनिश्चित गर्नको लागि EQAS program मा सहभागी हुन र प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई अन्तराष्ट्रिय स्तरको मान्यता प्राप्त गर्नको लागि ISO १५१८९ Accreditation certificate प्राप्त गर्न । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बुटवल। |
| लक्षित समुह | EQAS Program संचालन गर्ने संस्था/कम्पनी र ISO १५१८९ Accreditation प्रदान गर्ने संस्था/कम्पनी । |
| खर्च क्षेत्र | EQAS Program खरिद, EQAS/QC material खरिद, ISO १५१८९ Accreditation मा लाग्ने खर्च, बैठक तथा छपाई खर्च, दै भ्र भ, यातायत खर्च लगायत अन्य विविध खर्च । |
| कार्यक्रम सञ्चालन विधि | • सम्बन्धित प्रयोगशालाकर्मिहरुको सहयोगमा आवश्यक EQAS program, EQAS/QC materials, केमिकल लगायत अन्य सामाग्रीहरुको सूचि तयार गरि सो बमोजिम लागत अनुमान तयार गर्ने।<br>• ISO १५१८९ Accreditation सम्बन्धि सम्पूर्ण मापदण्ड पुरा गरि ISO १५१८९ Accreditation प्रदान गर्ने संस्थामा निवेदन दिने र आवश्यक प्रमाणपत्र प्राप्त गर्ने ।<br>• सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित आर्थिक कार्यविधि बमोजिम EQAS Program खरिद गर्ने।<br>• EQAS/QC Material खरिद गर्ने र आवश्यक व्यवस्थापकिय संचालन गर्ने |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रहि बिभिन्न खर्च शीर्षकहरुमा वजेट वाँडफाँड गरी कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |

| | |
|---|---|
| अपेक्षित उपलव्धी | प्रदेश जनस्वास्थ्य प्रयोगशालाको परीक्षण नतिजा गुणस्तरीय र अन्तराष्ट्रिय स्तरको भइ बिरामीको रोग निदानमा टेवा पुग्ने छ। |
| अनुगमन र मुल्याङ्कन | स्वास्थ्य मन्त्रालयबाट अनुगमन तथा सुपरिवेक्षण हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पठाउनु पर्नेछ |

## १०.खोपबाट बच्न सकिने रोगहरु तथा अन्य महामारीको नमुना संकलन, ढुवानी तथा परीक्षण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | पहिलो, दोश्रो, तेस्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | खोपबाट बच्न सकिने रोगहरु तथा अन्य महामारीको नमुना संकलन, ढुवानी तथा परीक्षण गर्नको लागि यस शीर्षक अन्तर्गत बजेटको व्यवस्था गरीएकोछ । |
| उद्देश्यः | खोपबाट बच्न सकिने रोगहरु तथा अन्य महामारीको नमुना संकलन, ढुवानी तथा परीक्षण गर्नको लागि र प्रयोगशाला सँग सम्बन्धित स्वाब, नमुना संकलन गर्न |
| खर्च क्षेत्र | दै भ्र भ तथा यातायात तथा ढुवानी खर्च । |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | प्रदेश जनस्वास्थ्य प्रयोगशला |
| कार्यक्रम सञ्चालन विधिः | खोपबाट बच्न सकिने रोगहरु तथा अन्य महामारीको नमुना संकलन तथा परीक्षणका लागि स्वास्थ्य कार्यालयसँग समन्वय गरी आवश्यक्ताका आधारमा नमूना संकलन ढुवानी तथा परीक्षण गर्ने । |
| बजेट बाँडफाडः | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धी | प्रयोगशालासँग सम्बन्धित स्वाब, नमुना, किट रिएजेन्ट तथा कन्जुमेवल सामाग्रीहरुको निरन्तर आपूर्ति तथा व्यवस्थापन भएको हुनेछ । |
| अनुगमन तथा मूल्याङ्कन | स्वास्थ्य मन्त्रालयबाट अनुगमन तथा सुपरिवेक्षण हुनेछ । |
| प्रतिबेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पठाउनु पर्नेछ । |

## ११.प्रदेशमा रहेका प्रयोगशालाहरुको वार्षिक समीक्षा

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | प्रथम |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचयः** | प्रदेश भित्रका सरकारी स्वास्थ्य संस्थाहरुको प्रयोगशालाहरुबाट प्रदान गरिने सेवाहरुलाई गुणस्तरीय र प्रभावकारी रुपमा संचालन गर्न, संचालित कार्यक्रम तथा सेवाका सम्बन्धमा वार्षिक रुपमा समिक्षा गरि सुधार गर्नु पर्ने विषयहरुका समयमै पहिचान गरी प्रभावकारी रुपमा सेवा संचालन गर्न यस कार्यक्रमको व्यबस्था गरिएको हो । |
| **उद्देश्यः** | प्रयोगशालाबाट प्रदान गरिने सेवालाई गुणस्तरीय र प्रभावकारी वनाउन वार्षिक रुपमा समिक्षा कार्यक्रम संचालन गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| **खर्च क्षेत्र** | दै भ्र भ तथा यातायात खर्च, इन्धन खर्च, कार्यक्रम संचालन सामाग्री, खाजा र खाना खर्च आदी |
| **लक्षित समूह** | प्रदेश भित्रका सरकारी अस्पताल तथा स्वास्थ्य कार्यालयका प्रयोगशालाकर्मी |
| **कार्यक्रम सञ्चालन विधिः** | • प्रदेश भित्रका अस्पतालहरु र स्वास्थ्य कार्यालयहरुमा रहेका प्रयोगशालाबाट प्रदान गरिएका सेवाहरुको प्रगति तथा संचालन गर्दा आइपरेका समस्या र समाधानका उपायका वारेमा तोकिएको ढाँचामा प्रस्तुती सम्बन्धित संस्थाका प्रयोगशाला इन्चार्जले गर्ने।<br>• विगतको कार्यक्रम तथा क्रियाकलापहरुबाटको सिकाई र आगामी क्रियाकलाप संचालन गर्नका लागि योजना तयारीका वारेमा छलफल । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अनुगमन तथा मूल्याङ्कन** | स्वास्थ्य मन्त्रालयबाट अनुगमन तथा सुपरिवेक्षण हुनेछ । |
| **प्रतिबेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पठाउनु पर्नेछ । |

## १२.प्रदेश भित्र रहेका प्रयोगशालाहरुमा अनसाईट कोचिङ

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १२-२० | पहिलो, दोश्रो ,तेस्रो र चौथो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | सूचिकृत प्रयोगशालाहरुमा संचालित प्रयोगशालाहरुको प्रभावकारी सेवा संचालनका लागि आवश्यक प्राविधिक सहयोग गर्न सम्बन्धित साइटमै विज्ञ प्रयोगशालाकर्मी गई अनसाइट कोचिङ्ग गर्न यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| **उद्देश्यः** | प्रयोगशालाबाट संचालित सेवालाई गुणस्तरीय तथा प्रभावकारी वनाउन विज्ञ प्रयोगशाला कर्मीद्वारा समय समयमा प्राविधिक सहयोग गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| **खर्च क्षेत्र** | दै भ्र भ, यातायात, इन्धन खर्च तथा खाजा खर्च समेत |
| **लक्षित समूह** | प्रयोगशालाकर्मीहरु |
| **कार्यक्रम सञ्चालन विधिः** | • अनसाइट भिजिट योजना तयार गर्ने ।<br>• सम्बन्धित साइटमै गई प्रयोगशालामा भएका समस्याको विषयमा छलफल गर्ने, प्राविधिक सहयोग गर्ने र समाधान हुन नसकेका समस्याको पहिचान गरी तत्काल र दिर्घकालिन समाधानको वारेमा छलफल गर्ने । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अनुगमन तथा मूल्याङ्कन** | स्वास्थ्य मन्त्रालयबाट अनुगमन तथा सुपरिवेक्षण हुनेछ । |
| **प्रतिबेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पठाउनु पर्नेछ । |

सामाजिक विकास मन्त्रालय

## १३.सिकलसेल र थालासेमियाको परीक्षण कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | दोश्रो, तेस्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | तराईका जिल्लाहरुमा विशेष गरी थारु समुदायमा प्रमुख स्वास्थ्य समस्याको रुपमा रहेको सिकलसेल तथा थालसेमिया रोगको समयमा नै निदान गरी रोग पत्ता लगाउन र जिल्लामा संचालित स्कृनिङ्ग कार्यक्रमको गुणस्तर सुनिश्चितता, परीक्षण कार्यमा सहयोग गर्न र प्रदेशमा सिकलसेल र थालसेमिया बिरामीका तथ्याङ्क अभिलेखीकरण गर्न यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| उद्देश्यः | रोग पत्ता लगाउने, जिल्लामा भएका स्कृनिङ्ग कार्यक्रमको गुणस्तर सुनिश्चितता कायम गर्ने साथै आश्यकता अनुसार सम्बन्धित अस्पालतहरुमा प्रेषण गर्ने र थालसेमिया बिरामीका तथ्याङ्क अभिलेख तयार हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| खर्च क्षेत्र | प्रयोगशाला परीक्षणको लागि आवश्यक किट, केमिकल तथा सामाग्री खरिद, दैनिक भ्रमण भत्ता, इन्धन तथा ढुवानी खर्च |
| लक्षित समूह | प्रदेश भित्र रहेका प्रभावित जनसमुदाय र प्रयोगशालाहरु |
| कार्यक्रम सञ्चालन विधिः | • स्वास्थ्य कार्यालयबाट संचालित स्क्रिनिंग क्याम्पहरुमा सहभागी भइ नमुना संकलनमा सहयोग गर्ने ।<br>• प्राप्त नमुनाहरु परीक्षण हुन नसकेमा नमुनाहरुको परीक्षण प्रदेश जनस्वास्थ्य प्रयोगशालामा ढुवानी गरि निशुल्क परीक्षण गर्ने ।<br>• सरकारी अस्पतालबाट परीक्षणका लागि सिफारिस भएका लक्षित समुदायका व्यक्तीहरुको प्रदेश जनस्वास्थ्य प्रयोगशालामा निशुल्क परीक्षण गर्ने ।<br>• जिल्ला अस्पताल/प्रयोगशालामा हुने परीक्षणको गुणस्तर सुनिश्चितता गर्न परीक्षण भएका गुणस्तर नमुनाहरुलाई सिकलसेल र थालासेमिया परीक्षण हुने प्रयोगशालामा पुनः परीक्षण गरि र गराई नमुना परीक्षणको गुणस्तर सुनिस्चित गर्ने ।<br>• प्रदेशका प्रयोगशालाहरुको परीक्षणबाट पत्ता लागेका बिरामीहरुको अभिलेख राख्ने ।<br>• परीक्षण पश्चात विरामीको प्रतिबेदन स्वास्थ्य कार्यालयलाई सुरक्षित रुपमा उपलब्ध गराउने व्यबस्था मिलाउने |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |

| | |
|---|---|
| **अपेक्षित उपलब्धी** | रोगको समयमानै निदान भइ उपचार प्राप्त हुने, परीक्षणको गुणस्तर सुनिश्चित हुने र प्रभावित व्यक्तिहरुको तथ्यांक अभिलेख रहने । |
| **अनुगमन र मूल्याङ्कन** | स्वास्थ्य मन्त्रालयबाट अनुगमन र सुपरिवेक्षण हुनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पठाउनु पर्नेछ । |

## १४.टि वि कञ्जुमेवल्स तथा रियजेण्ट किट (मलेरिया डेंगु कालाजार आदी) खरिद तथा ढुवानी

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | विनियोजित बजेट | पटक | १ | पहिलो, दोश्रो, तेस्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचयः | प्रयोगशालासँग सम्बन्धित स्वाब, नमुना, किट रिएजेन्ट तथा कन्जुमेवल सामाग्री उपयुक्त समय तथा तोकिएको स्थानमा उपलब्ध गराउनका लागि यस शीर्षक अन्तर्गत बजेटको व्यवस्था गरीएकोछ । |
| उद्देश्यः | प्रयोगशाला सँग सम्बन्धित स्वाब, नमुना, किट रिएजेन्ट तथा कन्जुमेवल सामाग्रीहरुको निरन्तर आपूर्ति तथा व्यवस्थापन गर्न । |
| खर्च क्षेत्र | गाडी भाडा, किट, रियजेन्ट तथा कन्जुमेवल सामाग्री खरिद, ईन्धन तथा व्यवस्थापकीय खर्च । |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | प्रदेश जनस्वास्थ्य प्रयोगशला |
| कार्यक्रम सञ्चालन विधिः | • प्रयोगशालासँग सम्बन्धित (टि.बी, मलेरिया, हेपाटाइटीस, स्क्रब टाइफस, एच.आई.भि आदि) सामाग्रीहरुको स्वास्थ्य कार्यालय तथा प्रयोगशालाहरुका लागि आवश्यक सामाग्रीको सूची तयार गरी कार्ययोजना तयार गर्ने।<br>• कार्ययोजना अनुसार सामाग्री खरिद तथा ढुवानी गर्ने । |
| बजेट बाँडफाडः | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धी | प्रयोगशालासँग सम्बन्धित स्वाब, नमुना, किट रिएजेन्ट तथा कन्जुमेवल सामाग्रीहरुको निरन्तर आपूर्ति तथा व्यवस्थापन भएको हुनेछ । |
| अनुगमन तथा मूल्याङ्कन | स्वास्थ्य मन्त्रालयबाट अनुगमन तथा सुपरिवेक्षण हुनेछ । |
| प्रतिबेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पठाउनु पर्नेछ । |

१५.CLIA/Autoimmunity, Immunohistochemistry, Histopathology/Cytology and Haematology Lab को लागि रिएजेंट्स र कन्जुमेबल्स खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
| परिचय | लुम्बिनी प्रदेशमा परिवार नियोजनको साधनको प्रयोग दर (Contraceptive Prevalence Rate-CPR) बढाउदै स्वस्थ तथा व्यवस्थित परिवार बनाउन, सबै स्वास्थ्य संस्था बाट ५ प्रकारका अस्थाई परिवार नियोजनका साधनहरुको सुनिश्चिता गरि गुणस्तरीय सेवा उपलब्ध गराउनु अहिलेको आवश्यकता हो । सो कुरालाई मध्यनजर गर्दै स्वास्थ्य संस्थाहरुबाट सुरक्षित र गुणस्तरीय Implant सेवा प्रदान गर्नका लागि यो सीपमूलक तालिम राखिएको छ । |
| उद्देश्य | गुणस्तरीय परिवार नियोजन सेवा प्रदान र परिवार नियोजन सेवा प्रयोगदरमा बृद्धि गर्न स्वास्थ्यकर्मीहरूमा सीप, दक्षता र क्षमताको विकास गर्ने । |

| | |
|---|---|
| जिम्मेवार निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | तालिम नपाएका स्वास्थ्यकर्मीहरु र नर्सिङ् कर्मचारीहरु । |
| सहभागी छनौटका आधार | • कम्तिमा अनमी ,स्टाफ नर्स ,हे.अ.वा अ.हे.व कोर्ष उतीर्ण गरि सम्बन्धित परिषदमा दर्ता तथा नविकरण गरेको हुनु पर्नेछ<br>• परिवार नियोजन सेवा प्रदान गरिरहेको लाई प्राथमिकता दिईनेछ\|<br>• नेपाल सरकारको स्थायी तथा स्थानीय व्यक्ति र फिल्डमा गई काम गर्न सक्ने कर्मचारीलाई ग्राहयता<br>• यस भन्दा अगाडि तालिम नलिएको हुनुपर्नेछ<br>• तालिममा क्राईटेरिया नमिल्ने सहभागिलाई सहभागी गराइने छैन \| |
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको ।<br>• CTS तालिम लिएको इम्प्लान्ट तालिम लिएका कम्तिमा स्टाफ नर्स योग्यता भएका<br>• सम्बन्धित क्षेत्रमा १ वर्ष अनुभव भएको हुन पर्ने । |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश मातहतका अस्पताल, स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय गरि सहभागी छनौट गरि योजना बनाउने।<br>• सहभागीको सुची तयार गर्दा पहिला प्रदेश मातहतका अस्पतालमा वा स्वास्थ्य सस्था जहाँ धेरै सेवाग्राही (WRA) को संख्या लाई प्राथमिकतामा राखेर तयार गर्नुपर्नेछ । महिला सहभागीलाई प्राथमिकता दिनुपर्नेछ ।<br>• विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा संघ सस्थाहरुको सुची तयार गरि तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने।<br>• तालिमको लागि संस्था छनौट गर्दा जँहा उक्त सेवा दिनको लागि अरु सेवा प्रदायकहरु छैनन त्यही संस्थालाई प्राथमिकता दिनु पर्दछ ।<br>• सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्र आफैले निर्धारण गर्ने र सहभागीलाई पायक पर्ने स्थानमा तालिमको स्थान छनौट गर्नुपर्नेछ ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा email मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• यो तालिम ८ दिनको हुन्छ खास गरि इम्प्लान्ट स्वास्थ्यकर्मीहरु र नर्सिङ् स्टाफहरुको लागि हो । यो तालिममा क्षमतामा तथा सीपमा आधारित भएकोले सहभागी जम्मा ४ जना मात्र हुन्छन साथै दुई जना सहभागिको लागि १जना प्रशिक्षकको आवश्यक पर्दछ । |

| | |
|---|---|
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गरी तालिम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलव्धी | नर्सिङ कर्मचारी तथा स्वास्थ्यकर्मीहरूमा परिवार नियोजन सेवा प्रदान गर्ने सीप र दक्षता विकास भई परिवार नियोजन सेवा प्रयोगदरमा गुणस्तरियता बृद्धि हुने । |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## २.२ आई. यू. सि. डि. तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ५०० | पटक | २ | पहिलो, दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | परिवार योजना अन्तर्गत सबै स्वास्थ्य संस्था बाट ५ प्रकारका अस्थाई परिवार नियोजनका साधनहरुमा लामो समयसम्म प्रभावकारी हुने गर्भनिरोधक बिधिहरुको (LARC) सुनिश्चिता गरि लुम्बिनी प्रदेशमा परिवार नियोजनको साधनको प्रयोग दर (Contraceptive Prevalence Rate-CPR) बढाउदै स्वस्थ तथा व्यवस्थित परिवार बनाउन गुणस्तरीय परिवार नियोजनको सेवा उपलब्ध गराउनु अहिलेको आवश्यकता हो । सो कुरालाई मध्यनजर गर्दै स्वास्थ्य संस्थाहरुबाट सुरक्षित र गुणस्तरीय IUCD सेवा प्रदान गर्नका लागि यो सीपमूलक तालिम राखिएको छ । |
| उद्देश्य | गुणस्तरिय परिवार नियोजन सेवा प्रदान र परिवार नियोजन सेवा प्रयोगदरमा बृद्धि गर्न स्वास्थ्यकर्मीहरूमा सीप, दक्षता र क्षमताको विकास गर्ने । |
| जिम्मेवार निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | तालिम नपाएका स्वास्थ्यकर्मीहरु र नर्सिङ् कर्मचारीहरु |
| सहभागी छनौटका आधार | • कम्तीमा अनमी वा स्टाफ नर्स कोर्ष उतीर्ण गरि नेपाल नर्सिङ् परिषद्मा दर्ता गरेको हुनु पर्नेछ ।<br>• सहभागीले एस.बि.ए तालिम प्राप्त गरेको हुनुपर्ने ।<br>• निरन्तर परिवार नियोजन सेवा प्रदान गरिरहेको लाई प्राथमिकता दिईनेछ ।<br>• नेपाल सरकारको स्थायी तथा स्थानीय व्यक्ति र फिल्डमा गई काम गर्न सक्ने कर्मचारीलाई ग्राहयता<br>• यस भन्दा अगाडि तालिम नलिएको ।<br>• तालिममा क्राईटेरिया नमिल्ने सहभागिलाई सहभागी गराइने छैन । |

| | |
|---|---|
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको ।<br>• CTS तालिम लिएको साथै IUCD तालिम लिएका कम्तिमा स्टाफ नर्स योग्यता भएका<br>• सम्बन्धित क्षेत्रमा १ वर्ष अनुभव भएको हुन पर्ने । |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश मातहतका अस्पताल, स्वास्थ्य कार्यालयतथा स्थानीय तहसँग समन्वय गरि सहभागी छनौट गरि योजना बनाउने।<br>• सहभागीको सुची तयार गर्दा पहिला प्रदेश मातहतका अस्पतालमा वा स्वास्थ्य सस्था जहाँ धेरै सेवाग्राही (WRA) को संख्या लाई प्राथमिकतामा राखेर तयार गर्नु पर्नेछ । महिला सहभागीलाई प्राथमिकता दिनुपर्नेछ ।<br>• विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा संघ सस्थाहरुको सुची तयार गरि तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने।<br>• पहिला तालिम लिईसकेका स्वास्थ्यकर्मीलाई तालिममा सहभागी गराउन पाईने छैन ।<br>• सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्र आफैले निर्धारण गर्ने र सहभागीलाई पायक पर्ने स्थानमा तालिमको स्थान छनौट गर्नुपर्नेछ ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा email मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• बजेटको परिधि भित्ररही तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिने छ ।<br>• यो तालिम ८ दिनको हुन्छ खास गरि IUCD स्वास्थ्यकर्मीहरु र नर्सिङ् स्टाफहरुको लागि हो । यो तालिममा क्षमतामा तथा सीपमा आधारित भएकोले सहभागी जम्मा ४ जना मात्र हुन्छन साथै दुई जना सहभागिको लागि एक जना प्रशिक्षकको आवश्यक पर्दछ । |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | नर्सिङ कर्मचारी तथा स्वास्थ्यकर्मीहरूमापरिवार नियोजन सेवा प्रदान गर्ने सीप र दक्षता विकास भई परिवार नियोजन सेवा प्रयोगदरमा गुणस्तरियता बृद्धि हुने । |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## २.३ चिकित्सकहरुको लागि मिनिल्याप तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ३५० | पटक | १ | पहिलो,दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | मिनिल्याप तालिम महिलाहरुको स्थायी बन्ध्याकरणको लागि प्रयोग गरिने सुरक्षित र प्रभावकारी शल्य चिकित्सा सम्बन्धी तालिम जसमा सहभागीहरुले शल्यचिकित्साको तयारी,उपकरणहरुको प्रयोग र सुरक्षित तरिकाले बन्ध्याकरणगर्ने प्रयोजनार्थ आवश्यक दक्षता विकासको लागि यो तालिम व्यवस्था गरिएको छ । |
| तालिमको उद्देश्य | मिनिल्याप सेवा प्रदान गर्नका लागि सक्षम एवं दक्ष सेवा प्रदायक तयार गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | चिकित्सक र नर्सिङ्ग स्टाफहरु। |
| सहभागी छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण गरेको।<br>• नर्सिङ स्टाफहरुको हकमा कम्तिमा नर्सिङ विषयमा प्रमाणपत्र तह उतिर्ण भएको।<br>• परिवार नियोजन सेवा दिन इच्छुक हुनु पर्नेछ ।<br>• सहभागी छनौट गर्दा स्थायी कर्मचारीहरुलाई प्राथमिकता दिनु पर्नेछ। |
| प्रशिक्षकछनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको।<br>• सम्बन्धित विषयमा तालिम लिएको चिकित्सक र नर्सिङ्ग स्टाफ ।<br>• नर्सिङ स्टाफहरुको हकमा कम्तिमा नर्सिङ विषयमा प्रमाणपत्र तह उतिर्ण भएको ।<br>• सि.टि.एस.तालिम प्राप्त गरी प्रशिक्षण कार्यमा अनुभव भएको । |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| कार्यक्रम सञ्चालन विधि | • तालिम आवश्यक भएको स्वास्थ्य संस्थाहरुमा कार्यरत चिकित्सक र नर्सिङ स्टाफहरुको सुची तयार गर्ने।<br>• कार्यक्रम सञ्चालन गर्ने तालिम साइटसंग समन्वय गरी तालिमको मिति,प्रशिक्षकहरु,क्लिनिकल सामाग्रीहरु र अन्य तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• तालिमको लागि सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• बजेटको परिधिभित्ररही तालिम सञ्चालनको लागि आवश्यक पर्ने क्लिनिकल सामाग्री र अन्य आवश्यक तालिम सामाग्री खरिद गर्ने।<br>• प्रदेश भित्र क्लिनिकल ट्रेनिंङ्ग साइट नभएको वा उपयुक्त तालिम साईट नभएमा र तालिम गुणस्तर सुनिश्चितताको लागि अन्य प्रदेशको ट्रेनिङ्ग साइटसंग समन्वय गरी तालिम सञ्चालन गर्न सकिने। सो कार्यको सुनिश्चितता स्वास्थ्य तालिम केन्द्र स्वयंले गर्नेछ ।<br>• सहभागीहरुको छनौटको अन्यमापदण्डहरु स्वास्थ्य तालिम केन्द्र स्वयंले निर्धारण गर्ने ।<br>• तालिमको अवधिः१२ कार्यदिन, सहभागी संख्या चिकित्सकः २ जना र नर्सिङ्ग स्टाफ २ जना गरी जम्मा ४ जना । |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही बिभिन्न खर्च शीर्षकहरुमा वजेट बाँडफाँड भए बमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | सेवा प्रदायकहरुको मिनिल्याप सम्बन्धीज्ञान, सीप र क्षमतामा विकास भई महिलाहरुको प्रजनन स्वास्थ्यमा सहयोग पुर्याइ सुरक्षित र प्रभावकारी प्रजनन स्वास्थ्य सेवा पुर्याउन मद्दत पुग्नेछ। |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## २.४ चिकित्सकहरूको लागि Non-scalpel vasectomy तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | २५० | पटक | १ | पहिलो,दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| तालिमको संक्षित परिचय | गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्न चिकित्सकहरुलाई सक्षम बनाउन १२ दिने भ्यासेक्टोमी तालिमको लागि यो कार्यक्रमको व्यबस्था गरिएको हो । यसमा दुइ जना सहभागी र दुइ जना प्रशिक्षक हुने छन् । |
| तालिमको उद्देश्य | गुणस्तरीय भ्यासेक्टोमी सेवा प्रदान गर्नको लागि दक्ष सेवा प्रदायक चिकित्सक तयार गर्न । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | यस प्रदेश वा स्थानीय पालिका अन्तगर्त अस्पतालमा कार्यरत चिकित्सकहरु |
| सहभागी छनौटका आधार | • नेपाल मेडिकल परिषद्मा दर्ता भएको चिकित्सक।<br>• विगतमा भ्यासेक्टोमी तालिम नलिएको ।<br>• परिवार नियोजन सेवा दिन इच्छुक हुनु पर्नेछ ।<br>• सहभागी छनौट गर्दा तालिम प्राप्त जनशक्तिको आवश्यकता भएको स्वास्थ्य सस्था वा अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ । |
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भई स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको ।<br>• तालिम लिएको चिकित्सक ।<br>• क्लिनिकल तालिम साईटको प्रशिक्षक मापदण्ड अनुसार ।<br>• सम्बन्धी क्षेत्रमा कम्तिमा १ वर्षको कार्य गरेको । |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश मातहतका अस्पताल, स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय गरि सहभागी छनौट गरि योजना बनाउने । संस्था र सहभागी छनौटको अन्य Criteria हरु स्वास्थ्य तालिम केन्द्र आफैले निर्धारण गर्ने ।<br>• विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा संघ सस्थाहरुको सुची तयार गरि तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने।<br>• महिला तालिम लिईसकेका चिकित्सकहरुलाई तालिममा सहभागी नगराउने ।<br>• राष्ट्रिय वा प्रदेश तालिम निर्देशिका वा कार्यविधि वा प्रोटोकल वा अन्य Practice बमोजिम ब्याच तालिम केन्द्रले विनियोजित बजेटको आधारमा निर्धारण गर्ने र योजना बनाई तालिम सञ्चालन गर्ने ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा Email र फोन जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीत गर्ने ।<br>• बजेटको परिधिभित्र रही तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद र तयार गर्न सकिने छ।<br>• प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुत्त तालिम साईट नभएमा अन्य प्रदेशको ट्रेनिंग साइटसँग समन्वय गरि तालिम सञ्चालन गर्न सकिनेछ । सो को सुनिश्चितता स्वास्थ्य तालिम केन्द्रले गर्नेछ ।<br>• लक्ष्यः एक ब्याच २ जना चिकित्सक सहभागी हुने छन । तालिम अविधि १२ दिन |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | चिकित्सकको ज्ञान, सीप र क्षमतामा विकास भई भ्यासेक्टोमी कार्य गर्न दक्षता हासिल हुनेछ । |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## ३. नवजात शिशु तथा बालरोग व्यवस्थापन सम्बन्धी तालिम

### ३.१ CB-IMNCI ToT

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ४७५ | पटक | १ | पहिलो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | बाल तथा नवजात शिशुको मृत्यु अझै पनि आशातित रुपमा नघटिरहेको सन्दर्भमा हालको दिगो विकासको लक्ष्य २०३० अनुसार नवजात शिशुको मृत्युदर १२ प्रति हजार जीवित जन्ममा र ५ वर्ष मुनिको बच्चाहरुको मृत्यु दर २५ प्रति हजार जीवित जन्ममाघटाउने लक्ष्ये पुरा गर्नको लागि विभिन्न आयामहरु मध्ये नवजात शिशु र बालस्वास्थ्य सेवाको पहुँच र गुणस्तर सुधार गरी दक्ष प्रशिक्षकमार्फतबालस्वास्थ्य तथा नवजात शिशु रुग्णता र मृत्युदरलाइ कम गर्नको लागि यो CBIMNCI प्रशिक्षक प्रशिक्षण तालिमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | नवजातशिशु र बालबालिकाहरुमा स्वास्थ्य समस्याहरुको शिघ्र पहिचान उपचार, रोकथाम र व्यवस्थापनको लागि आवश्यक ज्ञान, सीप र दक्षता सहितको योग्य प्रशिक्षकहरु तयार गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | • नेपाल मेडिकल परिषद्मा दर्ता र नविकरण भएको चिकित्सकहरु।<br>• सम्बन्धित परिषदमा दर्ता र नविकरण भएको स्नातक उतिर्ण नर्सिङ र स्वास्थ्यकर्मीहरु। |
| सहभागी छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता तथा नविकरण भएको चिकित्सक, नर्सिङ कर्मचारी र स्वास्थ्यकर्मीहरु।<br>• नर्सिङ र स्वास्थ्यकर्मीहरुको हकमा कम्तिमा स्नातक तह उत्तीर्ण।<br>• सहभागी छनौट गर्दा तालिम प्राप्त प्रशिक्षक आवश्यक भएको स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी।<br>• सहभागी छनौट गर्दा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्नेछ। |
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता तथा नविकरण भएको।<br>• प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त बालरोग बिशेषज्ञ, मेडिकल अफिसर र अन्य स्वास्थ्य अधिकृतहरु। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| | • सम्बन्धित विषयको प्रशिक्षण कार्यमा कम्तिमा ३ वर्ष कार्य अनुभव भएको । |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोत व्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन विधि | • तालिम प्रशिक्षक आवश्यक भएको स्वास्थ्य संस्थाहरुमा कार्यरत चिकित्सक,नर्सिङ्ग स्टाफ र जनस्वास्थ्यकर्मीहरुको सुची तयार गर्ने।<br>• तालिमको मिति, प्रशिक्षकहरु, क्लिनिकल सामाग्रीहरु र अन्य तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• तालिमको लागि सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चितता गर्ने ।<br>• सहभागीहरुको छनौटको अन्य मापदण्डहरु स्वास्थ्य तालिम केन्द्र स्वयंले निर्धारण गर्ने ।<br>• तालिमको अवधिः६ कार्यदिन र सहभागी संख्याः १६ देखि २० जना सम्म । |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही बिभिन्न खर्च शीर्षकहरुमा वजेट बाँडफाँड भए बमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापन तालिम सञ्चालनको लागि दक्ष जनशक्ति तयार हुनेछ। |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

# ४. संक्रमण, महामारी रोग तथा व्यवस्थापन सम्बन्धी तालिम

## ४.१ सर्पदंश ब्यबस्थापन तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ९०० | पटक | २ | पहिलो,दोस्रो , तेस्रो र चौथो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मीहरुलाई प्रदान गरिने तालिमहरु मध्ये सर्पदंश उपचार व्यवस्थापन तालिम पनि एक हो । विशेषगरी तराईका ग्रामिण क्षेत्रमा सर्पदंशको उच्च जोखिम हुने भएको र यसको समयमै सही उपचार र व्यवस्थापन गर्न अझै पनि चुनौती रहेको हुँदा, स्वास्थ्यकर्मीहरुको लागि सर्पदंश उपचार सम्बन्धी ज्ञान, सीपर दक्षता अभिवृद्धि गर्नको लागि यो तालिमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | चिकित्सक, नर्सिङ्गस्टाफ र स्वास्थ्यकर्मीहरुको सर्पदंश उपचार सम्बन्धी ज्ञान र सीपमा अभिवृद्धि गरि समयमै उचित उपचार,जटिलता व्यवस्थापन र प्रेषण गर्न सक्षम जनशक्ति तयार गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | सर्पदंश उपचारमा संलग्न चिकित्सक, नर्सिङ्ग स्टाफ र स्वास्थ्यकर्मीहरु। |
| सहभागी छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भएको चिकित्सक,नर्सिङ्ग स्टाफ र स्वास्थ्यकर्मीहरु।<br>• सहभागी छनौट गर्दा सर्पदंश उपचारमा संलग्न स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्नेछ । |
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको ।<br>• स्वास्थ्य सम्बन्धी विषयमा कम्तिमा प्रमाणपत्र तह कोर्ष उतिर्ण भएको ।<br>• Critical Care मा कार्यरत चिकित्सकहरु । |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन विधि | • तालिम आवश्यक भएको स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको सुची तयारगर्ने।<br>• कार्यक्रम सञ्चालन गर्ने तालिम साइट संग समन्वय गरी तालिमको मिति,प्रशिक्षकहरु,क्लिनिकल सामाग्रीहरु र अन्य तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• स्वास्थ्य संस्थामा कम्तिमा २ जना दक्ष सेवा प्रदायक तयार हुनेगरि कार्यक्रमको योजना बनाउने ।<br>• सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• प्रदेश भित्र क्लिनिकल ट्रेनिंङ्ग साइट नभएको वा उपयुक्त तालिम साईट नभएमा र तालिम गुणस्तर सुनिश्चितताको लागि अन्य प्रदेशको ट्रेनिङ्ग साइटसंग समन्वय गरि तालिम सञ्चालन गर्न सकिने। सो कार्यको सुनिश्चितता स्वास्थ्य तालिम केन्द्र स्वयंले गर्नेछ ।<br>• सहभागीहरुको छनौटको अन्यमापदण्डहरु स्वास्थ्य तालिम केन्द्र स्वयंले निर्धारण गर्ने ।<br>• तालिमको अवधिः३ कार्यदिन र सहभागी संख्याः २० देखि २५जना। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही बिभिन्न खर्च शीर्षकहरुमा वजेट वाँडफाँड भएबमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | सेवा प्रदायकहरुको सर्पदंश व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र क्षमतामा विकास भइ सर्पदंश उपचार व्यवस्थापनको गुणस्तरमा अभिवृद्धि हुनेछ। |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

## ४.२ Comprehensive Leprosy Training (CLT)

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ६०० | पटक | १ | पहिलो,दोस्रो , तेस्रो र चौथो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | समुदायमा रहेका कुष्ठरोगीको शीघ्र पहिचान,उपचार,परामर्श,प्रेषण र रोग निवारणको लागि स्थानीय स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई कुष्ठरोग सम्बन्धी तालिमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | • कुष्ठरोगी धेरै भएका जिल्लाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई कुष्ठरोगीको शीघ्र पहिचान, उपचार परामर्श र प्रेषण गर्न योग्य बनाउने ज्ञान,सीप र क्षमतामा अभिवृद्धि गर्ने।<br>• समाजमा कुष्ठरोगको बारेमा रहेको लान्छना, भेदभाव र गलत धारणाहरु हटाउन आवश्यक ज्ञान, सीप र क्षमतामा अभिवृद्धि गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | मेडिकल अफिसर, नर्सिङ्ग तथा स्वास्थ्यकर्मीहरु । |
| सहभागी छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भएको ।<br>• कम्तिमा अहेव / अ.न.मी. कोर्ष उत्तीर्ण भएको।<br>• कुष्ठरोगीको बिरामी संख्या बढि भएका जिल्लाहरुलाई प्राथमिकता दिनुपर्ने । |
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको ।<br>• कुष्ठरोग सम्बन्धी तालिम प्राप्त गरि प्रशिक्षण कार्यमा संलग्न स्वास्थ्यकर्मीहरु। |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन विधि | • तालिम आवश्यक भएको स्वास्थ्य संस्थाहरुमा कार्यरत नर्सिङ स्टाफ र स्वास्थ्यकर्मीहरुको सुची तयार गर्ने।<br>• कार्यक्रम सञ्चालन गर्ने संस्था र अस्पतालसंग समन्वय गरी तालिमको मिति, प्रशिक्षकहरु,क्लिनिकल सामाग्रीहरु र अन्य तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• तालिमको लागि सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चीतता गर्ने । |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| | • सहभागीहरुको छनौटको अन्यमापदण्डहरु स्वास्थ्य तालिम केन्द्र स्वयंले निर्धारण गर्ने ।<br>• तालिमको अवधिः५ कार्यदिन र सहभागी संख्याः१५ देखि २० जना सम्म। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही बिभिन्न खर्च शीर्षकहरुमा वजेट बाँडफाँड भए बमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | कुष्ठरोगीको शीघ्र पहिचान, उपचार, परामर्श र प्रेषण गर्न ज्ञान, सीप र क्षमतामा अभिवृद्धि गरि दक्ष जनशक्ति मार्फत कुष्ठरोग निवारण कार्यमा टेवा पुग्नेछ । |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## ४.३ Neglected Tropical Disease Training

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ८०० | पटक | २ | पहिलो,दोस्रो , तेस्रो र चौथो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | उपेक्षित उष्णप्रदेशीय रोगहरू (Neglected Tropical Diseases — NTDs) विश्वका गरिब तथा सीमान्तकृत समुदायहरूमा विशेष गरी प्रचलित रोगहरू हुन्, जुन प्रायः विकासोन्मुख देशहरूमा देखिन्छन् । नेपालमा समेत लिम्फाटिक फिलारियासिस, कालाजार, सिस्टोसोमायसिस, ट्रकोमा, तथा सर्पदंश लगायतका केही उपेक्षित उष्ण उष्णप्रदेशीय रोगहरू पहिचान गरिएका छन् । यस सन्दर्भमा, उपेक्षित उष्णप्रदेशीय रोगहरूको नियन्त्रण, रोकथाम, शीघ्र पहिचान, उपचारमा कार्यरत स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्नका लागि तालिमको व्यवस्था गरिएको हो । |
| उद्देश्य | स्वास्थ्यकर्मीहरुलाई उपेक्षित उष्णप्रदेशीय रोगको शीघ्र पहिचान, उपचार परामर्श र प्रेषण गर्न योग्य बनाउने ज्ञान,सीप र क्षमतामा अभिवृद्धि गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | नर्सिङ्ग तथा स्वास्थ्यकर्मीहरु। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| सहभागी छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भएको ।<br>• कम्तिमा अहेव / अ.न.मी. कोर्ष उत्तीर्ण भएको। |
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको।<br>• उपेक्षित उष्णप्रदेशीय रोग सम्बन्धी तालिम प्राप्त गरि प्रशिक्षण कार्यमा संलग्न स्वास्थ्यकर्मीहरु । |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन विधि | • तालिम आवश्यक भएको स्वास्थ्य संस्थाहरुमा कार्यरत नर्सिङ स्टाफ र स्वास्थ्यकर्मीहरुको सूची तयार गर्ने।<br>• कार्यक्रम सञ्चालन गर्ने संस्था र अस्पतालसंग समन्वय गरी तालिमको मिति,प्रशिक्षकहरु,क्लिनिकल सामाग्रीहरु र अन्य तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• तालिमको लागि सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• सहभागीहरुको छनौटको अन्यमापदण्डहरु स्वास्थ्य तालिम केन्द्र स्वयंले निर्धारण गर्ने ।<br>• तालिमको अवधिः३ कार्यदिन र सहभागी संख्याः१८ देखि २० जना सम्म । |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही बिभिन्न खर्च शीर्षकहरुमा वजेट वाँडफाँड भए बमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | उपेक्षित उष्णप्रदेशीय रोग सम्बन्धी शीघ्र पहिचान, उपचार, परामर्श र प्रेषण गर्न ज्ञान, सीप र क्षमतामा अभिवृद्धि गरि दक्ष जनशक्ति मार्फत कुष्ठरोग निवारण कार्यमा टेवा पर्याउने। |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## ४.४ क्षयरोग सम्बन्धी मोडुलर तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ९०० | पटक | २ | पहिलो,दोस्रो , तेस्रो र चौथो |
| उपशीर्षक | विवरण | | | |
| परिचय | क्षयरोग उपचार केन्द्रमा नयाँ नियुक्ति, सरूवा भई आएका वा कार्यरत रही तालिम नपाएका स्वास्थ्यकर्मीहरूलाई क्षयरोग उपचार सम्बन्धी ज्ञान, सीपर दक्षता अभिवृद्धि गरी क्षयरोगको उचित निदान तथा उपचार व्यवस्थापनको माध्यमबाट क्षयरोग मुक्त अभियान सफल बनाउनका लागि यो तालिमको व्यवस्था गरिएको छ। | | | |
| उद्देश्य | क्षयरोगको उचित निदान तथा उपचार व्यवस्थापनको माध्यमबाट क्षयरोग मुक्त अभियान सफल बानउने। | | | |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। | | | |
| लक्षित समुह | क्षयरोग उपचार केन्द्रमा कार्यरत र क्षयरोग निदान तथा उपचार व्यवस्थापनमा प्रत्यक्ष संलग्न स्वास्थ्यकर्मीहरू | | | |
| सहभागी छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भएको स्वास्थ्यकर्मीहरु।<br>• सहभागी छनौट गर्दा क्षयरोग उपचारमा संलग्न स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्नेछ । | | | |
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको वा क्षयरोग सम्बन्धी तालिममा संलग्न जनशक्ति।<br>• DOTs मा कार्यरत चिकित्सक वा स्वास्थ्यकर्मीहरू<br>• क्षयरोग सम्बन्धी आधारभुत तालिम लिई GTS तालिम लिएका व्यक्तिहरू। | | | |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च | | | |
| कार्यक्रम सञ्चालन विधि | • तालिम आवश्यक भएको स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको सुची तयारगर्ने।<br>• कार्यक्रम सञ्चालन गर्न समन्वय गरी तालिमको मिति,प्रशिक्षकहरु,क्लिनिकल सामाग्रीहरु र अन्य तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चीतता गर्ने । | | | |

| | |
|---|---|
| | • सहभागीहरुको छनौटको अन्यमापदण्डहरु स्वास्थ्य तालिम केन्द्र स्वयंले निर्धारण गर्ने ।<br>• तालिमको अवधिः३ कार्यदिन र सहभागी संख्याः २० देखि २५जना। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही बिभिन्न खर्च शीर्षकहरुमा वजेट वाँडफाँड भएबमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | सेवा प्रदायकहरुको सर्पदंश व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र क्षमतामा विकास भइ क्षयरोग उपचार व्यवस्थापनको गुणस्तरमा अभिवृद्धि हुनेछ। |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

### ४.५ Syndromic case management of STI तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ५०० | पटक | १ | पहिलो,दोस्रो , तेस्रो र चौथो |
| उपशीर्षक | विवरण | | | |
| परिचय | सेवा प्रदायकहरूलाई यौन संक्रामक रोग (STI) सम्बन्धी आबश्यक ज्ञान, सीप तथा व्यवहारमा सक्षम बनाउने उद्देश्यले यो तालिमको व्यवस्था गरिएको छ। यस तालिमबाट सेवा प्रदायकहरूलाई यौन संक्रामक रोग (STI) को पहिचान, रोकथाम, उपचार तथा परामर्धश गर्ने क्षमता अभिबृद्धि गर्ने लक्ष्य लिइएको छ। | | | |
| उद्देश्य | सेवा प्रदायकहरूमा यौन संक्रामक रोग (STI) सम्बन्धी आधारभुत ज्ञान प्रदान गर्नुका साथै पूर्वज्ञानलाई अध्याबधिक गर्ने। रोगको पहिचान, उपचार तथा प्रेषण व्यवस्थापनको क्षमता विकास गरी गोपनियता कायम राख्दै भेदभावरहित सेवाको माध्यमबाट समुदायमा यौनरिग सम्बन्धी सचेतना अभिबृद्धि गर्ने। | | | |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। | | | |
| लक्षित समुह | यौनरोग उपचार तथा व्यवस्थापनमा प्रत्यक्ष संलग्न स्वास्थ्यकर्मीहरू | | | |
| सहभागी छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भएको स्वास्थ्यकर्मीहरु।<br>• सहभागी छनौट गर्दा यौनरोग उपचारमा संलग्न स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्नेछ । | | | |

| | |
|---|---|
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको वा यौनरोग सम्बन्धी तालिममा संलग्न जनशक्ति।<br>• सम्बन्धित बिषयमा कार्यरत चिकित्सक वा स्वास्थ्यकर्मीहरू।<br>• यौनरोग सम्बन्धी आधारभुत तालिम लिई GTS तालिम लिएका व्यक्तिहरू। |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन विधि | • तालिम आवश्यक भएको स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको सुची तयारगर्ने।<br>• कार्यक्रम सञ्चालन गर्न समन्वय गरी तालिमको मिति,प्रशिक्षकहरु,क्लिनिकल सामाग्रीहरु र अन्य तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• सहभागीहरुको छनौटको अन्य मापदण्डहरु स्वास्थ्य तालिम केन्द्र स्वयंले निर्धारण गर्ने ।<br>• तालिमको अवधिः४ कार्यदिन र सहभागी संख्याः २० देखि २५जना। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही बिभिन्न खर्च शीर्षकहरुमा वजेट बाँडफाँड भएबमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | सेवा प्रदायकहरुको सर्पदंश व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र क्षमतामा विकास भइ यौनरोग उपचार व्यवस्थापनको गुणस्तरमा अभिवृद्धि हुनेछ। |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

# ५. मानसिक स्वास्थ्य तथा नसर्ने रोग सम्बन्धी तालिम

## ५.१ मानसिक स्वास्थ्य सम्बन्धी मोड्युल २A तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ५५० | पटक | १ | दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत विशेषज्ञ चिकित्सक(एम.डि.जि.पी.) /मेडिकल अफिसरहरुले मानसिक रोग सम्बन्धी रोगको पहिचान गरी सो अनुसार उपचार, परामर्श तथा प्रेषण सेवा सहित उपयुक्त व्यवस्थापनको लागि आवश्यक ज्ञान, सीप र क्षमता विकास गर्न मानसिक स्वास्थ्य सम्बन्धी मोडुल २A तालिमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | जिल्ला स्तरमा (ग्रामिण क्षेत्र) जहाँ मानसिक रोग विशेषज्ञ उपलब्ध छैन उक्त स्थानका अन्य चिकित्सकहरुलाई मानसिकस्वास्थ्य सम्बन्धी मोडुल २Aप्रदान गरीमानसिक रोग सम्बन्धी दक्ष सेवा प्रदायक तयार गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | प्रदेश तथा स्थानीय तहका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्रर अन्य स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकहरु (मेडिकल अफिसर तथा एम.डि.जि.पी.)। |
| सहभागी छनौटका आधार | • नेपाल मेडिकल परिषद्मा दर्ता र नविकरणभएका चिकित्सकहरु।<br>• एक स्वास्थ्य संस्थामा न्युनतम एक मानसिक स्वास्थ्य सेवा प्रदायक सुनिश्चित हुने गरी छनौट गर्ने।<br>• सहभागी छनौट गर्दा स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्ने । |
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको ।<br>• mhGAP को तालिमलिएका मानसिक रोग विशेषज्ञ।<br>• क्लिनिकल साइकोलोजिस्टले समेत प्रशिक्षकको रुपमा कार्य गर्न सक्नेछन।<br>• मानसिक स्वास्थ्यको क्षेत्रमा ३ वर्ष अनुभव भएको हुनुपर्ने । |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| कार्यक्रम सञ्चालन विधि | • तालिम आवश्यक भएको स्वास्थ्य संस्थाहरुमा कार्यरत चिकित्सकहरुको सुची तयार गर्ने।<br>• तालिमको मिति,प्रशिक्षकहरु, तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• तालिमको लागि सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• सहभागीहरुको छनौटको अन्य मापदण्डहरु स्वास्थ्य तालिम केन्द्र स्वयंले निर्धारण गर्ने ।<br>• तालिमको अवधिः ५ कार्यदिन र सहभागी संख्याः १६ देखि २० जना। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही बिभिन्न खर्च शीर्षकहरुमा वजेट बाँडफाँड भए बमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | मानसिक स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्नका लागि दक्ष जनशक्ति तयार हुनेछ। |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

५.३ जनस्वास्थ्य कार्यक्रम व्यवस्थापकहरूको लागि मानसिक स्वास्थ्य सम्बन्धि तालिम (Mental Health Training for Public Health Managers)

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ९५० | पटक | २ | दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | प्रदेशको प्रादेशिक तथा जिल्लास्थित स्वास्थ्य संस्थाहरुमा कार्यरत कार्यक्रम व्यवस्थापकहरूलाई मानसिक रोग सम्बन्धी रोगको व्यवस्थापनको लागि आवश्यक ज्ञान, सीप र क्षमता विकास गर्न मानसिक स्वास्थ्य सम्बन्धी यो तालिमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | कार्यक्रम व्यवस्थापकहरूमा मानसिक रोग सम्बन्धी रोगको व्यवस्थापकिय क्षमता अभिबृद्धि गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | प्रदेश स्थित स्वास्थ्य संस्थाहरुमा कार्यरत कार्यक्रम व्यवसतापकहरू। |
| कार्यक्रम सञ्चालन विधि | • मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम व्यवस्थापकहरूको सूचि तयार गर्ने।<br>• सूचि अनुसारको कार्यक्रम व्यवस्थापकहरूलाई कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालनको लागि आवश्यक समन्वय र व्यवस्थापन गर्ने।<br>• सहभागी संख्या राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको निर्देशिका अनुसार। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधिभित्र रही विभिन्न खर्च शीर्षकहरुमा वजेट वाँडफाँड भए बमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलव्धी | तालिम प्राप्त स्वास्थ्यकर्मी/ मनोपरामर्शकर्ताले सेवा प्रदान गर्दा आईपरेका प्राविधिक समस्याहरुका बारेमा पहिचान तथा मुल्यङ्कन गरी समाधानको उपायहरु लागु गरि गुणस्तरीय मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने |
| अनुगमन र मुल्याङ्कनको सूचक | अनुगमन गरिएका स्वास्थ्य संस्था तथा सहभागी संख्या र मेन्टोरिंगमा सहभागी को प्रतिवेदन |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## ६. उपचारात्मक सेवा सम्बन्धी तालिम

### ६.१ Primary Trauma Care (PTC) तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ६०० | पटक | १ | पहिलो,दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | स्वास्थ्यकर्मीहरूमा चोटपटक लागेका बिरामीहरूको पहिचान तथा उपचार गर्न आवश्यक ज्ञान तथा सीप अभिवृद्धि गर्ने। त्यस्ता बिरामीहरूको तत्काल पहिचान, Resuscitation र चोटपटक लागेका अंगहरूलाई स्थिरता प्रदान गर्न र ज्यान जोखिममा पर्नसक्ने विशेष अवस्थाहरूको शीघ्र पहिचान र उपचारको आवश्यकतालाई ध्यानमा राखी प्रेषण व्यवस्थापन मिलाउन यस तालिमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | शीघ्र एवं प्रभावकारी चिकित्सा सेवाबाट चोटपटकको कारणले हुनसक्ने अपाङ्गता तथा मृत्यु न्यूनीकरण गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | स्वास्थ्य संस्था तथा अस्पतालमा कार्यरत चिकित्सक, नर्सिंग, पारामेडिक्स |
| सहभागी छनौटका आधार | • कम्तिमा स्टाफनर्स/अ.हे.ब./हे.अ./MBBS कोर्ष उतीर्ण गरि सम्बन्धित परिषद्मा दर्ता वा नविकरण भएको।<br>• आकस्मिक कक्षमा कार्यरत कर्मचारीलाई ग्राहयता दिनुपर्ने । |
| प्रशिक्षक छनौटको आधार | • सम्बन्धित परिषद्मा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको ।<br>• यस सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त, विषयविज्ञ चिकित्सक, नर्सिंग (स्टाफ नर्स, वा सो बन्दा माथिल्लो योग्यता भएका) हुनुपर्ने । |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन विधि | • PTC तालिम आवश्यक भएको स्वास्थ्यकर्मीको सुची तयार गर्ने।<br>• तालिम सञ्चालन गर्ने तालिम साईटसँग समन्वय गरी तालिमको मिति, प्रशिक्षकहरु, क्लिनिकल सामाग्रीहरु र अन्य तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• प्रदेश भित्रका अस्पताल वा स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थासँग समन्वय गरि कम्तिमा १ जना दक्ष जनशक्ति हुने गरि तालिम नलिएका स्वास्थ्यकर्मीको पहिचान गरि कार्यक्रमको योजना बनाउने ।<br>• तालिमको लागि सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• सहभागीहरुको छनौटको अन्य मापदण्डहरु स्वास्थ्य तालिम केन्द्र स्वयंमले निर्धारण गर्ने ।<br>• तालिमको अवधि ३  कार्यदिन र सहभागी संख्याः १६-२० जना |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधिभित्र रही  बिभिन्न खर्च शीर्षकहरुमा वजेट वाँडफाँड भए बमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | सहभागिहरुले गुणस्तरीय आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न सक्षम हुनेछन् । |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च,  बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## ६.२ एम्बुलेन्स ड्राइभर तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ११०० | पटक | २ | पहिलो,दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | देशभरी रहेका एम्बुलेन्सहरुलाइ एकद्वार प्राणालीबाट छिटो र छरितो रुपमा घाइते वा बिरामीहरुलाई अस्पताल पुर्याउनु अगावै आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गर्नका लागिनेपाल सरकारबाट जारी भएको राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०८२ बमोजिम एम्बुलेन्स चालकको Pre-Hospital Care सम्बन्धी दक्षता अभिवृद्धी गर्न यो तालिमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | पूर्व अस्पताल सेवा प्रभावकारी रुपमा प्रदान गरी बिरामी तथा घाइतेहरुको जीवन रक्षाका लागि एम्बुलेन्स चालकहरुको आवश्यक ज्ञान,सीप र दक्षता अभिवृद्धी गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | निजि तथा सामुदायिक स्वास्थ्य संस्थामा कार्यरत एम्बुलेन्स चालकहरु। |
| सहभागी छनौटका आधार | • सवारी चालक प्रमाण पत्र लिएको ।<br>• सवारी चालकको रुपमा न्युनतम पाँच वर्षको अनुभव प्राप्त गरेको ।<br>• २५ वर्ष उमेर पुरा भएको ।<br>• राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०८२ को बमोजिमको आचारसंहिता पुरा भएको । |
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको ।<br>• प्रशिक्षक प्रशिक्षण तालिम लिएका चिकित्सक,स्वास्थ्यकर्मी र नर्सिङ स्टाफहरु।<br>• श्रोत व्यक्तीको रुपमा ट्राफिक प्रहरीलाई आमन्त्रित गर्न सकिने छ । |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन विधि | • स्वास्थ्य कार्यालय र एम्बुलेन्स चालक संघ मार्फत तालिम आवश्यक भएको स्वास्थ्य संस्थाको सुची तयार गर्ने<br>• तालिमको मिति,प्रशिक्षकहरु,क्लिनिकल सामाग्रीहरु र अन्य तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने । |

| | |
|---|---|
| | • तालिमको लागि सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र (ईमेल र फोन दुवै) मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• सहभागीहरुको छनौटको अन्य मापदण्डहरु स्वास्थ्य तालिम केन्द्र स्वयंले निर्धारण गर्ने ।<br>• तालिमको अवधिः३ कार्यदिन र सहभागी संख्याः१४ देखि १६ जना सम्म। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही बिभिन्न खर्च शीर्षकहरुमा वजेट वाँडफाँड भएबमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | बिरामी र घाइतेको जीवन रक्षा एवम् गुणस्तरीय एम्बुलेन्स सेवा प्रदान गर्न सक्ने दक्ष एम्बुलेन्स चालक तयार हुनेछ। |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

### ६.३ Basic Physiotherapy Training

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ५०० | पटक | १ | पहिलो,दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| तालिमको संक्षित परिचय | प्रदेश सरकारले प्रत्येक अस्पतालमा कम्तिमा आधारभुत फिजियोथेरापी सेवा सञ्चालनको लागि फिजियोथेरापी युनिट सञ्चालन गरि फिजियोथेरापी सेवा प्रदान गर्नको लागि यो तालिम आवश्यक परेको हो । यो तालिम क्रमर्श आयुर्वेद स्वास्थ् केन्द्र वा अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मि र नर्सिङ कर्मचारीलाइ ५ दिनको तालिम सञ्चालन हुनेछ। |
| तालिमको उदेश्य | फिजियोथेरापी सञ्चालन भएको भविश्यमा फिजियोथेरापी सेवा सञ्चालन गर्ने स्वास्थ्य सस्थाका कर्मचारीहरुलाइ फिजियोथेरापी सम्बन्धी ज्ञान सीप र क्षमताको अभिवृदि गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र लुम्बिनी प्रदेश। |
| लक्षित समुह | तालिम नलिएका स्वास्थ्य कर्मि तथा नर्सिङ स्टाफहरु |
| सहभागी छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता भएको स्वास्थ्यकर्मिहरु तथा नर्सिङ कर्मचारीहरु।<br>• बिगतमा तालिम नलिएको ।<br>• सम्बन्धि सेवा दिन इच्छुक हुनु पर्ने छ । |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| प्रशिक्षक तथा संयोजक छनौटका आधार | • तालिम लिएको स्वास्थ्यकर्मि तथा नर्सिङ कर्मचारिहरु ।<br>• क्लिनिकल तालिम साईटको प्रशिक्षक मापदण्ड अनुसार प्रशिक्षक छनौट हुने ।<br>• सम्बन्धि क्षेत्रमा कम्तिमा १ वर्षको कार्य गरेको । |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश मातहतका अस्पताल, स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय गरि सहभागी छनौट गरि योजना बनाउने । संस्था र सहभागी छनौटको अन्य Criteria हरु स्वास्थ्य तालिम केन्द्र आफैले निर्धारण गर्ने ।<br>• त्यसपछि दुर्गमका स्वास्थ्य सस्था जहाँ धैरै सेवाग्राही (WRA) को संख्या लाई प्राथमिकतामा राखेर तयार गर्नुपर्नेछ । सहभागी गराउदा महिला लाई प्राथमिकता दिनुपर्नेछ ।<br>• विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा स्वास्थ्य सस्थाहरुको सुची तयार गरि तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने।<br>• पहिला तालिम लिईसकेका चिकित्सक तथा नर्सिङ स्टाफहरुलाई तालिममा सहभागी नगराउने ।<br>• राष्ट्रिय वा प्रदेश तालिम निर्देशिका वा कार्यविधि वा प्रोटोकल वा अन्य Practice बमोजिम ब्याच तालिम केन्द्रले विनियोजित बजेटको आधारमा निर्धारण गर्ने र योजना बनाई तालिम सञ्चालन गर्ने ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा Email र फोन वा दुवै मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• बजेटको परिधिभित्र रहि तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद र तयार गर्न सकिने छ ।<br>• सहभागीले तालिम पश्चात स्वास्थ्य संस्था वा आफु कार्यरत सस्थामा गईसके पश्चात १ महिनाभित्र संस्थाको सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको सीप र ज्ञानको अनुभव आदान प्रदान गर्ने र सो को अनुगमन स्वास्थ्य तालिम केन्द्रले गर्नुपर्नेछ ।<br>• प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुत्त तालिम साईट नभएमा अन्य प्रदेशको ट्रेनिंग साइटसँग समन्वय गरि तालिम सञ्चालन गर्न सकिनेछ । सो को सुनिश्चितता स्वास्थ्य तालिम केन्द्रले गर्नेछ । |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाडफाड गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | स्वास्थ्यकर्मि तथा नर्सिङ स्टाफहरुको ज्ञान, सीप र क्षमतामा विकास भई फिजियोथेरापी सेवा प्रदान कार्य गर्न दक्षता हासिल हुनेछ । |

| | |
|---|---|
| अनुगमन र मुल्याङ्कन | १. मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरियताको अनुगमन गर्नेछ ।<br>२. तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मूल्याङ्कन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ । |
| प्रतिवेदन | • कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले वा तालिम संयोजकले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सञ्चालन पश्चात तालिम केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्नेछ<br>• कार्यक्रम सम्पन्न भएपछि तालिम केन्द्रले कार्यकमको संक्षिप्त प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ |

## ६.४ नर्सिङ कर्मचारीहरुका लागि हेमोडाइलाइसिस तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | १५०० | पटक | १ | पहिलो,दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | डाइलाइसिस एक चिकित्सा पद्धति हो जसमा मृगौलाले काम गर्न छोड्दा शरीरमा विषालु पदार्थ, अत्याधिक पानी,पोटासियम र अन्य तत्वहरु जम्मा हुन्छन् ।शरीरमा भएको अनावश्यक तत्वहरु छानेर फाल्ने विधिलाई डाइलाइसिस भनिन्छ।यस कार्यका लागि आवश्यक ज्ञान र सीप प्रदान गरि डाइलाइसिसका विभिन्न पक्षहरु, उपकरणहरुको प्रयोग र बिरामीहरुको हेरचाहका लागि दक्षता अभिवृद्धि गरि अस्पतालमा गुणस्तरीय डाइलाइसिस सेवा प्रदान गर्न नर्सिङ कर्मचारीहरुको महत्वपूर्ण भुमिका रहेको हुनाले यो तालिमको ब्यबस्था गरिएको छ । |
| उद्देश्य | गुणस्तरीय हेमोडाइलाइसिस सेवा प्रदान गर्ने नर्सिङ कर्मचारीहरुमा सीप, दक्षता र क्षमताको विकास गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | प्रदेश भित्र र स्थानीय तह अन्तर्गतका अस्पतालमा कार्यरत नर्सिङ्ग कर्मचारीहरु (आवश्यकता अनुसार संस्थागत,सामुदायिक तथा निजि अस्पतालमा कार्यरत नर्सिङ्ग कर्मचारीहरुलाई पनि तालिममा समावेश गर्न सकिनेछ) |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| सहभागी छनौटका आधार | • कम्तिमा स्टाफनर्स कोर्ष उतीर्ण गरि नेपाल नर्सिङ्ग परिषद्मा दर्ता र नविकरणभएको।<br>• डाइलाइसिस सेवामा कार्यरत नर्सिङ कर्मचारी हुनुपर्ने।<br>• सहभागी छनौट गर्दा डाइलोसिस सेवा आवश्यक र सेवा सुचारु भईरहेकोअस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्नेछ ।<br>• सहभागी संख्याः १०-१४ |
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको ।<br>• सि.टि.एस.तालिम लिएको चिकित्सक वा नर्सिङ स्टाफ हुनुपर्ने ।<br>• हेमोडाइलासिस विषयमा अनिवार्य तालिम लिएको हुनुपर्ने ।<br>• क्लिनिकल तालिम साईटको प्रशिक्षक मापदण्ड अनुसार प्रशिक्षक छनौट हुने । |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन विधि | • हेमोडाइलासिस सेवा सञ्चालन भइरहेको वा सञ्चालनको प्रक्रियामा रहेको अस्पतालसँग समन्वय गरि सहभागी छनौट गरि योजना बनाउने।<br>• विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा स्वास्थ्य सस्थाहरुको सुची तयार गरि तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने।<br>• सहभागीको सुची तयार गर्दा पहिला प्रदेश मातहतका अस्पतालमा वा धेरै सेवाग्राहीको संख्या भएका स्वास्थ्य संस्थाहरुलाई प्राथमिकतामा राखेर तयार गर्नुपर्ने।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र दुवै मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चितता गर्ने ।<br>• प्रदेश भित्र क्लिनिकल ट्रेनिंङ्ग साइट नभएको वा उपयुक्त तालिम साईट नभएको खण्डमा तालिम गुणस्तर सुनिस्चितताको लागि अन्य प्रदेशको ट्रेनिङ्ग साइटसंग समन्वय गरि तालिम सञ्चालन गर्न सकिने । सो को सुनिश्चित स्वास्थ्य तालिम स्वयंले गर्नेछ।<br>• सहभागीहरुको छनौटको अन्य मापदण्डहरु स्वास्थ्य तालिम केन्द्र स्वयंले निर्धारण गर्ने।<br>• तालिमको अवधिः९० कार्यदिन, सहभागी संख्याः १० देखि १४ जना सम्म । |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही बिभिन्न खर्च शीर्षकहरुमा वजेट वाँडफाँड भए बमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| अपेक्षित उपलव्धी | गुणस्तरीय हेमोडाइलाइसिस सेवा प्रदान गर्ने नर्सिङ कर्मचारीहरुको सीप, दक्षता र क्षमता विकास हुनेछ। |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## ६.५ मेडिकल अधिकृतहरूको लागि अपाङ्गता व्यवस्थापन तथा पुनर्स्थापान सम्बन्धी तालिम

| खर्च शीर्षक नं | बजेट रु हजारमा | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ९०० | पटक | १ | पहिलो,दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा कार्यरत मेडिकल अफिसरहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको समयमै पहिचान,वर्गीकरण उचित व्यवस्थापन, आवश्यक पुनर्स्थापना सेवा प्रदान तथा उपयुक्त तहमा प्रेषण गर्न सक्षम बनाई अपाङ्गताको असर न्यूनीकरण, कार्यक्षमता अभिवृद्धि र जीवनस्तर सुधार गर्ने उद्देश्यले यो अपाङ्गता व्यवस्थापन तथा पुनर्स्थापना सम्बन्धी ५ दिने तालिमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | आधारभूत अस्पताल/प्राथमिक स्वास्थ्य तहमा कार्यरत मेडिकल अफिसरहरूलाई अपाङ्गता समावेशी स्वास्थ्य, पुनर्स्थापना तथा सहायक सामग्री सेवा प्रवाहसम्बन्धी आवश्यक ज्ञान, सीप र क्षमता विकास गर्नु।<br>पुनर्स्थापना तथा सहायक सामग्री सेवालाई प्राथमिक स्वास्थ्य सेवामा समाहित गरी नागरिकको पहुँच घरदैलोसम्म विस्तार गर्नु। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | सम्बन्धित परिषदमा दर्ता र नविकरण भएका अस्पताल तथा स्थानीय स्वास्थ्य संस्थामा कार्यरत मेडिकल अधिकृतहरू। |
| सहभागी छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भएका मेडिकल अधिकृतहरु।<br>• जलनको उपचारमा संलग्न हुने स्वास्थ्यकर्मीहरु।<br>• सहभागी छनौट गर्दा स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्नेछ। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| प्रशिक्षकछनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको । <br> • CTS/GTSतालिम प्राप्त गरी प्रशिक्षण कार्यमा अनुभव भएको। |
| खर्च क्षेत्र | • दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च <br> • संघीय सरकारबाट उक्त कार्यक्रमका लागि विनियोजित बजेट तालिम सञ्चालनका लागि अपर्याप्त भएकाले कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न प्रदेश सरकारबाट विनियोजित बजेट बाट आवश्यक थप रकम व्वस्थापन गरी तालिम सञ्चालन गरिनेछ। |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेशका पुनर्स्थापना केन्द्र/पुनर्स्थापना अस्पतालमा व्यावहारिक (Practical) सहित तालिम सञ्चालन गर्ने। <br> • तालिमको मिति, प्रशिक्षकहरु र तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने। <br> • सहभागीहरू आधारभूत अस्पताल वा प्राथमिक स्वास्थ्य तहमा कार्यरत स्वास्थ्यकर्मी हुनुपर्ने। <br> • तालिम अपाङ्गता तथा पुनर्स्थापना सम्बन्धी ५ दिने तालिम प्राप्त चिकित्सक, पुनर्स्थापना स्वास्थ्यकर्मी वा विषय विशेषज्ञ बाट सञ्चालन गर्ने। <br> • आवश्यक निर्देशिका, सहभागी पुस्तिका तथा तालिम सामग्री ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD) सँग समन्वय गरी प्रयोग गर्ने। <br> • तालिमको लागि सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चितता गर्ने । <br> • प्रत्येक समूहमा स्थानीय तहका स्वास्थ्य संस्थाबाट १५—२० जना स्वास्थ्यकर्मी सहभागी गराउने। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही बिभिन्न खर्च शीर्षकहरुमा वजेट वाँडफाँड भएबमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | • पुनर्स्थापना तथा सहायक सामग्री सेवामा नागरिकको पहुँच र उपयोग बढ्ने। <br> • अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य, कार्यक्षमता र सम्मानपूर्वक जीवनयापनको अधिकार सुनिश्चित हुने। <br> • समुदायमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको समयमै पहिचान, उपचार, पुनर्स्थापना तथा व्यवस्थापन हुने। |

| | |
|---|---|
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

### ६.६ Burn Care Management Training

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ४५० | पटक | १ | पहिलो,दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | जलनका विरामीहरूको उपचार, व्यवस्थापन तथा उचित प्रेषण गरी बिरामिको जीवन रक्षा गर्न, रुग्णता घटाउन र अपाङ्गता रोकथाम गर्न अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यक्रमीहरूलाई लक्षित गरी यो तालिम व्यवस्था गरिएको हो। |
| उद्देश्य | जलनका बिरामीहरूको उपचारको लागि बिसिष्टिकृत अस्पतालको सेवा उपलब्ध नहुँदा स्वास्थ्य अवस्था झन खराब नहोस र सुरक्षित तथा गुणस्तरीय उपचार प्रदान गरी आवश्यक भए मात्र सुरक्षित प्रेषण व्यवस्थापन गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | सम्बन्धित परिषदमा दर्ता वा नविकरण भएका अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत जलनको उपचारमा संलग्न हुने स्वास्थ्यकर्मीहरु। |
| सहभागी छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता वा नविकरण भएका स्वास्थ्यकर्मीहरु।<br>• जलनको उपचारमा संलग्न हुने स्वास्थ्यकर्मीहरु।<br>• सहभागी छनौट गर्दा स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्नेछ। |
| प्रशिक्षकछनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको ।<br>• CTS/GTS तालिम प्राप्त गरी प्रशिक्षण कार्यमा अनुभव भएको। |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| कार्यक्रम सञ्चालन विधि | • तालिम आवश्यक भएको स्वास्थ्य संस्थाहरुमा कार्यरत सस्वास्थ्यकर्मीहरुको सुची तयार गर्ने।<br>• तालिमको मिति, प्रशिक्षकहरु र तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• स्वास्थ्य कार्यालयसंग समन्वय गरि स्वास्थ्य संस्थामा कम्तिमा १ जना तालिम प्राप्त दक्ष जनशक्ति तयार हुनेगरि कार्यक्रमको योजना बनाउने ।<br>• तालिमको लागि सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चितता गर्ने ।<br>• सहभागीहरुको छनौटको अन्य मापदण्डहरु स्वास्थ्य तालिम केन्द्र स्वयंले निर्धारण गर्ने ।<br>• तालिमको अवधि १ कार्यदिन, सहभागी संख्या १५ देखि २० जना सम्म । |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही बिभिन्न खर्च शीर्षकहरुमा वजेट वाँडफाँड भए बमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | जलन उपचारमा संलग्न हुने स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धी हुनेछ। |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## ७. नेतृत्व तथा क्षमता विकास सम्बन्धी तालिम

### ७.१ Training on General Training Skil (GTS) तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ११०० | पटक | २ | पहिलो,दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | क्लिनिकल तालिम साइटहरुमा कार्यरत चिकित्सक, नर्सिङ्ग कर्मचारी र स्वास्थ्यकर्मीहरुको लागि क्लिनिकल क्षेत्रको सैद्दान्तिक ज्ञान, ब्यवहारीक सीप र क्षमता अभिबृद्धिको लागि सि.टि.एस. तालिम व्यवस्था गरिएकोर सो तालिममा नन-क्लिनिकलस्वास्थ्यकर्मीहरु, स्वास्थ्य क्षेत्रमा संलग्न अन्य कर्मचारीहरुलाईतालिम मापदण्ड अनुसार समावेश गर्न नमिल्ने भएको तर नियमित रुपमा प्रशिक्षण कार्यमा संलग्न नन-क्लिनिकल स्वास्थ्यकर्मीहरु र स्वास्थ्य क्षेत्रमा संलग्न अन्य |

| | |
|---|---|
| | कर्मचारीहरुकोसैद्धान्तिक ज्ञान, ब्यवहारीक सीप र क्षमता अभिबृद्धिको लागि जि.टि.एस. तालिमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | नन-क्लिनिकल स्वास्थ्यकर्मीहरुको सैद्धान्तिक ज्ञान, ब्यवहारीक सीप र क्षमता अभिबृद्धि गरी दक्ष प्रशिक्षकहरु तयार गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भएका नन-क्लिनिकल स्वास्थ्यकर्मीहरु।<br>• नियमित रुपमा प्रशिक्षण कार्यमा संलग्न नन-क्लिनिकल अन्य स्वास्थ्यकर्मीहरु। |
| सहभागी छनौटका आधार | • कम्तिमा प्रमाणपत्र तह उतीर्ण गरेका सम्बन्धित परिषदमा दर्ता र नविकरण भएको र प्रशिक्षण कार्यमा संलग्न हुने नन-क्लिनिकल स्वास्थ्यकर्मीहरु।<br>• सहभागी छनौट गर्दा स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्नेछ। |
| प्रशिक्षकछनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नविकरण भइ स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको ।<br>• स्वास्थ्य सम्बन्धी विषयमा कम्तिमा स्नातक तह उतिर्ण भएको ।<br>• CTS/GTS तालिम प्राप्त गरी प्रशिक्षण कार्यमा कम्तिमा ३ वर्ष अनुभव भएको। |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन विधि | • जि.टि.एस.तालिम आवश्यक भएको स्वास्थ्य संस्थाहरुमा कार्यरत नन-क्लिनिकल स्टाफहरुको सुची तयार गर्ने।<br>• तालिमको मिति, प्रशिक्षकहरु र तालिम सामाग्रीहरुको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• स्वास्थ्य कार्यालयसंग समन्वय गरि कम्तिमा ३ जना तालिम प्रदान गर्न सक्ने दक्ष जनशक्ति तयार हुनेगरि कार्यक्रमको योजना बनाउने ।<br>• तालिमको लागि सहभागीहरुलाई कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चितता गर्ने ।<br>• सहभागीहरुको छनौटको अन्य मापदण्डहरु स्वास्थ्य तालिम केन्द्र स्वयंले निर्धारण गर्ने ।<br>• तालिमको अवधि ५ कार्यदिन, सहभागी संख्या १५ देखि २० जना सम्म । |

| | |
|---|---|
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही बिभिन्न खर्च शीर्षकहरुमा वजेट वाँडफाँड भएबमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलव्धी | स्वास्थ्य संस्थामा कार्यरत प्रशिक्षकहरुको प्रशिक्षण क्षमतामा अभिवृद्धी हुनेछ। |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

### ७.२ स्थानीय स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्यमीहरुलाई योजना तथा व्यवस्थापन सम्बन्धि तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | १४०० | पटक | १ | पहिलो,दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | स्थानीय तहको स्वास्थ्य विषय हेर्ने विभाग/महाशाखा/शाखा अन्तरगतका स्वास्थ्य शाखा प्रमुखहरुको स्वास्थ्य कार्यक्रमको योजना निर्माण र व्यवस्थापनका क्षेत्रमा क्षमता सुदृढिकरण गर्नको लागि यो मोडुलर तालिमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | यो तालिमको मुख्य उद्देश्य सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखा प्रमुखको नेतृत्व क्षमता र कार्यक्रम व्यवस्थापनको सिप विकास गारि नीति निर्माण गर्ने, कार्यक्रम निर्माण र योजना बनाउने, श्रोत पहिचान र व्यवस्थापन गर्ने, कार्यान्वयन, अनुगमन तथा मूल्याङकन गर्ने, बहुक्षेत्रीय समन्वय र सहकार्य गर्ने जस्ता विषयमा विस्तृत ज्ञान र सिपको माध्ययमबाट व्यस्थापकिय क्षमता अभिवृद्धि गर्ने रहेको छ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | लुम्बिनी प्रदेशमा कार्यरत जन/स्वास्थ्यकर्मीहरु |
| सहभागी छनौटका आधार | स्थानीय तहको स्वास्थ्य विभाग/महाशाखा/शाखामा कार्यरत स्वास्थ्य शाखाका प्रमुखको जिम्मेवारीमा रहेका स्वास्थ्यकर्मीहरू यस तालिमको सहभागिको रूपमा छनोट गर्नुपर्नेछ । एक ब्याचमा २४ जना सम्म सहभागी हुनेछन् । सहभागि छनोट गर्दा प्रदेश स्वास्थ्य हेर्ने मन्त्रालय र निर्देशनालयमा आवश्यक समन्वय गर्नुपर्नेछ । |
| प्रशिक्षक छनौटका आधार | • राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट यस तालिमको प्रशिक्षक प्रशिक्षण तालिम लिएका<br>• यस मोडुलर तालिम लिइ GTS/CTS तालिम लिएक |

| | |
|---|---|
| | • सम्बन्धित विशिष्टिकृत विषयहरूको हकमा सम्बन्धित विषयका विज्ञहरूलाई केहि शत्रका लागि विज्ञ स्रोत व्यक्तीको रूपमा निमन्त्रणा गर्न सकिनेछ । सोका लागि अग्रिम रूपमा यस तालिमको प्रशिक्षण विधिको संक्षिपिकरण गर्नुपर्नेछ<br>• सामाग्री विकास तथा पाइलटिङ तालिमका प्रशिक्षकहरू<br>• यस तालिममा जम्मा ४ जना प्रशिक्षक रहनेछन् |
| खर्च क्षेत्र | श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन विधि | • यो मोडुलर तालिममा दुई वटा कक्षा कोठा केन्द्रित तालिम हुनेछ। पहिलो कक्षा कोठा केन्द्रित तालिमको मोडुल पांच दिनको हुनेछ । दोश्रो कक्षा कोठा केन्द्रित तालिमको मोडयुल चार दिनको हुनेछ ।<br>• पांच दिनको पहिलो मोडुल सम्पन्न पश्चात ३० दिनको (१ महिना वा ४ हप्ता) को अवधिमा सहभागीहरूले आ-आफ्नै कार्यक्षत्र / कार्यस्थल/ कार्यालयमा रहि प्रशिक्षकहरूबाट तोकिएका १० वटा कार्यहरू सम्पादन गर्नुपर्नेछ ।<br>• यस अवधिमा राष्ट्रिय स्वास्थ्य तालिम प्रणाली अन्तर्गतबाट सन्चालन हुने अन्य तालिममा सहभागी हुन पाइनेछैन । साथै उक्त १ महिना अवधिको रूजु हाजिर प्रमाणित गरि सोको अभिलेख तालिम आयोजकलाई बुझाउनुपर्नेछ ।<br>• तोकिएका १० वटा कार्य सम्पादनमा मार्गदर्शन र सुपरिवेक्षणका लागि प्रति ६ जना सहभागीहरूका लागि १ जना प्रशिक्षक तोक्नुपर्नेछ र उक्त अवधिमा हरेक हप्तामा एक पटक गरि ४ पटक सहभागिहरूलाई सिकाइको लागि फोन सम्पर्क गरि भर्चुअल अनुशिक्षण र मार्गदर्शन प्रदान गर्नुपर्नेछ ।पहिलो मोडुल सकिएको १५ दिन पछि लगत्तै सबै सहभागी र प्रशिक्षक सम्मेलित एउटा भर्चुअल वैठक राखि सहभागीलाई दिइएको कार्य प्रगती समिक्षा गरि भर्चुअल अनुशिक्षण गर्नुपर्नेछ । उक्त एक दिनको भर्चुअल अनुशिक्षण र समिक्षाको अभिलेख राखि प्रशिक्षकहरूलाई प्रशिक्षण पारिश्रमीक उपलब्ध गराउनुपर्नेछ । साथै ४ जना प्रशिक्षकहरूलाई आवश्यक संचार खर्च उपलब्ध गराउन पर्नेछ । त्यस पश्चात केहि स्वअध्ययन र तोकिएको गृहकार्य पुरागरि दोश्रो मोड्युलको ४ दिनको तालिममा सहभागी हुनेछन्। दोश्रो मोड्युलको अन्तमा तालिम पश्चात कार्यस्थलमा फर्केपछि के के काम गर्नुपर्ने हो सोको लागि अनुगमन, मूल्याङ्कनको कार्ययोजना बनाइनुपर्नेछ र सो पश्चात तालिमको समापन गरिने छ। |

| | |
|---|---|
| बजेट बाँडफाँड | स्वीकृत कार्यक्रम प्रस्तावना, प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही बिभिन्न खर्च शीर्षकहरुमा वजेट वाँडफाँड भएबमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलव्धी | यस तालिमबाट सम्बन्धित स्वास्थ्य शाखा प्रमुखहरुले आफ्नो सैद्धान्तिक ज्ञान, सिप र क्षमता अभिवृद्धि गरी स्थानीय तहका स्वास्थ्यका कार्यक्रमहरुको तथ्यपरक योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन, अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन सहित स्वास्थ्य क्षेत्रमा स्रोत परिचालनका लागि पैरवी समेत हुने अपेक्षा गरिएको छ। |
| अनुगमन र मुल्याङ्कनको सूचक | तालिमका सहभागीहरूको तालिम हुनु पूर्व (Pre-test) र तालिम पश्चात (Post-test) को औसत प्राप्तांक। |
| प्रतिवेदन | अभिलेखः सहभागिहरुले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले जारि गरेको तालिम रजिष्ट्रेसन फारम भर्नुपर्नेछ, तोकिएका सबै कार्यहरू पुरा गरि, सफलता पुर्वक दोस्रो मोडुल समेत सम्पन्न गर्ने सहभागिहरूलाई Training Information Management System मा प्रविष्टि गरि प्रमाणपत्र जारी गर्नुपर्नेछ । प्रमाणपत्र जारी गर्दा सर्टिफिकेटको फुटनोटमा In-person Training अवधि र आफ्नो कार्यस्थलको अवधि खुलाउनु पर्नेछ ।थप सहजिकरण राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रसंग समन्वय गर्नुपर्नेछ।<br><br>प्रतिवेदनः सम्पन्न कार्यक्रमको प्रगति विवरण २१ दिनभित्र योजना शाखा तथा लेखा शाखामा तोकिएको ढाँचामा अनिवार्य रुपमा तोकिएको व्यक्तिले बुझाउनु पर्दछ। योजना शाखाले त्रैमासिक प्रगति विवरण राष्ट्रिय योजना आयोगको अनुसुचि बमोजिम सम्बन्धित निकायमा पेश गर्नुपर्दछ। तालिमको प्रतिवेदन राष्ट्रिय स्वास्थ्य तालिमकेन्द्रमा समेत पठाउनुपर्नेछ । |

## ७.३ Minimum Service Standard को प्रशिक्षक प्रशिक्षण तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ४०० | पटक | १ | पहिलो,दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाहरूको गुणस्तरीय सेवा प्रवाहका लागि न्यूनतम सेवा मापदण्ड (MSS) को पालना र कार्यान्वयन अत्यन्तै महत्त्वपूर्ण हुन्छ। स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार, जनशक्ति, व्यवस्थापन तथा सेवाको स्तर मापन गरी सुधार ल्याउन स्वास्थ्यकर्मीहरूलाई MSS सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न आवश्यक भएकाले यो तालिमको व्यवस्था गरिएको छ। । |
| उद्देश्य | स्वास्थ्यकर्मी तथा व्यवस्थापकहरूको क्षमता अभिवृद्धि गरी स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड (MSS) को प्रभावकारी कार्यान्वयन, स्व-मूल्यांकन र सेवाको गुणस्तरमा सुधार ल्याउन सक्षम बनाउनु। । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| खर्च क्षेत्र | स्वास्थ्य संस्था प्रमुखहरू, MSS फोकल पर्सन तथा सम्बन्धित स्वास्थ्यकर्मीहरू। । |
| लक्षित समुह | सम्बन्धित स्वास्थ्य संस्था वा निकायमा कार्यरत स्वास्थ्यकर्मी/व्यवस्थापक भएको।<br>सहभागी छनौट गर्दा स्थायी वा जिम्मेवार अधिकारीलाई प्राथमिकता दिनुपर्ने। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| कार्यक्रम सञ्चालन विधि | • सम्बन्धित काउन्सिलमा दर्ता र नवीकरण भई स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूची (Roster) मा समावेश भएको।<br>• न्यूनतम सेवा मापदण्ड (MSS) सम्बन्धी प्रशिक्षक प्रशिक्षण (TOT) वा विशेष अभिमुखीकरण प्राप्त गरी कार्यान्वयनको अनुभव भएको।<br>• MSS तालिम आवश्यक भएका स्वास्थ्य संस्थाहरू र सहभागी स्वास्थ्यकर्मीहरूको सूची तयार गर्ने।<br>• तालिमको मिति, प्रशिक्षकहरू, मूल्याङ्कन फाराम/सामग्रीहरू र अन्य तालिम सामग्रीको पूर्व-तयारी गर्ने।<br>• सहभागीहरूलाई कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराई सहभागीताको सुनिश्चितता गर्ने।<br>• बजेटको परिधिभित्र रही तालिम सञ्चालनका लागि आवश्यक पर्ने सामग्री खरिद तथा व्यवस्थापन गर्ने।<br>• तालिमको प्रभावकारिताका लागि उपयुक्त स्थल/हलको छनौट स्वास्थ्य तालिम केन्द्र स्वयंले गर्ने।<br>• तालिम अवधिः ३ कार्यदिन, सहभागी संख्याः १५ देखि २० जना मात्र। |
| बजेट बाँडफाँड | दैनिक भ्रमण भत्ता (दैनिक भत्ता/भ्रमण खर्च), यातायात खर्च, बैठक भत्ता, खाजा/खाना, स्टेशनरी, तालिम सामग्री, स्रोतव्यक्ति/प्रशिक्षक भत्ता, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च। |
| अपेक्षित उपलव्धी | स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड अनुरूप सेवा सञ्चालन, नियमित स्व-मूल्यांकन तथा गुणस्तर सुधार योजना (Quality Improvement Plan) निर्माण गर्न सक्षम जनशक्ति तयार हुनेछ। |
| अनुगमन र मुल्याङ्कनको सूचक | तालिमका सहभागीहरूको तालिम हुनु पूर्व (Pre-test) र तालिम पश्चात (Post-test) को औसत प्राप्तांक। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

## ७.४ कर्मचारीहरूको नेतृत्व तथा व्यवस्थापकिय क्षमता अभिवृद्धि तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ३५० | १ | १ | पहिलो,दोस्रो  र  तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | स्वास्थ्य क्षेत्रको कार्यसम्पादनलाई चुस्त, गुणस्तरीय, प्रविधिमैत्री र प्रभावकारी बनाउन स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि हुनु अति आवश्यक छ। तालिम व्यवस्थापन, तथ्याङ्क व्यवस्थापन, प्रतिवेदन लेखन, प्रशासनिक तथा प्राविधिक कार्यसम्पादनमा आवश्यक ज्ञान, सीप र कार्यक्षमता अभिवृद्धि गर्नका लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरूको संस्थागत तथा व्यक्तिगत क्षमता अभिवृद्धि गरी सेवा व्यवस्थापन र कार्यसम्पादन प्रणालीलाई थप गुणस्तरीय, पारदर्शी र प्रभावकारी बनाउनु। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश । |
| लक्षित समुह | स्वास्थ्य क्षेत्रमा कार्यरत प्राविधिक कर्मचारीहरू। \| |
| खर्च क्षेत्र | दैनिक भ्रमण भत्ता (दैनिक/भ्रमण खर्च), यातायात खर्च, बैठक भत्ता, खाजा/खाना, स्टेशनरी, तालिम सामग्री, स्रोतव्यक्ति/प्रशिक्षक भत्ता, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च।<br>अन्य संस्थाबाट पूर्ण रूपमा शुल्क वहन (Fully Funded) गरी तालिम सञ्चालन भएमा कर्मचारीलाई यस शीर्षक अन्तर्गतको बजेटबाट सहभागिताका लागि मनोनयन गरी पठाउन सकिनेछ। |
| कार्यक्रम सञ्चालन विधि | • कर्मचारीहरूको आवश्यकता पहिचान (Training Needs Assessment) गरी सूची तयार गर्ने।<br>• तालिमको मिति, प्रशिक्षकहरू र आवश्यक तालिम सामग्रीहरूको पूर्व-तयारी तथा व्यवस्थापन गर्ने।<br>• कार्यतालिका बनाई कम्तिमा ७ दिन पहिले सहभागी कर्मचारीहरूलाई औपचारिक रूपमा जानकारी गराउने।<br>• विनियोजित बजेटको परिधिभित्र रही तालिमका लागि आवश्यक पर्ने सामग्री खरिद तथा हल व्यवस्थापन गर्ने।<br>• तालिमको माग र प्रकृतिका आधारमा अन्य विशेषज्ञ संस्था/प्रशिक्षकसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सकिने। |

| | |
|---|---|
| | • तालिम अवधिः ३ कार्यदिन, सहभागी संख्याः १५ देखि २० जना सम्म। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही विभिन्न खर्च शीर्षकहरूमा बजेट बाँडफाँड भएबमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ। । |
| अपेक्षित उपलव्धी | स्वास्थ्य क्षेत्रका कर्मचारीहरूको कार्यक्षमता, तालिम व्यवस्थापन कौशल, प्रतिवेदन लेखन र दैनिक प्रशासनिक/प्राविधिक कार्यसम्पादनमा उल्लेख्य सुधार आउनेछ। |
| अनुगमन र मुल्याङ्कनको सूचक | • तालिमका सहभागीहरूको तालिम हुनु पूर्व (Pre-test) र तालिम पश्चात (Post-test) को औसत प्राप्तांक वा कार्यसम्पादन मूल्याङ्कन<br>• तालिममा सहभागी कर्मचारी संख्या र तालिम सञ्चालन भएको पटक। । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## ८. तालिम व्यवस्थापन कार्यक्रम

### ८.१ Performance Need Assessment (PNA) तथा छपाई

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १०० | १ | १ | पहिलो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | तालिमको आवश्यकता पहिचान (Training Need Assessment) एक प्रणालीगत प्रक्रिया हो जसले लक्षित समूहको ज्ञान, सीप र कार्यसम्पादन बीचको खाडलको मूल्याङ्कन गरी आवश्यक तालिमको निर्धारण गर्न सहयोग गर्छ । यस प्रक्रियाले सही विषयवस्तु, लक्षित समूह र तालिमको विधि/modality छनोट गर्न मद्दत गर्ने हुँदा तालिम प्रभावकारी, उद्देश्यमुखी र व्यावहारिक ढङ्गले तालिम सञ्चालनको लागि यो कार्यक्रम प्रस्तावना गरिएको हो । |
| उद्देश्य | तालिमलाई गुणस्तरीय, उपलब्धिमूलक, प्रभावकारी बनाउनको लागि वास्तविक तालिमको आवश्यकताको पहिचान गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| लक्षित समुह | लुम्बिनी प्रदेश स्थित स्वास्थ्य संस्था/ स्वास्थ्यकर्मीहरु । |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| कार्यक्रम सञ्चालन विधि | • विषयसँग सम्बन्धित विषयविज्ञ तथा स्वास्थ्य तालिम केन्द्रमा कार्यरत कर्मचारी सहित ३-५ जनाको TWG गठन गर्ने ।<br>• कार्यदलले आवश्यकता पहिचान तथा तालिम प्रभावकारिता अध्ययन सम्बन्धी PNA tool सहितको प्रस्तावना तयार गर्ने।<br>• स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेशबाट स्वीकृत प्रस्तावना अनुसार स्थलगत अध्ययन गर्ने<br>• PNA tool अनुसार आवश्यक तथ्याङ्क विवरण संकलन गर्ने।<br>• संकलित तथ्याङ्कको विश्लेषण गरी अध्ययनको मस्यौदा तयार गर्ने ।<br>• प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मूल्याङ्कन तथा आवश्यकता अनुसार मेन्टोरिङ्ग समेत गर्न सक्नेछ।<br>• TWG मा अध्ययनको छलफल गरी मस्यौदाको अन्तिम रुप दिने।<br>• TWGले तालिम आवश्यकता तथा प्रभावकारिता अध्ययनको अन्तिम प्रतिवेदन तयार गरि स्वास्थ्य तालिम केन्द्र र स्वास्थ्य मन्त्रालय,लुम्बिनी प्रदेशमा प्रस्तुत गर्ने। |
| बजेट बाँडफाँड | यो कार्यक्रम सञ्चालन गर्नका लागि विनियोजित रकम कार्यसम्पादनको लागि तालिमको आवश्यकता पहिचानको लागि अध्ययन बिश्लेषणमा खटिने कर्मचारीको भत्ता/ दै. भ्र. भ., यातायातको ब्यवस्था, पारिश्रमिक र अन्य आवश्यक शिर्षकहरुमा बाँडफाँट गरी स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । |
| अपेक्षित उपलव्धी | कार्यसम्पादनको लागि तालिम आवश्यकता पहिचान तथा प्रभावकारिता अध्ययन भई प्रतिवेदन तयार हुनेछ। तत्पश्चात सञ्चालन हुने तालिम आवश्यकतामा आधारित हुनेछ । |
| अनुगमन र मुल्याङ्कनको सूचक | कार्यसम्पादनको लागि तालिमको आवश्यकता पहिचान (Performance Need Assessment) को प्रतिवेदन |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

८.२ Post Training Follow up Program

| खर्च शीर्षक नं | बजेट(रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १०० | १ | १ | पहिलो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | तालिम पछिको अनुगमन सिकाइलाई सुदृढ पार्न र तालिमको प्रभावकारिता सुनिश्चित गर्न post-training follow-up महत्त्वपूर्ण छ। यस प्रक्रियामा सङ्कलन, प्रशिक्षण, र सहभागीहरूलाई उनीहरूले सिकेका कुराहरू लागू गर्न मद्दत गर्न निरन्तर सहयोग प्रदान गर्ने जस्ता विभिन्न गतिविधिहरू समावेश हुन्छन्। यो प्रक्रियाले तालिम र वास्तविक अनुप्रयोग बीचको अन्तरलाई कम गर्न मद्दत गर्दछ, अन्ततः सेवा सुधार र तालिम उद्देश्यहरू प्राप्त गर्न नेतृत्व गर्दछ। |
| उद्देश्य | यस post-training follow-up को उद्धेश्य तालिम प्राप्त स्वास्थ्यकर्मीहरुले तालिम पश्चात सेवा प्रादन गरेको अवस्था तथा सेवा प्रदान गर्दा आईपरेका प्राविधिक समस्याहरुका बारेमा पहिचान तथा मुल्यङ्कन गरि समाधानको उपायहरु लागु गर्ने रहेको छ । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समुह | प्रदेश स्थित स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरु |
| खर्च क्षेत्र | बैठक भत्ता, खाजा, खाना, छपाई, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन विधि | • यस कार्यक्रम अन्तर्गत ४-७ जनाको प्राविधिक कार्यदल गठन गर्ने।<br>• यस तालिम केन्द्रद्वारा सञ्चालित तालिमहरु मध्ये विशेष १ तालिम कार्यदल द्वारा छनौट गरि स्थलगत फलोअपको तयारी गर्ने ।<br>• गठित कार्यदलले फलोअपको निम्ति आवश्यक पर्ने प्रश्नावली/चेकलिस्ट लयायतका सामाग्री तयार गर्ने ।<br>• छनौट गरिएको तालिम प्राप्त स्वास्थ्यकर्मीहरु जिल्लागत सुची तयार गरी कार्यदल बिच छलफल मार्फत फलोअप गर्ने जिल्ला/स्वास्थ्य संस्था पहिचान गर्ने ।<br>• स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य तालिम केन्द्र र सम्बन्धित विषय विज्ञहरुको टोली छनौट गरिएको जिल्ला वा स्वास्थ्य संस्थामा उक्त तालिम सम्बन्धि सेवा विस्तारको अवस्था, समस्या र समाधानको उपायहरु बारे छलफल गर्ने ।<br>• स्थलगत फलोअप गर्ने निकायमा कम्तिमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चीतता गर्ने । |

| | |
|---|---|
| | • बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालनको लागि आवश्यक समन्वय र व्यवस्थापन गर्ने। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधिभित्र रही विभिन्न खर्च शीर्षकहरुमा वजेट बाँडफाँड भए बमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलव्धी | तालिम प्राप्त स्वास्थ्यकर्मी/ मनोपरामर्शकर्ताले सेवा प्रदान गर्दा आईपरेका प्राविधिक समस्याहरुका बारेमा पहिचान तथा मुल्यङ्कन गरि समाधानको उपायहरु लागु गरि गुणस्तरीय मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने। |
| अनुगमन र मुल्याङ्कनको सूचक | तालिम प्राप्त स्वास्थ्यकर्मीहरु कार्यरत संस्था, तालिम सम्बन्धि सेवा विस्तारको अवस्था |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात फलोअप गरिएको तालिम/निकाय/स्वास्थ्यकर्मी आदिको संख्या, आवश्यक विवरण सहित फलोअपमा संकलन गरिएको तालिमको प्रतिफल, सेवाको अवस्था/समस्या/समाधानको उपाय सम्बन्धि तथ्याङ्क र जानकारी सहितको प्रतिवेदन तयार गरी सम्बन्धित निकारहरुलाई प्रतिवेदन वा जानकारी प्रदान गर्ने। |

## ९. आयुर्वेद तथा स्वास्थ्य प्रवर्द्धन सम्बन्धी तालिम

### ९.१ पञ्चकर्म तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाइ | परिमाण | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ७०० | पटक | १ | पहिलो र दोस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | पञ्चकर्म तालिम आयुर्वेदको एक महत्वपूर्ण उपचार पद्धति पञ्चकर्मसम्बन्धी ज्ञान, सीप र व्यवहारिक दक्षता विकासका लागि प्रदान गरिने तालिम हो। "पञ्चकर्म" भन्ने शब्दको अर्थ हो — पाँच प्रकारका शुद्धिकरण प्रक्रियाहरू, जसले शरीरबाट विषाक्त पदार्थहरू (आम) हटाई शरीर, मन र आत्मालाई सन्तुलनमा ल्याउँछ । आयुर्वेद उपचार पद्धति अवलम्बन गरी दिर्घ रोगहरुको उपचार गर्न, नसर्ने रोगको दरमा कमी ल्याउनुका साथै स्वस्थ व्यक्तिको स्वास्थ्य रक्षा गर्नु र रोगी व्यक्तिको रोगको निवारण गर्न पुर्वकर्म पञ्चकर्मको प्रयोग गर्न  यो तालिम कार्यक्रम राखिएको हो |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| उद्देश्य | • सहभागीहरूलाई पञ्चकर्मका सिद्धान्त, विधिहरू र प्रयोगबारे ज्ञान दिनु।<br>• व्यावहारिक रूपमा वमन, विरेचन, बस्ति, नस्य र रक्तमोक्षण जस्ता प्रक्रिया सिकाउनु।<br>• सेवा प्रदान गर्न सक्षम बनाउने गरी दक्ष जनशक्ति तयार गर्नु। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समूह | लुम्बिनी प्रदेशका आयुर्वेद चिकित्सालय, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, औषधालय एवं नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत आयुर्वेद स्वास्थ्यकर्मीहरु यस तालिमका सहभागिको रूपमा रहनेछन्। |
| सहभागी छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता भएका आयुर्वेद स्वास्थ्यकर्मी ।<br>• विगतमा यस प्रकारको तालिम नलिएको ।<br>• सो सम्बन्धी सेवा दिन इच्छुक हुनु पर्ने छ । |
| प्रशिक्षक छनौटका आधार | • पंचकर्म विज्ञ, वा पंचकर्म सेवाको पाँच वर्ष अनुभव भएका आयुर्वेद चिकित्सक ।<br>• सम्बन्धित विषयमा TOT तालिम प्राप्त |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश मातहतका आयुर्वेद चिकित्सालय आयुर्वेद स्वास्थ्य केन्द्रहरुसंग समन्वय गरी सहभागी छनौट गरी योजना बनाउने ।तालिमको लागि आवश्यक पाठ्यकर्म विकाश गर्ने । संस्था र सहभागी छनौटको अन्य Criteria हरू स्वास्थ्य तालिम केन्द्र आफैले निर्धारण गर्ने।<br>• पहिला तालिम लिई सकेका चिकित्सक/ स्वास्थ्यकर्मीहरूलाई तालिममा सहभागी नगराउने ।<br>• तालिमका लागि सहभागीलाई कम्तीमा ७ दिन पहिले पत्र वा Email र फोन वा दुवै मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चितता गर्ने ।<br>• प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुक्त तालिम साइट नभएमा अन्य प्रदेशको ट्रेनिङ साइटसँग समन्वय गरी तालिम सञ्चालन गर्न सकिनेछ सो को सुनिश्चितता स्वास्थ्य तालिम केन्द्रले गर्नेछ ।<br>• तालिमको अवधि ७ कार्य दिन, सहभागी सङ्ख्या २० देखि २५ जना। |

| | |
|---|---|
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शीर्षकहरूमा बाँडफाँड गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धि | तालिम पश्चात् सहभागीहरूले पञ्चकर्मको माध्यमबाट रोगी व्यक्तिको उपचार र स्वस्थ व्यक्तिको स्वास्थ्य प्रवर्द्धन गर्न सक्षम भएका हुनेछन् |
| अनुगमन र मूल्याङ्कन | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## ९.२ आयुर्वेद स्वास्थ्यकर्मीहरूको लागि लागि बाल रोग व्यवस्थापन तथा क्षमता सम्बन्धी तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाइ | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ३०० | पटक | १ | पहिलो र दोस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | बाल बालिकाको समग्र मानसिक र शारीरिक स्वास्थ्यमा सुधार ल्याउन, बढ्दो बाल मृत्यु, मानसिक रोग, कुपोषण, AMR आदि समस्याहरूको रोकथाम तथा न्यूनीकरणमा विद्यमान स्वास्थ्य सेवाका विभिन्न पद्धतिहरूबाट बाल रोगको एकीकृत व्यवस्थापन आजको आवश्यकता रहेको छ। बालबालिकाहरूको शारीरिक र मानसिक अवस्था सुधार गर्न, स्वर्णप्राशन सेवा विस्तार गर्न, बालबालिकाहरुको रोग प्रतिरोधात्मक क्षमता बढाउन, बच्चाहरूमा देखिने AUTISM, CEREBRAL PALSY जस्ता मानसिक विकारहरूको न्यूनीकरण तथा व्यवस्थापनमा आयुर्वेद चिकित्सा तथा पञ्चकर्म पद्धतिको समयसापेक्ष सेवा प्रवाहको लागि आयुर्वेद चिकित्सकहरूको ज्ञान, सीप र क्षमतामा विकास गर्न यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | • बालरोगको आयुर्वेदिक अवधारणाबारे स्पष्ट ज्ञान प्रदान गर्नु।<br>• बालबालिकाको उमेर अनुसार दोष, धातु र रोगको अवस्था मूल्याङ्कन गर्ने सीप विकास गर्नु।<br>• रोगको निदान, उपचार तथा रोकथाममा प्रयोग हुने आयुर्वेदिक विधिहरू सिकाउनु। |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |
| लक्षित समूह | आयुर्वेद चिकित्सालय एवं आयुर्वेद स्वास्थ्य संस्थाहरुमा कार्यरत आयुर्वेद परिषदमा दर्ता भएका स्वास्थ्यकर्मीहरु । |
| सहभागी छनौटका आधार | • आयुर्वेद चिकित्सा परिषदमा दर्ता र नवीकरण भएको।<br>• आयुर्वेद चिकित्सालय तथा आयुर्वेद स्वास्थ्य केन्द्रहरूमा कार्यरत आयुर्वेद चिकित्सकहरू। |
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता र नवीकरण भई स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक सूचिमा समावेश भएको।<br>• कौमारभृत्य/बाल रोग विषयमा स्नातकोत्तर/PG Diploma तथा आयुर्वेद विषयमा स्नातकोत्तर ।<br>• सम्बन्धित विषयमा तालिम प्राप्त आयुर्वेद चिकित्सक । |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन विधि | • आयुर्वेद चिकित्सालय/आयुर्वेद स्वास्थ्य केन्द्र मार्फत तालिम आवश्यक भएको स्वास्थ्य संस्थामा कार्यरत आयुर्वेद चिकित्सकहरूको सुची तयार गर्ने।<br>• तालिमको मिति, प्रशिक्षकहरू, क्लिनिकल सामाग्रीहरू र अन्य तालिम सामाग्रीहरूको व्यवस्थापन र थप आवश्यक विषयको सुनिश्चितता गरी तालिमको व्यवस्थापन गर्ने।<br>• तालिमको लागि सहभागीहरूलाई कम्तीमा ७ दिन पहिले पत्र मार्फत जानकारी गराइ सहभागिताको लागि सुनिश्चितता गर्ने ।<br>• सहभागीहरूको छनौटको अन्य मापदण्डहरू स्वास्थ्य तालिम केन्द्र स्वयंले निर्धारण गर्ने ।<br>• तालिमको अवधिः ३ कार्य दिन र सहभागी सङ्ख्याः १५ देखि २० जना सम्म। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेटको परिधि भित्र रही विभिन्न खर्च शीर्षकहरूमा बजेट बाँडफाँड भए बमोजिम कार्यक्रम स्वीकृत गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| अपेक्षित उपलब्धि | आयुर्वेद चिकित्सकहरूको बाल रोग सम्बन्धी ज्ञान, सीप र क्षमतामा विकास भई स्वर्णप्राशन विधि बारे सीप विकाश हुने, बाल पञ्चकर्म, बाल पोषण, बाल रोग व्यवस्थापन सम्बन्धी गुणस्तरीय सेवा प्रवाह हुने र बच्चामा देखिने DMD, AUTISM, CEREBRAL PALSY जस्ता रोगहरूमा पूर्व कर्म/पञ्चकर्ममार्फत Quality of lifeमा सुधार हुनेछ। |
| अनुगमन र मूल्याङ्कन | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## ९.३ योग प्रशिक्षक प्रशिक्षण तालिम (७ दिने)

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ७०० | पटक | १ | पहिलो र दोस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | योग मानव शरीर, मन, आत्मा र चेतनाको समुचित सन्तुलन कायम राख्ने आयुर्वेदको अभिन्न अंग हो। आयुर्वेद स्वास्थ्यकर्मीहरूलाई योगका सिद्धान्त, अभ्यास विधि, र प्रशिक्षण क्षमतामा दक्ष बनाउन ७ दिने योग प्रशिक्षक प्रशिक्षण तालिम (ToT) सञ्चालन गरिन्छ। यस तालिमले आयुर्वेदकर्मि तथा स्वास्थ्यकर्मीहरूलाई योग शिक्षकका रूपमा तयार पार्नु, जसले व्यक्तिगत तथा सामुदायिक स्तरमा योगको अभ्यास र प्रचार–प्रसार गर्न सक्षमता हुन्छ। |
| उद्देश्य | • योगका मूल सिद्धान्त, अभ्यास विधिहरू र लाभहरूबारे गहिरो ज्ञान प्रदान गर्नु।<br>• योगको माध्यमबाट रोग निवारण र स्वास्थ्य प्रवर्द्धन गर्ने सीप विकास गर्नु।<br>• सहभागीलाइ प्रभावकारी योग प्रशिक्षण दिन सक्ने प्रशिक्षकको रूपमा तयार गर्नु।<br>• योगलाई आयुर्वेद सेवामा एकीकृत गरी समग्र स्वास्थ्य सेवा प्रवाहमा योगदान दिनु। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| लक्षित समूह | आयुर्वेद चिकित्सक, स्वास्थ्यकर्मीहरू। |
| सहभागी छनौटका आधार | • सम्बन्धित परिषदमा दर्ता भई आयुर्वेद स्वास्थ्य संस्थामा कार्यरत।<br>• विगतमा योग तालिम नलिएका वा प्रारम्भिक योग तालिम लिएका सहभागीहरूलाई प्राथमिकता।<br>• प्रत्येक संस्थाबाट कम्तिमा १ जना सहभागी चयन गरिने। |
| प्रशिक्षक छनौटका आधार | • सम्बन्धित परिषद्मा दर्ता भएका योग विषय विज्ञ, मानसरोग विज्ञ, आयुर्वेद विज्ञ यो तालिमका प्रशिक्षक हुनेछन्<br>• योग प्रशिक्षक प्रमाणपत्र प्राप्त, योग चिकित्सामा दक्ष र अनुभवी आयुर्वेद/ योग चिकित्सक |
| खर्च क्षेत्र | दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन विधि | • तालिम कार्यक्रम सञ्चालनको लागि राष्ट्रिय आयुर्वेद अनुसंन्धान तथा तालिम केन्द्र, स्वास्थ्य तालिम केन्द्र, आयुर्वेद चिकित्सालय , आयुर्वेद स्वास्थ्य केन्द्र, तालिम तथा अन्य सरोकारवालाहरू सँग समन्वय गर्ने।<br>• तालिम सञ्चालन हुने मिति, स्थान, समय, सहभागीहरूको विवरण र खर्चको मापदण्डको परिधिभित्र रही प्रस्ताव तयार गरी स्वीकृत गर्ने ।<br>• तालिमको पाठ्यक्रम विकाश गरि अन्य सामग्रीको व्यवस्थापन गर्ने ।<br>• तालिम नपाएका आयुर्वेद चिकित्सकहरू र कविराज र वैद्यहरूलाई समावेश गरी तालिम सञ्चालन गरिनेछ ।<br>• सैद्धान्तिक र व्यवहारिक तहमा सन्तुलित तालिम जसमा योग दर्शन, आसन, प्राणायाम, ध्यान, योग चिकित्सा (Therapeutic Yog) सम्बन्धी विषयहरू समेटिने।<br>• Interactive अभ्यास, समूह कार्य, केस सम्बोधन र अवलोकन सत्र समावेश।<br>• अन्ततः परीक्षा/मूल्याङ्कन गरी योग प्रशिक्षक प्रमाणपत्र प्रदान।<br>• सहभागी संख्याः २०-२४ |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शीर्षकहरूमा बाँडफाँड गरी तालिम सञ्चालन गर्नुपर्नेछ |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| अपेक्षित उपलब्धि | तालिम पश्चात् सहभागीहरूले योगको माध्यमबाट समुदाय स्तरमा आयुर्वेद विज्ञानमा आधारित जीवनशैली, उचित आहार विहार, योगको माध्यमबाट स्वास्थ्य प्रवर्द्धन गर्न सक्षम भएका हुनेछन् । |
| अनुगमन र मूल्याङ्कन | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## ९.४ आयुर्वेद स्वास्थ्यकर्मीहरूको लागि IPC सम्बन्धी तालिम

| खर्च शीर्षक नं | बजेट (रकम रु हजारमा) | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | ३०० | पटक | १ | पहिलो र दोस्रो |

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | संक्रमण रोगहरू अझै पनि विश्वव्यापी रूपमा जनस्वास्थ्यका प्रमुख चुनौतीहरूमा पर्दछन्। स्वास्थ्य सेवा दिने क्रममा संक्रमणको जोखिम अझ बढी हुने हुँदा आयुर्वेद स्वास्थ्यकर्मीहरूलाई संक्रमण रोकथाम तथा नियन्त्रण (Infection Prevention and Control - IPC) सम्बन्धी सैद्धान्तिक र व्यवहारिक ज्ञान आवश्यक पर्छ।<br><br>यस तालिमले आयुर्वेद स्वास्थ्य सेवामा कार्यरत जनशक्तिहरूलाई सुरक्षित अभ्यास, संक्रमणको जोखिम मूल्याङ्कन, रोकथाम र नियन्त्रणका उपायहरूमा दक्ष बनाउन टेवा पर्याउनको लागि यो तालिम राखिएको हो । |
| **उद्देश्य** | • आयुर्वेद स्वास्थ्यकर्मीहरूलाई संक्रमण रोगको स्वरूप, संक्रमण चक्र र नियन्त्रणका उपायहरूबारे स्पष्ट ज्ञान दिनु।<br>• सेवा प्रवाहको क्रममा अपनाउनुपर्ने व्यवसायजन्य सुरक्षा विधिहरू सिकाउनु।<br>• स्वास्थ्य संस्थामा संक्रमण रोकथामको मानक प्रक्रिया (Standard Precautions) कार्यान्वयन गर्न सक्षम बनाउनु।<br>• स्वास्थ्यकर्मी स्वयं, बिरामी र समुदायलाई संक्रमणबाट जोगाउने व्यवहार विकास गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश। |

| | |
|---|---|
| **लक्षित समूह** | लुम्बिनी प्रदेशका आयुर्वेद चिकित्सालय, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, औषधालय एवं नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत आयुर्वेद स्वास्थ्यकर्मीहरू |
| **सहभागी छनौटका आधार** | • सम्बन्धित परिषदमा दर्ता भई आयुर्वेद स्वास्थ्य संस्थामा कार्यरत विगतमा यस्तो विषयमा तालिम नलिएका कर्मचारीलाई प्राथमिकता।<br>• दुर्गम क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीलाई प्राथमिकता। |
| **प्रशिक्षक छनौटका आधार** | • IPC तालिम/अनुभव भएका विषय विशेषज्ञहरु |
| **खर्च क्षेत्र** | • दै.भ्र.भ., यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम सामग्री, श्रोतव्यक्ति, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च |
| **कार्यक्रम सञ्चालन विधि** | • स्वास्थ्य निर्देशनालय, प्रदेश र स्थानीय तहका आयुर्वेद स्वास्थ्य संस्था र स्थानीय तहसँग समन्वय गरी आयुर्वेद चिकित्सालय र आयुर्वेद स्वास्थ्य संस्थाहरुको हरूको सुची तयार पार्ने। संस्था छनौटको अन्य Criteria हरू स्वास्थ्य तालिम केन्द्र आफैले निर्धारण गर्ने ।<br>• आयुर्वेद चिकित्सालय एवं आयुर्वेद स्वास्थ्य संस्थाहरुमा प्रशिक्षक सहित IPC सम्बन्धी अनसाइट कोचिङ्ग गर्ने ।<br>• तालिमका लागि संस्थाहरुलाइ कम्तीमा ७ दिन पहिले पत्र वा email र फोन वा दुवै मार्फत जानकारी गराउने |
| **बजेट बाँडफाँड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शीर्षकहरूमा बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धि** | • सहभागी आयुर्वेद स्वास्थ्यकर्मीमा IPC ज्ञान, व्यवहार र सीप अभिवृद्धि हुनु ।<br>• कार्यस्थलमा सुरक्षित सेवा प्रवाह र संक्रमण दरमा कमी आउनु । |
| **अनुगमन र मूल्याङ्कन** | • तालिमका सहभागीहरुको तालिम हुनु पूर्व (प्रि टेष्ट) र तालिम पश्चात (पोस्ट टेष्ट) को औषत प्राप्तांक<br>• तालिममा सहभागी संख्या र तालिम सञ्चालन भएको पटक |
| **प्रतिवेदन** | • कार्यक्रम सम्पन्न भएपश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

# अस्पतालबाट संचालन हुने कार्यक्रमहरु

## १. Dedicated Birthing Unit संचालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | अस्पताल | २ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | लुम्बिनी प्रदेशमा सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्दै प्रसूति सेवामा प्रभावकारी, सुरक्षित र सम्मानजनक सेवा सुनिश्चित गर्न लुम्बिनी प्रादेशिक अस्पताल तथा भेरी अस्पतालमा Dedicated Birthing Unit सञ्चालन हुदै आएको छ। उच्च प्रसूति चाप भएका यी दुई अस्पतालहरूमा प्रसूति सेवाको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक जनशक्ति सुनिश्चितता गर्नु महत्वपूर्ण हुन्छ।<br>यस कार्यक्रम मार्फत नर्सिङ र सरसफाईकर्मी जनशक्तिको व्यवस्थापनका लागि यो वजेटको व्यवस्था गरिएको छ। यसबाट गर्भवती तथा सुत्केरी महिलालाई समयमै गुणस्तरीय, सुरक्षित, सम्मानजनक तथा प्रभावकारी प्रसूति सेवा उपलब्ध गराई मातृ तथा नवजात शिशुको स्वास्थ्य अवस्थामा सुधार ल्याउने अपेक्षा गरिएको छ। अस्पतालमा हुने प्रसूति सेवाको चापलाई व्यवस्थित गर्दै आपतकालीन प्रसूति तथा नवजात शिशु सेवाको गुणस्तर अभिवृद्धि गर्न यो बजेटको व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र भेरी अस्पताल नेपालगन्जमा Dedicated Birthing Unit सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन गरी गुणस्तरीय, सुरक्षित, सम्मानजनक तथा प्रभावकारी प्रसूति सेवा सुनिश्चित गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | • लुम्बिनी प्रादेशिक अस्पताल (५० लाख ४० हजार)<br>• भेरी अस्पताल (५० लाख ४० हजार) |
| **खर्च क्षेत्र** | तलव तथा भत्ता। |
| **लक्षित समूह** | लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र भेरी अस्पताल नेपालगन्जमा प्रसूति सेवा लिन आउने गर्भवती तथा सुत्केरी महिलाहरू। |
| **कार्यक्रम सञ्चालन विधि** | • गत आर्थिक वर्षमा Dedicated Birthing Unit मा कार्यरत १० जना स्टाफ नर्सहरूको कार्यसम्पादन मूल्याङ्कनका आधारमा सेवा निरन्तरता गर्नु पर्नेछ।<br>• Dedicated Birthing Unit मा कार्य गर्ने कर्मचारीको न्यूनतम शैक्षिक योग्यता नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह (PCL Nursing) उत्तीर्ण भएको हुनुपर्नेछ। |

| | |
|---|---|
| | • उक्त कर्मचारीको मासिक पारिश्रमिक सहायक पाँचौं तहको सुरु तलब स्केल अनुसार मासिक रु. ३८,२०३/- कायम गर्नु पर्नेछ। साथै, प्रचलित नियम बमोजिम उपलब्ध हुने चाडपर्व खर्च तथा पोसाक भत्ता सम्बन्धित कर्मचारीको बैंक खातामा भुक्तानी गरिनेछ।<br>• कुनै कर्मचारीले सेवा निरन्तरता दिन नसकेमा वा प्रचलित नियमअनुसार राजीनामा दिएमा, अस्पतालले आवश्यक प्रक्रिया पूरा गरी योग्य नयाँ कर्मचारी छनोट तथा नियुक्ति गरी Dedicated Birthing Unit को सेवालाई निरन्तरता दिनुपर्नेछ।<br>• Dedicated Birthing Unit मा कार्यरत नर्सिङ कर्मचारीलाई उक्त Birthing Unit को सेवा प्रवाह सम्बन्धी कार्यबाहेक अन्य विभागमा कार्य गर्न वा गराउन पाइने छैन। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्नेछ। |
| **अनुगमन तथा मूल्याङ्कन** | स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट अनुगमन गरिनेछ। |
| **अपेक्षित उपलब्धी** | • लुम्बिनी प्रादेशिक अस्पताल तथा भेरी अस्पतालमा Dedicated Birthing Unit को नियमित तथा प्रभावकारी सञ्चालन सुनिश्चित हुनेछ।<br>• गर्भवती तथा सुत्केरी महिलाले गुणस्तरीय, सुरक्षित तथा सम्मानजनक प्रसूति सेवा प्राप्त गर्नेछन्।<br>• मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको गुणस्तरमा सुधार हुनेछ।<br>• अस्पतालमा हुने प्रसूति सेवाको चाप व्यवस्थापन भई सेवा प्रवाह थप प्रभावकारी र व्यवस्थित हुनेछ।<br>• Dedicated Birthing Unit मा कार्यरत नर्सिङ कर्मचारीको प्रभावकारी परिचालनबाट विशेषीकृत प्रसूति सेवा सुदृढ हुनेछ। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेशमा प्रतिवेदन पेश गर्नुपर्ने छ। |

## २. Echocardiogram र OPG मेशिन खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | थान | १ | पहिलो,दोस्रो र तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | भिम अस्पतालमा आउने बिरामीहरूलाई समयमै गुणस्तरीय तथा प्रभावकारी विशेषज्ञ निदान सेवा उपलब्ध गराउन आधुनिक निदानात्मक उपकरणको उपलब्धता आवश्यक रहेको छ। मुटु सम्बन्धी रोगहरूको पहिचान र अवस्थाको मूल्याङ्कनका लागि Echocardiogram (इकोकार्डियोग्राम) मेशिन तथा दाँत र मुख सम्बन्धी रोगहरूको निदानका लागि OPG (Orthopantomogram) मेशिन महत्वपूर्ण उपकरण हुन्।<br>यस कार्यक्रम अन्तर्गत भिम अस्पतालका लागि Echocardiogram तथा OPG मेशिन खरिद गरी सेवा सञ्चालनमा ल्याइनेछ। उपकरणको उपलब्धताबाट अस्पतालको विशेषज्ञ तथा निदानात्मक सेवा क्षमता अभिवृद्धि भई बिरामीहरूले अस्पतालबाटै आवश्यक परीक्षण सेवा समयमै प्राप्त गर्ने, अन्य स्वास्थ्य संस्थामा जानु पर्ने वा रिफर गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरी गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढाउन यो बजेटको व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | • भिम अस्पतालमा Echocardiogram तथा OPG मेशिन उपलब्ध गराई गुणस्तरीय, सहज र समयमै निदानात्मक सेवा प्रदान गर्ने तथा अस्पतालको विशेषज्ञ स्वास्थ्य सेवा क्षमता सुदृढ गर्ने।<br>**विशेष उद्देश्यहरू:**<br>• मुटु सम्बन्धी रोगको समयमै पहिचान, निदान तथा अवस्थाको मूल्याङ्कन गर्ने।<br>• दाँत र मुख सम्बन्धी रोगहरूको प्रभावकारी रेडियोलोजिकल निदान सेवा उपलब्ध गराउनु।<br>• अस्पतालमै आवश्यक परीक्षण सेवा उपलब्ध गराई बिरामीलाई अन्य स्वास्थ्य संस्थामा रिफर गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्नु।<br>• अस्पतालको विशेषज्ञ तथा निदानात्मक सेवा क्षमता सुदृढ गर्नु।<br>• बिरामीलाई सहज, भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | भिम अस्पताल भैरहवा। |
| **खर्च क्षेत्र** | खरिद, ढुवानी , जडान र मर्मत। |
| **लक्षित समूह** | • भिम अस्पतालमा सेवा लिन आउने मुटु सम्बन्धी समस्या भएका बिरामीहरू।<br>• दाँत र मुख सम्बन्धी समस्या भएका बिरामीहरू। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

| | |
|---|---|
| | • विशेषज्ञ चिकित्सकको सिफारिस अनुसार Echocardiogram तथा OPG परीक्षण आवश्यक पर्ने बिरामीहरू।<br>• भिम अस्पतालको सेवा क्षेत्रभित्र रहेका सर्वसाधारण नागरिकहरू, जसलाई गुणस्तरीय तथा समयमै निदानात्मक स्वास्थ्य सेवा आवश्यक पर्दछ। |
| **कार्यक्रम सञ्चालन विधि** | • Echocardiogram तथा OPG मेशिन खरिद कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली र सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमवाली २०७६ (संसोधन समेत) र प्रचलित कानुन बमोजिम खरिद गर्नु पर्नेछ।<br>• आवश्यकता र प्राविधिक स्पेसिफिकेशन निर्धारण गरी स्वीकृत प्रक्रिया अनुसार Echocardiogram तथा OPG मेशिन खरिद गर्नु पर्नेछ।<br>• खरिद गरिएका उपकरणहरू भिम अस्पतालमा जडान, परीक्षण तथा सञ्चालनमा ल्याउनु पर्नेछ। साथै, उपकरणको प्रभावकारी सञ्चालनका लागि आवश्यक जनशक्ति तथा प्राविधिक व्यवस्थापन सम्बन्धित अस्पतालले गर्नु पर्नेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी खरिद, जडान तथा सञ्चालन गर्नु पर्नेछ।सो कार्यका लागि भिम अस्पतालमा रु ५० लाख रकम विनियोजन गरिएको छ। |
| **अपेक्षित उपलब्धी** | • भिम अस्पतालमा Echocardiogram र OPG मेशिन उपलब्ध भई सञ्चालनमा आउनेछ।<br>• मुटु सम्बन्धी रोगहरूको समयमै पहिचान, निदान तथा उपचार व्यवस्थापनमा सहयोग पुग्नेछ।<br>• दाँत र मुख सम्बन्धी रोगहरूको गुणस्तरीय तथा प्रभावकारी निदान सेवा उपलब्ध हुनेछ।<br>• आवश्यक परीक्षणका लागि बिरामीलाई अन्य स्वास्थ्य संस्थामा रिफर गर्नुपर्ने अवस्था तथा अनावश्यक समय र खर्च न्यूनीकरण हुनेछ।<br>• भिम अस्पतालको विशेषज्ञ तथा निदानात्मक स्वास्थ्य सेवा क्षमता सुदृढ हुनेछ।<br>• सेवाग्राहीले सहज, समयमै तथा गुणस्तरीय निदानात्मक स्वास्थ्य सेवा प्राप्त गर्नेछन्। |
| **अनुगमन/ मुल्याङ्कनको सुचक** | • Echocardiogram तथा OPG मेशिन खरिद, आपूर्ति, जडान तथा सञ्चालन भएको अवस्थाको मुल्याङ्कन।<br>• खरिद गरिएका उपकरणहरू स्वीकृत प्राविधिक स्पेसिफिकेशन अनुसार रहेको अवस्था।<br>• उपकरणको नियमित सञ्चालन तथा कार्यशीलताको अवस्था।<br>• Echocardiogram तथा OPG परीक्षण सेवा प्राप्त गर्ने सेवाग्राही/बिरामीहरूको संख्या। |
| **प्रतिवेदन** | भिम अस्पतालले Echocardiogram र OPG मेशिन खरिद सम्पन्न भए पछि सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

### ३. Phacoemulsification and USG Machine खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | पहिलो, दोस्रो र तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङमा विशेषज्ञ स्वास्थ्य सेवाको विस्तार तथा गुणस्तरीय निदान एवं उपचार सेवा सुदृढ गर्न आधुनिक स्वास्थ्य उपकरणहरूको उपलब्धता आवश्यक रहेको छ। विशेष गरी आँखा सम्बन्धी रोगहरूको प्रभावकारी उपचारका लागि Phacoemulsification Machine तथा विभिन्न रोगहरूको निदानका लागि आवश्यक USG (Ultrasonography) Machine महत्वपूर्ण उपकरणहरू आवश्यक रहेको छ।<br>यस कार्यक्रम मार्फत राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङका लागि Phacoemulsification तथा USG Machine खरिद गरी सञ्चालनमा ल्याइनेछ। Phacoemulsification Machine को माध्यमबाट मोतिया बिन्दु लगायत आँखा सम्बन्धी समस्याको आधुनिक तथा प्रभावकारी उपचार सेवा उपलब्ध हुनेछ भने USG Machine बाट विभिन्न स्वास्थ्य समस्याको समयमै परीक्षण तथा निदान गर्न सहयोग पुग्नेछ।<br>यी उपकरणहरूको उपलब्धताबाट राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको विशेषज्ञ उपचार तथा निदानात्मक सेवा क्षमता अभिवृद्धि हुने, सेवाग्राहीलाई समयमै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध हुने तथा अन्यत्र रिफर गर्नुपर्ने अवस्थाको अन्तका लागि यो बजेटको व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा Phacoemulsification तथा USG Machine उपलब्ध गराई गुणस्तरीय, आधुनिक तथा प्रभावकारी निदान एवं उपचार सेवा प्रदान गर्नु।<br>**विशेष उद्देश्यहरू:**<br>• मोतिया बिन्दु लगायत आँखा सम्बन्धी रोगहरूको आधुनिक तथा प्रभावकारी उपचार सेवा उपलब्ध गराउनु।<br>• विभिन्न स्वास्थ्य समस्याको समयमै परीक्षण तथा निदान सेवा सुदृढ गर्नु।<br>• राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको विशेषज्ञ उपचार तथा निदानात्मक सेवा क्षमता अभिवृद्धि गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङ। |
| **खर्च क्षेत्र** | • खरिद ढुवानी, जडान तथा सञ्चालन। |
| **लक्षित समूह** | • राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सेवा लिन आउने मोतिया बिन्दु तथा अन्य आँखा सम्बन्धी समस्या भएका बिरामीहरू।<br>• Ultrasonography (USG) परीक्षण आवश्यक पर्ने विभिन्न स्वास्थ्य समस्या भएका बिरामीहरू।<br>• राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको सेवा क्षेत्र भित्र रहेका सर्वसाधारण नागरिकहरू। |

| | |
|---|---|
| | • विशेषज्ञ चिकित्सकको सिफारिस अनुसार आँखा उपचार तथा USG परीक्षण सेवा आवश्यक पर्ने सेवाग्राहीहरू। |
| **कार्यक्रम सञ्चालन विधि** | • राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले Phacoemulsification तथा USG (Ultrasonography) Machine खरिद कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली र सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमवाली २०७६ (संसोधन समेत) बमोजिम गर्नु पर्नेछ।<br>• प्रतिष्ठानको आवश्यकता तथा विशेषज्ञको प्राविधिक सुझावका आधारमा उपकरणहरूको आवश्यक प्राविधिक स्पेसिफिकेशन तयार गरी स्वीकृत खरिद प्रक्रिया अपनाई उपकरण खरिद गर्नु पर्नेछ।<br>• खरिद गरिएका उपकरणहरूको आपूर्ति, जडान, सञ्चालन परीक्षण तथा प्राविधिक परीक्षण गरी प्रतिष्ठानमा सञ्चालनमा ल्याउनु पर्नेछ।<br>• उपकरणको प्रभावकारी तथा दिगो सञ्चालनका लागि आवश्यक प्राविधिक जनशक्ति, सञ्चालन अभिमुखीकरण तथा मर्मत सम्भार व्यवस्थापन प्रतिष्ठान आफैले व्यवस्थापन गर्नु पर्नेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट खर्च गर्नु पर्नेछ। सो का लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङका लागि रु ९० लाख विनियोजन गरिएको छ। |
| **अपेक्षित उपलब्धी** | • राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा Phacoemulsification तथा USG Machine खरिद, जडान तथा सञ्चालन हुनेछ।<br>• मोतिया बिन्दु लगायत आँखा सम्बन्धी रोगहरूको आधुनिक तथा प्रभावकारी उपचार सेवा उपलब्ध हुनेछ।<br>• विभिन्न स्वास्थ्य समस्याको समयमै तथा गुणस्तरीय Ultrasonography (USG) परीक्षण सेवा उपलब्ध हुनेछ।<br>• प्रतिष्ठानको विशेषज्ञ उपचार तथा निदानात्मक सेवा क्षमता अभिवृद्धि हुनेछ।<br>• आवश्यक परीक्षण तथा उपचारका लागि बिरामीलाई अन्य स्वास्थ्य संस्थामा रिफर गर्नुपर्ने अवस्था न्यूनीकरण हुनेछ।<br>• सेवाग्राहीले सहज, समयमै तथा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्नेछन्। |
| **अनुगमन/मुल्याङ्कन सूचक** | • Phacoemulsification तथा USG Machine खरिद, आपूर्ति, जडान तथा सञ्चालनको अवस्था।<br>• खरिद गरिएका उपकरणहरू स्वीकृत प्राविधिक स्पेसिफिकेशन।<br>• उपकरणहरू कार्यशील तथा नियमित रूपमा सञ्चालनको अवस्था।<br>• Phacoemulsification सेवाबाट उपचार प्राप्त गर्ने बिरामीहरूको संख्या। |
| **प्रतिवेदन** | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङले आवश्यक प्रकृया पुरा गरी खरिद पश्चयात सोको प्रतिवेदन स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशलाई प्रतिवेदन गर्नु पर्नेछ। |

## ४. Water Purifier खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | थान | १ | प्रथम, दोश्रो, तेश्रो चौमासिक |

| | |
|---|---|
| परिचय | रामपुर अस्पताल, पाल्पामा सेवाग्राही, बिरामी तथा अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि सुरक्षित, स्वच्छ तथा गुणस्तरीय खानेपानीको उपलब्धता सुनिश्चित गर्नु आवश्यक छ। अस्पतालमा उपचार तथा सेवा लिन आउने बिरामी र कुरुवाहरूको स्वास्थ्य सुरक्षाका लागि स्वच्छ पिउने पानीको नियमित उपलब्धता महत्वपूर्ण हुन्छ।<br>यस कार्यक्रम अन्तर्गत रामपुर अस्पताल, पाल्पाका लागि Water Purifier खरिद तथा जडान गरी सुरक्षित तथा शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ। यसबाट अस्पतालमा आउने सेवाग्राही तथा स्वास्थ्यकर्मीहरूलाई सहज रूपमा सुरक्षित खानेपानी उपलब्ध हुने, पानीजन्य रोगको जोखिमको अन्त हुने र अस्पतालको स्वच्छता प्रदानका लागि यो बजेटको व्यवस्था गरिएको हो। |
| उद्देश्य | रामपुर अस्पताल, पाल्पामा Water Purifier उपलब्ध गराई बिरामी, सेवाग्राही तथा स्वास्थ्यकर्मीहरूका लागि सुरक्षित, स्वच्छ र गुणस्तरीय पिउने पानीको पहुँच सुनिश्चित गर्नु। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | रामपुर अस्पताल पाल्पा। |
| खर्च क्षेत्र | खरिद ढुवानी, जडान तथा सञ्चालन। |
| लक्षित समूह | रामपुर अस्पताल, पाल्पामा उपचार तथा स्वास्थ्य सेवा लिन आउने बिरामी, कुरुवा, सेवाग्राही तथा अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी र कर्मचारीहरू। |
| कार्यक्रम सञ्चालन विधि | प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा आर्थिक कार्यविधि अनुसार Water Purifier को स्वीकृत स्पेसिफिकेशन तथा प्रचलित बजार दररेटका आधारमा आवश्यक प्रक्रिया पूरा गरी खरिद गर्नु पर्नेछ। खरिद पश्चात उपकरण अस्पतालमा जडान गरी सञ्चालनमा ल्याउनु पर्नेछ। |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ।सोका लागि रामपुर अस्पतालमा रु ३ लाख रकम विनियोजन गरिएको छ। |
| अपेक्षित उपलब्धी | रामपुर अस्पताल, पाल्पामा Water Purifier जडान भई बिरामी, सेवाग्राही तथा स्वास्थ्यकर्मीहरूका लागि सुरक्षित, स्वच्छ र गुणस्तरीय पिउने पानीको सहज उपलब्धता सुनिश्चित हुनेछ। |
| अनुगमन मुल्यांकनको सूचक | Water Purifier खरिद, जडान तथा सञ्चालन भई अस्पतालमा सुरक्षित र शुद्ध पिउने पानी उपलब्ध भएको अवस्था। |
| प्रतिवेदन | रामपुर अस्पताल पाल्पाले आवश्यक प्रकृया पुरा गरी खरिद पश्चयात सोको प्रतिवेदन स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशलाई प्रतिवेदन गर्नु पर्नेछ। |

## ५. अक्सिजन प्लान्ट सेन्ट्रल पाईपलाइन जडान

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | पटक | १ | पहिलो,दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | गुल्मी अस्पताल, तम्घास, गुल्मीको नयाँ सञ्चालनमा आउने अस्पताल भवनमा उपचारका लागि आउने बिरामीहरूलाई आवश्यकता अनुसार निरन्तर तथा गुणस्तरीय अक्सिजन सेवा उपलब्ध गराउन अक्सिजन प्लान्ट तथा सेन्ट्रल अक्सिजन पाइपलाइन जडान गर्नु आवश्यक रहेको छ। यसका लागि नयाँ अस्पताल भवनमा अक्सिजन प्लान्ट स्थापना तथा सेन्ट्रल अक्सिजन पाइपलाइन जडान गरी विभिन्न वार्ड तथा उपचार कक्षमा सुरक्षित र नियमित रूपमा अक्सिजन आपूर्ति गर्ने व्यवस्था गर्नु पर्नेछ। आकस्मिक तथा गम्भीर अवस्थाका बिरामीको उपचारमा सहजता प्रदान गरी अस्पतालको आपतकालीन तथा विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न यो बजेटको व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | गुल्मी अस्पताल, तम्घास, गुल्मीको नयाँ अस्पताल भवनमा अक्सिजन प्लान्ट तथा सेन्ट्रल अक्सिजन पाइपलाइन जडान गरी बिरामीहरूलाई सुरक्षित, नियमित तथा गुणस्तरीय अक्सिजन सेवा उपलब्ध गराउनु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | गुल्मी अस्पताल, तम्घास, गुल्मी। |
| **खर्च क्षेत्र** | अक्सिजन प्लान्ट, सेन्ट्रल अक्सिजन पाइपलाइन तथा आवश्यक उपकरण/सामग्री खरिद, जडान, परीक्षण र सञ्चालनसम्बन्धी खर्च। |
| **लक्षित समूह** | गुल्मी अस्पताल, तम्घासमा उपचार तथा स्वास्थ्य सेवा लिन आउने विशेषगरी आकस्मिक, गम्भीर तथा अक्सिजन आवश्यक पर्ने बिरामीहरू। |
| **कार्यक्रम सञ्चालन विधि** | प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा आर्थिक कार्यविधि अनुसार स्वीकृत प्राविधिक स्पेसिफिकेशन तथा लागत अनुमान तयार गरी अक्सिजन प्लान्ट र सेन्ट्रल अक्सिजन पाइपलाइन खरिद, जडान, परीक्षण तथा सञ्चालन गर्नु पर्नेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी खरिद तथा सञ्चालन गर्नु पर्नेछ। यस कार्यका लागि गुल्मी अस्पताल गुल्मीमा रु ३० लाख विनियोजन गरिएको छ। |
| **अपेक्षित उपलब्धी** | गुल्मी अस्पतालको नयाँ भवनमा अक्सिजन प्लान्ट तथा सेन्ट्रल अक्सिजन पाइपलाइन सञ्चालनमा आई अक्सिजन आवश्यक पर्ने बिरामीहरूलाई सुरक्षित, नियमित र गुणस्तरीय अक्सिजन सेवा उपलब्ध हुनेछ। |

| | |
|---|---|
| **अनुगमन मुल्यांकनको सूचक** | अक्सिजन प्लान्ट तथा सेन्ट्रल अक्सिजन पाइपलाइन जडान, परीक्षण र सञ्चालन भई आवश्यक वार्ड तथा उपचार कक्षमा नियमित अक्सिजन आपूर्तिको अवस्था। |
| **प्रतिवेदन** | गुल्मी अस्पताल गुल्मीले आवश्यक प्रकृया पुरा गरी खरिद तथा सञ्चालन पश्चयात सोको प्रतिवेदन स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशलाई प्रतिवेदन गर्नु पर्नेछ। |

## ६. अक्सिजन प्लान्टको बुस्टर खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | अस्पताल | १ | पहिलो,दोस्रो र तेस्रो चौमासिक |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | कपिलवस्तु अस्पताल, कपिलबस्तुमा अक्सिजनको नियमित तथा पर्याप्त आपूर्ति सुनिश्चित गर्न विद्यमान अक्सिजन प्लान्टको क्षमता प्रभावकारी रूपमा उपयोग गर्न आवश्यक बुस्टर खरिद तथा जडान गर्नु आवश्यक रहेको छ। अस्पतालमा उपचाररत अक्सिजन आवश्यक पर्ने बिरामीहरूलाई निरन्तर, सुरक्षित तथा गुणस्तरीय अक्सिजन सेवा उपलब्ध गराउन सहयोग पुराउन र अस्पतालको आकस्मिक तथा गम्भीर बिरामीको उपचार क्षमता सुदृढ गर्न यो बजेटको व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | कपिलवस्तु अस्पताल, कपिलबस्तुमा अक्सिजन प्लान्टको बुस्टर खरिद तथा जडान गरी अक्सिजनको पर्याप्त, नियमित र सुरक्षित आपूर्ति सुनिश्चित गर्दै अक्सिजन आवश्यक पर्ने बिरामीलाई गुणस्तरीय उपचार सेवा उपलब्ध गराउनु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | कपिलवस्तु अस्पताल कपिलबस्तु। |
| **खर्च क्षेत्र** | खरिद ढुवानी, जडान तथा सञ्चालन। |
| **लक्षित समूह** | कपिलवस्तु अस्पताल, कपिलबस्तुमा उपचाररत विशेषगरी अक्सिजन आवश्यक पर्ने आकस्मिक तथा गम्भीर अवस्थाका बिरामीहरू। |
| **कार्यक्रम सञ्चालन विधि** | प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा आर्थिक कार्यविधिअनुसार स्वीकृत प्राविधिक स्पेसिफिकेशन र लागत अनुमानका आधारमा अक्सिजन प्लान्टको बुस्टर खरिद, जडान, परीक्षण तथा सञ्चालन गर्नु पर्नेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ।सोका लागि रामपुर अस्पतालमा रु २६ लाख ५० हजार रकम विनियोजन गरिएको छ। |
| **अपेक्षित उपलब्धी** | कपिलवस्तु अस्पताल, कपिलबस्तुमा अक्सिजन प्लान्टको बुस्टर जडान भई अक्सिजनको पर्याप्त तथा नियमित आपूर्ति सुनिश्चित हुनेछ र अक्सिजन आवश्यक पर्ने बिरामीलाई सुरक्षित तथा गुणस्तरीय उपचार सेवा उपलब्ध हुनेछ। |

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय राप्ती उपत्यका (देउखुरी) नेपाल

| | |
|---|---|
| **अनुगमन र मुल्याङ्कनको सुचक** | अक्सिजन प्लान्टको बुस्टर खरिद, जडान तथा परीक्षण सम्पन्न भई अक्सिजनको पर्याप्त र नियमित आपूर्तिको अवस्था। |
| **प्रतिवेदन** | कपिलवस्तु अस्पताल कपिलबस्तुले आवश्यक प्रकृया पुरा गरी खरिद तथा सञ्चालन पश्चयात सोको प्रतिवेदन स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशलाई प्रतिवेदन गर्नु पर्नेछ। |

## ७.अस्पताल सेवा सुदृढीकरण कार्यक्रम (इमर्जेन्सी, प्रयोगशाला, रेडियो इमेजीङ्ग तथा एम.सी.एच. सेवा)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | अस्पताल | १४ | पहिलो, दोस्रो, तेस्रो र चौथो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | लुम्बिनी प्रदेशका १४ वटा प्रादेशिक अस्पतालमा इमर्जेन्सी, प्रयोगशाला, रेडियो इमेजिङ तथा मातृ तथा शिशु स्वास्थ्य (MCH) सेवालाई प्रभावकारी, गुणस्तरीय र निरन्तर रूपमा सञ्चालन गर्न आवश्यक जनशक्तिको उपलब्धता सुनिश्चित गर्नु आवश्यक रहेको छ। अस्पतालहरूको सेवा आवश्यकता तथा कार्य सम्पादनका आधारमा आवश्यक जनशक्तिको निरन्तरताका लागि बजेट विनियोजन तथा व्यवस्थापन गरिएको छ। अस्पतालमा विशेषज्ञ तथा प्राविधिक सेवा निरन्तर सञ्चालन भई सेवाग्राहीलाई समयमै, सहज, गुणस्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन यो बजेटको व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | लुम्बिनी प्रदेशका १४ वटा प्रादेशिक अस्पतालमा **इमर्जेन्सी, प्रयोगशाला, रेडियो इमेजिङ तथा मातृ तथा शिशु स्वास्थ्य** (MCH) सेवाका लागि आवश्यक जनशक्तिको निरन्तरता सुनिश्चित गरी गुणस्तरीय, प्रभावकारी तथा नियमित अस्पताल सेवा प्रवाह गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | लुम्बिनी प्रदेश अन्तर्गतका १४ अस्पतालहरु। |
| **खर्च क्षेत्र** | तलव तथा भत्ता। |
| **लक्षित समूह** | लुम्बिनी प्रदेशका १४ वटा अस्पतालमा सेवा लिने बिरामी, गर्भवती तथा सुत्केरी महिला, नवजात शिशु तथा आवश्यक स्वास्थ्य सेवा लिन आउने सम्पूर्ण सेवाग्राहीहरू। |
| **कार्यक्रम सञ्चालन विधि** | उपलब्ध बजेटको परिधि र गत आ.व.मा सेवा सञ्चालनको आधारमा देहायको सेवा सञ्चालनका लागि आवश्यक जनशक्तिको सेवा निरन्तर्ता तथा पदपुर्ति गर्नु पर्नेछ।<br>**१.इमर्जेन्सी सेवा सुदृढिकरणः**<br>यस सेवा सञ्चालनका लागि कम्तिमा १ जना मेडिकल अधिकृत/हे.अ./स्टाप नर्सको (आवश्यकता अनुसार) सेवा निरन्तर्ता वा सेवा खरिद गरी इमरजेन्सी सेवाको सुदृढिकरण गर्नु पर्नेछ।<br>२. **प्रयोगशाला र रेडियो इमेजिङ्गः**<br>यस कार्यक्रमका लागि निम्न अनुसारका कर्मचारीको सेवा निरन्तर्ता वा नयाँ सेवा खरिद गर्नु पर्नेछ। |

क. प्रयोगशालाका लागि ल्याव टेक्निसियन १ जना

ख. रेडियो इमेजिङ्गका लागि रेडियोग्राफर १ जना

अस्पतालले प्रयोगशाला र X-Ray सेवा २४ सै घण्टा सञ्चालन गरेको हुनु पर्नेछ।

**३.MCH Clinic सञ्चालन तथा सुदृढिकरणः**

- यस कार्यक्रमका लागि २ जना नर्सिङ कर्मचारीको सेवा निरन्तर्ता वा नयाँ सेवा खरिद गर्नु पर्नेछ।
- MCH Clinic सञ्चालनका लागि अस्पातलले आवश्यक जनशक्ति व्यवस्थापन गरी हप्ताको ६ दिन नै सुरक्षित मातृत्व (ANC,PNC), परिवार योजना,सुरक्षित गर्भपतन सेवा, खोप सेवा र ५ वर्षमुनिका बालबालिकाको पोषण लेखाजोखा गर्नु पर्नेछ।

भालुवाङ अस्पताल प्रदेशको नयाँ अस्पतालका रुपमा संचालन गरिएकोले यस आ. ब. का लागि मात्र फार्मेशी सेवा विस्तारका लागि १ जना पाचौ तहको फार्मेशी सहायक व्यबस्थापन गर्नुपर्नेछ ।

माथि उल्लेखित कर्मचारीको सेवा खरिद वा निरन्तर्ता गर्दा अनिवार्य रुपमा जुन पद र तहको सेवा खरिद गरिएकोको हो उक्त पद तथा तहको सुरुको स्केल बराबरको मासिक तलव र नियम अनुसार चाडपर्व खर्च र पोशाक भत्ता भुक्तानि गर्नु पर्नेछ।

कर्मचारी कार्यविवरण र तोकिएको कार्यक्षेत्र (Department) बाहेक अनेत्र काम गर्नु गराउनु हुदैन।

**बजेट बाँडफाड**

प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ।सोका लागि निम्नअनुसारको वजेट व्यवस्था गरिएको छ।

| क्र.स. | कार्यालय | बजेट रु (लाख) |
|---|---|---|
| १ | पृथ्वीचन्द्र अस्पताल नवलपरासी पश्चिम | ३३ |
| २ | लुम्विनी प्रादेशिक अस्पताल रुपन्देही | २२ |
| ३ | भिम अस्पताल रुपन्देही | ३३ |
| ४ | कपिलबस्तु अस्पताल कपिलवस्तु | ३३ |
| ५ | पाल्पा अस्पताल पाल्पा | ३३ |
| ६ | रामपुर अस्पताल पाल्पा | ३३ |
| ७ | अर्घाखाँची अस्पताल अर्घाखाँची | ३३ |
| ८ | गुल्मी अस्पताल गुल्मी | ३३ |
| ९ | रुकुमपूर्व अस्पताल रुकुमपूर्व | ३३ |
| १० | रोल्पा अस्पताल रोल्पा | ३३ |
| ११ | प्यूठान अस्पताल प्यूठान | ३३ |
| १२ | राप्ती प्रादेशिक अस्पताल | ३३ |

| | |
|---|---|
| | १३ | भालुवाङ अस्पताल दाङ | २२ |
| | १४ | बर्दिया अस्पताल बर्दिया | ३३ |
| | जम्मा | ४४० |
| अपेक्षित उपलब्धी | लुम्बिनी प्रदेशका १४ वटा अस्पतालमा इमर्जेन्सी, प्रयोगशाला, रेडियो इमेजिङ तथा MCH सेवाका लागि आवश्यक जनशक्तिको निरन्तरता भई सेवाहरू नियमित, प्रभावकारी तथा गुणस्तरीय रूपमा सञ्चालन हुनेछन्। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | १४ वटा अस्पतालमा आवश्यक जनशक्ति निरन्तर रूपमा कार्यरत रही इमर्जेन्सी, प्रयोगशाला, रेडियो इमेजिङ तथा MCH सेवा नियमित र प्रभावकारी रूपमा सञ्चालनको अवस्था। |
| **प्रतिवेदन** | कार्यक्रम सञ्चालनको बारेमा सम्बन्धित अस्पतालले स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयलाई प्रतिवेदन गर्नु गर्नेछ। |

## ८. अस्पतालको कर्मचारी आवास निर्माण/तला थप

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | अस्पताल | १ | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | कपिलवस्तु अस्पताल कपिलबस्तुमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरूका लागि पर्याप्त र सुरक्षित आवासीय सुविधा उपलब्ध गराउन कर्मचारी आवास निर्माण तथा विद्यमान भवनमा तला थप गर्न आवश्यक रहेको छ। यस कार्यक्रम अन्तर्गत अस्पताल परिसरमा आवश्यकता अनुसार कर्मचारी आवास निर्माण/तला थप गरी आवासीय सुविधा विस्तार गरिनेछ। चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवास सम्बन्धी समस्या समाधान भई अस्पतालमा जनशक्तिको नियमित उपलब्धता, सेवा निरन्तरता तथा प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि यो बजेटको व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | कपिलवस्तु अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीका लागि सुरक्षित र पर्याप्त आवासीय सुविधा उपलब्ध गराई जनशक्तिको नियमित उपलब्धता तथा अस्पतालको स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी र निरन्तर बनाउनु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | कपिलवस्तु अस्पताल कपिलबस्तु। |
| **खर्च क्षेत्र** | कर्मचारी आवास भवन निर्माण/तला थप, आवश्यक संरचनात्मक तथा विद्युतीय/प्लम्बिङ कार्य, निर्माण सामग्री, श्रमिक तथा प्राविधिक सेवा र निर्माण सम्बन्धी अन्य आवश्यक खर्च। |

| | |
|---|---|
| **लक्षित समूह** | कपिलवस्तु अस्पतालमा कार्यरत चिकित्सक,नर्स, स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरू, विशेषगरी अस्पतालको सेवा निरन्तरताका लागि आवासीय सुविधा आवश्यक पर्ने कर्मचारीहरू। |
| **कार्यक्रम सञ्चालन विधि** | चलित सार्वजनिक खरिद ऐन, नियमावली तथा निर्माण सम्बन्धी मापदण्ड अनुसार स्वीकृत लागत अनुमान र प्राविधिक डिजाइनका आधारमा कर्मचारी आवास भवन निर्माण/तला थपको कार्य ठेक्का प्रक्रिया मार्फत सञ्चालन गर्नु पर्नेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ।सोका लागि कपिलवस्तु अस्पतालमा रु २० लाख रकम विनियोजन गरिएको छ। |
| **अपेक्षित उपलब्धी** | कपिलवस्तु अस्पतालमा कर्मचारी आवास निर्माण/तला थप सम्पन्न भई चिकित्सक, नर्स स्वास्थ्यकर्मी र अन्य कर्मचारीका लागि सुरक्षित र पर्याप्त आवासीय सुविधा उपलब्ध हुनेछ, जसबाट जनशक्तिको नियमित उपलब्धता तथा अस्पतालको सेवा निरन्तरतामा सुधार हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | कर्मचारी आवास भवन निर्माण/तला थपको कार्य स्वीकृत लागत, डिजाइन तथा मापदण्डअनुसार सम्पन्न भई प्रयोगमाको अवस्था। |
| **प्रतिवेदन** | कार्यक्रम सञ्चालनको बारेमा कपिलवस्तु अस्पतालले स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयलाई प्रतिवेदन गर्नु गर्नेछ। |

## ९.अस्पतालको नियमित रिपोर्टिङ सुदृढीकरण तथा विस्तार र वार्षिक प्रगती पुस्तिका छपाई र समिक्षा (छपाई खर्च)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | अस्पताल | १४ | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | यस प्रदेश अन्तर्गतका सबै (१४) अस्पतालहरूले प्रदान गर्ने स्वास्थ्य सेवा तथा सञ्चालन गर्ने स्वास्थ्य कार्यक्रमहरूको रिकर्डिङ, रिपोर्टिङ तथा प्रगतिको समीक्षा, स्वास्थ्य सम्बन्धी सूचकहरूको तुलनात्मक अवस्था, वित्तीय तथा भौतिक प्रगति, जनशक्ति एवं अन्य स्रोत साधनको उपलब्धता लगायतका विषयहरू समेटी वार्षिक समीक्षा गरिनेछ।<br>साथै, प्रत्येक अस्पतालको संक्षिप्त परिचय, सेवा प्रवाहको अवस्था, प्रमुख उपलब्धि, समस्या तथा चुनौती र आगामी सुधारका क्षेत्रहरू समेटी वार्षिक प्रतिवेदन तयार तथा छपाई गर्न यस कार्यक्रमका लागि बजेट व्यवस्था गरिएको छ। यसबाट अस्पतालहरूको समग्र कार्यसम्पादनको दस्तावेजीकरण, तुलनात्मक विश्लेषण तथा आगामी योजना तर्जुमा गर्न यो बजेटको व्यवस्था गरिएको हो। |
| उद्देश्य | • अस्पतालहरुबाट प्रदान गरीने स्वास्थ्य सेवाहरुको अवस्थाको बारेमा जानकारी, प्रगति समिक्षा र सुधार गर्नुपर्ने क्षेत्र पत्ता लगाई गुणस्तरिय सेवा प्रवाहमा सहजता ल्याउने।<br>• अस्पतालका स्वास्थ्य सम्बन्धी सुचकाङ्क सम्बन्धी लक्ष्य, प्रगती, जनशक्ति, उपकरण तथा भौतिक पुर्वाधार समेतको विबरण समेटिएको प्रतिवेदन तयार गर्ने। |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश अन्तर्गतका १४ वटै अस्पतालहरु। |
| खर्च क्षेत्र | बार्षिक समिक्षा तथा पुस्तिका छपाई खर्च । |
| लक्षित समुह | प्रदेश अन्तर्गतका अस्पतालहरु। |
| कार्यक्रम सञ्चालन विधि | • अस्पतालले प्रदान गर्ने सेवा लगायतका सम्पूर्ण क्षेत्रको लक्ष्य प्रगति तयार गरी स्वास्थ्य निर्देशनालय तथा स्वास्थ्य मन्त्रालयको समन्वयमा १ दिनको वार्षिक समिक्षा गर्ने।<br>• समिक्षामा अस्पताल विकास समिति स्वास्थ्य कार्यालयको प्रमुख, सम्बन्धित नगर वा गाउँ पालिका स्वास्थ्य शाखाको प्रतिनिधी, अस्पतालको सम्पुर्ण विभागको विभागीय प्रमुख तथा अन्य सरोकारवालाहरुलाई सहभागी गराई १ दिनको समिक्षा गर्ने।<br>• समिक्षामा उजागर भएका विषयवस्तुहरु समेटि वार्षिक पुस्तिका छपाई गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। यस कार्यक्रम सञ्चाःनका लागि सबै (१४) अस्पतालमा रु १ लाख बजेट विनियोजन गरिएको छ। |
| अपेक्षित उपलब्धी | अस्पतालहरुको सेवाकोअबस्था बारेमा जानकारी भई अस्पतालको गुणस्तरिय सेवामा वृद्धि हुनेछ। |
| अनुगमन र मुल्याङ्कनका सुचक | • बार्षिक समिक्षाको फर्मेट<br>• बार्षिक प्रगति पुस्तिका |
| प्रतिवेदन | कार्य सम्पन्न भईसकेपछि स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा प्रतिवेदन बुझाउनु पर्नेछ। |

## १०.अस्पतालमा EMR संचालन गर्न सूचना प्रविधि अधिकृत करार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | अस्पताल | १ | पहिलो,दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | गुल्मी अस्पताल, तम्घाससमा Electronic Medical Record (EMR) प्रणाली सञ्चालन तथा प्रभावकारी कार्यान्वयनका लागि सूचना प्रविधि जनशक्तिको व्यवस्थापन गर्नु आवश्यक रहेको छ। यस कार्यक्रम अन्तर्गत EMR प्रणालीको सञ्चालन, प्राविधिक व्यवस्थापन, प्रयोगकर्तालाई आवश्यक सहयोग तथा प्रणाली सम्बन्धी समस्या समाधानका लागि सूचना प्रविधि अधिकृतलाई करार सेवामा व्यवस्थापन गरिनेछ।बिरामीको स्वास्थ्य सम्बन्धी अभिलेखको व्यवस्थित डिजिटल व्यवस्थापन, सेवा प्रवाहमा सहजता तथा अस्पतालको सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउन यो बजेटको व्यवस्था गरिएको हो। |

| | |
|---|---|
| **उद्देश्य** | गुल्मी अस्पतालमा EMR प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक सूचना प्रविधि अधिकृतको करार सेवा व्यवस्थापन गरी डिजिटल स्वास्थ्य अभिलेख तथा सूचना प्रणालीलाई सुदृढ गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | गुल्मी अस्पताल तम्घाँस। |
| **खर्च क्षेत्र** | तलव र भत्ता |
| **लक्षित समूह** | गुल्मी अस्पतालमा उपचार तथा स्वास्थ्य सेवा लिने बिरामी, सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी तथा अस्पतालमा कार्यरत कर्मचारीहरू। |
| **कार्यक्रम सञ्चालन विधि** | स्वास्थ्य मन्त्रालयको समन्वयमा, प्रचलित कानुन तथा नियम अनुसार १ जना सूचना प्रविधि अधिकृतको योग्यता र अनुभव निर्धारण गरी खुला तथा पारदर्शी प्रक्रियाबाट करारमा छनोट तथा नियुक्ति गरी EMR प्रणालीको सञ्चालन, प्राविधिक सहयोग र व्यवस्थापन गर्नु पर्नेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। यस कार्यक्रम सञ्चालनका लागि गुल्मी अस्पतालमा रु ६ लाख ७० हजार बजेट विनियोजन गरिएको छ। |
| **अपेक्षित उपलब्धी** | गुल्मी अस्पतालमा EMR प्रणाली नियमित तथा प्रभावकारी रूपमा सञ्चालन भई बिरामीको स्वास्थ्य अभिलेखको सुरक्षित र व्यवस्थित डिजिटल व्यवस्थापन तथा स्वास्थ्य सेवा प्रवाहमा सुधार हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | EMR प्रणाली नियमित रूपमा सञ्चालन भएको, बिरामीको डिजिटल स्वास्थ्य अभिलेख अद्यावधिक भएको तथा सूचना प्रविधिसम्बन्धी समस्या समयमै समाधानको अवस्था। |
| **प्रतिवेदन** | कार्यक्रम सञ्चालनको बारेमा गुल्मी अस्पतालले स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयलाई प्रतिवेदन गर्नु गर्नेछ। |

## ११. अस्पतालमा SNCU सुधार कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | अस्पताल | ९ | पहिलो,दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | नवजात शिशुहरूको गुणस्तरीय, सुरक्षित तथा प्रभावकारी उपचार र स्याहार सुनिश्चित गर्न अस्पतालहरूमा Special Newborn Care Unit (SNCU) सुधार कार्यक्रम आवश्यक रहेको छ। नवजात शिशुमा देखिने स्वास्थ्य समस्याहरूको समयमै पहिचान, उचित उपचार तथा आवश्यकता अनुसार प्रेषण हुनु आवश्यक छ। |

<table>
<tr><td></td><td>यस कार्यक्रम अन्तर्गत प्रदेशका ९ वटा अस्पतालमा सञ्चालित SNCU सेवाको सञ्चालनका लागि आवश्यक जनशक्ति र औजार उपकरण खरिदका लागि यो बजेटको व्यवस्था गरिएको हो।</td></tr>
<tr><td>उद्देश्य</td><td>प्रदेशका ९ वटा अस्पतालमा सञ्चालित SNCU सेवाको गुणस्तर सुदृढीकरण गरी नवजात शिशुलाई प्रभावकारी र गुणस्तरीय उपचार सेवा सुनिश्चित गर्नु।</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन गर्ने निकाय</td><td>बर्दिया अस्पताल, राप्ती प्रादेशिक अस्पताल, प्यूठान अस्पताल, गुल्मी अस्पताल, रामपुर अस्पताल, कपिलबस्तु अस्पताल, भिम अस्पताल, पृथ्वी चन्द्र अस्पताल, भेरी अस्पताल</td></tr>
<tr><td>खर्च क्षेत्र</td><td>जनशक्ति व्यवस्थापन तथा SNCU कक्ष निर्माण तथा औजार उपकरण मर्मत संम्भार।</td></tr>
<tr><td>लक्षित समूह</td><td>विरामी नवजात शिशुहरु</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन विधि</td><td><ul><li>SNCU संचालनका लागि आवश्यक जनशक्तिको (मेडिकल अधिकृत र स्टाफ नर्सको) व्यबस्था गर्ने।</li><li>आवश्यकतानुसार SNCU कक्ष निर्माण तथा औजार उपकरण मर्मत संम्भार गर्ने।</li><li>प्राविधिकको नाँप जाँच प्रतिवेदन र बील भर्पाईका आधारमा भुक्तानी गर्ने।</li><li>चौबिसै घण्टा सेवा सञ्चालन गर्ने।</li></ul></td></tr>
<tr><td>बजेट बाँडफाड</td><td>प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ।
<table>
<tr><th>क्र.स.</th><th>कार्यालय</th><th>बजेट रु (लाख)</th></tr>
<tr><td>१.</td><td>भेरी अस्पताल</td><td>५०.०</td></tr>
<tr><td>२.</td><td>पृथ्वी चन्द्र अस्पताल</td><td>१०.२</td></tr>
<tr><td>३.</td><td>भिम अस्पताल</td><td>१०.२</td></tr>
<tr><td>४.</td><td>कपिलबस्तु अस्पताल</td><td>१०.२</td></tr>
<tr><td>५.</td><td>रामपुर अस्पताल</td><td>१५.०</td></tr>
<tr><td>६.</td><td>गुल्मी अस्पताल</td><td>१०.२</td></tr>
<tr><td>७.</td><td>प्यूठान अस्पताल</td><td>१०.२</td></tr>
<tr><td>८.</td><td>राप्ती प्रादेशिक अस्पताल</td><td>१०.२</td></tr>
<tr><td>९.</td><td>बर्दिया अस्पताल</td><td>१०.२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३६.४</td></tr>
</table></td></tr>
<tr><td>अपेक्षित उपलब्धी</td><td>अस्पतालमा नवजात शिशु उपचार सेवा सञ्चालन भई बाल मृत्युदरमा कमी हुनेछ।</td></tr>
<tr><td>अनुगमन र मुल्याङ्कनको सुचक</td><td>प्रदेशका ९ वटा अस्पतालमा SNCU सेवाको गुणस्तर, सेवा उपयोग, आवश्यक उपकरण तथा जनशक्ति व्यवस्थापन र नवजात शिशु उपचार परिणाममा भएको सुधार।</td></tr>
<tr><td>प्रतिवेदन</td><td>कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालय र निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ।</td></tr>
</table>

## १२.अस्पतालमा सेवा विस्तारको लागि औजार उपकरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | अस्पताल | १५ अस्पताल | पहिलो,दोस्रो र तेस्रो |

<table>
<tr><th>उपशिर्षक</th><th>विवरण</th></tr>
<tr><td>परिचय</td><td>अस्पतालमा उपलब्ध स्वास्थ्य सेवाको विस्तार तथा गुणस्तरीय सेवा प्रवाहलाई प्रभावकारी बनाउन औजार तथा उपकरणको महत्वपूर्ण भुमिका हुन्छ। तोकिएका अस्पतालहरुमा स्वास्थ्य उपकरणको उपलब्धता सुनिश्चित गरी बिरामीलाई समयमै, सुरक्षित र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक रहेकोले यो बजेटको व्यवस्थापन गरिएको हो।</td></tr>
<tr><td>उद्देश्य</td><td>अस्पतालमा स्वास्थ्य सेवाको विस्तार तथा गुणस्तरीय र प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक औजार तथा उपकरणको उपलब्धता सुनिश्चित गर्नु।</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन गर्ने निकाय</td><td>भेरी अस्पताल र प्रदेश अन्तर्गतका १४ अस्पताल।</td></tr>
<tr><td>खर्च क्षेत्र</td><td>अस्पतालमा सेवा विस्तारका लागि आवश्यक स्वास्थ्यसम्बन्धी औजार, उपकरण तथा सामग्रीहरूको खरिद।</td></tr>
<tr><td>अपेक्षित प्रतिफल</td><td>आवश्यक औजार तथा उपकरणको उपलब्धताबाट अस्पतालको सेवा क्षमता विस्तार भई गुणस्तरीय, प्रभावकारी र समयमै स्वास्थ्य सेवा प्रवाह हुनेछ।</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन विधि</td><td><ul><li>अस्पतालको आवश्यकता पहिचान गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार आवश्यक औजार तथा उपकरण खरिद, आपूर्ति, जडान तथा सञ्चालनमा ल्याउनु पर्नेछ।</li><li>राप्ती प्रादेशिक अस्पतालमा NICU सञ्चालनका लागि देहायका औजार उपकरण यसै बजेटबाट खरिद गरी सञ्चालनमा ल्याउनु पर्नेछ।<br>१. CPAP machine-२,<br>२. Neonatal Ventilator-२,<br>३. Radiant warmer-३</li><li>लुम्बिनी प्रादेशिक अस्पतालले बालरोग विभागका लागि कम्तिमा २ थान CPAP machine यसै बजेट मार्फत खरिद गर्नु पर्नेछ।</li><li>भेरी अस्पतालका लागि HD Camera system with light source for endoscopic spine surgery मेसीन खरिद गर्नुपर्नेछ ।</li></ul></td></tr>
<tr><td>बजेट बाँडफाड</td><td>प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ।<table><tr><th>क्र. स.</th><th>कार्यालय</th><th>बजेट रु लाखमा</th></tr><tr><td>१</td><td>भालुवाङ अस्पताल</td><td>१५</td></tr></table></td></tr>
</table>

| | | |
|---|---|---|
| | | <table><tr><td>२</td><td>भेरी अस्पताल</td><td>५०</td></tr><tr><td>३</td><td>पृथ्वी चन्द्र अस्पताल</td><td>१५</td></tr><tr><td>४</td><td>लुम्विनी प्रादेशिक अस्पताल</td><td>२५</td></tr><tr><td>५</td><td>भिम अस्पताल</td><td>२०</td></tr><tr><td>६</td><td>कपिलबस्तु अस्पताल</td><td>१५</td></tr><tr><td>७</td><td>पाल्पा अस्पताल</td><td>१५</td></tr><tr><td>८</td><td>रामपुर अस्पताल</td><td>१५</td></tr><tr><td>९</td><td>अर्घाखाँची अस्पताल</td><td>१८</td></tr><tr><td>१०</td><td>गुल्मी अस्पताल</td><td>४५</td></tr><tr><td>११</td><td>रुकुम पूर्व अस्पताल</td><td>१६</td></tr><tr><td>१२</td><td>रोल्पा अस्पताल</td><td>१०</td></tr><tr><td>१३</td><td>प्यूठान अस्पताल</td><td>१०</td></tr><tr><td>१४</td><td>राप्ती प्रादेशिक अस्पताल</td><td>२००</td></tr><tr><td>१५</td><td>बर्दिया अस्पताल</td><td>१५</td></tr><tr><td colspan="2">जम्मा</td><td>४८४</td></tr></table> |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | खरिद गरिएका औजार तथा उपकरणको उपलब्धता, जडान तथा सञ्चालन अवस्था र अस्पतालको सेवा प्रवाहमा भएको सुधार। | |
| **प्रतिवेदन** | कार्य सम्पन्न भईसकेपछि सम्बन्धित अस्पतालले स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा प्रतिवेदन बुझाउनु पर्नेछ। | |

## १३.अस्पतालहरुको सामाजिक परीक्षण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | अस्पताल | १४ | तेस्रो चौमासिक |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवाको पारदर्शिता, जवाफदेहिता, गुणस्तर तथा सेवाग्राहीको सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले अस्पतालहरूको सामाजिक परीक्षण कार्यक्रम सञ्चालन आवश्यक रहेको छ। यस प्रक्रिया मार्फत अस्पतालको सेवा प्रवाह, व्यवस्थापन, उपलब्धी, समस्या तथा सुधारका क्षेत्रहरूको समीक्षा गरी सेवाग्राही तथा सरोकारवालाको सुझावका आधारमा स्वास्थ्य सेवामा सुधार ल्याउन यो बजेटको व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवामा पारदर्शिता, जवाफदेहिता, सेवाग्राहीको सहभागिता तथा गुणस्तर सुधार गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | १४ प्रादेशिक अस्पतालहरु। |
| **खर्च क्षेत्र** | सामाजिक परीक्षण सञ्चालनका लागि आवश्यक बैठक, अभिमुखीकरण, सूचना संकलन, सरोकारवाला सहभागिता, प्रतिवेदन तयारी तथा सार्वजनिक सुनुवाइ सम्बन्धी खर्च। |
| **लक्षित समूह** | अस्पतालका सेवाग्राही, स्वास्थ्यकर्मी, व्यवस्थापन समिति तथा सम्बन्धित सरोकारवालाहरू। |
| **कार्यक्रम सञ्चालन विधि** | प्रचलित सामाजिक परीक्षण निर्देशिका र मापदण्ड अनुसार सरोकारवालाको सहभागितामा १ दिने सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरी सोको प्रतिवेदन तयारी गरी सुधारका कार्ययोजना कार्यान्वयन गर्नु पर्नेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ।यो कार्यक्रम सञ्चालनका लागि सबै १४ अस्पतालमा १ लाख बजेट विनियोजन गरीएको छ। |
| **अपेक्षित उपलब्धी** | अस्पतालको सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता तथा सेवाग्राहीको सहभागिता अभिवृद्धि भई स्वास्थ्य सेवाको गुणस्तरमा सुधार हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | सामाजिक परीक्षण सम्पन्न भएको, सरोकारवालाको सहभागिता सुनिश्चित भएको तथा प्राप्त सुझावअनुसार अस्पतालको सेवा सुधारका कार्यहरू कार्यान्वयन भएको। |
| **प्रतिवेदन** | कार्य सम्पन्न भईसकेपछि सम्बन्धित अस्पतालले स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा प्रतिवेदन बुझाउनु पर्नेछ। |

## १४. अस्पतालहरुमा EMR विस्तारका लागि हार्डवेर उपकरण खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | अस्पताल | १ | पहिलो, दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | यस आ.व.मा कपिलवस्तु अस्पतालको स्वास्थ्य सेवा प्रवाहलाई डिजिटल, व्यवस्थित तथा प्रभावकारी बनाउन Electronic Medical Record (EMR) प्रणालीको विस्तार गर्ने योजना रहेको छ। यसका लागि अस्पतालमा EMR प्रणाली सञ्चालन तथा विस्तार गर्न आवश्यक कम्प्युटर, प्रिन्टर, नेटवर्किङ तथा अन्य आवश्यक हार्डवेयर उपकरण आवश्यक पर्दछ। त्यसैले बिरामीको स्वास्थ्य विवरण सुरक्षित अभिलेखीकरण, सहज पहुँच, प्रभावकारी व्यवस्थापन तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि यो बजेट व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | कपिलवस्तु अस्पतालमा EMR प्रणालीको प्रभावकारी विस्तार तथा सञ्चालनका लागि आवश्यक हार्डवेयर उपकरणको उपलब्धता सुनिश्चित गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य मन्त्रालयको समन्वयमा कपिलवस्तु अस्पताल। |
| **खर्च क्षेत्र** | कपिलवस्तु अस्पतालमा EMR प्रणाली विस्तारका लागि आवश्यक कम्प्युटर, प्रिन्टर र अन्य आवश्यक हार्डवेयर उपकरणहरूको खरिद, जडान र सञ्चालन सम्बन्धी खर्च। |
| **लक्षित समूह** | कपिलवस्तु अस्पतालका स्वास्थ्यकर्मी, कर्मचारी तथा अस्पतालबाट सेवा लिने सेवाग्राहीहरू। |
| **कार्यक्रम सञ्चालन विधि** | कपिलवस्तु अस्पतालको आवश्यकता पहिचान गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार आवश्यक हार्डवेयर उपकरण खरिद, आपूर्ति, जडान तथा EMR प्रणालीसँग एकीकृत गरी सञ्चालन गर्नु पर्नेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। यो कार्यक्रम सञ्चालनका लागि कपिलवस्तु अस्पतालमा रु १० लाख बजेट विनियोजन गरीएको छ। |
| **अपेक्षित उपलब्धी** | आवश्यक हार्डवेयर उपकरणको उपलब्धता र प्रभावकारी प्रयोगबाट कपिलवस्तु अस्पतालमा EMR प्रणालीको विस्तार भई बिरामीको स्वास्थ्य विवरणको व्यवस्थित, सुरक्षित तथा प्रभावकारी व्यवस्थापनसँगै स्वास्थ्य सेवा प्रवाहको गुणस्तरमा सुधार हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | खरिद तथा जडान गरिएका हार्डवेयर उपकरणको संख्या, EMR प्रणाली सञ्चालनको अवस्था तथा EMR मार्फत सेवा लिने बिरामीको अनुपात। |
| **प्रतिवेदन** | कार्य सम्पन्न भईसकेपछि सम्बन्धित अस्पतालले स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा प्रतिवेदन बुझाउनु पर्नेछ। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

## १५. अस्पतालहरुमा डाईलाईसिस सेवा स्थापना तथा सेवा विस्तार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | अस्पताल | १३ | पहिलो, दोस्रो, तेस्रो |

<table>
<tr><th>उपशिर्षक</th><th>विवरण</th></tr>
<tr><td>परिचय</td><td>मृगौला फेल भएका विपन्न बिरामीहरूलाई सहज, नियमित तथा गुणस्तरीय निःशुल्क हेमोडायलाइसिस सेवा उपलब्ध गराउन र सेवा सुरु नभएका अस्पतालमा डायलाइसिस सेवा सुरुवात तथा सेवा सञ्चालन भइरहेका तर बिरामीको चाप बढी भएका अस्पतालमा थप हेमोडायलाइसिस मेसिन र आवश्यक जनशक्ति  व्यवस्थापन गर्नु आवश्यक छ। यस कार्यक्रम मार्फत विपन्न बिरामीको उपचारमा पहुँच बढाई नियमित डायलाइसिस सेवाका लागि हुने आर्थिक तथा भौगोलिक कठिनाइ न्यूनीकरण गर्न यो वजेटको व्यवस्था गरिएको हो।</td></tr>
<tr><td>उद्देश्य</td><td>मृगौला रोगीहरुलाई निःशुल्क डायलाईसिस सेवा प्रदान गर्नु।</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन गर्ने निकाय</td><td>अस्पतालहरुः गुल्मी, बर्दिया, रामपुर, पृथ्विचन्द्र, कपिलबस्तु र अर्घाखाँची</td></tr>
<tr><td>खर्च क्षेत्र</td><td>डायलासिस सेवा विस्तारका लागि आवश्यक जनशक्ति व्यबस्थापन, Exposer visit तालिमका लागि दै भ्र भ तथा यातायात खर्च, सेवा निरन्तरतामा सामान्य मर्मत सम्भार।</td></tr>
<tr><td>लक्षित समूह</td><td>डायलाईसिस गर्नुपर्ने मृगौलाका विरामीहरु।</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन विधि</td><td>
<ul>
<li>विगत सालदेखि स्वास्थ्य निर्देशनालयबाट सेवा करार सम्झौतामा खटिइ पठाइएका जनशक्तिको कार्यसम्पादन मूल्याङ्कन गरी सन्तोषजनक देखिएमा सेवा करार निरन्तरता दिने।</li>
<li>सम्बन्धित अस्पताल र निर्देशनालयबाट खटिई पठाइएका जनशक्ती वीच सेवा निरन्तरताका लागि सेवा करार सम्झौता गर्ने ।</li>
<li>विगत सालदेखि निर्देशनालयबाट सेवा करारमा खटाई पठाइएका व्यक्तीहरुले कुनै कारणले सेवा दिन छोडेको खण्डमा उक्त रिक्त स्थानमा पुनः नयाँ सेवा करार लिन निर्देशनालयको समन्वयमा सम्बन्धित अस्पतालले गर्ने ।</li>
<li>डायलासिस सेवा संचालन गर्दा सामान्य मर्मत संम्भार गर्नुपरेमा बजेटको परिधीमा रहि खर्च गर्न सकिनेछ ।</li>
</ul></td></tr>
<tr><td>बजेट बाँडफाड</td><td>प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ।
<table>
<tr><th>क्र.स.</th><th>कार्यालय</th><th>बजेट रु (लाख)</th></tr>
<tr><td>१</td><td>पृथ्वी चन्द्र अस्पताल</td><td>३०</td></tr>
<tr><td>२</td><td>कपिलबस्तु अस्पताल</td><td>३०</td></tr>
<tr><td>३</td><td>रामपुर अस्पताल</td><td>३०</td></tr>
</table></td></tr>
</table>

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | | | |
|---|---|---|---|
| | ४ | अर्घाखाँची अस्पताल | ३० |
| | ५ | गुल्मी अस्पताल | ३० |
| | ६ | प्यूठान अस्पताल | ३० |
| | ७ | राप्ती प्रादेशिक अस्पताल | ५८ |
| | ८ | बर्दिया अस्पताल | ३५ |
| | | **जम्मा** | २७३.० |
| **अपेक्षित उपलब्धी** | • अस्पतालमा डायलाईसिस सेवा विस्तार भई विपन्न मृगौला रोगीहरुले निःशुल्क डायलाईसिस सेवा प्राप्त गर्नेछन् । | | |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • जनशक्ति व्यबस्था भएको<br>• सेवा लिएका सेवा ग्राहीको संख्या | | |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। | | |

## १६.कपिलवस्तु अस्पतालको सौन्दर्यीकरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | अस्पताल | १ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | कपिलवस्तु अस्पतालको भौतिक वातावरणलाई स्वच्छ, व्यवस्थित, आकर्षक तथा सेवाग्राहीमैत्री बनाउन अस्पताल परिसरको सौन्दर्यीकरण गर्नु आवश्यक रहेको छ। यसका लागि अस्पताल परिसरमा हरियाली, सरसफाइ, प्रतीक्षालय, प्रवेश तथा बाह्य क्षेत्रको व्यवस्थापन र आवश्यक संरचनागत सुधार गरी सेवाग्राही तथा स्वास्थ्यकर्मीका लागि सुरक्षित र सकारात्मक वातावरण सिर्जना गर्न यो बजेटको व्यवस्था गरिएको छ। |
| **उद्देश्य** | कपिलवस्तु अस्पतालको परिसरलाई स्वच्छ, व्यवस्थित, सुरक्षित तथा सेवाग्राहीमैत्री बनाई अस्पतालको समग्र वातावरणमा सुधार गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | कपिलवस्तु अस्पताल। |
| **खर्च क्षेत्र** | अस्पताल परिसरको सरसफाइ, हरियाली तथा बगैंचा व्यवस्थापन, प्रवेशद्वार, प्रतीक्षालय, बाह्य परिसर तथा आवश्यक भौतिक संरचनाको सौन्दर्यीकरणसम्बन्धी कार्य। |
| **लक्षित समूह** | कपिलवस्तु अस्पतालका सेवाग्राही, बिरामी तथा कुरुवा, स्वास्थ्यकर्मी र अस्पतालमा कार्यरत अन्य कर्मचारीहरू। |
| **कार्यक्रम सञ्चालन विधि** | अस्पतालको आवश्यकता पहिचान गरी स्वीकृत योजना तथा लागत अनुमानका आधारमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार सौन्दर्यीकरण सम्बन्धी कार्य सञ्चालन तथा सम्पन्न गर्नु पर्नेछ। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

| | |
|---|---|
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। उक्त कार्यक्रमका लागि कपिलवस्तु अस्पतालमा रु १५ लाख विनियोजन गरिएको छ। |
| **अपेक्षित उपलब्धी** | कपिलवस्तु अस्पतालको परिसर स्वच्छ, व्यवस्थित, आकर्षक तथा सेवाग्राहीमैत्री भई अस्पतालको समग्र सेवा वातावरणमा सुधार हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | अस्पताल परिसरको सौन्दर्यीकरण कार्य सम्पन्न भएको अवस्था, सरसफाइ तथा हरियाली व्यवस्थापनको स्तर र सेवाग्राहीमैत्री वातावरणमा भएको सुधार। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## १७. "ख" वर्गको एम्वुलेन्स खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | अस्पताल | १ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | दुर्घटना, प्रसूति तथा नवजात शिशु सम्बन्धी जटिलता, गम्भीर बिरामी तथा अन्य आकस्मिक अवस्थाका बिरामीलाई तत्काल रेफरल गर्न भरपर्दो एम्बुलेन्स सेवाको महत्वपूर्ण भूमिका हुन्छ। भालुवाङ अस्पतालमा आकस्मिक तथा गम्भीर अवस्थाका बिरामीलाई समयमै, सुरक्षित र प्रभावकारी रूपमा स्वास्थ्य संस्थासम्म पुऱ्याउन **"ख" वर्गको एम्बुलेन्स खरिद** आवश्यक रहेको छ। अस्पतालको सेवा पहुँच, बिरामीको सुरक्षित आवत-जावत र आकस्मिक स्वास्थ्य सेवाको गुणस्तरमा सुधार गर्नका लागि यो बजेटको व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | भालुवाङ अस्पतालको आकस्मिक तथा रेफरल सेवालाई सुदृढ गर्दै गम्भीर बिरामीको समयमै सुरक्षित प्रेशण प्रणालीको सुनिश्चित गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | भालुवाङ अस्पताल दाङ |
| **खर्च क्षेत्र** | खरिद तथा सञ्चालन |
| **लक्षित समूह** | भालुवाङ अस्पताल तथा आसपासका क्षेत्रका आकस्मिक, गम्भीर तथा रेफरल आवश्यक पर्ने बिरामीहरू। |
| **कार्यक्रम सञ्चालन विधि** | प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा स्वीकृत मापदण्ड बमोजिम १ थान "ख" वर्गको एम्बुलेन्स खरिद गरी भालुवाङ अस्पताल मार्फत सञ्चालन गर्नु पर्नेछ। |

| | |
|---|---|
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। उक्त खरिदका लागि भालुवाङ अस्पतालमा रु ४० लाख रकम विनियोजन गरिएको छ। |
| **अपेक्षित उपलब्धी** | भालुवाङ अस्पतालमा "ख" वर्गको एम्बुलेन्स उपलब्ध भई आकस्मिक तथा रेफरल बिरामीको सुरक्षित र समयमै प्रेशण प्रणाली प्रभावकारी हुनेछ। |
| **अनुगमन तथा मुल्याङ्कन** | खरिद प्रक्रिया, एम्बुलेन्सको प्राविधिक मापदण्ड तथा सञ्चालनबाट प्राप्त सेवा विवरणका आधारमा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयले नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात भालुवाङ अस्पतालले स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## १८.जलन उपचार कक्ष संचालन तथा व्यवस्थापन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | अस्पताल | २ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | जलन एक गम्भीर आकस्मिक स्वास्थ्य अवस्था भएकाले समयमै उचित उपचार उपलब्ध गराई बिरामीको जीवन रक्षा गर्न आवश्यक छ। यस उद्देश्यले यस प्रदेशका २ अस्पताल, राप्ती प्रादेशिक अस्पताल र लुम्बिनी प्रादेशिक अस्पतालमा जलन उपचार कक्ष सञ्चालन तथा व्यवस्थापन गरी जलनका बिरामीलाई गुणस्तरीय, सुरक्षित र प्रभावकारी उपचार सेवा उपलब्ध गराउन यो बजेटको व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | जलनका बिरामीलाई समयमै गुणस्तरीय, सुरक्षित तथा प्रभावकारी उपचार सेवा उपलब्ध गराई जलनबाट हुने मृत्यु तथा जटिलता न्यूनीकरण गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र राप्ती प्रादेशिक अस्पताल तुल्सीपुर दाङ। |
| **खर्च क्षेत्र** | सामग्री खरिद तथा जनशक्ति व्यवस्थापन |
| **लक्षित समूह** | जलनबाट प्रभावित आकस्मिक तथा गम्भीर अवस्थाका बिरामीहरू, विशेषगरी लुम्बिनी प्रदेश क्षेत्रभित्रका नागरिकहरू। |
| **कार्यक्रम सञ्चालन विधि** | जलन उपचार कक्षका लागि आवश्यक उपकरण, औषधि तथा सामग्री खरिद, कक्ष व्यवस्थापन, पूर्वाधार सुधार तथा सेवा सञ्चालन व्यवस्थापनमा खर्च गर्नु पर्नेछ।<br>**लुम्बिनी र राप्ती प्रादेशिक अस्पतालले देहाय बमोजिमको सेवा प्रभाह गर्नु पर्नेछ।**<br>क. जलनको आकस्मिक उपचार, |

| | |
|---|---|
| | ख. जलनका घाइतेको अस्पतालमा उपलब्ध तत्काल उपचार,<br>ग. जलनबाट घाइतेहरुको आई सि यू उपचार व्यवस्थापन<br>घ. जलन पश्चात् हुने संक्रमण र अन्य जटिलताबाट बचाउन आवश्यक पुनर्स्थापनात्मक तथा शल्यक्रिया सेवामा खर्च गरिनेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। उक्त कार्यक्रम सञ्चालनका लागि लुम्बिनी प्रादेशिक अस्पताल र राप्ती प्रादेशिक अस्पतालमा रु १०/१० लाख रकम विनियोजन गरिएको छ। |
| **अपेक्षित उपलब्धी** | राप्ती प्रादेशिक अस्पताल र लुम्बिनी प्रादेशिक अस्पतालमा जलन उपचार कक्ष प्रभावकारी रूपमा सञ्चालन भई जलनका बिरामीले समयमै गुणस्तरीय तथा आवश्यक उपचार सेवा प्राप्त गर्नेछन्। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | जलन उपचार कक्ष सञ्चालनको अवस्था, उपचार सेवा प्राप्त गर्ने बिरामीको संख्या, उपलब्ध सेवा तथा उपचारको गुणस्तरका आधारमा अनुगमन र मूल्याङ्कन स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयले गर्नेछ। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात सम्बन्धित अस्पतालले स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## १९. नयाँ अस्पताल भवनको लागि फर्निचर तथा फिक्चर्स

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | अस्पताल | २ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | गुल्मी अस्पताल र रुकुमपूर्व अस्पतालका नयाँ अस्पताल भवनहरूबाट गुणस्तरीय, व्यवस्थित तथा प्रभावकारी स्वास्थ्य सेवा सञ्चालन गर्न आवश्यक फर्निचर तथा फिक्चर्सको आवश्यकता रहेको छ। यस कार्यका लागि नयाँ भवनका विभिन्न कक्ष तथा विभागहरूका लागि आवश्यक फर्निचर तथा फिक्चर्स खरिद तथा व्यवस्थापन गरी अस्पतालको सेवा सञ्चालनलाई व्यवस्थित, सुरक्षित र सेवाग्राही मैत्री बनाउनका लागि यो बजेटको व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | गुल्मी अस्पताल र रुकुमपूर्व अस्पतालका नयाँ भवनमा आवश्यक फर्निचर तथा फिक्चर्सको व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालनलाई व्यवस्थित, प्रभावकारी तथा सेवाग्राही मैत्री बनाउनु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | गुल्मी अस्पताल र रुकुमपूर्व अस्पताल |
| **खर्च क्षेत्र** | खरिद, व्यवस्थापन र सञ्चालन। |

| | |
|---|---|
| **लक्षित समूह** | गुल्मी अस्पताल र रुकुमपूर्व अस्पतालबाट सेवा प्राप्त गर्ने सेवाग्राही, बिरामी तथा अस्पतालका स्वास्थ्यकर्मीहरू। |
| **कार्यक्रम सञ्चालन विधि** | प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा स्वीकृत मापदण्डबमोजिम आवश्यक फर्निचर तथा फिक्चर्स खरिद गरी गुल्मी अस्पताल र रुकुमपूर्व अस्पतालका नयाँ भवनमा व्यवस्थापन तथा सञ्चालन गर्नु पर्नेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। उक्त कार्यक्रम सञ्चालनका लागि रुकुमपूर्व अस्पतालका लागि रु ११ लाख र गुल्मी अस्पतालमा रु ५ लाख रकम विनियोजन गरिएको छ। |
| **अपेक्षित उपलब्धी** | गुल्मी अस्पताल र रुकुमपूर्व अस्पतालका नयाँ भवनमा आवश्यक फर्निचर तथा फिक्चर्सको व्यवस्था भई स्वास्थ्य सेवा सञ्चालन व्यवस्थित, प्रभावकारी तथा सेवाग्राही मैत्री हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | निर्धारित मापदण्डअनुसार फर्निचर तथा फिक्स्चर्स खरिद, जडान र उपयोग भएको अवस्था तथा स्वास्थ्यकर्मी र सेवाग्राहीको सन्तुष्टि स्तर। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात सम्बन्धित अस्पतालले स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## २०.पोष्टमार्टम रुम निर्माण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | अस्पताल | १ | दोस्रो, तेस्रो |

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | भिम अस्पतालमा मृत्यु भएका व्यक्तिहरूको वैज्ञानिक तथा व्यवस्थित रूपमा पोस्टमार्टम परीक्षण गर्न आवश्यक पूर्वाधारको विकास गरी मृत्युको कारण पहिचान, कानुनी प्रक्रिया तथा प्रमाण संकलनलाई सहज र विश्वसनीय बनाउन पोस्टमार्टम रुम निर्माण गर्न यो बजेटको व्यवस्था गरिएको हो। |
| खर्चशीर्षक नं. | बजेट | एकाई | लक्ष्य | सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | विभिन्न | प्रथम,दोश्रो,तेस्रो र चौथो |

| उप शिर्षक | विवरण |
|---|---|
| परिचय | प्रदेशमा उच्च रहेको मातृ तथा शिशु मृत्यु दरलाई कमी ल्याउन प्रसूति सेवाको उच्च चाप भएका बर्थिङ सेन्टरहरुलाई आवश्यकताको आधारमा मन्त्रालयको निर्णय बमोजिम सहयोग गर्नको लागि यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| उद्देश्य | मातृ तथा शिशु मृत्यु दरमा कमी ल्याउनु । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालयहरु मार्फतः लवनी स्वास्थ्य चौकी, पकडी स्वास्थ्य चौकी, रायपुर प्रा स्वा के, लुम्विनी प्रा स्वा के र उदयपुर स्वास्थ्य चौकी । |
| खर्च क्षेत्र | जनशक्तीको तलव भत्ता । |
| कार्यक्रम सञ्चालन विधि | • गत आ ब मा सो कार्यक्रम संचालन भएका स्थानीय तहका स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ स्टाफहरुको कार्यसम्पादनको मूल्याङ्कन गरी सेवालाई निरन्तरता गर्ने । |

| | |
|---|---|
| | • सेवा निरन्तरता भएका स्टाफ नर्सहरुसँग स्वास्थ्य कार्यालयले सम्झौता गर्ने र कार्यक्रम सम्पादनको आधारमा मासिक रु ३८,२०३ तलव र नियमानुसार चाडपर्व तथा पोषाक खर्च भुक्तानी गर्नुपर्नेछ ।<br>• सेवा निरन्तरता हुन नसक्ने अवस्था वा कुनै कारणले रिक्त रहेमा पुनः स्टाफ नर्सहरुको भर्ना प्रक्रिया प्रचलित नियमानुसार गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्विकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्नेछ। |
| अपेक्षित उपलब्धी | मातृ तथा शिशु मृत्यु दरमा कमी आएको हुने छ । |
| अनुगमन तथा मूल्याङ्कनका सुचक | संचालित कार्यक्रमको प्रभावकारीता । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## ९. "सुरक्षित मातृत्व अभियान" मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित | पटक | | दोस्रो/तेस्रो/चौथो त्रैमासिक |

| उपशिर्षक | विवरण |
|---|---|
| परिचय | विभिन्न अध्ययनहरूका अनुसार नेपालका प्रदेशहरूमध्ये लुम्बिनी प्रदेशमा मातृ मृत्युदर उच्च रहेको छ। जनस्वास्थ्य सेवा ऐन २०७५ र नियमावली २०७७ ले मातृ स्वास्थ्यलाई नागरिकको आधारभूत अधिकारका रूपमा स्थापित गरेका छन् भने सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ र नियमावली २०७७ ले प्रत्येक गर्भवती महिलाका लागि गुणस्तरीय गर्भवती, प्रसूति तथा सुत्केरी सेवा पाउने हकलाई कानुनी रूपमै सुनिश्चित गरेका छन्।<br>यद्यपि, समयमै आवश्यक प्रयोगशाला (ल्याब) परीक्षण हुन नसक्दा सम्भावित जटिलताको पहिचान र व्यवस्थापनमा ढिलाइ भई आमा तथा शिशुको ज्यान जाने जोखिम कायमै छ। यसै समस्यालाई सम्बोधन गर्न र आमा तथा बाल मृत्युदरमा कमी ल्याउन उच्च जोखिममा रहेका जिल्लाका गर्भवती महिलाहरूलाई सेवा उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालनमा ल्याइएको हो। |
| उद्देश्य | आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण मार्फत निरन्तर गुणस्तरीय गर्भवती सेवा सुनिश्चित गर्ने र तोकिएको समय तालिका अनुसार गुणस्तरीय गर्भवती जाँच सेवामा पहुँच वृद्वि गरी मातृ तथा बाल मृत्युदर न्यूनीकरण गर्ने । |

| | |
|---|---|
| कार्यक्रम संचालन गर्ने निकाय | स्वास्थ्य कार्यालय |
| खर्च क्षेत्र | सुरक्षित मातृत्व अभियान" मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम संचालन मार्गदर्शन २०८३/८४ ले तोकेबमोजिम |
| लक्षित समुह | कार्यक्रम संचालन हुने स्थानीय तह |
| कार्यक्रम संचालन विधी | सुरक्षित मातृत्व अभियान" मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम संचालन मार्गदर्शन २०८३/८४ अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुको खर्च सोधभर्ना गरिनेछ । |
| बजेट बाँडफाँड | यो कार्यक्रम संचालन सुरक्षित मातृत्व अभियान" मातृ तथा बाल मृत्युदर न्यूनीकरण कार्यक्रम संचालन मार्गदर्शन २०८३/८४ अन्तर्गत सञ्चालन भएका कार्यक्रमहरुको खर्च अपुग भई कार्यक्रम संचालन गर्ने निकाय मार्फत आएका मागहरुको आवश्यकता अनुसार बजेट बाँडफाँड हुनेछ |
| अनुगमन तथा मुल्यांकन | कार्यक्रम संचालन गर्ने निकायहरुबाट आएका माग संख्या |
| अपेक्षित उपलब्धी | आधारभूत स्वास्थ्य सेवा सुदृढ हुने र गुणस्तरीय गर्भवती सेवा सुनिश्चित हुनेछ |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्ने छ। |
| सन्दर्भ सामाग्री | गर्भवती सेवा तथा सुत्केरी सेवा निरन्तरता सम्बन्धी सहजीकरण सामग्री २०७९<br>स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा अनुगमन दिग्दर्शन २०८० |

## १०.६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविका सम्मानजनक विदाई कार्यक्रम

| खर्चशीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | जना | १२२ | सवै त्रैमासिक |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | समुदायस्तरमा आमा तथा बच्चाको स्वास्थ्य स्तरमा सुधार ल्याउन आवश्यक प्रतिकारात्मक र प्रबर्धनात्मक सेवा पुर्याउने उद्देश्यले वि.सं. २०४५ साल देखि नेपालमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम शुरु भएको हो । समुदायस्तरमा परिचालित महिला स्वास्थ्य स्व्यमसेविकाको अथक मेहनत र योगदानलाई सम्मान गर्ने उद्देश्यले यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका रणनीति, २०७६ बमोजिम महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको स-सम्मान विदाई गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | रुकुम पूर्व बाहेक ११ वटा स्वास्थ्य कार्यालयहरु |

| | |
|---|---|
| सहकार्य, साझेदारी तथा समन्वय | आवश्यकताअनुसार स्थानीय तहसंग समन्वय तथा सहकार्य गर्न सकिने छ । |
| खर्च क्षेत्र | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका सम्मानजनक विदाई खर्च मात्र। |
| लक्षित समुह | महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरु |
| कार्यक्रम सञ्चालन विधि | • स्वास्थ्य कार्यालयले आ आफ्नो जिल्ला भित्र चालू आ. व. मा रणनिति बमोजिम बिदाई हुने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको लगत तयार गर्ने।<br>• प्राप्त तथ्याङ्कका आधारमा मन्त्रालयबाट सम्बन्धित स्वास्थ्य कार्यालयलाई रकम निकासा गरिनेछ।<br>• यसरी बिदाई हुँदा प्रदेश सरकारबाट जनही रू ५०,०००/- ( अक्षेरुपी पचास हजार) दरले नगद सहितको सम्मान दिईनेछ।<br>• स्वास्थ्य सम्बन्धी दिवस र उपयुक्त अवसर पारी सम्मानजनक विदाई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>• सम्मानजनक बिदाई लिनुहुने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको लगत मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको स-सम्मान विदाई हुनेछ । |
| अनुगमन तथा मूल्याङ्कन सूचक | सम्मान जनक बिदाई लिनु हुने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको संख्या |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य कार्यालयहरुले मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## ११.RRT परिचालन तथा महामारी नियन्त्रण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | प्रथम, दोश्रो, तेस्रो र चौथो |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सँग सम्बन्धित विभिन्न महामारीहरुको समयमा नै पहिचान गरी सो को प्रतिकार्य र व्यवस्थापनका साथै महामारी फैलिनबाट रोक्न समुदायस्तरमा द्रुत प्रतिकार्य टोलि परिचालन गर्न यो कार्यक्रम तर्जुमा गरीएको छ । |
| उद्देश्य | RRT परिचालन तथा ब्यबस्थापन हुने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय |
| खर्च क्षेत्र | • बैठक, दै भ्र भ, प्रशिक्षण, टोली परिचालन तथा व्यवस्थापन । |

| | |
|---|---|
| | • महामारीका नियन्त्रणका लागि आवस्यक सामाग्रीहरुः महामारी जन्य परीक्षण, किट्स, तथा औषधी जन्य सामाग्रीहरु खरिद तथा ढुवानी। |
| लक्षित समूह | महामारी फैलने समुदाय, क्षेत्र |
| कार्यक्रम सञ्चालन विधि | • समुदायमा महामारी फैलिएको अवस्थामा द्रुत प्रतिकार्य टोली परिचालन गर्ने ।<br>• नमूना संकलन, ढुवानी तथा परीक्षण गर्ने ।<br>• महामारी नियन्त्रणका लागि अन्य प्रतिकार्यात्मक कार्यहरु संचालन गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | RRT परिचालन तथा आकस्मिक सामाग्रीहरु उपलब्ध हुने |
| अनुगमन र मुल्याङ्कन | मन्त्रालयबाट कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## १२. खोपबाट बच्न सकिने रोगहरु तथा अन्य महामारीको नमूना संकलन, ढुवानी तथा परीक्षण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | | पहिला, दोश्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | समुदायमा वा स्वास्थ्य संस्थामा उपचारका क्रममा खोपबाट बच्न सकिने रोगहरु तथा महामारी जन्य रोगका लक्षणहरु देखा परेको अवस्थामा सम्भावित रोगीहरुबाट नमूना संकलन गरी प्रदेश जनस्वास्थ्य प्रयोगशाला तथा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासम्म उक्त नमूनाको उचित प्याकिङ गरी ढुवानी गर्न सहजताका लागि यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| उद्देश्य | खोपबाट बच्न सकिने रोगहरु तथा अन्य महामारी जन्य रोगहरुको शिघ्र पहिचानका लागि नमूना संकलन तथा ढुवानी र परीक्षणलाई व्यबस्थित गर्न । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालयहरु |
| खर्च क्षेत्र | नमूना संकलन तथा ढुवानीका लागि दै भ्र भ तथा यातायात खर्च, ढुवानी खर्च लगाएत प्याकिङ्गका लागि आवस्यक सामान्या सामाग्रीहरुको व्यबस्थापन |

| | |
|---|---|
| लक्षित समूह | स्वास्थ्य संस्था तथा समुदायमा खोपबाट बच्न सकिने रोगहरु तथा महामारी जन्य रोगका लक्षणहरु देखिएका सम्भावित/शंकास्पद रोगीहरु |
| कार्यक्रम सञ्चालन विधि | • समुदाय तथा स्वास्थ्य संस्थामा खोपबाट बच्च सकिने रोगहरु तथा महामारी जन्य रोगका लक्षणहरु देखा परेका स्थानहरुबाट प्राप्त सूचनालाई भेरिफिकेशन गर्न स्थानीय RRT वा स्वास्थ्यकर्मीहरुसँग समन्वय गर्ने ।<br>• सम्भावित रोगको लागि आवश्यक पर्ने नमूना संकलन तथा प्याकिङ सामाग्रीको व्यबस्था गर्ने ।<br>• प्रयोगशालाकर्मीको परिचालन गरी सम्भावित घट्ना स्थलबाट नमूना संकलन गर्ने र उपर्युक्त प्रेषण प्रयोगशालामा उक्त नमूनाको ढुवानी गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | सम्भावित खोपबाट बच्न सकिने रोग तथा अन्य महामारी जन्य रोगको शिघ्र पहिचान भै समयमै व्यबस्थापन हुनेछ । |
| अनुगमन र मुल्याङ्कन सूचक | • सक्रिय तथा निस्क्रिय नमूना संकलन संख्या<br>• प्रदेश जनस्वास्थ्य प्रयोगशाला वा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट प्राप्त नतिजा |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## १३. अर्घाखाँची जिल्लामा संघ,प्रदेश वा स्थानीय तहबाट विद्यालय नर्स कार्यक्रम लागु भएका माध्यमिक विद्यालयहरुलाई उपकरण तथा औषधी व्यवस्था

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | प्रथम, दोश्रो, तेश्रो चौथो |

| | |
|---|---|
| परिचयः | अर्घाखाँची जिल्लामा संघ, प्रदेश वा स्थानीय तहबाट विद्यालय नर्स तथा बिद्यालय रोमिङ नर्स कार्यक्रम सञ्चालन भएका माध्यमिक विद्यालयहरूमा आवश्यक स्वास्थ्य उपकरण तथा औषधि उपलब्ध गराई विद्यालयस्तरमै प्राथमिक उपचार तथा उचित प्रेशण स्वास्थ्य सेवा दिने उद्देश्यले यो वजेटको व्यवस्थापन गरिएको हो। यस बजेट मार्फत विद्यार्थीको स्वास्थ्य परीक्षण, प्राथमिक उपचार, स्वास्थ्य परामर्श, स्वास्थ्य शिक्षा तथा आवश्यकता अनुसार स्वास्थ्य संस्थामा प्रेषण गर्न सहज हुने गरी आवश्यक सामग्रीको व्यवस्थापन गर्नु पर्ने छ। यस कार्यक्रमले विद्यालयमा सुरक्षित, सहज र गुणस्तरीय प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै विद्यार्थीको स्वास्थ्य सम्बन्धी समस्या समयमै पहिचान तथा व्यवस्थापन गर्न सहयोग पुऱ्याउनेछ। साथै, विद्यालयमा उपलब्ध उपकरण तथा औषधिको उचित प्रयोग, भण्डारण, अभिलेख तथा नियमित व्यवस्थापनमा खर्च गर्नु पर्ने छ। |
| उद्देश्य | • विद्यालय नर्स कार्यक्रम सञ्चालन भएका माध्यमिक विद्यालयमा आवश्यक स्वास्थ्य उपकरण तथा औषधिको उपलब्धता सुनिश्चित गर्नु।<br>• विद्यार्थीलाई विद्यालयमै आधारभूत स्वास्थ्य सेवा तथा प्राथमिक उपचार उपलब्ध गराउनु।<br>• विद्यार्थीको स्वास्थ्य समस्या समयमै पहिचान, उपचार तथा आवश्यक प्रेषण गर्नु।<br>• विद्यालय नर्सको माध्यमबाट स्वास्थ्य सेवा प्रवाहको गुणस्तर सुधार गर्नु।<br>• विद्यार्थीको स्वास्थ्य तथा पोषणसम्बन्धी व्यवहार र सचेतना अभिवृद्धि गर्न सहयोग गर्नु। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | • स्वास्थ्य कार्यालय अर्घाखाँची मार्फत बिद्यालय नर्स/ विद्यालय रोमिङ नर्स कार्यरत माध्यमिक विद्यालय। |
| खर्च क्षेत्र | • विद्यालयमा बिद्यालय नर्स/ विद्यालय रोमिङ नर्स कार्यक्रम सञ्चालनका लागि आवश्यक औषधि तथा उपकरणको उचित प्रयोग, भण्डारण, अभिलेख तथा नियमित व्यवस्थापनका लागि सामग्री खरिद। |
| लक्षित समूह | • विद्यालय नर्स कार्यक्रम लागू भएका माध्यमिक विद्यालयका विद्यार्थीहरू ।<br>• विद्यालयका शिक्षक तथा कर्मचारीहरू ।<br>• विद्यालय व्यवस्थापन समितिका पधाधिकारीहरु। |
| कार्यक्रम सञ्चालन विधि | विद्यालय नर्स/ रोमोङ नर्स कार्यक्रम लागू भएका अर्घाखाँची जिल्लाका कम्ति २२ सामुदायिक विद्यालयमा आवश्यक सामग्री खरिद गरी हस्तान्तरण गर्नु पर्ने छ। |

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय

| | |
|---|---|
| | **आवश्यक सामग्रीको पहिचानः**<br>अर्घाखाँची जिल्लाका विद्यालय नर्स/ रोमोङ नर्स कार्यक्रम लागू भएका कम्ति २२ सामुदायिक विद्यालयमा तपसिलको **विद्यालय स्वास्थ्य ईकाई**ले आवश्यक भौतिक सामग्री, उपकरण र औषधीजन्य सामग्रीको पहिचान गरी, सोको निर्णय स्थानीय तहको सिफारिसमा स्वास्थ्य कार्यालय अर्घाखाँचीले आवश्यक प्रकृया पुरा गरी खरिद तथा हस्तान्तरण गर्नु पर्नेछ।<br>**विद्यालय स्वास्थ्य ईकाईः**<br>१. सम्बन्धित विद्यालयको प्रधानाध्यापक -संयोजक<br>२. महिला शिक्षक १ जना (प्र. अ.) ले तोकेको -सदस्य<br>३. बिद्यार्थी (छात्रा) १ जना -सदस्य<br>४. सम्बन्धित विल्यालयको स्वास्थ्य शिक्षा अध्यापन गराउने शिक्षक - सदस्य<br>५. प्रतिनिधि अभिभावक (विद्यालय व्यवस्थापन समिति) - सदस्य<br>६. विद्यालय नर्स - सदस्य सचिव<br>विद्यालयमा आवश्यक भौतिक सामग्री, उपकरण र औषधीजन्य सामग्रीको पहिचान गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी **"विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका २०८१" को अनुसूची-३** ले तोकेको सामग्रीहरुको परिधिमा रही माग तथा खरिद गर्नु पर्ने छ। |
| बजेट बाँडफाड | यसर कार्यक्रमका लागि स्वास्थ्य कार्यालय अर्घांखाचीमा रु ४४ लाख वजेट व्यवस्थापन गरिएको छ। प्रचलित ऐन र नियमको परिधि रही खरिद तथा हस्तान्तरण गर्नु पर्ने छ। |
| अपेक्षित उपलब्धी | • विद्यालय नर्स र रोमिङ नर्स कार्यक्रम सञ्चालन भएका विद्यालयमा आवश्यक स्वास्थ्य उपकरण तथा औषधिको उपलब्धता सुनिश्चित हुनेछ।<br>• विद्यार्थीले विद्यालय मै समयमा तथा प्राथमिक स्वास्थ्य सेवा प्राप्त गर्नेछन्।<br>• विद्यार्थीका स्वास्थ्य समस्या समयमै पहिचान तथा आवश्यक प्रेषण हुनेछ।<br>• विद्यालय नर्स मार्फत स्वास्थ्य सेवा प्रवाहको गुणस्तरमा सुधार हुनेछ।<br>• विद्यालयमा स्वास्थ्य तथा पोषण सम्बन्धी सचेतना र सकारात्मक व्यवहार अभिवृद्धि हुनेछ। |
| अनुगमन मुल्यांकनको सूचक | • उपकरण तथा औषधी उपलब्ध भएका विद्यालयको संख्या तथा प्रतिशत।<br>• आवश्यक उपकरण तथा औषधीको उपलब्धता/स्टक-आउट अवस्था।<br>• विद्यालय नर्सबाट प्रदान गरिएको स्वास्थ्य सेवाको संख्या।<br>• प्राथमिक उपचार तथा स्वास्थ्य परीक्षण प्राप्त गर्ने विद्यार्थीको संख्या।<br>• पहिचान भएका स्वास्थ्य समस्या मध्ये समयमै प्रेषण भएका विद्यार्थीको प्रतिशत।<br>• उपकरण तथा औषधिको उचित प्रयोग, भण्डारण तथा अभिलेखको अवस्था। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि उपकरण तथा औषधी वितरणको विवरण, विद्यालयको संख्या, उपलब्ध सामग्रीको अवस्था, सेवा प्रवाह, लाभान्वित विद्यार्थीको संख्या, समस्या/चुनौती, उपलब्धि तथा सुझाव समेटी प्रतिवेदन तयार गरी स्वास्थ्य कार्यालय अर्घांखाँचीले स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयलाई प्रतिवेदन गर्नु पर्ने छ। |

## १४. कार्यालय प्रयोजनको मोटरसाईकल खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२१ | विनियोजित बजेट | पटक | | पहिला, दोश्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | स्वास्थ्य कार्यालयका कार्यक्रम फोकलपर्सनहरुलाई स्थलगत अनुगमन तथा अनसाईट कोचिङ मेन्टोरिङ्गका लागि स्थानीय तहका स्वास्थ्य संस्थाहरुसम्म पुग्न सहजता तथा कार्यालयका अन्य कामकाजका समयमा भ्रमण गर्दा सहजताका लागि मोटरसाइकलको आवश्यक्ताको माग भै आएका स्वास्थ्य कार्यालयहरुमा यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| उद्देश्य | कार्यालयका कामकाजका शिलशिलामा स्थलगत भ्रमणको कार्य सहज हुनेछ । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय बाँके, रोल्पा र रुपन्देही |
| खर्च क्षेत्र | मोटरसाइकल खरिद |
| लक्षित समूह | स्वास्थ्य कार्यालयका कार्यक्रम फोकलपर्सनहरु |
| कार्यक्रम सञ्चालन विधि | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम अधिक्तम १५० cc इन्जिन क्षमता भएको मोटरसाइकल खरिद गर्ने । |
| बजेट बाँडफाड | चलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## १५.तालिम हलको संरचनात्मक सुधार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११६१ | विनियोजित बजेट | पटक | १ | पहिला, दोश्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | रोल्पा स्वास्थ्य कार्यालयको भवनमा रहेको तालिम हलको रिनोभेसनका लागि यो बजेटको व्यबस्था गरिएको हो । |
| उद्देश्य | कार्यालयको भवनमा रहेको तालिम हलको सुधार गर्न |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय रोल्पा |

| | |
|---|---|
| खर्च क्षेत्र | तालिम हलको रंग रोगन,मर्मत सम्भार खर्च |
| कार्यक्रम सञ्चालन विधि | • जिल्ला स्थित प्राविधिक कार्यालयको इन्जिनियरबाट तालिम हलको रंग रोगन तथा मर्मत सम्भारका लागि लागत अनुमान तयार गरी स्वीकृत गर्ने ।<br>• स्वीकृत लागत अनुमान बमोजिमको कार्यका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम कार्य गराउने ।<br>• प्राविधिकको कार्य सम्पन्न प्रतिबेदन बमोजिमको विल भर्पाई अनुसार खर्चको भुक्तानी गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ |
| अपेक्षित उपलब्धी | कार्यालयको तालिम हलको मर्मत सम्भार भै कार्यालयबाट संचालन हुने तालिम तथा कार्यक्रमहरुमा प्रयोग हुनेछ । |
| अनुगमन र मुल्याङ्कन सूचक | आफ्नै कार्यालयको तालिम हलमा संचालित कार्यक्रमहरुको संख्या |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## १६.बाँके जिल्लाका आठ वटै पालिकामा क्षयरोगी खोजी अभियान तथा शिविर कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | पहिला, दोश्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | पछिल्ला स्वास्थ्य तथ्यांक अनुसार बाँकेमा ५७९ भन्दा बढी क्षयरोगका सक्रिय बिरामीहरू दर्ता भई उपचार गराइरहेका छन् र यस जिल्लाका विभिन्न स्थानीय तहहरू (जस्तै खजुरा गाउँपालिका) मा पनि थप नयाँ बिरामीहरू भेटिने क्रम जारी छ .खुला सिमाना, जनचेतनाको कमी, र समयमै रोगको पहिचान नहुनु मुख्य चुनौती हुन्,त्यसैले यो कार्यक्रम व्यवस्था गरिएको हो। |
| उद्देश्य | समुदायमा लुकेर बसेका क्षयरोगका बिरामिहरु पत्ता लगाई समयमै उपचार गर्ने। आश्यकता अनुसार प्रेषण गरी उपचार गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय बाके |
| खर्च क्षेत्र | स्क्रनिङको लागि आवश्यक सामग्री व्यवस्थापन, जनशक्ति परिचालन, प्रचार प्रसार र अनुगमन। |
| लक्षित समूह | बाके जिल्लाको आठवटै पालिकाका सम्भावित जोखिममा परेका समुदाय |

| | |
|---|---|
| | |
| कार्यक्रम सञ्चालन विधि | • जोखिममा परेका सम्भावित समुदायको जनसंख्या अनुमान गर्ने<br>• स्क्रिनिङका लागि आवश्यक जनशक्ती तथा उपकरणको व्यबस्था गर्ने<br>• स्क्रिनिङका क्याम्प सञ्चालन गर्ने र जनचेतनामुलक कृयाकलापहरु सञ्चालन गर्ने<br>• रोगको निदान तथा उपचारका लागि सम्बन्धित अस्पतालहरुमा प्रेषण गर्ने |
| बजेट बाँडफाड | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ |
| अपेक्षित उपलब्धी | रोगको समयमा नै स्क्रिनिङ भई रोग पत्ता लाग्ने र समयमा नै उपचार हुने<br>जनचेतनामा अभिबृद्धि हुने। |
| अनुगमन र मुल्याङ्कन सूचक | मन्त्रालयबाट कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## १७.मधुवन नगर अस्पतालको लागि औजार उपकरण खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | पटक | १ | पहिला, दोश्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | मधुवन नगर अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धिका लागि सम्बन्धित अस्पतालको माग बमोजिमको औजार उपकरण खरिद गरी उपलब्ध गराउन यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| उद्देश्य | अस्पतालको सेवा विस्तारका लागि औजार उपकरण उपलब्ध गराउन । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय बर्दिया |
| खर्च क्षेत्र | मेसिन खरिद खर्च तथा प्राविधिक परामर्श शुल्क |
| लक्षित समूह | मधुवन नगर अस्पतालमा सेवालिने सेवाग्राही |
| कार्यक्रम सञ्चालन विधि | • मधुवन नगर पालिकाको समन्वयमा मधुवन नगर अस्पतालका लागि आवश्यक औजार उपकरणहरुको सूची तयार गर्ने ।<br>• सम्बन्धित स्थानीय तहको अनुरोध र बजेटको परिधीमा खरिद गरिने औजार उपकरणको प्राविधिकबाट स्पेशिफिकेशन तयार गर्न लगाई उक्त स्फेशिफिकेशन स्वीकृत गर्ने । |

| | |
|---|---|
| | • सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम स्वीकृत स्पेशिफिकेशन बमोजिमको औजार उपकरण खरिदका लागि प्रक्रिया अघि बढाउने औजार उपकरणको सम्बन्धित अस्पतालमा जडान कार्य सम्पन्न गरी संचालनमा आएको सुनिश्चित (Post Delivery Inspection) भएपछि मात्र भुक्तानी प्रक्रिया सम्पन्न गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ |
| अपेक्षित उपलब्धी | मधुवन नगर अस्पतालमा औजार उपकरण खरिद भै सेवा विस्तार हुनेछ । |
| अनुगमन र मुल्याङ्कन सूचक | नयाँ औजार उपकरणको प्रयोगबाट सेवा लिने सेवाग्राहीको संख्या |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## १८.रक्तसन्चार केन्द्र तुलसीपुरको लागि कम्पोनेन्ट मेशिन खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | पटक | १ | पहिला, दोश्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | तुल्सिपुर स्थित रक्तसंचार केन्द्रका लागि रक्त कम्पोनेन्ट परीक्षणलाई सहजताका लागि आवश्यक मेशिन खरिदका लागि यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| उद्देश्य | रक्तसंचार केन्द्रमा रक्त कम्पोनेन्ट परीक्षणका लागि चाहिने मेशिनको उपबलब्ध गराउन । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय दाङ |
| खर्च क्षेत्र | मेसिन खरिद तथा खरिद प्रक्रियाका लागि आवश्यक व्यबस्थापकीय खर्च |
| लक्षित समूह | रक्तसंचार केन्द्र तुलसीपुरमा सेवा लिने सेवा ग्राही |
| कार्यक्रम सञ्चालन विधि | • सम्बन्धित प्राविधिकबाट स्पेशिफिकेशन तयार गर्ने र स्पेशिफिकेशन स्वीकृत गर्ने<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम स्वीकृत स्पेशिफिकेशन बमोजिमको मेशिन खरिद प्रक्रिया अघि बढाउने ।<br>• औजार उपकरणको सम्बन्धित रक्तसंचार केन्द्रमा जडान कार्य सम्पन्न गरी संचालनमा आएको सुनिश्चित (Post Delivery Inspection) भएपछि मात्र भुक्तानी प्रक्रिया सम्पन्न गर्ने । |

| | |
|---|---|
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ |
| अपेक्षित उपलब्धी | रक्त संचार केन्द्रमा कम्पोनेन्ट परीक्षण मेशिन उपलब्ध भई सेवा प्रवाहमा सुधार हुनेछ । |
| अनुगमन र मुल्याङ्कन सूचक | सेवालिने सेवाग्राहीको संख्या |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## १९.संक्रामक तथा महामारीजन्य रोगको निगरानी तथा प्रतिकार्य प्रणाली विस्तार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | जिल्ला | २ | पहिला, दोश्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | संक्रामक तथा महामारी जन्य रोगको समयमै पहिचान गरी सोबाट हुन सक्ने जनधनको क्षतीलाई न्यूनिकरण गर्न समुदायमा आधारीत संक्रामक तथा महामारीजन्य रोगको निगरानी तथा प्रतिकार्य प्रणाली स्थापना गर्न अत्यन्त जरुरी रहेकोले यस प्रदेशका गुल्मी र रुकुम पूर्वका स्थानीय तहका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाई सो सम्बन्धी अभिमुखिकरण गर्न यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| उद्देश्य | संक्रामक तथा महामारी जन्य रोगको निगरानी तथा प्रतिकार्य प्रणालीको अभिमुखिकरण संचालन गर्न। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | गुल्मी र रुकुमपूर्व स्वास्थ्य कार्यालय |
| खर्च क्षेत्र | अभिमुखिकरणमा सहभागीहरुका लागि दै. भ्र. भ. तथा यातायात खर्च, प्रशिक्षक भत्ता, खाजा लगाएत अन्य तालिम सामाग्री खर्च |
| लक्षित समूह | स्थानीय तहका स्वास्थ्य कर्मीहरु |
| कार्यक्रम सञ्चालन विधि | • सवै स्थानीय तहका स्वास्थ्य संस्थाहरुबाट प्रति संस्थाबाट कम्तीमा १ जना हुने गरी अभिमुखिकरण कार्यक्रममा समेटिने गरी कार्यक्रम योजना तयार गर्ने ।<br>• SORMAS प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त सहजकर्ताको एकिन गर्ने ।<br>• स्वास्थ्य कर्मीहरुका लागि अभिमुखिकरण कार्यक्रम २ दिनको हुनेछ । |

| | |
|---|---|
| | • बजेटको परिधिभित्र रही १ दिनको स्थानीय शिक्षक तथा महिला स्वास्थ्य स्वं सेविकाहरुलाई संक्रामक तथा महामारी जन्य रोगका निगरानीका लागि ११११५ का सम्बन्धमा अभिमुखिकरण संचालन गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ |
| अपेक्षित उपलब्धी | रोगको समयमा नै स्क्रिनिङ भई रोग पत्ता लाग्ने र समयमा नै उपचार हुने जनचेतनामा अभिबृद्धि हुने। |
| अनुगमन र मुल्याङ्कन सूचक | मन्त्रालयबाट कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## २०. विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन (दुई स्थानमा)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | २ | पहिला, दोश्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | प्यूठान जिल्लाका दुर्गम स्थानका जनताहरुलाई विशेषज्ञ स्वास्थ्य शिविर मार्पत सेवा प्रदान गर्न यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| उद्देश्य | दुर्गम स्थानका जनताहरुमा विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्यूठान स्वास्थ्य कार्यालय |
| खर्च क्षेत्र | विशेषज्ञ चिकित्सक तथा अन्य स्वास्थ्य कर्मी परिचालन खर्च, औषधी खरिद |
| लक्षित समूह | दुर्गम स्थानका आम जनता |
| कार्यक्रम सञ्चालन विधि | • विशेषज्ञ स्वास्थ्य शिविर संचालनका लागि आवश्यक औषधी तथा विशेषज्ञ चिकित्सकको व्यबस्था गर्ने ।<br>• शिविर संचालनका लागि दुर्गम स्थान रहेको स्थानीय तहसँग समन्वय गर्ने र शिविर संचालन मिति तय गरी सो दिनमा आम जनता सेवा लिन सकुन भन्नका लागि प्रचार प्रसार गर्ने ।<br>• शिविरमा खटिने विशेषज्ञ चिकित्सकको समन्वयमा आवश्यक औषधी तथा उपकरणहरुको व्यबस्था गर्ने । |

| | |
|---|---|
| | • तोकिएको मिति र स्थानमा शिविर संचालन गरी सेवा प्रदान गर्ने र स्वास्थ्य निर्देशनालयमा सेवाका सम्बन्धमा प्रतिबेदन गर्ने ।<br>• महिलाहरुको पाठेघर खस्ने तथा VIA स्क्रिनिङका लागि सोही अनुसारका विशेषज्ञ चिकित्सकहरुको व्यबस्था गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ |
| अपेक्षित उपलब्धी | रोगको समयमा नै पहिचान भई रोग पत्ता लाग्ने र समयमा नै उपचार हुने |
| अनुगमन र मुल्याङ्कन सूचक | मन्त्रालयबाट कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## २१.सञ्चालनमा रहेका eHMIS लगायत अन्य सफ्टवेयर नविकरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४१२ | विनियोजित बजेट | पटक | १ | पहिला, दोश्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | विगत आ. ब. मा स्थानीय तह मातहत रहेका स्वास्थ्य संस्थाले डिजिटल स्वास्थ्य प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा प्रवाह तथा सेवाग्राहीहरूको विवरण दर्ता ब्यवस्थापन गर्नका निमित्त संघ, प्रदेश वा स्थानीय तहले आफैले वा अन्य निजी सेवा प्रदायकहरूसँगको सहकार्यमा निश्चित शर्तहरूको पालना गरी राष्ट्रिय/अन्तराष्ट्रिय मापदण्ड, स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अभिलेख तथा प्रतिवेदन सम्बन्धी मार्गदर्शन, राष्ट्रिय सूचना प्रविधि नीति, ई-हेल्थ रणनीति, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय गुणस्तर मापदण्ड तथा नियमन महाशाखाले उपलब्ध गराएका सूचना प्रविधि सम्बन्धी मापदण्डको प्रत्यक्ष पालना गरी प्रयोग हुने सफ्टवेयरमा एकरूपता रहने गरी स्वास्थ्य सेवा प्रवाहको सूचना दर्ता व्यवस्थापन गर्न प्रयोग गरिएका सफ्टवेयरको बार्षिक मर्मत सम्भार तथा अध्यावधिकका लागि यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| उद्देश्य | विगत आ ब हरुमा संचालित विद्युतीय अभिलेख प्रणालीको नियमित संचालनका लागि आवश्यक मर्मत तथा सम्भार एवं अध्यावधिकका लागि |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालयहरु |
| खर्च क्षेत्र | सफ्टवेयर नविकरण शुल्क तथा Data backup charge |

| | |
|---|---|
| लक्षित समूह | विगतका आ. ब. मा सेवा प्रदान गर्ने सेवा प्रदायहरु |
| कार्यक्रम सञ्चालन विधि | • विगत आ. ब. मा स्वास्थ्य कार्यालयको समन्वयमा जिल्ला भित्रका स्थानीय तह मातहतका स्वास्थ्य संस्थाहरुमा संचालित eHMIS कार्यान्वयन भएका स्वास्थ्य संस्थाहरुको सूची तयार गर्ने<br>• सफ्टवेयर नविरकण तथा अध्बावधिक मूल्यका लागि लागि सरकारी ।T विज्ञबाट परामर्श सेवा लिने ।<br>• प्रचलित ऐन तथा नियम वमोजिम सफ्टवेयर नविकरण तथा data backup/Data security को सुनिश्चित गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ |
| अपेक्षित उपलब्धी | विद्युतीय अभिलेख तथा प्रतिबेदन प्रणाली नियमित रुपमा संचालन हुनेछ। |
| अनुगमन र मुल्याङ्कन सूचक | मन्त्रालयबाट कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## २२.सिकलसेल एनिमिया तथा थालसेमिया रोग सम्बन्धी सचेतना कार्यक्रम बर्दिया जिल्ला भरी

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | पटक | १ | पहिला, दोश्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | बर्दिया जिल्लाका यस अघि सिकेलसेलको स्क्रिनिङ गर्न छुट भएका थारु समुदायमा सिकलसेल तथा थालसेमिया रोगको स्क्रिनिङ गरी रोग पत्ता लगाउन र आश्यकता अनुसार प्रेषण गरी यो रोगको निदान गर्नका साथै पत्ता लागेका विरामीहरुको उचित परामर्श र उपचारको व्यवस्था गर्न यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| उद्देश्य | समुदायमा लुकेर बसेका बर्दिया जिल्लाका सिकेलसेल एनिमियाका विरामीहरुको समयमै पहिचान गरी उपचारमा ल्याउन । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय बर्दिया |
| खर्च क्षेत्र | स्कनिङको लागि आवश्यक सामग्री व्यवस्थापन, जनशक्ति परिचालन, प्रचार प्रसार र अनुगमन। |
| लक्षित समूह | बर्दिया जिल्लामा रहेका सम्भावित जोखिममा परेका समुदाय |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन विधि | • यस अघि सिकेलसेल तथा थालसेमिया स्क्रिनिङ नभएका समुदायको जनसंख्या अनुमान गरी सम्बन्धित स्थानीय तहसँग समन्वय गरी स्क्रिनिङ गर्ने स्थान र मिति छनौट गरी प्रचार प्रसार गर्ने<br>• स्क्रिनिङका लागि आवश्यक जनशक्ती तथा उपकरणको व्यबस्था गर्ने<br>• प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको सहजिकरणमा मन्त्रालयले जारी गरेको सिकेलसेल स्क्रिनिङ कार्यविधि बमोजिम स्क्रिनिङ गर्ने ।<br>• स्क्रिनिङका क्याम्प सञ्चालन गर्ने र जनचेतनामुलक कृयाकलापहरु सञ्चालन गर्ने<br>• सिकेलसेल तथा थालसेमिया विरामीहरुको अभिलेखिकरण तयार गरी अध्यावधिक गर्दै जाने ।<br>• रोगको निदान तथा उपचारका लागि सम्बन्धित अस्पतालहरुमा प्रेषण गर्ने |
| बजेट बाँडफाड | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ |
| अपेक्षित उपलब्धी | रोगको समयमा नै स्क्रिनिङ भई रोग पत्ता लाग्ने र समयमा नै उपचार हुने जनचेतनामा अभिबृद्धि हुने। |
| अनुगमन र मुल्याङ्कन सूचक | मन्त्रालयबाट कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## २३. स्वास्थ्य कार्यालयको कोल्ड रुमको लागि A.C. खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | पटक | | पहिला, दोश्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | स्वास्थ्य कार्यालय दाङमा रहेको कोल्डचेन रुमको तापक्रमलाई व्यबस्थापन गर्न AC आवश्यक भई माग भएकोले यो बजेटको व्यबस्था गरिएको हो । |
| उद्देश्य | कोल्डचेन रुमको तापक्रमलाई व्यबस्थापन गर्न |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय दाङ |
| खर्च क्षेत्र | AC खरिद तथा जडान |
| कार्यक्रम सञ्चालन विधि | • कोल्ड रुमको साइज र बजेटको परिधिमा रही लागत अनुमान तयार गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम खरिद कार्य सम्पन्न गर्ने<br>• AC खरिद गरी जडान पश्चात भुक्तानी गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ |
| अपेक्षित उपलब्धी | रोगको समयमा नै स्क्रिनिङ भई रोग पत्ता लाग्ने र समयमा नै उपचार हुने जनचेतनामा अभिबृद्धि हुने। |
| अनुगमन र मुल्याङ्कन सूचक | मन्त्रालयबाट कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## २४.स्वस्थ्यकर्मीहरुलाई अपाङ्गतामैत्री स्वास्थ्य सेवा सम्बन्धि एक दिने तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | स्वास्थ्य कार्यालय | २ | पहिला, दोश्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | नेपालको संविधान र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐनले हरेक नागरिकलाई समान र पहुँचयोग्य स्वास्थ्य सेवाको अधिकार दिएको छ। स्वास्थ्य संस्थाहरूमा भौतिक संरचना, सञ्चार र व्यवहारजन्य अवरोधका कारण अपाङ्गता भएका व्यक्तिहरूले सहज रूपमा सेवा पाउन सकिरहेका हुँदैनन्। यसै कुरालाई मध्यनजर गर्दै स्वास्थ्यकर्मीहरूलाई संवेदनशील र दक्ष बनाउन यो एक दिने तालिमको रूपरेखा तयार गरिएको हो। |
| उद्देश्य | • सेवा प्रवाह गर्दा मर्यादित, आदरपूर्ण र गैर-भेदभावपूर्ण व्यवहारको विकास गर्ने साङ्केतिक भाषा वा अन्य वैकल्पिक माध्यमबाट अपाङ्गता भएका बिरामीसँग प्रभावकारी सञ्चार गर्न सिकाउने।<br>• स्वास्थ्य सेवालाई दयाको रूपमा नभई अधिकारको रूपमा प्रदान गर्ने संस्कार बसाल्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वस्थ्य कार्यलय रुपन्देही र बाँके। |
| खर्च क्षेत्र | दै.भ्र.भ, यातायात खर्च, बैठक भत्ता, खाजा, खाना, स्टेशनरी, तालिम, सामग्री, प्रशिक्षक, परामर्श लगायतका अन्य व्यवस्थापकीय खर्च। |
| कार्यक्रम सञ्चालन विधि | • तालिम आवश्यक भएको स्वास्थ्य सस्थामा कार्यरत स्वस्थ्यकर्मीहरुको सुची तयार गर्ने।<br>• कार्यक्रम संचालन गर्ने सस्था वा अस्पतालसंग समन्वय गरी तालिमको मिति, प्रशिक्षकहरु, सामग्री र अन्य तालिम सामाग्रीहरुको व्यवथापन र थप आवश्यक बिषयको सुनिशिक्तता गरि तालिम ब्वास्था गर्ने। |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी  कार्यक्रम सञ्चालन गर्नुपर्नेछ |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

# आयुर्वेद स्वास्थ्य संस्थाबाट सञ्चालन हुने कार्यक्रमहरु

१. आयुर्वेद चिकित्सालय /स्वास्थ्य केन्द्रको सेवा सुदृढीकरण तथा स्तरोन्नती (अन्तरंग तथा वहिरंग सेवा संचालनका लागि)

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | संस्था | ३ | प्रथम, दोश्रो, तेश्रो र चौथो |

| | |
|---|---|
| परिचय | आयुर्वेद चिकित्सालय/केन्द्र हरुमा विरामीको चाप बढ्दै गएकोले आयुर्वेद सेवालाई विस्तार गरी अन्तरंग/बहिरग सेवा सञ्चालन गर्न जनशक्ति, , प्रयोगशालाका सामाग्री उपलब्ध गराई चिकित्सालयको पूर्वाधार विकास एवं नियमित सञ्चालन व्यवस्थापन गर्न यो कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | आयुर्वेद चिकित्सालय/केन्द्रमा बहिरङ्ग र अन्तरंग सेवा सञ्चालन गरी सेवालाई विस्तार गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरी, लुम्बिनी आयुर्वेद चिकित्सालय बुटवल, कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्र |
| खर्च क्षेत्र | बहिरङ्ग, पञ्चकर्म सेवा विभाग, अन्तरंग कक्ष व्यबस्थापन, बेड, उपकरण, प्रयोगशाला सामाग्री, छपाइ, औषधी र जनशक्ति |
| लक्षित समुह | चिकित्सालयका सेवाग्राहीहरु |
| कार्यक्रम सञ्चालन विधि | • सेवा विस्तारका लागि आवश्यक उपकरण सामाग्री तथा छपाइ लगायतको लगत तयार गर्ने<br>• प्रचलित सार्वजानिक खरिद कानून बमोजिम खरिद एवं आपूर्ति गर्ने<br>• सेवा विस्तारका लागि आवश्यक जनशक्तीको, अध्ययन अनुसन्धान र चिकित्सकिय मापदण्डहरु (Treatment protocols) व्यबस्थापन गर्ने ।<br>• सेवा विस्तार गर्ने |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | प्रादेशक आयुर्वेद चिकित्सालय/केन्द्रहरुमा बहिरङ्ग सेवा र अन्तरङ्ग सेवा सञ्चालन गरी सेवा विस्तार हुनेछ । |

| | |
|---|---|
| अनुगमन र मुल्याङ्कनको सूचक | उपकरण खरिद प्रक्रिया, दाखिला प्रतिवेदन, अन्तरङ्ग विभागमा विरामीको संख्या, Bed occupancy rate |
| **कार्यक्रम सञ्चालनको लागि सन्दर्भ सामाग्रीहरु** | न्यूनतम सेवा मापदण्ड कार्यान्वयन निर्देशिका २०७८ र प्रचलित कानून लगायत अन्य कानून। |

## २. मानसिक स्वास्थ्य सेवा प्रवर्द्धनका लागि योग ध्यान कार्यक्रम

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | संस्था | १३ | तेस्रो |

| | |
|---|---|
| परिचय | विश्व परिवेशमा बदलिदो जीवनशैली, रहन सहन तथा तनावका कारण नसर्ने रोग विशेष गरी मानसिक स्वास्थ्य जोखिम बढेको छ। नेपालमा गरिएका नसर्नेरोग सम्बन्धी अध्ययनको नतिजाले समेत यो रोगको जोखिमदर बढेको देखाएको छ। योग ध्यान ,स्वस्थ खानपान, आनी बानी र व्यवहारको परिपालन गर्नाले स्वास्थ्यको प्रवर्धन भई समुदायस्तरबाट मानसिक रोगको रोकथाम र नियन्त्रण गर्न प्रभावकारी हुन्छ। जनस्वास्थ्यका संसाधन योग तथा ध्यान विधीको समुचित उपयोगद्वारा नागरिको स्वास्थ्य रक्षा र प्रवर्द्धनका लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्य | नागरिकहरुको स्वास्थ्य चेतना र स्वस्थ व्यवहार पालना सम्बन्धी चेतना अभिवृद्धि गराई योग ध्यान मार्फत मानसिक स्वास्थ्य प्रवर्द्धन गराउनु । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश मातहतका १३ वटै चिकित्सालय र आयुर्वेद स्वास्थ्य केन्द्रहरु |
| खर्च क्षेत्र | दैनिक भ्रमण भत्ता, यातायात खर्च, प्रशिक्षक भत्ता, कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने अन्य सामाग्री खरिद तथा छपाई र अन्य व्यवस्थापकीय खर्च |
| लक्षित समुह | प्रदेशबासी नागरिकहरु |
| कार्यक्रम सञ्चालन विधि | • स्वास्थ्य संस्थाले मानसिक स्वास्थ्य अवस्थाको कमजोर सूचकहरु रहेका स्थान/ जोखिममा परेका क्षेत्र र समुहहरुको छनौट गर्नेछ।<br>• आयुर्वेद चिकित्सक/ आयुर्वेद स्वास्थ्यकर्मी र योग प्रशिक्षक सम्मिलित टोलीले योग, जीवनशैली बारेमा जोखिम समुहमा रहेका वृद्ध-वृद्धा, महिला बालबालिका, प्रौढ तथा युवाहरुलाई सैद्धान्तिक एवं व्यावहारिक ज्ञान सहित मानसिक स्वास्थ्य प्रवर्धन अभियान सञ्चालन गर्ने |

| | |
|---|---|
| | • कार्यक्रम पूर्व र पश्चात सेवाग्राहीको Mental Health status Assessment प्रश्नावली तयार गरि अभिलेख राखी मन्त्रालयमा प्रेषण गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | नागरिकहरुको मानसिक स्वास्थ्य चेतना र स्वस्थ व्यवहार पालना सम्बन्धी चेतना अभिवृद्धि गराई मानसिक स्वास्थ्य प्रवर्द्धन |
| अनुगमन र मुल्याङ्कनको सूचक | यस मानसिक स्वास्थ्य प्रवर्द्धनमा सम्मिलित सेवाग्राहीहरुको संख्या, कार्यक्रमको पटक |
| प्रतिबेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ। |

### ३. "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" समुदाय स्तरमा स्वस्थ जीवन शैली प्रबर्धन कार्यक्रम

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | जिल्ला | १२ | दोस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचयः | घर परिवार र समुदायमा स्वस्थ खानपान, आनी बानी र व्यवहारको परिपालन गर्नाले सर्ने र नसर्ने रोग दुवैको समुदायस्तरबाट रोकथाम र नियन्त्रण गर्न प्रभावकारी हुन्छ।समुदायमा जनस्वास्थ्यका संसाधन तथा विधीको समुचित उपयोगद्वारा नागरिको स्वास्थ्य रक्षा र प्रवर्द्धनका लागि यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| उद्देश्यः | नसर्ने रोग व्यवस्थापनलाइ नागरिकहरुको स्वस्थ जीवनशैली सम्बन्धी स्वास्थ्य चेतना अभिवृद्धि गराई स्वास्थ्य प्रवर्द्धन गराउनु । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | १२ जिल्लास्थित आयुर्वेद चिकित्सालयहरु, आयुर्वेद स्वास्थ्य केन्द्रहरु, बिजौरी बाहेक |
| खर्च क्षेत्र | दैभ्रभ,यातायात खर्च, कार्यक्रम संचालनका लागि आवश्यक पर्ने प्रयोगशाला किट, तथा अन्य व्यवस्थापकिय सामाग्री खरिद |

| | |
|---|---|
| लक्षित समुह | प्रदेशवासी नागरिकहरु |
| कार्यक्रम सञ्चालन विधि | • आयुर्वेद सेवाको पहूँचमा नभएका क्षेत्रहरु पहिचान गरी कम्तीमा पनि २ स्थान छनोट गर्ने।<br>• सो स्थानका सामुदायिक भवन वा अन्य सरकारी भवनमा स्वस्थजीवनशैली प्रशिक्षित आयुर्वेद चिकित्सक, आयुर्वेद स्वास्थ्यकर्मीद्वारा उक्त कार्यक्रम सञ्चालित स्थानमा सेवाको पूनः पृष्ठपोषण तथा पूनरागमन गर्ने योजना बनाई लागू गर्ने ।<br>• छनौट गरिएको स्थानमा सामान्य स्वास्थ्य जाँच रक्तचाप बडिमास इन्डेक्स युरिन डिपस्टिक, ग्लुकोमिटरको माध्यमबाट रगत सुगर परीक्षण गर्ने र स्क्रिन भएका मधुमेह मोटोपना र उच्च रक्तचापका बिरामीको अभिलेख राखी योग जीवनशैली प्रबर्धन सेवा सहित आवश्यक आयुर्वेद औषधी वितरण गर्ने र जोखिममा रहेकालाइ नजिकको स्वास्थ्य संस्थामा प्रेषण गर्ने ।<br>• कार्यक्रम पूर्व र पश्चात सहितको तथ्याङ्कको अभिलेख तयार गरि निर्देशनालयमा प्रेषण गर्ने। |
| बजेट बाँडफाडः | प्रचलित ऐन नियम निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | नागरिकहरुको स्वास्थ्य चेतना र स्वस्थ जीवनशैली सम्बन्धी चेतना अभिवृद्धि गराई नसर्ने रोग न्युनिकरण तथा स्वास्थ्य प्रवर्धन |
| अनुगमन र मुल्याङ्कनका सूचकहरु | • सञ्चालित कार्यक्रमको पटक संख्या<br>• सेवाग्राहीहरुको विवरण |
| कार्यक्रम सञ्चालनका सन्दर्भ ग्रन्थहरु | नागरिक आरोग्य कार्यक्रम सञ्चालन निर्देशिका २०७६ सोको कार्ययोजना मेरो स्वास्थ्य मेरो जिम्मेवारी कार्यक्रम निर्देशिका र अन्य प्रचलित कानून |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

## ४. संचालनमा रहेका eHMIS लगायत अन्य सफ्टवेयर नविकरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४१२ | विनियोजित बजेट | पटक | | पहिला, दोश्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | विगत आ. ब. मा संचालित आयुर्वेद स्वास्थ्य संस्थाले डिजिटल स्वास्थ्य प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा प्रवाह तथा सेवाग्राहीहरूको विवरण दर्ता ब्यवस्थापन गर्नका निमित्त संघ, प्रदेश वा स्थानीय तहले आफैले वा अन्य निजी सेवा प्रदायकहरूसँगको सहकार्यमा निश्चित शर्तहरूको पालना गरी राष्ट्रिय/अन्तराष्ट्रिय मापदण्ड, स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अभिलेख तथा प्रतिवेदन सम्बन्धी मार्गदर्शन, राष्ट्रिय सूचना प्रविधि नीति, ई-हेल्थ रणनीति, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय गुणस्तर मापदण्ड तथा नियमन महाशाखाले उपलब्ध गराएका सूचना प्रविधि सम्बन्धी मापदण्डको प्रत्यक्ष पालना गरी प्रयोग हुने सफ्टवेयरमा एकरूपता रहने गरी स्वास्थ्य सेवा प्रवाहको सूचना दर्ता व्यवस्थापन गर्न प्रयोग गरिएका सफ्टवेयरको बार्षिक मर्मत सम्भार तथा अध्यावधिकका लागि यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| उद्देश्य | विगत आ ब हरुमा संचालित विद्युतीय अभिलेख प्रणालीको नियमित संचालनका लागि आवश्यक मर्मत तथा सम्भार एवं अध्यावधिकका लागि |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | १३ वटै आयुर्वेद स्वास्थ्य केन्द्र/चिकित्सालयहरु |
| खर्च क्षेत्र | सफ्टवेयर नविकरण शुल्क तथा Data backup charge |
| लक्षित समूह | विगतका आ. ब. मा सेवा प्रदान गर्ने सेवा प्रदायहरु |
| कार्यक्रम सञ्चालन विधि | • विगत आ. ब. मा eHMIS कार्यान्वयन भएका आयुर्वेद स्वास्थ्य संस्थाहरुको सूची तयार गर्ने<br>• सफ्टवेयर नविरकण तथा अध्वावधिक मूल्यका लागि लागि सरकारी IT विज्ञबाट परामर्श सेवा लिने ।<br>• प्रचलित ऐन/ नियम वमोजिम सफ्टवेयर नविकरण तथा data backup/Data security को सुनिश्चित गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ |
| अपेक्षित उपलब्धी | विद्युतीय अभिलेख तथा प्रतिबेदन प्रणाली नियमित रुपमा संचालन हुनेछ। |
| अनुगमन र मुल्याङ्कन सूचक | मन्त्रालयबाट कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## ५. सुलभ आयुर्वेद फार्मेसी स्थापना तथा सचालनका लागि बिउ पुजी

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | विनियोजित बजेट | संस्था | ५ | दोश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचयः | आयुर्वेद सेवा कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरी गुणस्तरीय आयुर्वेद सेवा बिस्तार गर्न नियमित रुपमा औषधीको व्यवस्था हुनु पर्दछ। |
| उद्देश्यः | प्रदेश भित्रका तोकिएका आयुर्वेद स्वास्थ्य संसथामा नियमित रुपमा सरकारले प्रदान गर्नै निशुल्क औषधी बाहेक धेरै प्रयोगमा आउने अन्य औषधीहरुको सर्वसुलभ र सुपथ मुल्यमा उपलब्ध गराइ नागरीकलाइ सहजता प्रदान गर्नु र नागरीकको स्वास्थ उपचारमा लाग्ने खर्च घटाउने |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | राप्ती आयुर्वेद चिकित्सालय तुल्सिपुर दाङ,कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्र,अर्घाखांची आयुर्वेद स्वास्थ्य केन्द्र, पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र, बाँके आयुर्वेद स्वास्थ्य केन्द्र |
| खर्च क्षेत्र | औषधी खरिद र अन्य व्यवस्थापकिय खर्च |
| लक्षित समुह | स्थानीय सेवाग्रही |
| कार्यक्रम सञ्चालन विधि | • स्वास्थ्य संस्थामा प्रयोग हुने औषधी र जनशक्तिको लगत यकिन गर्ने ।<br>• यस प्रदेशका निम्न तोकिएका आयुर्वेद स्वास्थ्य संस्था बाट बिउ पूंजी कोष स्थापना गरी अस्पताल फार्मेशी निर्देशिका, २०७२ अनुसार सशुल्क फार्मेसी संचालन गर्ने । |
| खर्च क्षेत्रहरु | औषधी खरिद र अन्य व्यबस्थापकिय खर्च |
| बजेट बाँडफाडः | प्रचलित ऐन,नियम,निर्देशिका र कार्यबिधी अनुसार बजेट बांडफांड गरी कार्यक्रम संचालन गर्नु पर्नेछ । |
| अपेक्षित उपलब्धी | अत्यावश्यक निःशुल्क आयुर्वेद औषधी बाहेकका थप औषधीहरु सुपथ मुल्यमा स्वास्थ्य संस्थामै उपलब्ध हुनेछ । |
| अनुगमन र मुल्याङ्कनका सुचकहरु | उपलब्ध औषधीको संख्या र मात्रा, औषधीहरुको खरिद प्रकृया,बिक्रि तथा व्यवस्थापन प्रकृया। |
| कार्यक्रम सञ्चालनका सन्दर्भ सामाग्रहीहरु | प्रचलित सार्वजनिक खरिद ऐन नियम, अस्पताल फार्मेशी निर्देशिका २०७२ आदि । |

## ६. प्रा आ चि बिजौरीमा शल्य चिकित्सा र पञ्चकर्म सेवा विस्तार निरन्तरता

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु २० लाख | संस्था | १ | प्रथम, दोस्रो, तेश्रो तथा चौथो |

| शिर्षकः | विवरण |
|---|---|
| परिचयः | आयुर्वेद चिकित्सा विज्ञानमा शरीरमा उत्पन्न भएका विकार पदार्थको शरीरबाट बाहिर निकाल्ने, शोधन र शरीर भित्रै उत्पन्न विकारलाई घटाउने सन्तुलित पार्ने शमन चिकित्सा पद्धति अभ्यासमा छन्। यसमध्ये असन्तुलित जीवनशैली र खानपानका कारण रोगहरुको व्यवस्थापनमा शरीर शोधन पार्ने पञ्चकर्म, चिकित्साको संसारभर माग र अभ्यास बढि प्रचलनमा आएको छ। उच्चरक्त चाप, मधुमेह, वातव्याधी, मोटोपना, एलर्जी तथा चर्म विकार लगायतका समस्यमाहरुको उचित व्यवस्थापन साथै शल्य चिकित्सा सेवालाई सुदृढिकरण तथा सवलिकरण गरी सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| उद्देश्यः | शल्य चिकित्सा र पञ्चकर्म सेवा,स्त्री प्रसुति सेवा,शालक्य सेवा लगयातका बिशेषज्ञ सेवा नसर्ने रोग स्क्रिनिङ् तथा फिजियोथेरापी सेवा सञ्चालनमा ल्याउनु। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | प्रादेशिक आयुर्वेद चिकित्सालय विजौरी दाङ। |
| खर्च क्षेत्र | जनशक्ती व्यबस्थापन,आवश्यक औजार उपकरण औषधी तथा बस्तु खरिद तथा व्यबस्थापन |
| कार्यक्रम सञ्चालन प्रकृयाः | • शल्य चिकित्सा र पञ्चकर्म सेवा,स्त्री प्रसुति सेवा,शालक्य सेवा लगयातका बिशेषज्ञ सेवा नसर्ने रोग स्क्रिनिङ् तथा फिजियोथेरापी सेवा प्रवाहका लागि आवश्यक औजार उपकरण औषधि तथा बस्तु खरिद तथा व्यवस्थापन।<br>• जनशक्ति व्यवस्थापन<br>• दैनिक सेवा प्रवाह एवं थप समय सेवा संचालन व्यवस्थापन खर्च |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न |

| | |
|---|---|
| | खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धिः | शल्य चिकित्सा र पञ्चकर्म सेवा, स्त्री प्रसुति सेवा,शालक्य सेवा लगयातका बिशेषज्ञ सेवा नसर्ने रोग स्क्रिनिङ् तथा फिजियोथेरापी सेवाका माध्यामद्वारा विरामीहरुले स्वास्थ्य लाभ गर्नेछन। |
| अनुगमन र मुल्याङ्कन सूचक | • बिशेषज्ञ सेवा विस्तार<br>• बिशेषज्ञ सेवाबाट लाभान्वित विरामी संख्या, सेवाको प्रकार |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## ७. आयुर्वेद चिकित्सालय/स्वास्थ्य केन्द्रमा पञ्चकर्म सेवा विस्तार तथा निरन्तरता

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | संस्था | १० | प्रथम, दोस्रो, तेश्रो र चौथो |

| शिर्षकः | विवरण |
|---|---|
| परिचयः | आयुर्वेद चिकित्सा विज्ञानमा शरीरमा उत्पन्न भएका विकार पदार्थको शरीरबाट बाहिर निकाल्ने शोधन र शरीर भित्रै उत्पन्न विकारलाई घटाउने सन्तुलित पार्ने शमन चिकित्सा पद्धति अभ्यासमा छन्।यसमध्ये असन्तुलित जीवनशैली र खानपानका कारण रोगहरुको व्यवस्थापनमा शरीर शोधन पार्ने पञ्चकर्म चिकित्साको संसारभर माग र अभ्यास बढि प्रचलनमा आएको छ।उच्चरक्त चाप मधुमेह वातव्याधी मोटोपना एलर्जी तथा चर्म विकार लगायतका समस्यमाहरुको उचित व्यवस्थापनमा पञ्चकर्म सेवा प्रभावकारी भएको हुनाले यो कार्यक्रम प्रस्ताव गरीएको हो। |
| उद्देश्यः | पञ्चकर्म सेवा सञ्चालनमा ल्याउनु। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | लुम्बिनी आयुर्वेद चिकित्सालय र रापि आयुर्वेद चिकित्सालय कपिलवस्तु, पाल्पा, अर्घाखाँची, बर्दिया, बाँके, रुकुमपूर्व, नवलपरासी ब सु प र रोल्पा जिल्लाका आयुर्वेद स्वास्थ्य केन्द्रहरु |
| खर्च क्षेत्र | जनशक्ती व्यबस्थापन आवश्यक औजार उपकरण औषधी तथा बस्तु खरिद तथा अन्य व्यबस्थापकीय खर्च |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन प्रकृयाः | • पञ्चकर्म सेवा प्रवाहका लागि आवश्यक औजार उपकरण औषधि तथा बस्तु खरिद तथा व्यवस्थापन।<br>• जनशक्ति व्यवस्थापन<br>• पञ्चकर्म सेवा प्रवाहका लागि बी ए एम एस गरी कम्तीमा १ वर्ष पञ्चकर्म सेवा प्रवाहको अनुभव भएको चिकित्सकको व्यवस्थापन गर्नुपर्नेछ। तलब मासिक रु ५३,६११ र नियमानुसार चाडपर्व खर्च र पोषाक खर्च भुक्तानी गर्नुपर्नेछ ।<br>• महिला र पुरुषका लागि छुट्टा छुट्टै अनुभवी अभ्यङ्गकर्ताको व्यवस्थापन गर्नुपर्नेछ। |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धिः | पञ्चकर्म सेवाका माध्यमद्वारा विरामीहरुले स्वास्थ्य लाभ गर्नेछन। |
| अनुगमन र मुल्याङ्कन सूचक | सेवा ग्राहीको संख्या र सेवाको प्रकार |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## ८. गुल्मी र प्युठानमा विस्तारित आयुर्वेद सेवा कार्यक्रम निरन्तरता

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजन बजेट | संस्था | २ | प्रथम दोस्रो तेश्रो र चौथो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचयः | यी जिल्लाहरुमा साविकका स्थापना भएक जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र अपायक स्थानमा रहेका कारण बहुसंख्यक नागरिकहरुको आयुर्वेद सेवामा पहूँच नभएका कारण पहूँचयोग्य स्थानमा विगत ३ वर्षदेखि पायक पर्ने स्थानमा विस्तारित आयुर्वेद सेवा प्रवाह गर्ने गरी ईकाइ सञ्चालन गर्न यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| उद्देश्यः | आयुर्वेद सेवालाई सुदृढिकरण र सवलिकरण गरी प्रभावकारी सेवा विस्तार गर्न। |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन गर्ने निकाय | आयुर्वेद स्वास्थ्य केन्द्र गुल्मी र प्युठान |
| खर्च क्षेत्र | औषधी औजार उपकरण खरिद जनशक्ति तथा अन्य व्यबस्थापकीय खर्च । |
| लक्षित समुह | आयुर्वेद स्वास्थ्य केन्द्र गुल्मी र प्युठान |
| कार्यक्रम सञ्चालन विधि | • आयुर्वेद सेवा विस्तारका लागि विएएमएस उतिर्ण गरी कम्तिमा १ वर्ष भन्दा वढी को अनुभव प्राप्त १ जना चिकित्सक र १ जना प्राविधिक चौथो स्तरको कर्मचारी र आवश्यकता अनुसार सहयोगी कर्मचारी व्यवस्थापन गर्ने र सो जनशक्तिले विस्तारित सेवाबाट आयुर्वेद सेवा प्रवाह गर्ने<br>• आयुर्वेद सेवा विस्तारका लागि आवश्यक पर्ने औषधी औजार उपकरणहरुको सूचि तयार गर्ने लागत अनुमान गर्ने र सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद कार्य गर्ने।<br>• दैनिक सेवा प्रवाह गरी अभिलेख तयार गर्ने। |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | आयुर्वेद सेवालाई सुदृढिकरण र सवलिकरण गरी प्रभावकारी सेवा विस्तार हुने |
| अनुगमन र मुल्याङ्कन | • सेवा विस्तारका लागि छनौट भएका चिकित्सक<br>• सेवा विस्तारका लागि आवश्यक पर्ने औषधी औजार उपकरणहरुको सूचि |
| प्रतिबेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## ९. प्रयोगशाला कन्ज्युमेवल सामाग्री सहयोग

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | संस्था | १३ | प्रथम |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचयः | चिकित्सा विज्ञानको आधुनिकीकरणसँग सँगै विरामीहरुको रोग निदान तथा चिकित्सकीय कार्यमा प्रयोगशाला परीक्षण र यसको नतिजा अपरिहार्य बन्दै गएको |

| | |
|---|---|
| | छ। यसबाट रोगको सहि निदान तथा उचित उपचारमा सघाउ पुर्याई अकालमा हुने जन धनको क्षति तथा व्यर्थ औषधोपचार खर्चको न्युनीकरण भएको छ। यसैले आयुर्वेद चिकित्सालयमा प्रवाह हुने विभिन्न खालका चिकित्सा सेवामा गुणस्तरीयता अभिवृद्धि गर्ने हतुले यो कार्यक्रम प्रस्ताव गरिएको हो। |
| उद्देश्यः | आयुर्वेद संस्थाहरुमा प्रयोगशाला सञ्चालनका गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | आयुर्वेद चिकित्सालय एवं स्वास्थ्य केन्द्रहरु |
| खर्च क्षेत्र | • प्रयोगशाला जन्य रिएजेन्ट, केमिकल, औजार उपकरण तथा सामाग्री खरिद |
| लक्षित समुह | आयुर्वेद चिकित्सालय एवं स्वास्थ्य केन्द्रहरु |
| कार्यक्रम सञ्चालन विधि | • प्रयोगशाला सञ्चालनका लागि आवश्यक सामाग्रीको सूची तयार गर्ने।<br>• सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम खरिद कार्य गर्ने । |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | आयुर्वेद संस्थाहरुमा प्रयोगशाला सञ्चालन भई आयुर्वेद सेवा गुणस्तरीय र प्रभावकारी रुपमा सञ्चालन हुनेछ । |
| अनुगमन र मुल्याङ्कन सूचक | • आवश्यक सामाग्रीको सूची<br>• सञ्चालित प्रयोगशाला सेवाको संख्या |
| प्रतिबेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## १०. स्वर्णप्रासन कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | जिल्ला | १२ | प्रथम र दोस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | कौमारभृत्यको मूल ग्रन्थ काश्यप संहिताको लेह अध्यायमा स्वर्ण बिन्दु प्राशनको वर्णन गरिएको छ। स्वर्ण भष्मलाई घ्यू र महमा मिसाएर लेहमा परिणत गरी थोपा अंशको रुपमा सेवन गराइने विधिलाई स्वर्ण प्राशन भनिन्छ। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| कार्यक्रमको उद्देश्य | बालबालिकाहरुको शाररिक तथा मानसिक विकासका साथै रोग प्रतिरोधात्मक क्षमता बढाउन स्वर्णबिन्दु प्राशनको उद्देश्य रहेको छ। |
| कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या/समुह | १-५ बर्षका बालबालिकाहरु |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | चिकित्सालय तथा आयुर्वेद स्वास्थ्य केन्द्रहरु (बिजौरी बाहेक) |
| कार्यक्रमका खर्च क्षेत्रहरु | स्वार्णप्राशनको लागि आवश्यक औषधी, छपाई, विज्ञ परामर्श, रेकर्डिङ्ग सफ्टवेयर, यातायात, लगायत अन्य व्यबस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन मार्गदर्शन / विधि | • संघ तथा प्रदेश बाट तयार गरिएको SOP तथा निर्देशिका अनुसार स्वर्ण प्राशन निर्माण तथा मात्रा निर्धारण गर्ने<br>• कार्यक्रम सञ्चालनका लागि कार्य योजना तयार गरी कार्यान्वयन गर्ने<br>• कार्यक्रम सञ्चालन गर्ने निकायले स्थानीय तहमा रहेका आयुर्वेद औषधालय र नागरिक आरोग्य केन्द्रको समन्वयमा आयुर्वेद चिकित्सालय एवं आयुर्वेद स्वास्थ्य केन्द्रहरुबाट स्वर्ण प्राशन संचालन गर्ने ।<br>• बालबालिकाको वृद्धि तथा बिकास अनुगमन गर्ने<br>• Developmental Milestone Chart को प्रयोग गरि Developmental Delay स्क्रिनिंग गर्ने । |
| सहकार्य, साझेदारी तथा समन्वय | आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रमा कार्यरत विकास साझेदारहरु समन्वय र सहकार्य गर्न सकिने छ । |
| कार्यक्रमको अपेक्षित उपलब्धी | स्वर्णप्राशन सेवा प्रदेश स्तरमा विस्तार हुने र बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता अभिवृधि, शारीरिक तथा मानसिक विकास। |
| कार्यक्रम अनुगमनका सुचकहरु | स्वर्णविन्दुप्राशन लिएका बालबालिकाको संख्या |
| बजेट बाँडफाड | प्रचलित ऐन नियम निर्देशिका र कार्यविधि अनुसार बैठक तथा गोष्ठी खर्च , परामर्श सेवा खर्च, भ्रमण खर्च एवं छपाई खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |

| | |
|---|---|
| कार्यक्रम सञ्चालनको लागि सन्दर्भ सामाग्रीहरु | विषय संबन्धित संघ तथा प्रदेश सरकारबाट जारी गरिएका निर्देशिका, स्वर्णप्राशन SOP , नीति तथा कार्यविधि निर्देशिका, आदि । |
| प्रतिबेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन एवं तथ्याङ्क स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## ११. जिल्ला स्तरिय वार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठि

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | संस्था | १२ | प्रथम |

| | |
|---|---|
| कार्यक्रमको परिचय | आयुर्वेद चिकित्सा सेवा अन्तर्गत जिल्ला तहमा कार्यरत आयुर्वेद स्वास्थ्य केन्द्र र चिकित्सालयले उपलब्ध सेवाहरूको वार्षिक समिक्षा गरी सेवाको गुणस्तर सुधार र प्रभावकारी योजना तर्जुमा गर्ने उद्देश्यले यो गोष्ठी आयोजना गरिनेछ। यसले आयुर्वेद स्वास्थ्य सेवा वितरण र प्रशासनिक क्षमता अभिवृद्धि गराउने साथै आगामी वर्षका योजनाहरू समुचित रूपमा तयार पार्न सहयोग गर्नेछ। |
| कार्यक्रमको उद्देश्य | • जिल्लाका आयुर्वेद स्वास्थ्य केन्द्र र चिकित्सालयका वार्षिक कार्यसम्पादनको समिक्षा गर्ने।<br>• प्राप्त अनुभव र चुनौतीहरूको विश्लेषण गरी गुणस्तरीय सेवा प्रवाहका लागि रणनीति र योजना तर्जुमा गर्ने।<br>• सेवाको प्रभावकारिता वृद्धि गर्न आवश्यक SOP, मापदण्ड र विधिहरू परिमार्जन र कार्यान्वयन गर्न सुझाव तयार गर्ने। |
| कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या/समुह | • आयुर्वेद स्वास्थ्य केन्द्र , आयुर्वेद चिकित्सालय, आयुर्वेद औषधालय, नागिरक आरोग्य सेवा केन्द्रका प्रमुख, कर्मचारी तथा व्यवस्थापकहरू |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | • आयुर्वेद स्वास्थ्य केन्द्र<br>• आयुर्वेद चिकित्सालय |
| लक्षित समुह | जिल्लाका आयुर्वेद स्वास्थ्य केन्द्र , आयुर्वेद चिकित्सालय, आयुर्वेद औषधालय, नागिरक आरोग्य सेवा केन्द्रका प्रमुख, कर्मचारी, जनप्रतिनिधि संचारकर्मी तथा सरोकारवाला |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| कार्यक्रमका खर्च क्षेत्रहरु | • बैठक तथा गोष्ठी आयोजना खर्च<br>• छपाई र प्रकाशन खर्च<br>• भ्रमण तथा यातायात सम्बन्धी खर्च<br>• अन्य व्यवस्थापकीय खर्च |
| कार्यक्रम सञ्चालन मार्गदर्शन / विधि | • वार्षिक समीक्षा तथा योजना तर्जुमाका लागि कार्यतालिका तयार गर्ने।<br>• जिल्लाभरबाट देखिएका सेवा सम्बन्धी समस्याहरू संकलन गर्ने।<br>• स्वास्थ्य निर्देशनालयसंगको समन्व्यमा जिल्ला स्थित आयुर्वेद स्वास्थ्य संस्थाहरुको समिक्षा संचालन गर्ने।<br>• समिक्षा गोष्ठीमा प्राविधिक र व्यवस्थापकीय पक्षमा छलफल गर्ने।<br>• आगामी वर्षका लागि योजना र SOP सुधारका लागि मस्यौदा तयार गर्ने।<br>• समिक्षा रिपोर्ट तयार गरी प्रादेशिक तथा केन्द्रीय निकायमा प्रस्तुत गर्ने। |
| कार्यक्रमको अपेक्षित उपलब्धी | • जिल्लामा आयुर्वेद सेवा कार्यान्वयनमा स्पष्ट समिक्षा तथा सुधारका उपायहरू तय हुने।<br>• योजना तर्जुमाको माध्यमबाट सेवा गुणस्तर वृद्धि हुनेछ।<br>• SOP तथा मापदण्डमा एकरुपता र स्पष्टता आएर सेवा दीगो र प्रभावकारी हुनेछ। |
| कार्यक्रम अनुगमनका सुचकहरु | • समिक्षा बैठक तथा गोष्ठी सञ्चालनको तथ्यांक।<br>• योजना मस्यौदा तयार गरिएको अवस्था।<br>• गोष्ठीबाट प्राप्त सुझावहरूको कार्यान्वयन योजना।<br>• सम्बन्धित निकायमा प्रस्तुत गरिएको प्रतिवेदन संख्या। |
| बजेट बाँडफाड | • प्रचलित ऐन, नियम, निर्देशिका तथा कार्यविधि अनुसार बैठक, गोष्ठी, परामर्श सेवा, भ्रमण र छपाई खर्च शीर्षकहरूमा बजेट विनियोजन गरिनेछ।<br>• कार्यालय प्रमुखबाट स्वीकृति पश्चात खर्च हुनेछ। |
| कार्यक्रम सञ्चालनको लागि सन्दर्भ सामाग्रीहरु | • सम्बन्धित संघ, परिषद् तथा प्रदेश सरकारबाट जारी ऐन, नियम, नीति, कार्यविधि र निर्देशिका। |
| प्रतिबेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## १२. मातृशिशु स्वास्थ्य एवं ज्येष्ठनागरिक कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | संस्था | ११ | प्रथम, दोस्रो, तेस्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | यस कार्यक्रममा ज्येष्ठ नागरिक र मातृशिशुको समग्र स्वास्थ्य प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ। स्वास्थ्य परामर्श साथै ज्येष्ठ नागरिकको लागि रसायन औषधी तथा स्तनपायी आमाहरूलाई दुग्धवर्धक औषधि वितरण गरी आवश्यक सेवा सहज र गुणस्तरीय रूपमा उपलब्ध गराउने लक्ष्य राखिएको छ, जसले समुदायमा ज्येष्ठ नागरिक, स्तनपायी आमा र नवजात शिशुको स्वास्थ्य सुधार गर्नेछ। |
| कार्यक्रमको उद्देश्य | • ज्येष्ठ नागरिक र मातृशिशु समुदायमा स्वास्थ्य सतर्कता र सेवा पहुँच वृद्धि गर्नु।<br>• स्तनपायी आमाहरूलाई दुग्ध उत्पादन बढाउने औषधि उपलब्ध गराएर पोषण सुधार गर्नु।<br>• रसायन चिकित्सा मार्फत ज्येष्ठ नागरिकको स्वास्थ्य प्रवर्धन गर्नु।<br>• स्वास्थ्य परामर्श र आवश्यक औषधि सपोर्ट मार्फत मातृशिशु मृत्यु दर घटाउनु। |
| कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या/समुह | • मातृशिशु स्वास्थ्य कार्यक्रमबाट ६ महिनासम्मका स्तनपायी आमा, नवजात शिशु<br>• ज्येष्ठनागरिक कार्यक्रमबाट ६० वर्ष माथिका ज्येष्ठ नागरिक |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | • जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र<br>• आयुर्वेद चिकित्सालय<br>• सम्बन्धित स्थानीय स्वास्थ्य संस्था र आयुर्वेद स्वास्थ्य केन्द्रहरूसँगको सहकार्य |
| कार्यक्रमका खर्च क्षेत्रहरु | • रसायन चिकित्सा औषधि खरिद<br>• दुग्धवर्धक औषधि खरिद र वितरण<br>• कार्यक्रम सञ्चालनका लागि व्यवस्थापकीय खर्च (बैठक, प्रशिक्षण, समन्वय आदि)<br>• छपाई तथा प्रचारप्रसार सामग्री |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| कार्यक्रम सञ्चालन मार्गदर्शन / विधि | • रसायन चिकित्सा आवश्यक औषधिहरू खरिद र वितरण गर्ने।<br>• मातृशिशु स्वास्थ्य तथा ज्येष्ठ नागरिकका लागि नियमित परामर्श र स्वास्थ्य जाँच कार्यक्रम सञ्चालन गर्ने।<br>• स्तनपायी आमाहरूलाई पोषण सुधार गर्ने दुग्धवर्धक औषधि उपलब्ध गराउने।<br>• महिलास्वंसेविकालाइ अभिमुखिकरण दिने र समूदायमा स्वास्थ्य सचेतना अभियान गर्ने।<br>• संघ सशर्त अनुदानबाट प्राप्त "स्तनपायी आमालाइ मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी तथा अन्य औषधी वितरण कार्यक्रम र जेष्ठनागरिकको लागि स्वास्थ्य प्रबर्धन सेवा कार्यक्रम " संग एकिकृत योजना बनाइ यो कार्यक्रम संचालन गर्ने<br>• नियमित अनुगमन गरी रिपोर्ट तयार गरि सम्बन्धित निकायमा पेश गर्ने। |
| कार्यक्रमको अपेक्षित उपलब्धी | • ज्येष्ठ नागरिक र मातृशिशु स्वास्थ्य स्थितिमा सुधार आउने।<br>• स्तनपायी आमाहरूलाई दुग्धबर्धक औषधी सहज रूपमा उपलब्ध हुनेछ।<br>• रसायन चिकित्सा सेवामा प्रविधि र सेवा गुणस्तर वृद्धि हुनेछ। |
| कार्यक्रम अनुगमनका सुचकहरु | • उपलब्ध औषधि खरिद र वितरणको तथ्यांक<br>• परामर्श सेवा प्राप्त गरेको जनसंख्याको संख्या<br>• स्तनपायी आमा र नवजातको स्वास्थ्य सूचकहरूमा सुधार<br>• नियमित रिपोर्टिङ र अनुगमन मितिहरू<br>• सेवा प्रदायक र लाभग्राहीको सन्तुष्टि स्तर |
| बजेट बाँडफाड | • प्रचलित ऐन, नियम, निर्देशिका तथा कार्यविधि अनुसार खरिद, गोष्ठी, परामर्श सेवा, भ्रमण र छपाई खर्च शीर्षकहरूमा बजेट विनियोजन गरिनेछ।<br>• कार्यालय प्रमुखबाट स्वीकृति पश्चात खर्च हुनेछ। |
| कार्यक्रम सञ्चालनको लागि सन्दर्भ सामाग्रीहरु | • निर्देशिका, कार्यविधि, मापदण्ड आदि प्रचलित अन्य ऐन नियम |
| प्रतिबेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## १३. प्रादेशिक आयुर्वेद चिकित्सालयमा अकुपञ्चर तथा होमियोप्याथी सेवा बिस्तार

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | संस्था | २ | प्रथम, दोस्रो, तेश्रो तथा चौथो |

| शिर्षक: | विवरण |
|---|---|
| परिचय: | आयुर्वेद तथा वैकल्पिक चिकित्साको विकास र विस्तारको प्रदेश निति अनुरुप लुम्बिनी प्रदेशमा सरकारी तवरमा वैकल्पिक सेवाहरु समेत संचालन गर्न अकुपन्चर र होमियोप्याथी सेवा सुरु गर्ने उद्धेश्यले यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| उद्देश्यः | अकुपन्चर र होमियोप्याथी सेवा सञ्चालनमा ल्याउनु। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | प्रादेशिक आयुर्वेद चिकित्सालय विजौरी दाङ,लुम्बिनी आयुर्वेद चिकित्सालय बुटवल। |
| खर्च क्षेत्र | जनशक्ती व्यबस्थापन, परामर्श सेवा, यातायात खर्च, आवश्यक औजार उपकरण, औषधी, फर्निचर, छपाइ तथा अन्य सामाग्री खरिद तथा व्यबस्थापन । |
| कार्यक्रम सञ्चालन प्रकृयाः | • अकुपन्चर र होमियोप्याथी सेवा प्रवाहका लागि आवश्यक औजार उपकरण औषधी, छपाइ तथा बस्तु खरिद तथा व्यवस्थापन।<br>• जनशक्ति व्यवस्थापन<br>• दैनिक सेवा प्रवाह एवं थप समय सेवा संचालन व्यवस्थापन खर्च |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धिः | अकुपन्चर र होमियोप्याथी सेवाका माध्यामद्वारा विरामीहरुले स्वास्थ्य लाभ गर्नेछन। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| अनुगमन र मुल्याङ्कन सूचक | • अकुपन्चर र होमियोप्याथी सेवाबाट लाभान्वित विरामी संख्या, सेवाको प्रकार |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## १४.निशुल्क विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | संस्था | १ | तेस्रो |

| शिर्षकः | विवरण |
|---|---|
| परिचयः | आयुर्वेद चिकित्सा सेवालाई सुदृढिकरण तथा सवलिकरण गरी जनताको पहुचमा पुर्याई विशेषज्ञ आयुर्वेद सेवा प्रवाह गर्ने तथा आयुर्वेद सेवाको प्रचारप्रसार गर्ने उद्धेश्यले यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| कार्यक्रमको उद्देश्यः | आयुर्वेद सेवालाई सुदृढिकरण र सवलिकरण बनाउन र जनतामा सहज पहुचमा विशेषज्ञ सेवा प्रवाह गर्न निःशुल्क आयुर्वेद विशेषज्ञ शिविर सञ्चालन हुने |
| कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या समुह | प्रदेशका आम नागरीक |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरी |
| कार्यक्रमका खर्च क्षेत्रहरु | स्थान छनौट एवं समन्वय बैठक, औषधी, उपकरण विशेषज्ञ तथा जनशक्ति व्यवस्थापन, भ्रमण तथा यातायात खर्च, शिविर सञ्चालन, प्रतिवेदन |
| कार्यक्रम सञ्चालन मार्गदर्शन/विधि | • निःशुल्क आयुर्वेद विशेषज्ञ शिविर कार्यक्रमहरुको लागि प्रदेश भित्रको उपयुक्त स्थान छनौट गर्ने<br>• बिशेषज्ञ समिति गठन गरि औषधि उपकरण तथा विज्ञ जनशक्ती व्यवस्थापन गर्ने ।<br>• बिशेषज्ञ आयुर्वेद शिविर संचालन गर्ने Anorectal Diseases Screening तथा औषधी वितरण। |

| | |
|---|---|
| सहकार्य, साझेदारी तथा समन्वय | आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रमा कार्यरत बिकास साझेदारहरु संग समन्वय, सहकार्यतथा साझेदारी गर्न सकिनेछ । |
| कार्यक्रमको अपेक्षित उपलब्धी | • समयमै नागरिकको रोग पहिचान, बिशेषज्ञ आयुर्वेद सेवा प्रवाह साथै anorectal Diseases Screening हुने छ । |
| कार्यक्रम अनुगमनका सुचकहरु | • सेवाबाट लक्षित नागरीक<br>• कार्यक्रम सञ्चालन प्रतिबेदन |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन बारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## १५.आयुर्वेद चुर्ण औषधी निर्माण

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | संस्था | १ | प्रथम र दोस्रो |

| शिर्षकः | विवरण |
|---|---|
| परिचयः | आयुर्वेद सेवा प्रति आम नागरीकको आकर्षण बृद्धि हुदै गएको र प्रदेशबाट उपलब्ध गराइएका आयुर्वेद औषधीहरु अपर्याप्त भएको हुँदा सो को परिपुर्तिका लागि प्रदेशमा उपलब्ध कच्चा जडिबुटीहरुको संकलन गरी प्रशोधन तथा आयुर्वेदिक औषधि उत्पादन कार्यकालागि प्रदेश स्तरीय आयुर्वेद चिकित्सालय दाङ्गमा यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| उद्देश्यः | विरामीहरुलाई आवश्यक आयुर्वेद औषधीको सहज उपलब्धता गराउन। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | प्रादेशिक आयुर्वेद चिकित्सालय विजौरी दाङ। |
| खर्च क्षेत्र | जडिवुटी खरिद, औजार उपकरण मेशनरी खरिद, उत्पादन कक्ष व्यवस्थापन जनशक्ती व्यबस्थापन, ढुवानी, औषधी प्याकिङ्ग, छपाइ र चुर्ण औषधी निर्माण तथा व्यबस्थापन खर्च। |
| कार्यक्रम सञ्चालन प्रकृयाः | • जडिबुटि, औजार उपकरण र जनशक्तिको लगत स्पेशिफिकेशन तथा खरिद सामग्री तयारी गरी खरिद गर्ने ।<br>• प्राप्त सामाग्री आपूर्ति गरी दाखिला गर्ने । |

| | |
|---|---|
| | • प्रदेशमा उपलब्ध कच्चा जडिवुटीहरुको संकलन तथा स्थानीय कच्चा पदार्थको सुरक्षित भण्डारण सहित जडिबुटि प्रशोधन गर्ने।<br>• मेशिनरी जडान एवं जनशक्ति व्यवस्थापन गरी चुर्ण औषधि उत्पादन, भण्डारण एवं वितरण गर्ने । |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धिः | विरामीहरुलाई आवश्यक आयुर्वेद औषधीको सहज उपलब्धता हुनेछ ।स्थानीय जडिबुटीको उपयोग हुनेछ । |
| अनुगमन र मुल्याङ्कन सूचक | उत्पादित चुर्ण औषधिहरुको संख्या, परिमाण र लाभान्वान्वित सेवाग्रही |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## १६.फिजयोथेरापी तथा पुनर्स्थापना सेवा विस्तार तथा निरन्तरता

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | संस्था | ३ | प्रथम, दोस्रो र तेश्रो |

| शिर्षकः | विवरण |
|---|---|
| परिचयः | आयुर्वेद चिकित्सालय एवं आयुर्वेद स्वास्थ्य केन्द्रहरुको सेवाहरु थप विस्तार गर्न, जीर्ण रोगहरुमा पंचकर्म सेवाहरु थप प्रभावकारी बनाइ पुनरुथापना सेवा संचालनको लागि एकिकृतरुपमा पंचकर्म र फिजियोथेरापी सेवा संचालन गर्ने उद्धेश्यले यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्यः | फिजियोथेरापी सेवा प्रवाह गरि पुनर्स्थापना सेवा संचालनमा ल्याउने। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | राप्ति आयुर्वेद चिकित्सालय, कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्र र बाँके आयुर्वेद स्वास्थ्य केन्द्र |
| खर्च क्षेत्र | जनशक्ती व्यबस्थापन, आवश्यक औजार उपकरण तथा अन्य व्यवस्थापन खर्च |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन प्रकृयाः | • फिजियोथेरापी सेवा प्रवाहका लागि आवश्यक औजार उपकरण औषधि तथा बस्तु खरिद तथा व्यवस्थापन।<br>• जनशक्ति व्यवस्थापन<br>• दैनिक सेवा प्रवाह एवं थप समय सेवा संचालन व्यवस्थापन खर्च |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धिः | फिजियोथेरापी सेवाका माध्यमद्वारा विरामीहरुले पुनरस्थापना सेवा लाभ गर्नेछन। |
| अनुगमन र मुल्याङ्कन सूचक | फिजियोथेरापी सेवाबाट लाभान्वित विरामी संख्या, सेवाको प्रकार |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## १७.मोटोपना रोकथाम र नियन्त्रणका लागि स्क्रिनिङ्ग र जिवनशैली परिबर्तन कार्यक्रम

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | जिल्ला | १३ | दोस्रो,तेस्रो र चौथो |

| | |
|---|---|
| परिचय | अस्वस्थकर खानपिन, शारीरिक व्यायामको कमि, व्यस्त जिवनशैली र बढ्दो शहरिकरणले गर्दा नसर्ने रोगको अनुपातामा वृद्धि भइरहेको छ । विश्वमा जम्मा मृत्यको ७३.४ प्रतिशत नसर्ने रोगका कारण भएको थियो भने नेपालमा सन् २०१९ मा जम्मा मृत्युको ७१ प्रतिशत नसर्ने रोगका कारण मृत्यु भएको थियो । नेपाल स्वास्थ्य तथा जनसांख्यिक सर्वेक्षण २०२२ अनुसार २० देखी ४९ वर्ष उमेर समुहका महिलाहरुमध्ये ३५ प्रतिशतमा अधिक तौल रहेको र १५ देखी ४९ बर्ष का महिला मध्ये ५४ प्रतिशतले अस्वस्थकर खाना खाने गरेको पाईएको छ। सन् २०१८ मा प्रकाशित भएको ल्यान्सेट जर्नलले मोटोपनका कारण जिवनको गुणस्तर र औषत आयु घट्नुकासाथै नसर्ने रोगहरु जस्तै, उच्च रक्तचाप, मधुमेह, मुटु सम्बन्धी रोगहरु, क्यान्सर, श्वासप्रश्वास सम्न्धी रोगहरु आदिको जोखिम उच्च रहने तथ्य उल्लेख गरेको छ । नेपालम पनि नसर्ने रोगको भारमा वृद्धि भईरहेकाले यसको रोकथाम तथा |

| | |
|---|---|
| | व्यवस्थापनमा बहुपक्षिय सहकार्यको अवश्यकता रहेको छ। तसर्थ स्वस्थ तथा सन्तुलीत आहार, शारीरिक व्यायाम र जिवनशैली परिवर्तन मार्फत तौल नियन्त्रण गरी नसर्ने रोगको जोखिम न्यूनीकरण गर्न यो कार्यक्रम तयार गरिएको छ । |
| उद्देश्य | मोटोपनको स्क्रिनीङ्ग गरि अधिक तौल भएका सेवा ग्राहीहरुलाई स्वस्थ तथा सन्तुलीत आहार, तनाव रहित दिनचर्या र स्वस्थ जीवनशैली अपनाई नसर्ने रोगको रोकथाम र न्यूनीकरण गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | आयुर्वेद चिकित्सालय/स्वास्थ्य केन्द्रहरु |
| खर्च क्षेत्र | B M I चार्ट छपाई, तौल तथा उचाई मापन यन्त्र खरिद, र उपहार (टिसर्ट) खरिद र टिसर्ट, सूचना सन्देश छपाइ खर्च, र अन्य व्यवस्थापकीय खर्च |
| लक्षित समुह | चिकित्सालय रहेका जिल्लामा बसोबास गर्ने नागरीकहरु |
| कार्यक्रम सञ्चालन विधि | • चिकित्सालयमा स्वास्थ्य सेवा लिन आउने वा विरामीलाई लिएर आउने हरेक व्यक्तिको मोटोपनाको अवस्था थाहा पाउन तौल र उचाईको मापन गरिनेछ र Body Mass Index (BMI) निकालिनेछ ।<br>• तौल तथा उचाई मापन गर्ने स्थानमा (BMI) चार्ट प्रष्ट देखीने गरि भित्तामा टाँसेर राखुपर्नेछ<br>• कार्यक्रमबारे स्थानीय तहको स्वास्थ्य शाखामा र समुदायस्तर सम्म प्रचार प्रसार गरिनेछ ।<br>• BMI मापन गरिसकेपछी पोषणको अवस्थाको बारेमा बताउने<br>• BMI सामान्य अवस्थामा (१८.५ देखी २४.९) भए हालको तौल नै कायम राख्ने र स्वस्थ खानपान तथा व्यवहार कायम गर्न परामर्श गर्ने ।<br>• BMI १८.५ भन्दा कम भए स्वस्थ खानपान तथा व्यवहार कायम गर्न परामर्श गर्ने<br>• BMI २४.९ भन्दा बढी भई मोटोपना देखिएमा स्वास्थ्यमा हुन सक्ने जोखिमहरु र रोकथामको बारेमा छलफल गर्ने र सन्तुलित खाना, शारिरीक व्यायाम, तनाव व्यवस्थापन, पंचकर्म, आदिको बारेमा परामर्श गर्ने निजको उचाई बमोजिम हुनुपर्ने अधिकतम तौलको बारेमा जानाकारी दिने ।<br>• BMI २४.९ भन्दा बढी भएका सेवा ग्राहीहरुलाई २०८४ जेष्ठ मसान्तसम्म तत्काल कायम भएको तौलको १०% तौल कम गर्न लक्ष्य प्रदान गर्ने र तौल कम गर्ने उपायहरु (स्वस्थ र सन्तुलित खानपान, शारीरिक व्यायाम आदि) बारे परामर्श प्रदान गर्ने ।<br>• अन्तिम फलोअप जेष्ठ महिनामा गर्ने र लक्ष्य प्राप्त गर्ने पहिलो ७५ जनालाई प्रति व्यक्ति रु. १००० सम्मको टिसर्ट खरिद गरी उपहार दिन सकिनेछ । |

| | |
|---|---|
| | यसरी प्रदान गरिने टिसर्टमा "मेरो तौल त सामान्य छ, हजुरको नि ?" लेखिएको हुनुपर्नेछ साथै स्वास्थ्य वा पोषण सम्बन्धी अन्य सूचना पनि छाप्न सकिनेछ । |
| बजेट बाँडफाड | प्रचार प्रसार र अभिमुखिकरण, टिसर्ट छपाइ, सुचना सामाग्री, BMI चार्ट छपाई, तौल तथा उचाई मापन यन्त्र खरिद वा मोटोपना नियन्त्रणका लागि परामर्श गर्न आवश्यक पर्ने अन्य सूचना सामग्री र मोडल खरिद गर्न, तौल घटाउन आवश्यक योग तथा पंचकर्म संचालन खर्च र अन्य व्यवस्थापन खर्च। |
| अपेक्षित उपलब्धी | मोटोपना र नसर्ने रोगको बारेमा जनचेतना अभिवृद्धि हुनेछ ।<br>स्वस्थ्यकर तथा सन्तुलित खानपान र स्वस्थकार जीवनशैली अपनाई नसर्ने रोगको भार न्यूनीकरण हुने छ । |
| अनुगमन र मुल्याङ्कनको सूचक | मोटोपना स्किनीङ्ग गरेको संख्या<br>व्यवहार परिवर्तन गरि सामान्य तौल कामय गरेका सेवाग्राहीको संख्या<br>प्रतिवेदन |
| प्रतिबेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ। |

## १८. प्राकृतीक चिकित्सालय सुदृढीकरण

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | संस्था | १ | प्रथम |

| शिर्षकः | विवरण |
|---|---|
| परिचयः | लुम्विनी प्रदेशको बाँके जिल्ला कोहलपुर नगरपालिका २ मा संचालित सामुदायीक आयुर्वेद एवं प्राकृतीक अस्पतालको सेवा प्रवाहलाई सुदृढीकरण गर्न यस शिर्षकमा वजेट को व्यवस्था गरिएको हो । |
| उद्देश्यः | सामुदायीक आयुर्वेद एवं प्राकृतिक अस्पताल सुद्धिढीकरण भई नागरिकहरुले गुणस्तरीय प्राकृतीक चिकित्सा सम्वन्धि सेवा प्राप्त हुनेछ । |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | बाँके आयुर्वेद स्वास्थ्य केन्द्र |
| खर्च क्षेत्र | प्राकृतीक चिकित्सालय सुद्धिढीकरणका लागि आवश्यक औजार उपकरण खरिद । |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन प्रकृयाः | • प्राकृतीक चिकित्सालय सुदृढीकरणका लागि आवश्यक औजार उपकरणको लगत तयार गर्ने ।<br>• वजेटको परिधिभित्र रहि प्रचलित आर्थीक कार्यविधि ऐन र नियमावली तथा सार्वजनिक खरिद ऐन ,निएमावली र खर्च मापदण्ड बमोजीम खर्च गर्ने । |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजीत वजेट रकम खर्च गर्नको लागि खर्च शिर्षक अनुसार कार्यालय प्रमुखवाट स्विकृत गराइ कार्यक्रम संचलन र खर्च गुर्न पर्ने छ । |
| अपेक्षित उपलब्धिः | प्राकृतिक चिकित्साको माध्यमद्वारा विरामीहरुले स्वास्थ्य लाभ गर्नेछन। |
| अनुगमन र मुल्याङ्कन सूचक | स्वास्थ्य मन्त्रालय,स्वास्थ्य निर्देशनालय र आयुर्वेद स्वास्थ्य केन्द्र बाँके वाट कार्यक्रमको अनुगमन गरिने छ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन सम्बन्धित निकायमा पठाउनु पर्नेछ । |

## १९. शल्य चिकित्सा क्षारसुत्र बिस्तार

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | संस्था | १ | प्रथम |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचयः | आयुर्वेद चिकित्सालय एवं आयुर्वेद स्वास्थ्य केन्द्रहरुको सेवाहरु थप विस्तार गर्न एवम् आयुर्वेदको बिशेष चिकित्सा प्रणाली क्षारसुत्रलाई थप प्रभावकारी बनाइ प्रदेशका नागरिक लाई सुलभ तरिकाले आयुर्वेदको शल्य सेवा संचालनकको लागि यो कार्यक्रमको बिस्तार गरिएको हो |
| उद्देश्यः | आयुर्वेद संस्थाहरुमा शल्य चिकित्सा (क्षारसुत्र) सञ्चालन एवम् बिस्तार गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | बांके आयुर्वेद स्वास्थ्य केन्द्र |
| खर्च क्षेत्र | औजार उपकरण तथा सामाग्री खरिद<br>बिज्ञ परामर्ष<br>अन्य व्यवस्थापकीय खर्च |

| | |
|---|---|
| लक्षित समुह | प्रादेशका नागरीक |
| कार्यक्रम सञ्चालन विधि | • सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम खरिद कार्य गर्ने ।<br>• अन्य व्यवस्थापन गरी क्षारसुत्र सेवा संचालन गर्ने |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | आयुर्वेद संस्थाहरुमा शल्य चिकित्सा (क्षारसुत्र) सेवा सञ्चालन भई क्षारसुत्र सेवा गुणस्तरीय र प्रभावकारी रुपमा सञ्चालन हुनेछ । |
| अनुगमन र मुल्याङ्कन सूचक | • आवश्यक सामाग्रीको सूची<br>• सञ्चालित शल्य सेवाको संख्या |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन सम्बन्धित निकायमा पठाउनु पर्नेछ । |

## २०. फिजियोथेरापी हल मर्मत संभार, रंगरोगन

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२२३१ | विनियोजित बजेट | संस्था | १ | दोस्रो |

| शिर्षकः | विवरण |
|---|---|
| परिचयः | आयुर्वेद चिकित्सालयहरुको फिजियोथेरापी हल जीर्ण भएर सेवा प्रवाहमा कठिनाइ भएकोले हरलको मर्मत तथा रंगरोगन गरि हलको सुरक्षा व्वस्थापन गर्ने उद्धेश्यले यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्यः | राप्ती आयुर्वेद चिकित्सालयको जीर्ण संरचनाहरुको मर्मत तथा रंगरोगन |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | राप्ती आयुर्वेद चिकित्सालय तुल्सीपुर दाङ। |
| खर्च क्षेत्र | भवन मर्मत संभार तथा रंगरोगन |
| कार्यक्रम सञ्चालन प्रकृयाः | प्राविधिकबाट लागत योजना तयार गर्ने<br>सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार निर्माण प्रकृया अगाडि बढाउने |

| | |
|---|---|
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धिः | फिजियोथेरापी हल मर्मत तथा रंगरोगन भएको हुने छ। |
| अनुगमन र मुल्याङ्कन सूचक | स्वीकृत लागत अनुमान<br>सम्झौता<br>निर्माण सम्पन्न बिल भरपाइ र प्रतिवेदन |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## २१. तुल्सीपुर कारागारका कैदी बन्दिहरुलाई मनोसाजिक सेवा तथा परामर्श कार्यक्रम

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | संस्था | १ | तेस्रो र चौथो |

| | |
|---|---|
| परिचय | कारागार तुलसीपुरमा रहेका कैदिबन्दीहरुको मानसिक स्वास्थ्य, भावनात्मक तथा सामाजिक सम्बन्धमा सकारात्मक सुधार ल्याउने उद्देश्यले यो कार्यक्रमको व्यबस्था गरिएको हो । यस कार्यक्रम अन्तरग कैदि बन्दीहरुलाई व्यक्तिगत तथा समुहगत परामर्श, तनाव व्यबस्थापन, भावनात्मक सहयोग, व्यवहार सुधार, आत्मविश्वासमा अभिवृद्धि तथा पारिवारिक सामाजिक सम्बन्ध सुदृढिकरण सम्बन्धी सेवा प्रदान गरिनेछ ।जसवाट कैदिवन्दीहरुको मानसिक स्वास्थ्य सुधार, सकारात्मक सोचतर्फ उन्मुख गराउन एवं रिहाई पछी समाजमा पुनः स्थापित हुन सहयोग पुग्नेछ । |
| उद्देश्य | • कैदी बन्दीहरुको मानसिक स्वास्थ्यमा सुधार ल्याउन,<br>• स्वस्थ व्यवहार सम्बन्धी चेतना अभिवृद्धि गर्नु,<br>• सकारात्मक सोच तथा व्यवहारको विकास गर्नु<br>• परिवार तथा समाजसंगको सम्बन्ध सुदृढ गर्दै रिहाई पछी समाजमा सहज पुनः स्थापना हुन सहयोग पुऱ्याउन । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | कारागार कार्यालय तुलसीपुरसँगको समन्वय एवं सहकार्यमा राप्ती आयुर्वेद कार्यालय तुलसीपुर दाङ |

| | |
|---|---|
| खर्च क्षेत्र | दैनिक भ्रमण भत्ता, यातायात खर्च, प्रशिक्षक भत्ता, कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने अन्य सामाग्री खरिद तथा ब्रोसर हाते पुस्तिका छपाई, कार्यपत्र प्रस्तूती सहभागीहरुको खाजा तथा नियमानुसार अन्य व्यवस्थापकीय खर्च |
| लक्षित समुह | कारागार कार्यालय तुल्सीपुरका कैदिबन्दीहरु |
| कार्यक्रम सञ्चालन विधि | • कारागार कार्यालय तुलसीपुरसँगको समन्वय तथा सहकार्यमा मनोसामाजिक परामर्शकर्ता, मनोचिकित्सक योग प्रशिक्षक टोली, स्वास्थ्यकर्मीको सहयोगमा कैदिबन्दीहरुको प्रारम्भिक अवस्था पहिचान गर्ने Mass Screening गर्ने ।<br>• समस्या भएका कैदिवन्दीहरुलाई आवश्यक्तानुसार व्यक्तिगत रुपमा परामर्श दिई समस्या समाधानका व्यबहारिक उपाय खोज्ने ।<br>• समान समस्या भएका कैदिवन्दीहरुलाई समुहगत रुपमा पाक्षिक वा मासिक रुपमा मनोसामाजिक परामर्श सत्र संचालन गर्ने ।<br>• योग ध्यानको माध्यमबाट मानसिक स्वास्थ्य सुधारमा व्यबहारिक कक्षाहरु संचालन गर्ने ।<br>• अत्यधिक तनाव, निराशा, एक्लोपन, हिंसात्मक व्यबहार वा आत्महत्या परहत्याको जोखिम देखिएका व्यक्तिहरुलाई तत्काल पहिचान गरी प्राथमिकताका साथ परामर्श तथा आवश्यक स्वास्थ्य सेवामा रेफर गर्ने वा उपचारको व्यबस्था गर्ने ।<br>• सकारात्मक एवं सृजनशिल गतिविधीमा सहभागी हुन उत्प्रेरित गर्ने ।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ब्रोसर हातेपुस्तिका छपाई गरी कैदिवन्दीहरुको विद्यमान अवस्थामा परिवर्तन गर्न उत्प्रेरित गर्ने ।<br>• सम्पूर्ण कार्यक्रमको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | कैदिबन्दिहरुको मानसिक तथा भावनात्मक अवस्थामा सुधार, सकारात्मक व्यवहार र आत्मविश्वास वृद्धि, तनाव तथा द्वन्दमा कमी, पारिवारिक सम्बन्धमा सुधार र रिहाई पश्चात समाजमा पुनः स्थापनाका लागि आवश्यक मनोसामाजिक क्षमतामा विकास भएको हुनेछ । |
| अनुगमन र मुल्याङ्कनको सूचक | सेवा लिने कैदिवन्दीहरुको संख्या, परामर्श सत्रको संख्या, मानसिक तथा व्यबहारगत सुधार, सहभागीको सन्तुष्टी, विशेष सेवामा रेफर तथा फ्लोअपमा भएका व्यक्तिको संख्या |

| | |
|---|---|
| प्रतिबेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ। |

## २२.कारागार कार्यालय तुल्सीपुरमा प्रयोगशाला व्यवस्थापन निरन्तरता

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | विनियोजित बजेट | संस्था | १ | प्रथम, दोस्रो र तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचयः | चिकित्सा विज्ञानको आधुनिकीकरणसँग सँगै विरामीहरुको रोग निदान तथा चिकित्सकीय कार्यमा प्रयोगशाला परीक्षण र यसको नतिजा अपरिहार्य बन्दै गएको छ। यसबाट रोगको सहि निदान तथा उचित उपचारमा सघाउ पुर्याई अकालमा हुने जन धनको क्षति तथा व्यर्थ औषधोपचार खर्चको न्युनीकरण भएको छ। यसैले कारागारमा प्रवाह हुने विभिन्न खालका चिकित्सा सेवामा गुणस्तरीयता अभिवृद्धि गर्ने हतुले यो कार्यक्रम संचालन गरिएको हो। |
| उद्देश्यः | कारागार कार्यालय तुल्सीपुरमा संचालनमा रहेको प्रयोगशाला निरन्तर रुपमा सञ्चालनका गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | राप्ती आयुर्वेद चिकित्सालय |
| खर्च क्षेत्र | • प्रयोगशाला जन्य रिएजेन्ट, केमिकल, औजार उपकरण तथा सामाग्री खरिद<br>• जनशक्ती पारिश्रमिक<br>• अन्य व्यवस्थापन खर्च |
| लक्षित समुह | • कारागारका कैदिबन्दीहरु |
| कार्यक्रम सञ्चालन विधि | • कारागार कार्यालय तुल्सीपुरको समन्वयमा प्रयोगशाला सञ्चालनका लागि आवश्यक सामाग्रीको सूची तयार गर्ने।<br>• सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम खरिद कार्य गर्ने र कारागार कार्यालय तुल्सीपुरलाई हस्तान्तरण गर्ने ।<br>• कार्यरत कर्मचारीको पारिश्रमिक लगायत खर्च एवम् प्रयोगशालामा आवश्यक सामाग्री व्यवस्थापन गरी प्रयोगशाला सेवा नियमित रुपमा संचालन गर्ने |

| | |
|---|---|
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन  र खर्च गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | कारागार कार्यालय तुल्सीपुरमा प्रयोगशाला सञ्चालन भई उपचार सेवा गुणस्तरीय र प्रभावकारी रुपमा सञ्चालन हुनेछ । |

## २३.Semi-automated Biochemistry Analyzer खरिद

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | संस्था | १ | प्रथम |

| शिर्षकः | विवरण |
|---|---|
| परिचयः | प्रयोगशालाको Semi-automated Biochemistry Analyzer जीर्ण भएर सेवा प्रवाहमा कठिनाइ भएकोले सो को व्यवस्थापन गर्ने उद्धेश्यले यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्यः | बांके आयुर्वेद स्वास्थ्य केन्द्र नेपालगंजको प्रयोगशालामा Semi-automated Biochemistry Analyzer खरिद। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | बांके आयुर्वेद स्वास्थ्य केन्द्र । |
| खर्च क्षेत्र | प्रयोगशालामा Semi-automated Biochemistry Analyzer खरिद। |
| कार्यक्रम सञ्चालन प्रकृयाः | • प्राविधिकबाट लागत योजना तयार गर्ने<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रकृया अगाडि बढाउने |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धिः | प्रयोगशालामा Semi-automated Biochemistry Analyzer खरिद भएको हुने छ। |
| अनुगमन र मुल्याङ्कन सूचक | • स्वीकृत लागत अनुमान |

| | |
|---|---|
| | • सम्झौता<br>• लाभान्वित सेवाग्राही |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## २४. आयुर्वेद चिकित्सालय/स्वास्थ्य केन्द्रको सेवा सुदृढीकरणका लागि आवश्यक औजार उपकरण खरिद

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | संस्था | १३ | प्रथम दोस्रो |

| शिर्षकः | विवरण |
|---|---|
| परिचयः | आयुर्वेद चिकित्सालय, स्वास्थ्य केन्द्र हरुको सेवा सुदृढीकरणको लागि बिभिन्न औजार तथा उपकरणहरु आवश्यक पर्ने भएकोले सो को व्यवस्थापन गरि सेवा प्रवाहमा सहजता गर्ने उद्धेश्यले यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्यः | आयुर्वेद चिकित्सालय, स्वास्थ्य केन्द्र हरुको आवश्यक औजार तथा उपकरणहरुको व्यवस्थापन हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | आयुर्वेद चिकित्सालय, स्वास्थ्य केन्द्रहरु |
| खर्च क्षेत्र | MSS GAP ANALYSIS को आधारमा आवश्यक्ता अनुसारको औजार तथा उपकरण खरिद |
| कार्यक्रम सञ्चालन प्रकृयाः | • MSS GAP ANALYSIS का आधारमा आवश्यक औजार उपकरणको प्राथमिकिकरण गर्ने ।<br>• प्राविधिकबाट लागत योजना तयार गर्ने<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रकृया अगाडि बढाउने |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धिः | आवश्यक्ता अनुसारको औजार तथा उपकरण खरिद भइ सेवा प्रवाह सहज हुने छ। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

| | |
|---|---|
| अनुगमन र मुल्याङ्कन सूचक | • स्वीकृत लागत अनुमान<br>• सम्झौता<br>• खरिद सम्पन्न बिल भरपाइ र प्रतिवेदन |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## २५. कार्यालय प्रयोजनको मोटरसाईकल खरिद

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| ३११२१ | विनियोजित बजेट | संस्था | १ | प्रथम |

| शिर्षकः | विवरण |
|---|---|
| परिचयः | रोल्पा आयुर्वेद स्वास्थ्य केन्द्रको पहिले संचालनमा रहेको मोटरसाइकल पुरानो भइ कार्यालयको नियमित कामकाज गर्न बाधा परेकोले मोटरसाइकल खरिद गरी कार्यालयको नियमित कामकाज गर्न सहजता गराउने उद्देश्यले यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्यः | रोल्पा आयुर्वेद स्वास्थ्य केन्द्रमा मोटरसाइकलको व्यवस्थापन हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | रोल्पा आयुर्वेद स्वास्थ्य केन्द्र |
| खर्च क्षेत्र | मोटरसाइकल खरिद |
| कार्यक्रम सञ्चालन प्रकृयाः | • सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रकृया अगाडि बढाउने |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धिः | मोटरसाइकल खरिद भइ कार्यालय कामकाजमा सहजता हुने छ। |
| अनुगमन र मुल्याङ्कन सूचक | • सम्झौता<br>• खरिद बिल भरपाइ र दाखिला |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |

## २६. वैकल्पिक उर्जाका लागि सोलार वा इन्भर्टर खरिद

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | विनियोजित बजेट | संस्था | २ | प्रथम |

| शिर्षकः | विवरण |
|---|---|
| परिचयः | आयुर्वेद स्वास्थ्य केन्द्र हरुमा वैकल्पिक उर्जा स्रोत नभएकोले नियमित प्रशासनिक कामकाजमा बाधा परेको हुनाले कार्यालयको प्रशासनिक तथा अन्य कार्य गर्नका लागि बैकल्पिक उर्जाको व्यवस्थापन गरि सेवा प्रवाह नियमित संचालन गर्ने उद्धेश्यले यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्यः | आयुर्वेद स्वास्थ्य केन्द्रमा सोलार वा इन्भर्टर जडान भएको हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकायः | अर्घाखांची आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुमपुर्व आयुर्वेद स्वास्थ्य केन्द्र । |
| खर्च क्षेत्र | सोलार वा इन्भर्टर खरिद |
| कार्यक्रम सञ्चालन प्रकृयाः | • प्राविधिकबाट लागत योजना तयार गर्ने<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रकृया अगाडि बढाउने |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धिः | सोलार वा इन्भर्टर खरिद भई वैकल्पिक उर्जाको व्यवस्था भएको हुने छ। |
| अनुगमन र मुल्याङ्कन सूचक | • स्वीकृत लागत अनुमान<br>• सम्झौता<br>• बिल भरपाइ र प्रतिवेदन |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |